# मेरो हृदय जीवन र सबै थोक

## प्रेमको प्रतिक्रिया: एउटा जीवित बलिदान

विलियम म्याक्डोनाल्ड

**प्रकाशकः**
जीवन-मार्ग प्रकाशन
पी.ओ. बक्स नं. ९५८
काठमाडौं, नेपाल

पहिलो संस्करण २०१५ – २००० प्रति

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

Title of the English original:
'My Heart, My Life, My All'
Copyright by Christian Missions in Many Lands,
Inc., PO Box 13, Spring Lake, NJ 07762; USA
www.cmml.us

# विषय - सूची

**अध्याय एकः कलवरीको प्रेम र तर्क**

| | | |
|---|---|---|
| १. | कलवरीको प्रेम | ७ |
| २. | येशू को हुनुहुन्छ ? | ११ |
| ३. | येशूले के गर्नुभयो ? | १५ |
| ४. | हामी को हौं ? | २० |
| ५. | उहाँको पीडा, हाम्रो प्राप्ती | २५ |

**अध्याय दुईः बाइबलमा देखिए जस्तै समर्पणता**

| | | |
|---|---|---|
| ६. | समर्पणता भनेको के हो ? | ३३ |
| ७. | येशू ख्रीष्टमा गरिएको समर्पणता | ३५ |
| ८. | एउटा सुरुको बोलावट | ४१ |
| ९. | अब्राहाम | ४६ |
| १०. | होमबलि | ५३ |
| ११. | जीवनको लागि कानमा चिन्ह लगाएका व्यक्ति | ५६ |
| १२. | रूथ र एस्तर | ५९ |
| १३. | त्यहाँ धेरै अन्य व्यक्तिहरू थिए | ६३ |
| १४. | नयाँ करारमा भएको समर्पणता | ७१ |

**अध्याय तीनः मण्डली इतिहासमा भएको समर्पणता**

| | | |
|---|---|---|
| १५. | पछिको मण्डली इतिहासमा भएको समर्पणता | ७९ |
| १६. | वर्तमान् मण्डली इतिहासमा भएको समर्पणता | ८५ |

**अध्याय चारः उहाँको बोलावटको उच्च समर्पणता**

| | | |
|---|---|---|
| १७. | सुन प्राप्त गर्नको निम्ति जानु | ९७ |
| १८. | समर्पणता महङ्गो हुन्छ ! | १०४ |
| १९. | परमेश्वरले अति उत्तम कुराको चाहना गर्नुहुने | १०९ |

२०. हाम्रो समर्पणतालाई के कुराले बाधा दिँदछ ? ११७
२१. दोषी ठहऱ्याउने समर्पणता १२४
२२. जिउँदो बलिदान १२७
२३. पूर्ण समर्पणताका कारणहरू १३७
२४. एउटा छटपटाइएको बलिदान १५०
२५. मुल्यबिना पिछा गर्ने कार्य १६०
२६. व्यवसायको परिवर्तन १६४

**अध्याय पाँचः समर्पणताको अनुभव**

२७. एउटा संकट १७७
२८. यो एउटा प्रकृया १८३
२९. अब यसलाई गर्नुपर्ने १९०
एउटामात्रै जीवन ! १९२



# अध्याय एकः कलवरीको प्रेम र तर्क

# १ कलवरीको प्रेम

कलवरीमा के भयो भनेर विश्वको इतिहासको कुनै पनि कुरासँग तुलना गर्न सकिदैन । केही घण्टा दवाइएको घटना यो थियो, कसै-कसैले यसो भने, "यो समयको उचाइमा भएको विध्वंस हो" ।

त्यस घटनाको बारेमा सायद अन्य कुनै विषयमा भन्दा पनि धेरै पुस्तकहरू प्रकाशन भइसकेका छन् । धेरै कविताहरू पनि लेखिएका छन्, र धेरै पवित्र संगितहरू पनि रचिएका छन् । संसारका सबैभन्दा ठूला कलाकर्मीले पनि यसको तस्विरलाई लिने कोसिस गरेका छन् । यस विषयमा अनगिन्ती संख्यामा प्रवचनहरू तयार पारिएका छन् । यसलाई विश्वव्यापी रूपमा उत्सव मनाएर पहिचान गरिन्छ, र हरेक चोटी प्रभु भोजको सेवाको आयोजना गरिन्छ । हरेक चोटी हामीले क्रूसलाई देख्दछौं, र अति उत्तम प्रकारले कुनचाहिँ व्यक्ति क्रूसमा झुण्डिनु भयो भनेर सम्झना गर्दछौं । ती केही घण्टाहरूमा सामान्य र भावपूर्णरहित भाषामा भन्ने अभिलेख राखिन्छ, तरैपनि त्यो कथा कहिल्यैपनि ओइलाउदैन वा पुरानो पनि हुँदैन ।

यो त्यही दिन थियो, जब प्रभु येशू ख्रीष्ट मर्नुभयो । त्यो उहाँको मृत्यु अनौठो प्रकारको थियो, र त्यो अचम्मपनमा व्यक्तिको संलग्नता थियो, त्यो मानिसहरूको निम्ति भएको थियो, र यसो हुनुपर्ने उद्देश्य पनि त्यही थियो । यो उनको वृहत कल्पनामा नहुने भन्दा पनि यति महान् कथाले गर्भधारण गरेको हुन सक्दैनथ्यो, यति धेरै वृहत, यति धेरै लामो समय र परिणामहरूसम्म रहने हुन्थ्यो । उत्कृष्ट लेखकहरूले आशा नगरिएको र नरुचाइएको कथाहरूलाई प्रस्तुत गरेका छन्, तर कसैले पनि कलवरीको बीर-गाथालाई मिलाउने गरी बताउन कहिल्यै पनि सकेका छैनन् ।

जब हामी ख्रीष्टको मृत्यु हुने स्थानमा के भयो भनेर त्यो पीडालाई नियाल्ने

प्रयास गर्छौं, तब हामीले विविध विषयहरूको सामना गर्दछौं । त्यहाँ निष्कर्षहरू निकाल्नुपर्ने हुन्छ, र निर्णयहरू पनि गर्नुपर्ने हुन्छ । हामीले क्रूसको छाँयामा यो कुराको निष्कर्षलाई जोड दिन्छौं, कि यो कुरा सबैथोक वा केही पनि नभएको हुनुपर्छ । त्यहाँ तटस्थता भन्नको लागि कुनै पनि स्थान हुँदैन । तिनीहरू जसले प्रभु येशू ख्रीष्टमा विश्वास गर्छन्, उहाँको व्यक्तित्व र कार्यको बारेमा मनतातो बन्नलाई साहस गर्दैनन् । हामीले उहाँको सर्बोच्चतालाई कम मात्रै विरोध गर्छौं र उहाँले के गर्नुभयो भनेर कृतज्ञतामा आधारित कुरालाई प्रकट गर्दछौं । यो न्यायसंगत कुरा थियो, जहाँ उहाँले लाओडिकियाको मण्डलीलाई यसो भन्नुभयो, “किनकि तिमी मनतातो छौं, न चिसो, न तातो, यसकारण म तिमीलाई मेरा मुखबाट उकेली दिनेछु” (प्रकाश ३:१६) ।

जुन मानिसहरूको निम्ति येशू ख्रीष्ट मर्नुभयो, उहाँले गर्नुभएको दावीलाई मात्र तिनीहरूले इन्कार गर्न सक्दैनन्, वा ख्रीष्टियन विश्वासको गुनगुनाहटमा पराजित हुन सकिन्छ, वा स्वार्थी आनन्दको निम्ति जीउनुपर्छ । हाम्रो छुटकाराले हाम्रो पूर्ण शुद्धताको माग गर्दछ ।

## तब के...

यदि विश्वासीहरू क्रूसको अगाडि खडा भए भने, र त्यहाँ साँचो रूपमा अझ बढी पूर्णतामा के भइरहेको थियो भन्ने कुरा थाहा पाए भने के हुन्थ्यो होला ? तिनीहरूको मुक्तिको परिधिमा अत्याधिक रमाहट गर्दा, तिनीहरू नभइनहुने आराधक बन्न सक्थे । तिनीहरूले येशू ख्रीष्टको अचम्मको कृपालाई आश्‍चर्यचकित प्रकारले रोक्ने प्रयास कहिल्यै गर्दैनथे, र जो कोहीले सुन्नेलाई उहाँको बारेमा बताउने गर्दथे । तिनीहरू लज्जित नभइकनै दिन र रात उत्साही भएर तिनीहरूलाई त्यो अन्धकारबाट अनौठो ज्योतिमा ल्याउने प्रयास गर्दथे । जसै तिनीहरूले आफैलाई येशू ख्रीष्ट र उहाँको सेवकाइमा संरक्षित नभइकनै प्रदान गर्दथे, तब सांसारिक चाहनाहरू नास हुन्थे । संसार उहाँको सुसमाचारले भरिएको हुन्थ्यो । हामीले भन्नुपर्दा हामी दुःखित छौं, कि यो त्यही प्रकारले हुँदैन । मण्डलीले यी सबै कुराहरूलाई वास्तविकतामा लिँदछ । कलवरी क्रूसमा येशू ख्रीष्टको मृत्यु भएकोले यसले हामीलाई पार्नुपर्ने प्रभाव पार्न सक्दैन । अझ हाम्रो शेखिले यो कुराको निष्कर्ष दिन सक्छ, कि परमेश्‍वरका पुत्र हाम्रो निम्ति मर्नु यस कार्यमा उचित थियो ।

## अन्धकारको ज्योति

केही समयको लागि प्रत्येकले अँध्यारोपनबाट ठूलो उज्यालोमा ल्याउनुपर्ने हुन्छ । यहाँ र त्यहाँ एकजना विश्वासी कलवरीमा खडा हुन्छन्, र यसको प्रभाव परोस् भनेर प्रार्थना गर्दछन्:

*हो, यसलाई बुझ्ने मलाई बनाउनुहोस्,*
*यसलाई लिनको लागि मलाई सहायता गर्नुहोस्,*
*तिमीलाई यसको अर्थ के हुन्छ, त्यो पवित्र चाहिँ,*
*मेरो पापहरूलाई अंगाल्नु ।*
*- ए.एम. केली*

त्यहाँ के भयो भन्ने धेरै गहिरो महत्वमा यो उनीमा हुनलाई सुरु गर्दछ, र त्यो व्यक्ति कहिल्यै पनि उस्तै हुँदैन । उनले यसको प्रभावको बारेमा यसो भन्दछन्:

*मैले दर्शन देखेको छु,*
*र म आफै जीउन सक्दिन,*
*जीवन मुल्यहिन भन्दा पनि खराब हुन्छ,*
*जबसम्म मैले सबैथोक दिँदिन ।*
*- अपरिचित लेखक*

यस्तै मानिसहरू जसले पुनः नम्र जीवन जीउनको लागि संतुष्ट बन्न सक्दैनन् । तिनीहरूले यस कुराको निर्धारण गर्दछन्, कि तिनीहरूको वातावरणको चिसोपनलाई तिनीहरू आफैले कहिल्यै पनि तल पार्ने गर्दैनन् । तिनीहरूले हरेक दिन देख्ने ख्रीष्टयन विश्वासलाई यस्तो महसुस गर्दछन्, कि जुनचाहिँ नयाँ करारको ख्रीष्टियन विश्वास होइन, र त्यसमा एउटा नयाँ तत्वले नियन्त्रण गर्दछ । तिनीहरूमा त्यस्तो खालको तृष्णा हुन्छ, जसले तिनीहरूको जागा रहने समयलाई सोच्दछ । कसैले तिनीहरूलाई कट्टर व्यक्ति भनेको कुराजस्तै बन्न सक्छन्, तर त्यसले तिनीहरूलाई कमजोर भनेर निर्धारण गर्दैन । यदि तिनीहरूले तिनीहरूको विचारलाई गुमाए भने, तिनीहरूले येशू ख्रीष्टको विचारलाई पत्ता लगाएका हुन्छन् । यदि तिनीहरू आफै त्यस बाहेकका छन् भने, यो परमेश्वरको निम्ति हुन्छ । यदि तिनीहरू बेग्लै र त्यस कदमभन्दा बाहिरका देखिए भने, फरक खालको ड्रम बजाउने धुनले गर्दा हुने गर्दछ । तिनीहरूको आत्मा र मुक्तिदाताको

पूर्ण समर्पणताको बीचमा आउने तिनीहरूको कुनै पनि चाहनाले गर्दा यसो हुँदैन ।

## चारवटा पक्रिने वास्तविकताहरू

के कुराले गर्दा तिनीहरूलाई यति धेरै फरक व्यक्ति बनाएको छ ? यस्तो परिवर्तनको पछाडि चारवटा वृहत वास्तविकताहरू रहन्छन् । तिनीहरूले प्रभु येशू को हुनुहुन्छ, र उहाँले कस्तो कार्य गर्नुभएको छ भनेर देखेका छन्, बिपरिततामा तिनीहरू को हुन्, र कलवरीबाट बगेको त्यो आशिष्लाई तुलना गर्न सकिदैन ।

अर्को हामीले जीवन परिवर्तन हुने सत्यतालाई विचार गर्दाखेरि, हामीले यो प्रार्थना गरौं, कि हामीहरूमा पनि तिनीहरूको गहिरो सम्मान हुनेछ, र ख्रीष्टमा अगाडिभन्दा पनि अझ बढी पूर्ण रूपमा समर्पित हुनेछन् । यसको अर्थ हाम्रो जीवनमा पूर्ण परिवर्तन आउन सक्छ भन्ने हो । हामी तिनीहरूलाई साहसपूर्ण र इच्छुक तरिकाले सामना गर्न सकौं ।

◈◈◈

# २ येशू को हुनुहुन्छ ?

अब हामी येशू ख्रीष्टलाई विचार गर्न फर्कौं, उहाँ को हुनुहुन्छ ? हामीले उहाँलाई त्यहाँ छोडिदिऔं, र त्यहाँ जीवनको अर्थको बारेमा सिधै सोच्न सकिने कुनै पनि कुरा हुँदैन । उहाँ इतिहासको केन्द्र, सन्तुष्टिको धरहरा, वास्तविकताको मूर्त रूप, जीवनको केन्द्रिय कुराको वास्तविकता हुनुहुन्छ ।

## उहाँ अचम्मको हुनुहुन्छ

येशू कन्या मरियमको पुत्र हुनुहुन्छ, र अन्य बाहिरी कुराभन्दा पनि अचम्मको हुनुहुन्छ । अरूहरू जीउनको लागि जन्मेका छन्, तर उहाँ मर्नको लागि जन्मनुभयो । सामान्यतया बच्चा जन्मिने कुराले आनन्द ल्याउँदछ, उहाँको जन्मको खबरले शासकलाई र स्थानीय मानिसहरूलाई अचम्ममा पाऱ्यो । उहाँको जीवनभरि नै मानिसहरू कि त, उहाँको वरिपरि वा उहाँकै विरुद्धमा थिए । त्यहाँ तटस्थता भन्ने कुनै पनि कुरा थिएन ।

## उहाँ साँचो मानिस हुनुहुन्छ

येशू मानिस हुनुहुन्थ्यो । उहाँ भोकाउनु, तिर्खाउनु र चिन्तित हुनुभयो । उहाँका समकालिनहरूसँग उहाँ सामान्य नै देखिनुहुन्थ्यो । उहाँको देखावटीमा उहाँ हामीहरूमध्ये जस्तै नै एक हुनुहुन्थ्यो । उहाँको बिसौं बसन्तको उमेरमा उहाँ नासरतको सिकर्मी हुनुहुन्थ्यो । उहाँ ३० वर्षको हुँदा उहाँले सिकाउने, प्रचार गर्ने, र चंगाइको सार्वजनिक सेवकाइ गर्नुभयो । उहाँको साँचो मानवीयतामा शंका गर्ने कुनै पनि तार्किक कारण छैन ।

## उहाँ पापरहित मानिस हुनुहुन्छ

तर त्यहाँ केही चिज छ जसले हाम्रो मानवियताभन्दा येशूको मानवियतालाई फरक देखाउँदछ, त्यो हो उहाँ पापरहित हुनुहुन्थ्यो । त्यहाँ यस धर्तीमा एकजना

मानिस हुनुहुन्थ्यो, जो पापपूर्ण कार्यबाट पूर्ण रूपमा स्वतन्त्र हुनुहुन्थ्यो । उहाँ कहिल्यै पनि भित्रबाट परीक्षामा पर्नुभएन, तर बाहिरबाट परीक्षामा पर्नुभयो । उहाँले सधैंभरि उहाँको पितालाई खुशी तुल्याउने कार्य गर्नुभयो, र जहिले पनि उहाँको पाप गर्ने कार्यलाई इन्कार गर्नुभयो ।

अझ मानिसहरू जसले उहाँको मित्र बन्ने स्वीकारलाई दावी गर्दा उहाँ निर्दोश नै हुनुहुन्थ्यो । पिलातसले पनि उहाँमा कुनै दोष भेट्टाउन सकेनन् । पिलातसको पत्नीले येशूलाई केवल मानिस भएको कुरा बताइन । हेरोदले उनको विरुद्धमा बेकारको प्रमाणको खोजी गरे । उहाँसँगै मर्न गइरहेको चोरले पनि येशूले कुनै पनि गल्ती नगरेको कुरा बताएर सुरक्षा प्रदान गऱ्यो । ती बडा हाकिमले आफैलाई धार्मिक मानिस भने । यहूदाले आफैलाई यस कुराको स्वीकार गऱ्यो, कि ऊ आफैले निर्दोष मानिसलाई ठग्ने काम गऱ्यो ।

हो, हाम्रो परमेश्वर अचम्मको हुनुहुन्छ । उहाँ साँचोरूपमा मानिस हुनुहुन्छ, र उहाँ पाप रहितको मानिस हुनुहुन्छ, तर त्योमात्रै सबै कुरा होइन । हामीले कहिल्यै पनि कलवरीको असंख्य अर्थको विभाजनलाई सम्मिलत गरेका हुँदैनौं, जबसम्म हामीले यो कुरालाई महसुस गर्दछौं, कि जो त्यहाँ मर्नुभयो उहाँले अझ बढी नै कुरा गर्नुभयो ।

## उहाँ परमेश्वर हुनुहुन्छ

हो, त्यो व्यक्ति जो क्रूसको मध्यभागमा मर्नुभयो, उहाँ अनन्तका परमेश्वर हुनुहुन्छ । यशैयाले उहाँलाई शक्तिशाली परमेश्वरको रूपमा पत्ता लगाएका छन् (यशैया ९:६) । परमेश्वर पिताले पनि उहाँलाई परमेश्वरको रूपमा बोलाउनु भयो: "तर पुत्रको विषयमा उहाँ भन्नुहुन्छ, 'हे परमेश्वर तपाईंको सिंहासन युगानुयुग रहन्छ'..." (हिब्रू १:८) । यूहन्नाले यसो भने, "अनि वचन शरीर हुनुभयो, अनि हाम्रा माझमा अनुग्रह र सत्यताले पूर्ण भएर वास गर्नुभयो, अनि हामीले पिताका एक मात्र जन्माइएका पुत्रको महिमाजस्तो उहाँको महिमा देख्यौं ।" (यूहन्ना १:१४), एउटा वर्णन जसले परमप्रभु येशूमा मात्र लागु गर्न सक्दथ्यो । "जसले पुत्रलाई आदर गर्दैन उनलाई पठाउनुहुने पितालाई पनि आदर गर्दैन ।" (यूहन्ना ५:२३) । अन्य सयौं खालका बाइबलका पदहरूले तर्कको निम्ति कुनै ठाउँ छोडेनन्: येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ । किनकि उहाँमा नै ईश्वरत्वको सारा परिपूर्णताले शारीरिक रूपमा वास गर्छ (कलस्सी २:९) ।

जोन वोस्लीले उहाँको अनन्तताको आश्चर्यलाई पक्रे र यस्तो कुरा लेखे, "हाम्रा परमप्रभुले परिधिलाई खुम्चाउनुभयो, र विस्तार नहुने प्रकारले मानिसलाई बनाउनुभयो" । र एकजना बिलियम् बिलिङ्गस् भन्ने व्यक्ति रंगका व्यवसायी र संगितका सौखिन थिए, उनले "आऊ परमेश्वरको काम सुख्खा भूमिमा हेर्नलाई" आमन्त्रण गर्दछन् ।

एकजना लेखक जसको नाउँ अहिले अपरिचित नै छ, उनले यसो भनेर लेखे, "हेर, गोठमा अवस्थित हुने उहाँले आकाशका तारामण्डललाई पनि बनाउनुभएको छ" । अझ एकजना अज्ञात लेखकले यसरी आफ्ना शब्दहरूलाई लेखेका छन्:

*जाडो मौसममा सुरुवात हुने ठाउँबाट शितका थोपाहरू खसिरहेका छन्;*
*उहाँको शिर पनि जंगली जनावरहरू बस्ने गोठमा निहुरेका छन् ।*
*स्वर्गदूतहरूले उहाँको निम्ति सुत्ने स्थान बनाएका छन्,*
*बनाउनेवाला, र राजा र सबैका मुक्तिदाता ।*

क्लीबोर्न एकजना बेलायती भजन लेखकले पनि यस कुराको महसुस गरे, कि उहाँ परमेश्वरभन्दा कम नै हुनुहुन्थ्यो, र जो बेथलेहेममा आउनुभयो:

*उहाँको महिमाभन्दा तल, सधैँ जीवित रहने कथा,*
*मेरो प्रभु र मुक्तिदाता आउनुभयो,*
*र येशू उहाँको नाउँ थियो ।*

ती नासरतका जवान यहूदी "प्राचीन समय" का थिए । उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो, जसले सिकर्मीले लगाउने कपडा पहिरेर त्यस दोकानबाट निस्केको धुलोको बीचमा रहनुभयो । उहाँ नै परमेश्वर, र मानिस हुनुहुन्थ्यो, जसले दासको लुगा पहिरनुभयो, र उहाँका चेलाहरूका गोडा धुनुभयो । उहाँ परमेश्वरका पुत्र हुनुहुन्थ्यो, जसले गालिल समुद्रमा रहेको पानीलाई उहाँको वचनद्वारा बनाउनुभयो । उहाँले मात्रै लाजरसलाई मरेको चार दिनपछि बिउँताउनुभयो ।

हामीले त्यो वास्तविकतालाई त्यति धेरै जोड दिन सक्दैनौं, कि कलवरीको ख्रीष्ट त्यो व्यक्ति हुनुहुन्छ, "जसले स्वर्गहरूलाई पनि फैलाउनुभयो, पृथ्वीको जग बसाल्नुभयो, र परमेश्वरको आत्मालाई उहाँकै स्वरुपमा बनाउनुभयो (जकरीय १२:१) ।

हामीले पनि उहाँलाई हाम्रो आफ्नै स्वरुपमा र प्रतिरुपमा बनाउने चाहना राख्दछौं । जसै उहाँले उहाँका आफ्ना मानिसहरूलाई भजनसंग्रह ५०:२१ मा यसो भन्नुभयो, "...तैंले सोंचिस् र म सर्वथा तँजस्तै छु..." ।

जब तिनीहरूले प्रभु येशू ख्रीष्टको व्यक्तित्वलाई वर्णन गर्न कोसिस गर्छन्, तब ती वचनहरू घृणायोग्य छन् । परमेश्वर र मानिसको एकताको रहस्य उहाँमा निकाल्ने भाषामा हुन्छ ।

तर हामी त्यहाँ रोकिनु हुँदैन । एउटा थपिएको आश्चर्यकर्म दिमागमा खेल्न थाल्छ । जसै हामीले अहिले विचार गर्छौं, कि उहाँले हाम्रो लागि गर्नुभयो, र हामीहरू चेतनाको दवावमा उत्साही भएका छौं ।

◈◈◈

# ३ येशूले के गर्नुभयो ?

यदि येशू ख्रीष्टको व्यक्तित्व गहिराइमा हुन्छ भने, त्यसले त्यो गहिराइलाई नाप्न सक्दैन । उहाँको क्रूसमा गरिएको सट्टाको मृत्यु पापीहरूको निम्ति कल्पनामा गरिएको आश्चर्यचकित थियो । हामी पनि त्यसैको निम्ति मरेका छौं, र यो हामी मानिसहरूद्वारा जस्तै गरिने कार्य होइन । त्यो माथि चढ्नको निम्ति पर्याप्त हुनेछ, र अनन्तसम्म धन्यवाद दिने कार्य गर्नेछ । हामीले महसुस गर्नु पर्ने कुरा यो हो, कि जो व्यक्ति उहाँले हाम्रो लागि आफैलाई प्रदान गर्नुभयो, उहाँ त्रिएकत्वको दोस्रो व्यक्ति हुनुहुन्छ । यहाँ चाखलाग्दो कुरा छ, कि हामी त्यति धेरै आश्चर्यचकित भएका छैनौं ।

तर के बाइबलले साँचो रूपमा यस्तो कुरा बताउँदछ, कि अवतारिक परमेश्वर हाम्रो निम्ति मर्नुभयो ? हो, यो सत्य हो । पावलले एफिसीका एल्डरहरूलाई बताउँदछन्, कि "परमेश्वरको मण्डलीको हेरचाह गर्नुपर्छ, जसलाई उहाँको आफ्नै रगतले किन्नुभयो" (प्रेरित २०:२८) । कसले उहाँको आफ्नै रगतद्वारा मण्डलीलाई किन्यो त ? त्यो विगतको इतिहास हो, "जो परमेश्वर" हुनुहुन्छ । परमेश्वरले किन्न सक्नुहुन्थ्यो, र उहाँ खरिदकर्ता हुनुहुन्छ, र त्यो मण्डली किनिएको थियो, र उहाँको रगतचाहिँ त्यसको मुल्य थियो । यहाँ भएको आश्चर्य कुरा यो हो, कि थुमा मर्नु भनेको मानवीय शरीरमा हुनुहुने परमेश्वर नै हुनुहुन्छ । त्यो चाहिँ जो क्रूसमा झुण्डियो, त्योचाहिँ अनन्ततामा बास गर्नुहुन्छ र उहाँ हामीहरूसँग रहने इम्मानुएल परमेश्वर हुनुहुन्छ ।

कलस्सीको पुस्तकको पहिलो अध्यायमा येशू ख्रीष्टको ईश्वरत्व पवित्रआत्मामा विचारणीय मापकमा बास गर्दछ । उहाँ अदृश्य परमेश्वरको प्रतिरुप हुनुहुन्छ, र सबै सृष्टिमाथिको पहिला जन्मिने हुनुहुन्छ (पद १५), सबै थोकको सृष्टिकर्ता हुनुहुन्छ (पद १६), उहाँचाहिँ जो सबै चिजहरू भन्दा पनि अगाडि हुनुहुन्छ, र

जसद्वारा नै सबै चिजहरू अवस्थित छन् (पद १७) । तरैपनि, त्यो उही परिवेशमा, वचनले यसो भन्दछ, "उहाँमा उहाँको रगतद्वारा हाम्रो उद्धार अर्थात् पापको क्षमा छ" (कलस्सी १:१४) ।

अर्को पद जसले हामीलाई यो कुरा सिकाउँदछ, कि यो परमेश्वरको शरीरको कार्यमा थियो, जो हिब्रू १:३ अनुसार क्रूसमा मर्नुभयो: "उहाँ नै परमेश्वरको महिमाको प्रतिबिम्ब र परमेश्वर कै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले संहाल्नुहुन्छ । पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टी उच्च स्थानमा उहाँ बिराजमान हुनुभयो" । "परमेश्वरको महिमाको प्रतिबिम्ब र परमेश्वर कै स्वभावको वास्तविक प्रतिरुप" भन्ने प्रकटीकरणको अर्थ यो हुन्छ, कि परमप्रभु येशू परमेश्वर पितासँगको हरेक पक्षमा समान हुनुहुन्छ, र यो त्यो व्यक्ति हुनुहुन्छ, जसले हाम्रा पापहरू शुद्ध पार्नुहुन्छ, जब उहाँ कलवरी क्रूसमा मर्नुभयो ।

येशू खीष्टको ईश्वरत्व भन्ने बारेमा अर्को बलियो पद फिलिप्पी २:६ मा दिइएको छ, कि ती चेलाले यस कुरामा जोड दिँदछन्, कि परमप्रभु येशू खीष्ट परमेश्वरको स्वरुपमा आउनुभयो, जसको अर्थ उहाँ पूर्ण ईश्वर हुनुहुन्छ भन्ने हुन्छ । मुक्तिदाताले यसमा परमेश्वरको समानतामा हुनलाई चोर्ने कार्य गर्नुभएन, तर यो जो उही परमेश्वरको स्वरूपमा हुनुभएर, "स्वरुपमा मानिस जस्तै भएर आफैलाई होच्याउनुभयो, मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो" (फिलिप्पी २:८) ।

यो स्पष्ट कुरा छ, कि त्यहाँ त्यो व्यक्तित्व जसलाई मानिसहरूले न्यायरहितको हत्केलामा लिए, र क्रूसमा चढाए, पुत्र परमेश्वरको मृत्युमा राखे । अन्य कुनै धर्ममा पुरुष, स्त्री र केटाकेटीहरू पनि तिनीहरूका ईश्वरको निम्ति मरेका छन्, र मैले अन्य कुनै पनि धर्ममा आफ्ना मानिसको निम्ति अलौकिक व्यक्ति मरेको कहिल्यै पनि सुनेको छैन । हामी कहिल्यै पनि कलवरीको पीडामा परेका छैनौं, उत्तम र प्रिय कुरा हेर्न जबसम्म हामी क्रूसको अगाडि खडा हुन सक्दैनौं नत अनन्तका कुरा महसुस गर्न सक्छौं, कि उहाँ अनन्तका परमेश्वर र हाम्रो सृष्टिकर्ता हुनुहुन्छ ।

## के परमेश्वर मर्न सक्नुहुन्छ ?

यस्ता खालका भनाइहरूले तीनवटा प्रश्नहरू उब्जाउँदछन् । पहिला, परमेश्वर आत्मा हुनुहुन्छ (यूहन्ना ४:२४), र आत्माको शरीर र रगत भन्ने हुँदैन ।

त्यो नै साँचो कुरा हो, तर परमेश्वरका पुत्र आफैले शरीर, हड्डी र रगतको रूप धारण गर्नुभयो, ताकि उहाँले मण्डलीलाई खरिद गर्न सक्नुभएको होस् ।

दोस्रोचाहिँ परमेश्वर अनन्त हुनुहुन्छ, जसको अर्थ यो हुन्छ, कि उहाँ मृत्युमा हुनुहुन्न । कसरी उहाँ मर्न सक्नुहुन्छ ? पुनः यसको उत्तर पाउन सकिन्छ । परमेश्वरले उहाँको ईश्वरत्व मानवीय शरीरमा खोल्नुभयो, ताकि उहाँ मानवजातिको निम्ति मर्न सक्नुहुन्थ्यो । "उहाँ अलि बेरको निम्ति स्वर्गदूतभन्दा केही तल होंच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्" (हिब्रू २:९) ।

कुनै प्रभु येशू केही चिजभन्दा कमीको परमेश्वर हुनुहुन्न । उहाँ कुनै चिजको परमेश्वर हुनुहुन्छ । त्यो कुनै चिज नै उहाँको मानवीयता हो:

*परमप्रभु यसलाई त्यागिदिनुहोस्, ताकि मैले घमण्ड गर्नुपर्थ्यो,*
*हे मेरा प्रभु, येशू ख्रीष्टको मृत्युमा, मलाई बचाउनुहोस्,*
*ती सबै बेकारका चिजहरूले मलाई धेरै मनोहर बनाउँदछ,*
*मैले तिनीहरूलाई उहाँको रगतद्वारा बलिदान चढाउँदछु ।*

चार्ल्स वेस्लीले यो वास्तविकताको सामना गरे, र यी बिर्सन नसकिने हरफहरू लेखे:

*यो सबैको निम्ति रहस्यको कुरा हो, कि सबै अमरशिल मर्दछन्;*
*कसले उहाँको अनौठो योजनालाई खोज्न सक्छ ?*
*पहिले जन्मने स्वर्गदूतले व्यर्थमा कोसिस गर्दछन्,*
*अलौकिक प्रेमको गहिराइबाट आवाज निकाल्न ।*

यस रहस्यले वेस्लीलाई यो भयानक सत्यताबाट निरन्तरता दिनलाई निर्धारण गर्न सकेन:

*अनौठो प्रेम ! यो कसरी हुन सक्छ,*
*ताकि तपाईं मेरो परमेश्वर मेरो निम्ति मर्नु पर्दैनथ्यो ?*

## कसले चिजविजहरू चलाउन सक्थ्यो ?

एउटा तेस्रो प्रश्न उठ्दछ । यदि यी सबै चिजविजहरू लिने मर्ने हो भने तब यी दिनहरूमा यस ब्रम्हाण्डलाई ३ दिन र रातको समयमा कसले संचालन गर्दछ, जब उहाँको शरीर चिहानमा थियो ? यसको उत्तर यो हुन्छ, कि जब येशू मर्नुभयो,

उहाँको शरीरमात्रै चिहानमा गयो । उहाँको आत्मा र प्राण आनन्दमय स्थानमा गयो (लूका २३:४३), त्यसको अर्थ स्वर्ग भन्ने हुन्छ (२ कोरिन्थी १२:२,४) । त्यहाँ मध्यान्तर भन्ने थिएन, जुन समयमा उहाँ पूर्ण नियन्त्रणमा हुनुहुन्थ्यो । एक क्षणमा उहाँ यस धर्तिमा हुनुहुन्थ्यो, उहाँको शक्तिका वचनद्वारा सबै चिजलाई परिचालन गर्नुभयो, तब उहाँ तुरुन्तै स्वर्गमा जानुभयो, जहाँ उहाँले सबै चिजविजहरूमा बाधा नपुऱ्याइकन निरन्तर रूपमा नियन्त्रण गर्नुभयो ।

त्यो महान् व्यक्तिमा रहेको अनौठो सत्यतामा आफैलाई बलिको रूपमा दिएर छक्क पार्नु हुन्छ । यसलाई अति उत्कृष्ट तरिकाले वर्णन गर्ने प्रयास गर्दा भकभकाउने भन्दा पनि अति नै कम हुन्छ । भाषा यसको टाउँकोमा लज्जास्पूर्ण तरिकाले अडकिन्छ । यसले दिमागलाई यो कुरा महसुस गर्न प्रभाव पर्दछ, कि कलवरीमा के भयो भन्ने कुरा हत्या गर्नुमात्रै थिएन, र यो एकजना मानिसले अर्को मानिसलाई मार्ने कार्य थियो । यो त्यो जातिको हत्या थिएन, र जातिय वा जातिय समूहको नास पनि थिएन । यो ईश्वरको हत्या गर्ने कुराको निर्णय थियो ।

चार्ल्स स्पर्जनले सोध्दछन्, "न्यायी शासक अन्यायी विद्रोहको निम्ति मर्दा कसले विचार गरेको हुन्थ्यो होला ? यो मानवीय पुराना कथाहरूको सिकाइ होइन, वा कविताको कल्पनाको सपना नै हो । यो प्रायश्चित गर्ने तरिका मानिसहरूको बीचमा मात्र पहिचान गरिन्थ्यो, किनकि यो वास्तविक हो । पुराना कथाहरूले यसलाई विभाजित गर्न सक्दैनथे । परमेश्वर आफैले यसलाई अभिषेक गर्नुभयो । यो त्यस्तो कुरा होइन, जसलाई कल्पना गर्न सकिन्थ्यो" ।

म त्यस कुरामा डराएको छु, कि हामीले यस्ता भयानक पहिचानहरूको विकास गरेका छौं, जोसँग बाइबलमा भएका वचनहरूमा तिनीहरूले हामीमा पर्ने असरलाई गुमाउँदछन् । हामीले भन्दछौं, "परमेश्वरका पुत्रले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति उहाँ आफैलाई दिनुभयो," नत हामीले त्यो कुरालाई नै लिन्छौं वा नत रुन्छौं नै । हामीले थोरै वा कुनै पनि भावनाबिना नै उस्तै खालको पदलाई निकाल्दछौं । हामीले यो सत्यतालाई यति धेरै प्रचार गर्दछौं, कि त्यसमा हुने वास्तविकता यो हुन्छ कि यसलाई हामीमा ल्याउँदैन वा हाम्रो स्रोताहरूलाई तिनीहरूको घुँडासम्म ल्याउँदैन । जो कोहीले खीष्टियन विश्वासको सुख्खा नजरको पाप भनेर हामीलाई दोष लगाएका छन् । निरन्तररूपमा हामी त्यो महान् वास्तविकतामा आएका छौं, कि उहाँ हाम्रो मुक्तिदाता परमेश्वर हुनुहुन्छ, जो हाम्रो निम्ति मर्नुभयो ।

एफ. डब्लू. पिटले यसमा भएको केही अचम्मको चिजलाई लिएका छन्, र यी सबै सम्झन योग्य कुराहरूलाई लेखेका छन्:

*यस ब्रम्हाण्डलाई बनाउने वाला,*
*मानिसको निम्ति मानिस बनेर श्रापित गरिएको थियो;*
*उहाँले बनाउनुभएको व्यवस्थालाई दावी गर्नुभयो,*
*उहाँले सबैभन्दा धेरै मुल्य चुकाउनुभयो ।*
*उहाँको पवित्र औंलाहरूले हामीलाई बनाउनुभयो,*
*जसले सिँउडीहरू उमारे, जसलाई उहाँको निधारमा श्रीपेच लगाइयो ।*
*ती कोत्रने नङ्ले उहाँको हातहरू बिग्रिए,*
*उहाँले गोप्य स्थानमा योजना बनाउनुभयो;*
*उहाँले ती जङ्गलहरू पनि उफ्रने बनाउनुभयो,*
*त्यो रुख जहाँ उहाँको शरीर झुण्डियो,*
*उहाँ काठको क्रूसमा मर्नुभयो,*
*तरैपनि उहाँले एउटा पहाड बनाउनुभयो, जहाँ यो खडा थियो,*
*उहाँको शिरमाथि त्यो आकाश पनि अँध्यारो भयो,*
*उहाँद्वारा र उहाँको शिरमाथि त्यो धर्ती फैलिएको थियो;*
*त्यो सूर्य जसले उहाँबाट यसको मुहारलाई लुकाएको थियो,*
*उहाँको तहद्वारा नै अन्तरिक्षले स्थान लियो;*
*त्यो भालाले उहाँको अमुल्य रगतलाई छर्कियो,*
*र त्यो परमेश्वरको आगोमा परीक्षित भयो ।*
*त्यो चिहान जहाँ उहाँको स्वरुपलाई राखिएको थियो,*
*र त्यो चट्टानमा पऱ्यो, जहाँ उहाँका हातहरू बनाइएका थिए,*
*अब उहाँ देखापर्ने सिंहासन हो, त्यो*
*र त्यो उहाँको अनन्तका वर्षबाट आएको थियो,*
*तर उहाँको निधारमा नयाँ महिमाको मुकुट पहिराइयो,*
*र हरेक घुँडा उहाँको अगाडि निहुरिए ।*

उहाँको चमत्कारपूर्ण भएको मृत्युले अन्तरिक्षमा रहेका टाढा-टाढासम्मका आकाश मण्डललाई बाधा पुऱ्यायो, र अहिले हामीले विचार गर्ने मानिसहरूको निम्ति उहाँ मर्नुभयो । यो अति नै सुन्दर तस्बिर पनि होइन ।

◈◈◈

# ४ हामी को हौं ?

छुटकाराको पूर्ण अलौकिक कार्यक्रम अझ बढी छक्क पार्ने बन्यो, जब हामीले मानिसहरूको निम्ति प्रभु मर्नुभयो भन्ने कुरा गऱ्यौं र त्यो व्यक्ति जसले उहाँको आफ्नै रगतले मानिसलाई किन्नुभयो (प्रेरित २०:२८)। वास्तवमा म हाम्रो आफ्नै लागि र सम्पूर्ण मानव जातिको निम्ति बोलिरहेको छु।

## यसको महत्व

यस विश्वमा भएको सुक्ष्मदर्शन यन्त्रको दुनियामा, हामी सुक्ष्मदर्शिय रूपमा साना छौं। हामी त्यस्तो उपग्रहमा जीइरहेका छौं, जुन त्यतिधेरै उस्तै ठूलो चिज हुँदैन, जसलाई परमेश्वरले बनाउनुभएको छ। वास्तबमा हाम्रो पृथ्वी भनेको यस संसारमा रहेको धुलोको कणभन्दा ठूलो छैन, जसको अर्थ यो हो कि, त्यसमा हामी सुक्ष्मदर्शीय यन्त्रको बीचमा यस संसारको धुलोको कण भएका छौं। एकजना मानसिक चिकित्सकले यसो भनेका छन्, कि मानिसहरू "आफैले जडान गर्ने चश्माजस्ता हुन्, र उनीहरू यस उपग्रहको कक्षमा सानो रूपमा यसको फन्दामा परेका छन्, र अरबौं नक्षत्रहरूको बीचमा एउटा फरक ताराजस्तो देखिएका छन्"। त्यो हाम्रो महत्वपूर्ण नभएको कुरालाई महसुस गर्दा भजनकारले सास नफेरीकनै महत्वपूर्ण प्रश्नहरू गरेका छन्। "मानिस के हो, र तपाईं त्यसको वास्ता राख्नुहुन्छ ? मानिसको छोरो के हो र तपाईं त्यसको फिक्रि गर्नुहुन्छ ? (भजनसंग्रह ८:४)।

## कमजोर

हामी सानामात्रै भएका छैनौं, तर हामी मरणशील अवस्थामा कमजोर भएका छौं, धुलो र पानी भन्दा अर्को किमति तत्वबाट बनिएका छैनौं। हामी एकदिन पूर्ण खेलाडीको शक्तिमा, र केही घण्टाको लागि हामी शोषित नहुने

भाइरसबाट तल परेका छौं । केही क्षणको लागि हामी समस्याहरूको सामना गर्न सक्षम हुन्छौं, जसै तिनीहरू उठ्दछन् । तब हामीले सामना गर्ने केही दुर्घटना वा बिरामीपनमा, हामी भावनात्मक कुरा राख्ने टोकरी बन्दछौं ।

## नास हुने

हामी परिवर्तनशिल छौं । हाम्रो जीवन यस धर्तीमा अनन्तताको प्रकाशमा मुश्किलले समयको मापदण्डमा दर्ता गराएका छौं । हाम्रा कविहरूले मानवीय जीवनको स्वास-प्रश्वासमा मन पराएका छन्, र एउटा परिवर्तन हुने जहाज, एउटा चीलको उडाइ, एउटा छाँया, एउटा हातको चौडाइ, र एउटा भेंडा पर्दछन् । जीवन भनेको धुँवा, वाफ, घाँस, फूलहरू र घुम्ने पंखाजस्तै हो, स्पर्जनले हाम्रो जीवनीलाई चारवटा स-साना शब्दहरूमा घटाएका छन्: रोपेको, बढेको, फुकेको र गएको ।

## दुष्टता

अझै पनि त्यो वास्तविकता खराब नै हुन्छ, कि हामी अझै पनि असल मानिसहरू होइनौं । सायद त्यो त्यस शताब्दीमा अनुमान गरिएको कुरा हो । हामी सबै पापीहरू हौं, र त्यस पापले गर्दा हाम्रो व्यक्तित्वको हरेक भाग प्रभावित भएको छ । यद्यपि हामीले त्यस पुस्तकमा भएको हरेक पाप गरेका छैनौं, र हामीहरू यसो गर्नलाई पनि सक्षम छौं । हामीलाई अरूहरूको व्यवहार देखे र झड्का लागेको छ, तरैपनि हामीले यो खराब कुरा गर्नलाई सक्षम छौं भनेर बिर्सेका छौं । हाम्रो सम्भाव्य दुष्टताको निम्ति हामी बिकराल भएका छौं । यर्मिया अगमवक्ताले हामीलाई यस कुराको संझना गराएका छन्, कि “मानिसको हृदय सबै कुराहरूभन्दा छलि हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन” (यर्मिया १७:९) । हामीमा भएका कोही पनि मानिसले पूर्ण रूपमा हाम्रो व्यक्तित्वको गहिराइको दुष्टतालाई इन्कार गर्न सक्दैन ।

## अशुद्धता

बिल्दद, अय्यूबका एकजना सहयोगी मित्रले हामीलाई तल पार्नलाई यो कुरा दिएका छन्, जब उनले यो कुराको तर्क गरे, कि यदि परमेश्वरले यति धेरै रूपमा वास्ता गर्नुहुन्छ भने, “उहाँको दृष्टिमा जून पनि चहकिलो छैन, वा ताराहरू पनि निर्मल छैन भने, झन् मानिस जो कीरामात्र हो, परमेश्वरको दृष्टिमा के मोलको छ र ?” (अय्यूब २५:५-६) । जे भए तापनि यशैया यसमा बढी समर्पित छन्, र

उनले यसो भने, कि यस धर्तीमा रहनेहरू उहाँको लागि फट्याङ्ग्रा जस्तै हुन्, जो यस धर्तीको घेराभन्दा पनि माथि नै रहन्छन् (यशैया ४०:२२) ।

## परमेश्वरलाई घृणा गर्नेहरू

हाम्रा परिवर्तन नभएका दिनहरूमा हामीले हाम्रा परमेश्वरलाई सारा आत्मा, प्राण, मन र बलले प्रेम गरेका थिएनौं । "तापनि तिनीहरू परमेश्वरलाई भन्दछन्, हामीलाई छोडिदिनुहोस्, ! हामी तपाईंका मार्गहरू जान्न चाहन्नौं" (अय्यूब २१:१४) । कतिचोटी यसले हामीलाई परमेश्वरको बारेमा सोंच्नको लागि असहज बनाउँदछ । अरूहरूसँग हामी परमेश्वरको बारेमा कुराकानी गर्न असहज हुन्छौं । जब हामी खुशी हुन्छौं, त्यो समयमा हामीले उहाँलाई सम्झन सक्छौं कि बिर्सन्छौ, वा दुःखी भएको बेलामा मात्र हामीले उहाँलाई सम्झन्छौं । कुनै पनि सांसारिक ईश्वरले हाम्रो जीवनलाई चलाएका हुँदैनन् । अन्धाधुन्धा भन्नुपर्दा हामी उहाँसँगको लडाइँमा थियौं । एन्ड्रे मेजरको शब्दमा,

*परमेश्वरको विरुद्धमा कसले आकाश बनाएको छ,*
*हामीले हातहरू माथि उठाएको कुरा प्राप्त गर्‍यौं;*
*उहाँको कृपालाई बताएको हुँदाहुँदै पनि,*
*लुकेको स्थानलाई खोज्न धेरै घमण्डी बन्यौं ।*

## हत्याराहरू

हामीले मानवीय हृदयको कमजोरीपनलाई कहिल्यै पनि जान्न सकेनौं, तरै पनि हामी कलवरीको क्रूसभन्दा अगाडि नै खडा भयौं, र मानिसले महिमाको परमप्रभुलाई मारेको दृश्य हेरिरहचौं । त्यस खालको अत्याधिक विचारले कल्पना नगरिएको कार्यमा स्वास-प्रश्वास लियो । परमेश्वरका पुत्र उहाँका मानिसहरूलाई उद्धार गर्न आउनुहुन्छ, र तिनीहरू उहाँमा फर्कन्छन्, र त्यसचाहिँलाई मार्दछन्, जसमा तिनीहरूको आफ्नै अस्तित्व भर पर्दछ ।

वास्तवमा, त्यहाँ अन्त हुने कुरा भएको थिएन । उहाँ मुत्युबाट उठ्नुभयो, र पछिबाट स्वर्ग सम्म उचालिनुभयो । त्यसबेला देखि उहाँले स्वतन्त्र वरदानको रूपमा सबैलाई अनन्त जीवन प्रदान गर्नुभएको छ, जसले तिनीहरूका पापलाई पश्चात्ताप गर्नेछन्, र उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा प्राप्त गर्नेछन् । हामीले यस कुरामा विश्वास गर्नुपर्छ, कि उहाँ तिनीहरूको पापको सट्टामा ज्याला तिर्न मर्नुभयो ।

त्यो नै अनुग्रह भन्नुको अर्थ हुन्छ । परमेश्वरले उहाँको पिठ्यूँलाई मानव जातितिर फर्काउनु भएको भए हुन्थ्यो । उहाँले तिनीहरूलाई सूक्ष्मताको ठूलो बिनाशबाट बचाउनु भएको भए हुन्थ्यो । जो कोहीले पनि त्यसको सट्टामा उहाँको अन्यायको विरुद्धमा दोष लगाउन छोडिदिएको भए हुन्थ्यो । उहाँले मानिसहरूको लागि स्वर्गमा स्थान सुरक्षित गर्ने कुरालाई छान्नुभयो, जसले उहाँको मुहारमा थुकिदिए, र उहाँलाई क्रूसमा लगेर किल्ला ठोके ।

## बिर्सने र नचल्ने

यदि हामीले निरन्तररूपमा येशू ख्रीष्टको कलवरीको मृत्युलाई संझने हो भने, परमेश्वर अनन्ततामा हुनुहुन्छ, र हामी “आश्चर्य, प्रेम र प्रशंसा” मा हराएका हुन्थ्यौं । यहाँ हाम्रो पूर्ण हृदय केवल रूँने, र कृपाको महिमित गहिराइमा डुब्ने हुन्थ्यो । यो हाम्रो लागि यति धेरै आश्चर्यको कुरा थियो, कि हामीले यसलाई हरेक जनासँग बाँड्न चाहन्थ्यौं, र हामीले यसलाई अन्त नहुने आश्चर्यमा भेट्यौं । हामीले कुनै पनि चिजको बारेमा कुराकानी गर्न चाहँदैनथ्यौं । यसले हामीलाई आराधनामा निहुरिने गर्दथ्यो, हामीलाई सेवाको निम्ति बाध्य पादर्थ्यो, र हामीलाई गवाही दिनलाई उत्प्रेरित गर्दथ्यो । तर हामीले यसलाई संझना गर्दैनौं । हामीले यसलाई लिएर प्रदान गर्नको लागि डरलाग्दो पापमा समर्पित हुन्थ्यौं ।

के हामीले यो सबैको निम्ति भयानक आश्चर्यलाई गुमाएका छैनौं त ? हामीले धेरैचोटी बाइबललाई पढ्ने गरेका छौं, र त्यति धेरै प्राविधिक रूपमा तिनीहरू हाम्रो निम्ति निष्क्रिय भएका छन् । जति धेरै हामीले पुरानो कुरालाई प्राप्त गर्दछौं, त्यति धेरै यो हाम्रो सुरुको आश्चर्यपनलाई कायम गर्न कठिन भएका हुन्छौं । धेरैचोटी हामीले यसो भनेर सोध्नुपर्छः

*के म ढुङ्गा हुँ र मानिसचाहिँ होइन,*
*हे परमप्रभु, म त्यसमा खडा हुन सक्छु, तपाईंको क्रूसको तलपट्टी*
*र थोपा थोपा गरेर संख्या आउँदछ,*
*तपाईंको रगतमा विस्तारै कमी हुँदछ,*
*तरैपनि, रूँने वा कराउने गर्नेछैनौं ?*

- *क्रिष्टिना रोसेटी*

कति धेरै चोटी हामीले यसलाई स्वीकार गर्नुपर्छः

*हो, अचम्ममा म आफै परेको छु,*

*तपाईं प्रेमिलो रगत बहाउने, मरिरहेको थुमा हुनुहुन्छ,*
*कि मैले त्यो रहस्यलाई सफा गर्न सकूँ,*
*र तपाईंलाई धेरै प्रेम गर्नको लागि हलचल भएको हुँदिन ।*

- *एनोन*

जे.एच. जवेटले हाम्रो अचेतनापनलाई आश्चर्यमा पारे, र उनले यसो भनेर लेखेः

हामीले हाम्रो आराधना गर्ने स्थानलाई छोड्दछौं, र हाम्रो सामनेमा कुनै पनि आश्चर्य र प्रकट गर्न नसकिने कुरालाई राख्दछौं, हामीले ती उचाल्ने धुनहरूमा गीत गाउन सक्छौं, र जब हामी बाहिर गल्लीतर्फ जान्छौं, हाम्रा मुहारहरू तिनीहरूका मुहारहरू जस्ता हुन्छन्, र जसले नाट्यशाला र संगित सभालाई त्यागेका हुन्छन् । हाम्रो बारेमा त्यहाँ सुझाब दिने त्यहाँ केही चिज पनि हुँदैन, र हामीले कुनै ठूलो चिजलाई हेरिरहेका हुन्छौं, र त्यसलाई हराउँदछौं... र गुमाएको कुराको व्याख्या कस्तो हुन्छ ? हाम्रो परमेश्वरसम्बन्धी धारणा अगाडि नै प्रतिष्ठित बनाइएको हुन्छ ।

हामीले कलवरीको महान्तालाई पुनः अंगाल्नुपर्ने हुन्छ, दुःख पाउनुभएका मुक्तिदाता सर्बज्ञानी, सर्वव्यापी र सबैतिर उपस्थित हुने महिमाको परमप्रभु हुनुहुन्छ । परमेश्वर शरीरमा प्रकट हुनुहुन्छ ।

◈◈◈

# ५ उहाँको पीडा, हाम्रो प्राप्ती

अब तुलना गर्न नसकिने फाइदालाई विचार गर्नुहोस्, जुनचाहिँ येशू ख्रीष्टद्वारा हामीमा आएको छ ।

## हामी बचाइएका छौं

सबैभन्दा पहिला, प्रभु येशू ख्रीष्टले हामीलाई नरक वा आगोको कुण्डबाट बचाउनु भएको छ । यो त्यस्तो आगो हो, जो कहिल्यै निभ्दैन, र अनन्तसम्म रहन्छ । नरकको बासस्थानको सम्बन्धको बारेमा येशू ख्रीष्टले यसो भन्नुभयो, “नरकमा त न किराहरू नै मर्दछन्, न आगो नै निभ्दछ” (मर्कूस ९:४४) । अर्को शब्दमा भन्नुपर्दा, तिनीहरूको मानसिक चाहना र शारीरिक पीडा चाहिँ अन्त नहुने छन् । नर्क भन्नुको अर्थ परमेश्वरबाट अलग हुनु हो । यो अन्धकारको अँध्यारोपनमा सधैँभरि रहिरहनु हो । यसको अर्थ त्यस्तो स्थानमा हुनु हो, जहाँ त्यहाँ प्रेम भन्ने हुँदैन । यदि प्रभु येशूले विश्वासीहरूलाई त्यो दुर्भाग्यबाट बचाउने भन्दा बढी कुरा गर्नुभएको छैन भने, त्यो यसमा आफै अनन्ततासम्म रहने आभार प्रकट गर्ने र आराधना गर्ने कारण बन्थ्यो, तर उहाँले त्यो भन्दा बढी गर्नुभयो ।

## हामीलाई क्षमा दिइएको छ

हाम्रा पापहरू क्षमा भएका छन् । ती सबै नै क्षमा भएका छन् । ख्रीष्टले पापको ज्याला तिर्नुभएदेखि, परमेश्वरले धार्मिकतामा हामीलाई क्षमा दिइएको कुराको घोषणा गर्न सक्नुहुन्छ, जब हामीले पश्चात्ताप गरेर, उहाँका पुत्र हाम्रा प्रभु र मुक्तिदातालाई प्राप्त गरेका छौं । जसरी पूर्वदेखि पश्चिम टाढा छ, त्यसरी नै हाम्रा पापहरू पनि टाढा भएका छन्, र समुद्रको अनन्त गहिराइको नबिर्सने ठाउँमा गाडिएका छन्, बाक्लो कुहिरोले ढाकिएका छन्, परमेश्वरको पछाडिपट्टी फ्याँकिएका छन्, समुद्रको गहिराइमा फ्याँकिएका छन्, र हिँऊजस्तै

सेतो बनाइएका छन् । उहाँको क्षमापन यति धेरै प्रभावकारी छ, कि हामीमा एउटा पनि पाप प्राप्त गर्न सक्दैनौं, र जसले हामीलाई अनन्तताको मृत्युमा सजायँ दिँदछ । हामीले आफू पापी भएर हाम्रा पापको निम्ति न्यायिक क्षमापन प्राप्त गर्दछौं, जब हामीले येशू खीष्टमा विश्वास गर्छौं । हामी विश्वासी भएर हामीले अभिभावकले दिने क्षमालाई प्राप्त गर्छौं, जब हामी हाम्रा पापहरूलाई स्वीकार गर्छौं ।

## हामीले अनन्त जीवन प्राप्त गर्छौं

परमेश्वरले हामीलाई अनन्त जीवन प्रदान गर्नुहुन्छ । यो अनन्तसम्मको अस्तित्वमा रहने भन्दा बढी कुरा हुन्छ । यसको अर्थ यो हुन्छ, कि हामीले येशू खीष्टको जीवनलाई प्राप्त गर्छौं, र यो नयाँ गुणको जीवन हुन्छ । हामी "उहाँको अलौकिक स्वभावमा सहभागी भएका छौं" (२ पत्रुस १:४) । सबै चिजहरू नयाँ भएका छन्; पापमा एउटा नयाँ घृणा गरिएको छ; पवित्रताको एउटा नयाँ प्रेम आएको छ; कसैका सहकर्मीका विश्वासीहरूमा नयाँ प्रेम आएको छ; संसारमा हराएका मानिसहरूको निम्ति एउटा नयाँ प्रेम आएको छ; पापको अधिनताबाट एउटा नयाँ स्वतन्त्रता आएको छ; एउटा धार्मिकतापनको नयाँ जीवन आएको छ; येशू खीष्टमा पश्चात्ताप गर्ने नयाँ चाहना आएको छ ।

## हामीहरू स्वीकारिएका छौं

हामीहरू हाम्रा पापमा रहिरहेसम्म, हामीलाई परमेश्वरको उपस्थितिमा प्रवेश गर्ने कुनै अधिकार हुँदैन । हामीहरू अशुद्ध, अपवित्र र अयोग्य थियौं । तर जुन क्षणमा हामी नयाँगरी जन्मियौं, परमेश्वरले हामीलाई खीष्टमा देख्नुहुन्छ, र हामीलाई त्यस आधारमा स्वीकार गर्नुहुन्छ । जसै सि.डि. मार्टिनले लेखेको भजनलाई स्वीकार गर्दा उनका प्रियहरूलाई यसो भन्दछन्:

> *परमेश्वरले मेरो मुक्तिदातालाई देख्नुहुन्छ, र तब उहाँले मलाई देख्नुहुन्छ,*
> *प्रियजनकोमा म स्वतन्त्र रूपले स्वीकारिन्छु ।*

हामी परमेश्वरमा खडा हुनुभन्दा अगाडि, हामी खीष्टमा पहिरेका छौं, र परमेश्वरका पुत्रको प्रेमले ढाकिएका छौं । एकजना भिखारी उनको शासकको उपस्थितिमा आफ्नै योग्यतामा प्रवेश गर्न सक्दैनन् सायद उसको कोही पनि नभएको हुनसक्छ । तर राजकुमारले उनलाई राजदरवार भित्र प्रवेश गराउन सक्थे, र उनले राजासँग परिचय गराइदिन्थे । त्यो अवस्थामा उनको असलपन

चाहिँलाई स्वीकार गरिन्थ्यो, जसको नाउँमा उनी आएका हुन्छन् । प्रभु येशू हाम्रो शाही राजकुमार हुनुहुन्छ, जसले हाम्रो निम्ति पिताकहाँ जाने मार्ग खडा गर्नुहुन्छ ।

## हामी पूर्ण छौं

हामी आफै परिवर्तन हुनुभन्दा अघि वा पछि स्वर्गको निम्ति उपयुक्त भएका हुँदैनौं । परमेश्वरको मापदण्ड सिद्ध छ, र हामी त्यसमा पुग्न सक्दैनौं । नत असल कार्यहरूले, नत धर्मी जीवन जिएर, के हामी स्वर्गको नागरिक बन्न योग्य हुन्छौं, तर हामीले येशूलाई स्वीकार गरिसके पछि एउटा अनौठो चिज हुन्छ, त्यो हो, परमेश्वरले यसपछि हामीलाई उहाँका पुत्रमा जोड्नुहुन्छ । जब हामीले देख्छौं उहाँले हामीलाई येशू खीष्टमा राख्नुहुन्छ । तब प्रभु येशू खीष्ट परमेश्वरको उपस्थितिको निम्ति हाम्रा मिल्ने व्यक्ति बन्नुहुन्छ । हामी “उहाँमा पूर्ण भएका छौं” (कलस्सी २:१०) । यदि हामी उहाँमा छौं भने, हामीलाई योग्य बनाउन, हामीलाई कुनै पनि चिजको खाँचो पर्ने थिएन । यसमा नै उहाँले जे गर्नुभएको छ, र हामीले त्यो गणना गर्ने कुरा गर्दैनौं भनेर गर्नुपर्ने हुन्छ । यो उहाँको फाइदाको लागि हो, र हाम्रो लागि होइन । यो पिताले हामीमा देख्नुभएको कारणले गर्दा हुन्छ, ताकि हामी “ज्योतिमा सन्तहरूका उत्तराधिकारका सहभागी हुन हामीलाई सक्षम तुल्याउनुहुने पितालाई धन्यवाद चढाओ” (कलस्सी १:१२) । हामी स्वर्गको लागि योग्यका भएका छौं, जब परमेश्वर आफैले हामीलाई बनाउन सक्नुहुन्छ, किनकि खीष्ट हाम्रो मेलमिलपकर्ता हुनुहुन्छ, र त्यो उहाँले सुधार गर्न सक्नुहुन्न ।

## हामी परमेश्वरका सन्तान हौं

परिवर्तन भएको समयमा, हामी परमेश्वरको परिवारमा जन्मेका छौं । त्यसबेलादेखि उहाँ हाम्रो पिता हुनुहुन्छ, र त्यो छुटाउन नसकिने सम्बन्धमा हामी उहाँका छोराछोरी भएका छौं । कुनै पनि स्वर्गदूतले यस्तो अबसर पाएका छैनन् । यो कृपाद्वारा बचाइएका पापीहरूको निम्ति सुरक्षित गरिएको छ । चाहे हामीले ब्रम्हाण्डमा दूरदर्शनद्वारा ताराहरूलाई अवलोकन गरौं, वा सूक्ष्मदर्शन द्वारा एउटा जीवित कोषिकाको अध्ययन गरौं, हामी भन्न सक्छौं, कि “मेरा पिताले नै यी सबैलाई बनाउनुभयो” । सांसारिकपनहरूले तिनीहरूको पुर्खालाई घमण्ड गर्न सक्छन्, तिनीहरूको सम्पर्क प्रचलित हुन सक्छ, वा तिनीहरू सम्पन्न भएर मिलापमा रहन्छन् । तर यी सबै सम्मानहरू परमेश्वरलाई पिताको रूपमा व्यक्तिगत तवरले जानेर तुलना गर्दा अति सुख्खा हुन सक्छन् ।

## हामी उत्तराधिकारी र संयुक्त उत्तराधिकारी पनि हौं

हामी उहाँका छोराछोरी भएको कारणले गर्दा, हामी परमेश्वरका उत्तराधिकारीहरू हौं, र येशू ख्रीष्टमा संयुक्त उत्तराधिकारी पनि हौं । यसको अर्थ तपाईंको टोपी पक्रनु भन्ने हुन्छ, र त्यो सबै परमेश्वरमा हुने कुराहरू हाम्रा पनि हुन्छन् । पावल प्रेरितले यसो भने, "...किनकि सबै थोक तिमीहरूकै हुन्...वर्तमान् कि भविष्य सबै तिमीहरूकै हुन्" (१ कोरिन्थी ३:२१-२२) । त्यति बेला नै हामी भौतिक सम्पत्तिको परिवेशमा सोंच विचार गर्नलाई परीक्षित हुन्छौं, तर सायद त्यो कम महत्वको हुन सक्छ । पावलले सबै चिजहरू भनेर परमेश्वरका दासलाई पनि समावेश गरेर वर्णन गर्दछन् (तपाईंले एउटाभन्दा अर्को माथि छान्नुपर्ने हुँदैन), यो संसार, जीवन, मृत्यु, वर्तमान्मा भएका चिजविज र आउनेवाला चिजविजहरू हुन् । यसमा यसो भन्नु सुरक्षित हुन्छ, कि हाम्रा विचारहरूमा परमेश्वरको उत्तराधिकारी भएर त्यो गहिराइलाई पत्ता लगाउने कार्यमा सबै संलग्न हुन्छन्, तर हामी एकदिन यी सबैमा पूर्ण आनन्द गर्न आएका हुनेछौं । त्यही समयमा हामीले त्यो वास्तविकतालाई प्रकट गर्न सक्छौं, कि हामी पापीहरू कृपाद्वारा बचाइएका छौं, र अब हामी त्यो सबै अलौकिक सम्पत्तिको उत्तराधिकारी भएका छौं । त्यहाँ कुनै पनि यो जस्तो सिन्ड्रेलाको कथा छैन, र यस्ता सम्पन्नताको तहबाट हामी उठेका पनि छैनौं । यसले हाम्रो दिमागमा फ्यूजहरू लगाउन पर्याप्त हुन्छ ।

## हामी यहाँ बास बसेका छौं

पवित्र आत्मा हरेक विश्वासीमा सधैंको लागि बास गर्नुहुन्छ । केवल यसको बारेमा विचार गर्नुहोस्: वास्तवमा त्रिएकत्वको तेस्रो व्यक्ति हाम्रो शरीरको भित्री भागमा रहनुहुन्छ । उहाँ त्यहाँ छापको रूपमा, र उहाँले हामीलाई अनन्ततासम्म रहने परमेश्वरको सम्बन्धित व्यक्तिको रूपमा चिन्ह दिनुहुन्छ । उहाँले वैनाको रूपमा यस कुरालाई पक्का गर्नुहुन्छ, कि हामीले त्यो सबै मुक्तिदाताले कलवरीमा किन्नुभएको कुरालाई प्राप्त गर्नुहुनेछ, र त्यसमा महिमित शरीर पनि समावेश हुन्छन् । उहाँ अभिषिक्त भएर उहाँले हामीलाई सत्यता र गल्तीलाई प्राप्त गर्ने बनाउनुहुन्छ । उहाँ सहयोगी हुनुहुन्छ, खाँचो परेको बेलामा सहायता पुऱ्याउन नजिकै आउनुहुन्छ । उहाँले हामीलाई निर्देशित गर्नुहुन्छ, हाम्रो लागि प्रार्थना गर्नुहुन्छ, र हाम्रो जीवनमा पवित्रतापनको फल उत्पादन गर्नुहुन्छ । हामीले राम्ररी सोध्न सक्छौं, "कस्तो खालको असल र खाँचो पर्ने सेवकाइ उहाँले हाम्रो निम्ति गर्नुहुन्न ?"

## हामी उहाँका दुलही हौं

मण्डली सबै विश्वासीहरू भएर बनेको हुन्छ, जो येशू ख्रीष्टको दुलही हो । उहाँले हामीलाई दिनुभएको विशेष प्रेमको बारेमा बताउँदछ । "पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर, कसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको वा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून, र त्यो चाहिँ पवित्र र निष्खोट होस्" (एफिसी ५:२५-२७) । कुनै पनि प्रतिष्ठित सम्प्रदायहरू, भाइबन्धुपनहरू र यस धर्तीमा भएका समाजको सम्मानित सदस्य बन्नुभन्दा बरु उहाँको दुलहीको भाग बन्नु धेरै सम्मानित कुरा हुन्छ। परमेश्वरलाई यस संसारका धेरै राष्ट्रहरू भन्दा पनि मण्डली भन्नुको अर्थ धेरै हुन्छ। तिनीहरू बाल्टीमा हुने पानीका थोपामात्रै हुन् वा सतहमा हुने धुलोमात्रै हुन् (यशैया ४०:१५) । मण्डली येशू ख्रीष्टको दुलही हो । यो यस धर्तीको सर्बोत्तम संगति हो ।

## हामी प्रार्थना गर्न सक्षम छौं

हामीलाई प्रार्थनामा यस संसारको सर्बोच्चता प्राप्त गर्न सक्षम छौं। यसमा कुनै पनि नियुक्तिको खाँचो पर्दैन। हामी विश्वासद्वारा आराधना, प्रशंसा र धन्यवाद चढाएर अति नै पवित्र स्थानमा प्रवेश गर्दछौं, तब हामीले हाम्रो अर्न्तविन्ति र निवेदन चढाउँदछौं । हामी जान्दछौं, कि उहाँले हाम्रा सबै प्रार्थनाको उत्तर उही प्रकारले दिनुहुन्थ्यो, यदि उहाँको प्रेम, ज्ञान, र शक्ति हामीमा थियो भने । यस प्रार्थनाको मौका येशू ख्रीष्टको रगतद्वारा हामीमा ल्याइएको थियो (हिब्रू १०:१९), र यो नै मुल्यहिन मुल्य हो ।

## हामीमा अनन्त महिमा हुनेछ

हामी परमप्रभुसँग स्वर्गमा अनन्त महिमामा हुनेछौं। ती मुक्तिदाता हामीलाई नरकमा बचाउन सन्तुष्ट हुनुभएन, वा हामीलाई यस धर्तीको अस्तित्वको लामो जीवन पनि दिनुभएन । होइन, उहाँले हामीलाई उहाँको आफ्नै पुनरुत्थान भएको शरीरलाई हामीले महिमित शरीरमा प्राप्त नगरेसम्म उहाँ पूर्ण रूपमा सन्तुष्ट हुनुहुनेछैन, र हामी उहाँसँगै स्वर्गमा हुनेछौं ।

*र यसैले गर्दा म उहाँको पुत्रजस्तै हुनेछु ?*
*के यो कृपा हो, जुन कुराचाहिँ उहाँले मेरो निम्ति जित्नुभएको छ ?*

*महिमाको पिताको एक विचारपछि अर्को विचारमा रहनु !*
*महिमामा, उहाँको आफ्नै आशिष्पनजस्तै ल्याउनु !*
*- जे.एन. डार्बी*

हामीले यी सबै कुरा भनिसकेपछि, त्यो क्रूसबाट बग्ने आशिष्को सतहलाई खोस्रेका हुँदैनौं । पावलले यसो भनेर सारांश बनाएका छन्, कि हामी यी कुराहरूबाट आशिषित हुन्छौं, "...जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आर्शीवाद दिनुभएको छ" (एफिसी १:३) । हामी धेरै नै यस धर्तीको पक्षमा रहेका मानिसहरू हौं, र यो सबै नै कलवरीको कारणले गर्दा हुन्छ । उहाँको साँचो पीडा हाम्रो फाइदाको लागि हो ।

## हामीले प्रतिक्रिया जनाउनुपर्ने खाँचो हुन्छ

त्यहाँ एउटा मात्र निष्कर्ष छ । जब हामीले भन्यौं कि, यो सबैचिज ख्रीष्टको लागि वा कुनै पनि चिजको लागि नभएको हुनुपर्छ । हामीले यस्तो जाँच गरिएको अवस्थामा कुनै पनि चिजलाई नष्ट गर्न सक्दैनौं । जे. एच. जोवेटले भनेको कुनै पनि विषयमा हामी रहन सक्दैनौं, "साना अफिसका कारिन्दाहरू थोरै समयको लागि रहने हुन्छन्, त्यसकारण, हामीले त्यो प्रेम आश्चर्यलाग्ने छ भनेर निर्धारण गर्नुपर्छ, र यति धेरै "हाम्रा हृदयहरू, हाम्रो जीवनहरू र सबैथोक" परिवर्तन हुनुपर्छ । हामी आफैले उहाँको निम्ति पूर्ण समर्पणता देखाउनुपर्छ ।

◈◈◈



# अध्याय दुई: बाइबलमा देखिए जस्तै समर्पणता

# ६ समर्पणता भनेको के हो ?

हाम्रो छुटकाराको तर्कले एउटा मार्गतर्फ अगुवाई गरेको हुन्छ, जसलाई पूर्ण समर्पणतामा अन्त गर्नुपर्छ । के त्यो भनाइमा मेरो बाध्यता मण्डलीमा नियमित रूपमा सहभागी हुनु हो, वा पैसा जम्मा गर्दै दिनु हो, वा नियमित रूपमा बाइबल पढ्नु हो, वा प्रार्थना गर्नु हो ? के यी सबैको अर्थ यही हो ? यस्तो मुश्किलले हुन्छ ।

समर्पणता भनेको निश्चित, र राम्ररी विचार गरिएको कार्य हो, जसमा एकजना व्यक्तिको जीवनमा उनी परमप्रभुतर्फ फर्कन्छन्, ताकि उनले यसमा जेसुकै गर्ने चाहना गर्दछन्, त्यो कुरा उनले गर्न सक्छन् । यो हाम्रो चाहना उहाँमा साटासाट गर्नु हो । यसमा हाम्रा अधिकारहरू त्याग्नु हो, र उहाँको सिंहासनमा उचित प्रकारले आभार प्रकट गर्नु हो । त्योचाहिँको निम्ति सबै त्याग्नु हो, जसले हाम्रो निम्ति सबै त्यागेका छन् ।

त्यहाँ जीवनको हरेक पक्षमा सिंहासन हुन्छ । त्यसमा स्वभाविक रूपमा प्राप्त गरिने सिंहासनमा आफै भन्ने हुन्छ । समर्पणता त्यो हो, जब आफैलाई फालिन्छ, र प्रभु येशू राजाले मुकुट पहिरनुहुन्छ । यसलाई हामीले जब हाम्रा हृदयहरूबाट भन्दछौं:

*परमप्रभु, जस्तो म छु, त्यस्तै मलाई लिनुहोस्,*
*सबै चिजहरूमा मलाई आफ्नै बनाउनुहोस्,*
*मेरो हृदय तपाईंको दरवार बनाउनुहोस्,*
*र तपाईंको राजकिय सिंहासनमा बसाल्नुहोस् ।*

*- अज्ञात लेखक*

यसमा मेरो जीवन येशूमा मुक्ति प्राप्त गर्नको लागि समर्पित गर्ने सम्भावना हुन्छ, तरैपनि उहाँको सेवाको निम्ति यसलाई समर्पित गर्दा पछाडि पर्दछ । दुवै

समर्पणता परिवर्तनको समयमा हुनुपर्छ, र जसै तिनीहरूले टार्शसका शाऊलसँग गरे, तर पछुताउ गर्दाखेरि सधैँ यो जीवनमा तिनीहरूले गर्नुपर्ने चिजबिजहरू भएका हुँदैनन् ।

समर्पणता आफैलाई इन्कार गर्नु हो, र क्रूस उठाएर उहाँलाई पछ्याउनु हो । यो कसैको जीवन उहाँको निम्ति र सुसमाचारको निम्ति गुमाउनु हो । यो कसैको आत्मामा र शरीरमा जीवन गुमाउनु हो, किनकि तिनीहरूको भित्र परमेश्वरको स्थान हुन्छ । जब तपाईंले उहाँको चाहनामा तपाईंको चाहनालाई अत्याधिक गर्नुहुन्छ, र तपाईंको हृदयको समर्पणतालाई उहाँमा प्रदान गर्नुहुन्छ, र तपाईंको आत्मालाई प्रेम गर्नुहुन्छ भने, तपाईं समर्पित ख्रीष्टियन बन्नुहुन्छ ।

## शर्तरहितको समर्पणता

हामी सबै प्रभु येशूमा समर्पित भएका छौं, र जो शर्तरहितको हुन्छ । केही निश्चित शब्द र वाक्यांशहरू यसको शब्दावलीमा छैनन्, जस्तै कि, “यस्तो होइन, परमप्रभु,” म तपाईंलाई पछ्याउनेछु, तर मलाई पहिला यसो गर्न दिनुहोस्...,” “अहिले होइन, तर पछि हो” । समर्पणता भनेको उहाँसँगको बिरामीपनमा वा स्वस्थतामा, गरिबी वा प्रशस्ततामा, घरमा वा बिदेशमा, एक्लै वा विवाहित अवस्थामा, नचिन्दा वा राम्ररी चिन्दाखेरि, छोटो जीवन वा लामो जीवन आदि ।

के यो कुनै व्यक्तिमा राखिने ठूलो बोझ बन्दछ ? यसको विपरिततामा ख्रीष्टले यसो भन्नुभयो, कि उहाँको बोझ सजिलो र उहाँको जुवा हल्का छ । जो कोहीको पनि यात्रामा कस्तो खालको कठिन कुरालाई सूचीकृत गर्न कोसिस गरिरहेका हुन्छन्, र “जो कोहीले आफ्नै चिजलाई गर्नुहोस्” ।

◈◈◈

# ७ येशू ख्रीष्टमा गरिएको समर्पणता

यसरी हाम्रो परमप्रभु विश्वासको कर्ता र सिद्ध तुल्याउने हुनुहुन्छ, त्यसरी नै उहाँ खोजकर्ता र समर्पणताको मुख्य नमुना हुनुहुन्छ। त्यस शब्दको अर्थ के हो भनेर जान्नुपर्दा, हामीले पुत्र परमेश्वरको जीवनलाई अध्ययन गर्दछौं।

जब पिताले हाम्रो हराएकोपनलाई तल हेर्नुभयो, र अत्यन्त खाँचो भएको कुरा थाहा पाउनु भयो, तब उहाँले स्वयम्सेवकको निम्ति बोलाउनुभयो। "म कसलाई पठाऊ र मेरो निम्ति को जाने?" त्यो व्यक्ति जो चाहिँ योग्य छ, र जान इच्छुक छ, "यहाँ म हाजिर छु, मलाई पठाउनु होस्," आवश्यकीय रूपमा पुत्रले यसो भने। उनले परमेश्वरको चाहनालाई पूरा गर्न चाहे, र त्यसको अर्थ के हो भनेर उहाँलाई ठ्याक्कै थाहा थियो।

यसको अर्थ गोठमा जन्मनुभएका सृष्टिकर्ताको बारेमा थियो। उहाँको जन्मको लागि उचित स्थान थिएन न त स्वस्थ ठाउँ नै थियो? होइन, एउटा गन्हाउने गाईको गोठ थियो, ओछ्याउनको लागि पराल र एउटा गुन्द्री पनि हुन्थ्यो।

अझ पछिका वर्षहरूमा हाम्रा प्रभुलाई आरामको बारेमा कुनै कुरा पनि थाहा थिएन, कि त्यसलाई हामीले अलग नपार्ने अधिकारको रूपमा विचार गर्थ्यौं। उहाँको कहिल्यै पनि तातो वा चिसो पानी, नुहाउने सुविधा वा मौसमी ओच्छ्याउने साधनहरू पनि थिएनन्। उहाँको स्याल र चराहरूसँग हुने कुराहरू पनि थिएनन्, र उहाँको आफ्नै आराम गर्ने स्थान पनि थिएन। जब उहाँका चेलाहरू तिनीहरूका घरहरूमा तितरबितर भए, येशू जैतुन पहाडमा सुत्नुभयो। जसै इ.एस. एलिओटले लेख्दछन्, "तपाईंको बिस्तरा यो धर्ती थियो, ए, परमप्रभु परमेश्वर"।

ती मुक्तिदातालाई परमेश्वरको चाहनाको अर्थ थाहा थियो, कि त्यसको अर्थ

यस पापी संसारमा आउनु भन्ने हो । हामीले त्यस पीडालाई जान्न सक्दैनौं, कि उहाँको पापरहित आत्मालाई अगाडि नै बनाउने कार्य गऱ्यो । उहाँ पापको बिद्रोही र घृणा गर्ने बन्नुभयो । यसले हामीलाई परीक्षाको बिरोध गरेर पीडामा रहने बनायो । यसले पापरहित हुने, र अझ यो अत्याधिक पीडाको सम्पर्कमा आउने बनायो ।

## राम्रो तरिकाले घायल हुने

परमेश्वरको चाहनालाई स्वीकार गर्दा हाम्रा मुक्तिदातालाई यो कुरा थाहा थियो, कि उहाँलाई गिल्ला गरेर इन्कार गरिनेछ। उहाँले आफ्नो जीवन सुम्पनुहुनेछ, र मानिसहरूलाई आशिष् खन्याउनु हुनेछ। उहाँले अन्धालाई दृष्टि दिने, बहिरालाई सुन्ने बनाउने, र दुष्ट आत्मा लागेकालाई छुटकारा दिने गर्नुहुनेछ । लाटाहरू बोल्नेछन्, लङ्गडाहरू हिँड्नेछन्, मृतकहरू पुन जीवित हुनेछन् । अझै उहाँले अधन्यवादी र दूरुपयोगको महसुस गर्नुहुनेछ ।

*किन, र कस्तो कार्य मेरा परमप्रभुले गर्नुभएको छ ?*
*के कुराले यो प्रकोप र चिढाउने कार्यलाई बनाउन सक्छ ?*
*उहाँले लङ्गडालाई कुँद्ने बनाउनुभयो,*
*उहाँले अन्धाहरूलाई तिनीहरूको दृष्टि दिनुभयो ।*
*राम्रो तरिकाले घायल हुने कुरा दिनुभयो !*
*तरैपनि, तिनीहरू यिनीहरूमा रहन्छन्,*
*तिनीहरू आफै निरुत्साहित बन्दछन्,*
*र उहाँको विरुद्धमा उठ्दछन् ।*

*- शामूएल क्रसम्यान*

येशूले एकलकाटेपनमा हुने कुरालाई जान्नुहुन्थ्यो, र दर्दलाई राम्ररी चिन्नुहुन्थ्यो । उहाँले दुःखीको मानिस भन्ने नाउँलाई प्राप्त गर्नुभयो । उहाँलाई बिरोध गरियो, उहाँलाई व्यभिचारमा जन्मिएको र दुष्ट आत्मा भएको भनेर दोष लगाइयो, दुष्टको शक्तिमा आश्चर्यकर्म गर्ने र उहाँको आफ्नै प्राणी भनेर भनियो । के उहाँले कहिल्यै पछाडि फर्कने चाहना गर्नुभयो ? कहिल्यै पनि भएन ।

*यो उहाँले पछ्याएको एक्लो मार्ग थियो,*
*हरेक मानवीय आत्माबाट अलग गरिएका थियो ।*
*उहाँ आफै र परमेश्वरलाई मात्र थाहा थियो,*

*त्यो सबै पीडाले उहाँको हृदय भरिएको थियो,*
*तरैपनि, त्यस मार्गबाट उहाँ कहिल्यै पनि फर्कनुभएन,*
*जहाँसम्म म पाप र लाजमा पर्दछु,*
*उहाँले मलाई पत्ता लगाउनुभयो ! उहाँको नाउँ आशिषित होस् !*
*- लेखक अपरिचित*

जब पुत्रले यसो भन्नुभयो, “म यहाँ छु, मलाई पठाऊ,” त्यो भविष्य उहाँको लागि खुल्ला पुस्तक थियो । तर उहाँ पिताको चाहनामा यति धेरै समर्पित हुनुहुन्थ्यो, कि उहाँले यसलाई निश्चित भएर सामना गर्नुभयो ।

उहाँको सुरुको सेवकाइमा एक समयपछि अर्को समयमा, उहाँले आफ्ना परमेश्वर र पितामा पूर्ण रूपमा समर्पित भएको कुरा बताउनुभयो ।

उहाँले वचनको निरन्तर हुने गवाहीमा यस्तो कुरा बताउनुभयो, कि उहाँ यस संसारमा आउनुको उद्देश्य उहाँका पिताको चाहना पूरा गर्नु थियो (हिब्रू १० :७) ।

जब उहाँले मन्दिरलाई शुद्ध गर्नुभयो, उहाँका चेलाहरूले भजनसंग्रह ६९:९ लाई संझे, “किनकि तपाईंको भवनको जोशले मलाई जलाएको छ” । उहाँको पिताको चाहनामा समर्पणता देखाउँदछ, जुन मुक्तिदातामा उपभोग गर्ने भयो ।

जब उहाँ बालकै हुनुहुन्थ्यो, लामो यात्राबाट फर्कदा, उहाँ आफै हराउँदा, उहाँका बाबु आमाले उहाँलाई हप्काए । उहाँले तिनीहरूलाई उहाँका पिताको काम पूरा गर्ने बारेमा याद दिलाउनुभएको थियो (लूका २:४९) ।

जब चेलाहरूले यो वास्ताको बारेमा बताए, कि उहाँले त्यतिबेला खानुभएको थिएन, र उहाँले भन्नुभयो, “मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो” (यूहन्ना ४:३४) । “पुत्र आफैले केही गर्न सक्दैन” (यूहन्ना ५:१९) भन्ने भनाइमा परमप्रभुले कुनै पनि सक्रियताको दावी गर्नुभएन वा सुरुमा उहाँको कार्यमा केही भएन । उहाँले गर्ने सबै चिज पिताको आज्ञाकारीतामा हुन्थ्यो (यूहन्ना ७:१६; १२५०; १४:१०, ३१) ।

तिनीहरू जसले उहाँलाई मार्न खोजे, किनकि उहाँले विश्राम दिनमा चंगाइ गर्न खोज्नुभएको थियो । उहाँले भन्नुभयो, “किनकि म आफ्नो इच्छा खोज्दिन, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु” (यूहन्ना ५:३० ख) । जो कोहीले पनि कहिल्यै त्यति धेरै जोड दिएका हुँदैनन् ।

एकदिन उहाँले भीडलाई यसो भन्नुभयो, "आफ्नो इच्छा पूरा गर्न म स्वर्गबाट ओर्ली आएको होइनँ, तर मलाई पठाउनुहुनेको इच्छा पूरा गर्नलाई आएको हुँ" (यूहन्ना ६:३८) ।

यो उस्तै परिवेशमा, उहाँले उहाँलाई मारिने कुरा बताउनुभयो, "किनभने म सधैँ उहाँलाई प्रशन्न तुल्याउने काम गर्दछु" (यूहन्ना ८:२९ ख) । आज्ञाकारीता कहिलेकाहीँ गर्ने कार्य होइन, यो उहाँको जीवनको कथा थियो ।

सधैँ क्रूसको छाँया उहाँको अगाडि थियो, तर उहाँले यसलाई शान्तपूर्वक र उत्साहकासाथ सामना गर्नुभयो । "एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ, त्यो पूरा नहुन्जेल म अघि व्याकुल छु" (लूका १२:५०) ।

त्यहाँ पछाडि डुब्ने खालको थियो । यरूशलेममा भएको अन्तिम र भाग्यपूर्ण यात्रामा उहाँ "अगाडि जानुभयो" (लूका १९:२८) । यहाँ यस्तो देखिन्छ, कि चेलाहरू पछाडि परेका थिए, र इच्छा नभएको गोडालाई तानिरहेका थिए ।

परमेश्वरको चाहनामा गेत्सेमनीलाई पनि समावेश गरियो, जहाँ उहाँले यसो भनेर प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुनसक्छ भने यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिक होस्" (मत्ती २६:३९) । उहाँको त्यो चित्कार मृत्युबाट भाग्ने खालको थिएन । बरुभन्दा यो अलौकिक सूचित कुरा थियो, कि हामी अन्य कुनै पनि उपायले बच्न सक्दैनथ्यौं । उहाँको दोहोरिने प्रश्नमा चाहे त्यहाँ अन्य कुनै उपाय थियो भनेर स्वर्गबाट चुपचाप तरिकाले उत्तर दिइएको थियो । त्यहाँ कुनै पनि अन्य उपाय थिएन ।

## इन्कार गरिएको, त्यागिएको र छोडिएको

येशूलाई उहाँका मित्रहरूले त्यागे, चेलाहरूले इन्कार गरे, दुष्टतामा रहेका व्यक्तिले चुम्बन गरे, उहाँको नजिकमा हुनेले पनि इन्कार गरे । उहाँलाई झुटो अभियोग लगाएर पक्राउ गरियो, र जाँचमा न्याय गरियो, जुनचाहिँ उहाँको अन्तिम कार्य थियो । त्यहाँ गरिएको घोषणा "कुनै पनि दोषबिना" को थियो, तरैपनि उहाँले मर्नुपर्ने भयो । उहाँले स्वर्गदूतका १२ वटा पल्टनलाई बोलाउन सक्नुहुन्थ्यो, तर उहाँले तपाईं र मेरो निम्ति मर्नलाई छान्नुभयो । उहाँले उहाँको आफ्नै सुरक्षाको खातिर परमेश्वरको चाहनालाई प्रशय दिनुभयो ।

उहाँसँग क्रूसबाट ओर्लेर आउने शक्ति थियो, तर उहाँमा तल ओर्लेर नआउने शक्ति पनि थियो । उहाँले यसबाट बच्ने चाहना राख्नुभएन । यो त्यो नै घडी थियो, जहाँबाट उहाँ यस संसारमा आउनुभयो (यूहन्ना १२:२७) । यो त्यो नै किल्ला थियो, जसलाई उहाँले पक्रनुभयो, र उहाँको समर्पणता उहाँको पितामा थियो ।

## पापको सट्टामा अंगाल्ने कुरा

त्यो सबभन्दा ठूलो घडी यी अन्धकारका तीनवटा घडीहरू थिए, जहाँ परमेश्वरले उहाँका पुत्रलाई त्याग्नुहुन्थ्यो, जहाँ प्रभु येशूले हाम्रा पापहरूको सट्टामा तिरिदिने सजायमा परमेश्वरको क्रोधलाई फर्काउन सक्नुहुन्नथ्यो । कुनै पनि निश्चित विचारले त्यो पवित्रताको अर्थलाई कहिल्यै हासिल गर्न नै सक्षम हुँदैनथ्यो । तर उहाँले यसलाई प्राप्त गर्ने चाहना गर्नुहुन्थ्यो, र यो पिताको आज्ञाकारीतामा हुन्थ्यो, र हाम्रा आत्माहरूको निम्ति प्रेम बाहिर आउँथ्यो ।

हो, उनलाई यो कुरा थाहा थियो, कि उहाँ मृत्युबाट बौरी उठ्नुहुन्थ्यो, र स्वर्गतर्फ फर्केर जानुहुन्थ्यो, र सबै नाउँभन्दा अति उच्च नाउँमा सम्मानित हुनुहुन्थ्यो । अन्ततः उहाँलाई यो कुरा थाहा थियो, कि हरेक घुँडा उहाँको अगाडि टेक्नेछन्, र हरेक जिब्रोले परमप्रभुको नाउँमा स्वीकार गर्नेछन् । तर त्यो क्रूसको मुकुट आउनुभन्दा अगाडि, उहाँको दुःखको महिमा आउँदथ्यो । प्रभु येशू पूर्ण रूपमा पिताको चाहनामा समर्पित हुनुहुन्थ्यो, र त्यहाँ जुनसुकै मुल्य चुकाउनुपरे तापनि त्यसले कुनै मुल्य राख्दैनथ्यो ।

हाम्रा मुक्तिदाता परमप्रभुमा समर्पित हुनुहुन्थ्यो, र उहाँले एउटा नमुना छोड्नुभयो, ताकि हामीले उहाँको कदमलाई पछ्याउन सकौं । जुनसुकै बेला पनि हामी गनगन गरेर वा फेरी व्यवहार गर्दा परीक्षामा पर्छौं भने, हामीले उहाँलाई "हाम्रो कमजोर नसाको प्रयास" मा बोलाउने छौं ।

*परमप्रभु, जब म चिन्ताकासाथ कठिन परिश्रम गर्छु,*
*र तपाईंका आज्ञाहरू बोझ भएजस्तो देखिन्छ,*
*यदि मेरो बोझले गनगन गर्नेतर्फ डोऱ्याउँछ भने,*
*परमप्रभु, मलाई तपाईका हातहरू देखाउनुहोस्,*
*तपाईंको किल्ला ठोकिएको हातहरू,*
*तपाईको क्रूसमा छिया-छिया भएका हातहरू,*

*मेरो मुक्तिदाता, तपाईंका हातहरू मलाई देखाउनुहोस्,*
*येशू ख्रीष्ट, यदि कहिल्यै मेरा कदमहरू कमजोर हुन्थे भने,*
*र म पुन ताजा हुनको लागि तयार हुन्थे,*
*यदि मरुभूमि वा काँडाहरूले मलाई शोक गर्ने बनायो भने,*
*परमप्रभु, तपाईंको गोडा मलाई देखाउनुहोस्,*
*तपाईंको रगत बगिरहेको गोडा, तपाईंको किल्ला ठोकिएको गोडा,*
*मेरा परमप्रभु, तपाईंको गोडा मलाई देखाउनुहोस् ।*

*- अज्ञात लेखक*

◈◈◈

# ८ एउटा सुरूको बोलावट

बाइबलमा कतैपनि पूर्ण समर्पणताको बोलावट दिइएको छैन । व्यवस्था ६:५ मा भन्दा पनि बढी वा भाग्नै नसकिने कुरालाई दिइएको छ । तपाईंले आफ्ना परमप्रभुलाई सारा हृदयले, सारा आत्मा र सारा शक्तिले प्रेम गर्नुपर्छ । कमसे कम सबैले यसमा विरोध गरे, कि यो कानुनी व्यवस्थाको विभाजनमा सम्बन्धित छ, र यसैले यो आज हाम्रो लागि लागु हुँदैन । यो नयाँ करारमा "तपाईंको आफ्नै विचार" प्रकट हुनु भन्ने पवित्र आत्माले तीनचोटी दोहोऱ्याउनुभएको छ (मत्ती २२:३७, मर्कूस १२:३०, लूका १०:२७) । तरैपनि सुसमाचारहरूमा यो बोलावटलाई सजायसँगै जोडिएको व्यवस्था दिइएको छैन, तर तिनीहरू जो कृपाद्वारा बचाइएका छन्, तिनीहरूलाई धार्मिकतापनको निर्देशन दिइएको छ ।

येशूले भन्नुभयो कि, परमेश्वरलाई प्रेम गर्नु पहिलो र महान् आज्ञा हो । तब उहाँले यो कुरा थप्नुभयो कि, दुईवटा आज्ञाहरू (परमेश्वरलाई प्रेम गर्नु र आफ्ना छिमेकीलाई प्रेम गर्नु) मा सबै व्यवस्था र अगमवक्ताहरू आएका छन्, कि तिनीहरूले पुरानो करारको सम्पूर्ण व्यवस्थालाई छोट्याएका छन् । किनकि यी दुईवटा आज्ञाहरू हिब्रू बलिदानको सबै व्यवस्थाभन्दा बढी हुन्छन्, र तिनीहरूले हामीलाई यी सबै महत्वपूर्ण कुराहरूलाई दिनुभन्दा बढी नै हुन्छन् ।

यी आज्ञाहरूले हाम्रो निम्ति मापदण्डलाई मिलाउने गर्दछन्, र हामी के कुरामा कमी छौं भन्ने देखाउँछन् ।

यसलाई समर्पणता पनि भनिन्छ । यद्यपि हामी यसमा आज्ञाकारी हुन सक्दैनौं, र सिद्धतामा हामी त्यस दिसातर्फ चल्नुपर्ने हुन्छ । हाम्रो निम्ति यस धर्तीमा प्राप्ती भन्ने कुरा हुँदैन, तर यो सधैं निरन्तर भइरहने प्रकृया हुन्छ ।

"तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर्नेछौं..." उहाँ हाम्रो परमप्रभु र हाम्रो मालिक हुनुहुन्छ । उहाँ हाम्रो प्रभु, सृष्टिकर्ता, पालनकर्ता, मुक्तिदाता र

संरक्षणकर्ता हुनुहुन्छ । जब उहाँसँग यो हुन्छ तब उहाँले हाम्रो प्रेमलाई लिनुहुन्छ, उहाँमा हाम्रो आज्ञाकारीता पनि रहन्छ ।

## हाम्रा प्रेम गर्ने शक्तिहरू

"तपाईंको सारा हृदयले..." हाम्रा परमप्रभुलाई हाम्रो हृदयमा पहिलो स्थानमा राख्नुपर्छ । अन्य कुनै पनि खालका प्रेमहरू दोस्रो स्थानमा हुनुपर्छ । यहाँ भएका सबै वचनलाई र तलका प्रकटीकरणमा हुन नदिनुहोस् । यहाँ यसको अर्थ परमप्रभुलाई असल तरिकाले प्रेम गर्नु भन्ने हो ।

जब हामीले उहाँलाई प्रेम गर्छौं, तब यो कस्तो देखिन्छ ? यहाँ एउटा सुत्र प्राप्त गर्दछौं, जब हामीले श्रेष्ठगीतमा भएकी सुलामी स्त्री र उनको प्रेमीसँगको बीचको प्रेमलाई अध्ययन गर्छौं ।

- उनी कहिल्यै पनि खुशी हुँदिनथिइन, जब उनी उनको उपस्थितिमा रहन्थिन् ।
- उनको उपस्थितिले उनलाई दुःखित तुल्याउथ्यो । उनले उनी आएको चाहना राख्थिन् ।
- उनले उनको बारेमा धेरै खुशीकासाथ कुराकानी गर्थिन् । उनको जिब्रो "लेख्न तयार भएको कलम" जस्तै हुन्थ्यो ।
- उनले उनीसँग कुराकानी गर्न रुँचाउथिन । कहिलेकाहीँ उनको उपस्थिति त्यहाँ नहुँदा पनि, उनले उच्च स्वरमा बोल्ने गर्थिन् ।
- उनले सधैँ उनको स्वरलाई सुन्दा खुशी हुन्थिन् ।
- उनले उनको बारेमा सपना देख्थिन्, र उनको हरेक संझनाको आनन्द लिन्थिन् ।
- त्यहाँ उनको प्रेमको निम्ति कुनै पनि प्रतिस्पर्धी थिएनन् ।
- उनी उनको प्रेमको वस्तु थिए ।

परमेश्वर र हाम्रो बीचको सम्बन्ध पनि यस्तै हुनुपर्छ ।

## हाम्रा भावनात्मक शक्तिहरू

"तपाईंको सारा प्राणले..." तपाईंको प्राण तपाईंको भावनाको स्थान भएदेखि हामीले यस कुरालाई बुझेर न्याय गर्न सक्छौं, कि हामीले हाम्रा परमेश्वरलाई हाम्रा सबै भावनात्मक शक्तिले प्रेम गर्नुपर्छ । हामी उहाँको बारेमा उत्तेजित हुनुपर्छ, जब हामीले उहाँ उचालिएको सुन्दछौं, तब हामी आनन्दित हुनुपर्छ, र

उहाँलाई सम्मान नपुग्ने कुनै पनि कुरामा रिसाउनुपर्छ । जब हामीले उहाँको सम्झना गर्छौं, तब आनन्द र पीडा मिसिएका हुन्छन्, आनन्दले यो कुरा जान्दछ, कि पीडा र दुःखहरू सकिसकेका हुन्छन्, र त्यो हाम्रो पापले गर्दा तिनीहरूलाई बनाउने गर्दछन् ।

## हाम्रा बौद्धिक शक्तिहरू

"तपाईंका सारा विचारले..." यस वाक्यांशले हामीलाई यस कुरा बताउँदछ, कि हामीले हामीमा भएका उत्तम बौद्धिक शक्तिहरू परमप्रभुलाई दिनुपर्छ । हामीले हाम्रो विचारलाई यसमा भएजस्तै लिनुपर्छ, र उहाँको गोडामा सम्मान प्रकट गर्न राखिदिनुपर्छ, र उहाँको महिमाको निम्ति यसलाई प्रयोग गर्ने कुरा उहाँमा माग्नुपर्छ । हामीले त्यसलाई गर्न सक्ने एउटा उपायमा बाइबलबाट हाम्रा विचारलाई अलग गर्नु हो, ताकि हामीले सबभन्दा पहिला यी सबै आफ्ना कुराहरूमा आज्ञाकारी हुनु हो, र तब यसलाई अरूहरूमा सेवा पुऱ्याउनु हो । हामीले संसारलाई वा परमेश्वरलाई उत्तम प्रकारले दिने कुरालाई छनोट गरेर सबै कुराको सामना गरेका हुन्छौं । संसारको मानिस भन्दा पनि वचनको मानिस बनेर व्यक्तिलाई चिन्नु अझ असल हुन्छ ।

## हाम्रा शारीरिक शक्तिहरू

"तपाईंको सारा बलले..." हामीले परमप्रभु परमेश्वरलाई हाम्रा सारा शारीरिक शक्तिहरूले प्रेम गर्नुपर्छ । हामीले यो कुरालाई संझना गर्नु असल हुन्छ, कि "उहाँ घोडाहरूको बलमा वा मानिसहरूका खुट्टामा प्रशन्न हुनुहुन्न, तर परमप्रभु उहाँको भय मान्नेहरूसँग र उहाँको अचुक कृपामाथि भरोसा राख्नेहरूसँग प्रशन्न हुनुहुन्छ" (भजनसंग्रह १४७:१०-११) । खेलको क्षेत्रमा प्रसिद्धि कमाउनेभन्दा बढी उहाँका आत्मिक चिजविजहरूको शक्तिलाई गणना गरिन्छ । एकजना अगाडिका खेलाडीले यसो भने, "मेरो जीवनको सबभन्दा ठूलो भय यस्तो थियो, कि जब मैले एउटा ठूलो खेलमा निर्णायक गोल गरे, र त्यहाँ जम्मा भएको भीड कराउन थाल्यो, तर त्यस रातमा मेरो कोठामा भएको शान्तपनको एउटा भावनाले ममाथि भएका सबै व्यर्थतालाई बढारिदियो । त्यसपछि हुने त्यसको मुल्य के थियो, त ? के त्यहाँ त्यो गोल गर्नुभन्दा बरु कसैको निम्ति जीउनु असल कुरा हुँदैनथ्यो र ?"

तिनीहरू जो यस संसारको सम्मानको लागि जीउँदछन्, तब एक कचौरा सुरूवाको निम्ति तिनीहरूको जन्मसिद्ध अधिकारलाई बेच्दछन् । कसैलाई उत्तम रिबन, महामारी रोग र एउटा स्वर्ण कपको लागि दिएको कुरालाई कल्पना गर्नुहोस् । यी चिजहरूको लागि जीउने एकजना मानिसले यसो भने, "सपनाको वास्तविकताभन्दा वास्तविकताको सपना देख्नु अझ असल हुन्छ" ।

जवान मानिसहरू जसले पहिला आज्ञाकारी हुने चाहना राख्दछन्, र थोमस एच. गिलको शब्दहरूलाई भन्दा बढी समाधान गर्ने तिनीहरूको प्रकटीकरणको महान् आज्ञामा पनि प्रकट गर्न सक्दैनन्:

*परमप्रभु, मेरो क्षमताको पूर्णतामा,*
*म तपाईंको निम्ति बलियो भएको चाहना गर्थे,*
*जबकि म प्रत्येक प्यारो आनन्दमा दौंड्दाखेरि,*
*तपाईंतर्फ मेरो गीतले माथि उठाउँदथे ।*

*मैले मेरो हृदय यस संसारलाई दिँदैनथे,*
*र तब मैले तपाईंको प्रेमलाई घोषणा गर्दथे;*
*मैले मेरो बल गएको अनुभव गर्दैनथे,*
*र तब तपाईंको सेवाले प्रमाणित गर्दथ्यो ।*
*मैले उचालिएको पखेँटाको चाहना गर्दैनथे,*
*संसारका उद्देश्यहरू अगाडि जाँदथे,*
*र मैले स्वर्गीय उचाइमा गएर परिश्रम गर्थे,*
*चिन्तित भएको गोडाले विस्तारै कार्य गर्दथ्यो ।*

*हो, नत तपाईंको निम्ति कमजोर चाहनाहरू नै हुन्थे,*
*मेरो गरिबीमा आधारित भाग;*
*ए, मेरो निम्ति कम बलिरहेको आगो,*
*मेरो हृदयका खरानीहरू ।*

*हो, मलाई मेरो सुनौलो समयमा छान्नुहोस्,*
*मेरो प्यारो आनन्दको भागहरू हुन्छन्;*
*किनकि तपाईंको महिमामा मेरो मुख्य चिज,*
*मेरो हृदयको पूर्णतापन ।*

परमप्रभुलाई सारा हृदय, सारा प्राण र सारा बलले प्रेम गर्नु भन्ने आज्ञा निश्चित गरेर बाइबलका पुस्तकहरूमा समान रूपमा रहेका छन्, जहाँ स्वर्गका प्राणीले उच्च स्वरमा गाउँदछन्, "सिंहासनमा बिराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा होस्" (प्रकाश ५:१२) । हो, ती मुक्तिदातामा अगाडि नै सबै शक्ति, सम्पन्नता, ज्ञान, बल सम्मान, महिमा र आशिष्हरू छन्, तर यहाँ आएको विचार यो हो, कि उहाँ तपाईं र मबाट यी सबै चिजहरू प्राप्त गर्न योग्य हुनुहुन्छ । निश्चितरूपमा त्यसमा हाम्रो बौद्धिक वा ज्ञानको शक्ति, हाम्रा शारीरिक शक्ति वा बल, हाम्रो भावनात्मक शक्ति (सम्मान, महिमा, र आशिष) हरू पर्दछन् ।

त्यहाँ कुनै पनि यस्तो प्रश्न छैन, कि उहाँ हाम्रा एकदमै असल शक्तिहरूमा योग्य हुनुहुन्छ । यहाँ आएको प्रश्न यस्तो छ, कि "के उहाँले तिनीहरूलाई प्राप्त गर्नुहुनेछ ?"

◈◈◈

# ९ अब्राहाम

पुरानो कराररले समर्पणताको नमुनालाई लिने गर्दछ। समर्पित पुरुष र महिलाले इतिहासको तहलाई पार गरेका छन् र तिनीहरूको पक्का भक्तिलाई प्रशंसा गर्ने हामीतर्फ तानेका छन् । हामीले देखेका एकजना विशिष्ट समर्पित व्यक्ति अब्राहाम हुन् । उनले परमेश्वरको चाहनाप्रति भएर चम्कने आज्ञाकारीताले उनको छोरा इसहाकलाई बलिदान चढाउने चाहना पनि जाग्यो । यसलाई यरूशलेमबाट करिब १५० कि.मि. टाढा दक्षिण-पश्चिमको बेर्शेबा भन्ने स्थानबाट सुरु गरे । अब्राहाम त्यहाँ उनको परिवारसहित बसिरहेका थिए । त्यो सहर व्यापारिक मार्ग थियो, जसले मिश्र, हेब्रोन बेथलेहेम र उत्तरका बिन्दुहरूलाई जोडेका थिए ।

त्यो दिन पनि अन्य दिनहरू जस्तै सुरु भयो, त्यहाँ कुनै क्षणिक कुरा हुनेछ भन्ने कुनै पनि सूचीत कुरा थिएन, कि त्यो इतिहास बनाइएको हुन्थ्यो, कि त्यो सामान्य जीवनको मार्गलाई तोडिएको थियो । तब अब्राहामले उनको नाउँलाई कसैले बोलाएको सुने ।

"अब्राहाम" "म यहाँ छु," उनले जवाफ दिए ।

## एउटा हृदयलाई समर्पित गर्ने क्रम

तब एउटा अतिरिक्त आज्ञा आयो । "तिम्रो एकमात्र छोरा इसहाक, जसलाई तिमीले प्रेम गर्छौ, मोरियाहको पर्वतमा जाऊ, र उनलाई लिएर त्यस डाँडामा गएर मेल बलि चढाऊ" ।

त्यहाँ को बोलिरहेको छ भनेर कुनै पनि प्रश्न थिएन । उहाँ परमप्रभु हुनुहुन्थ्यो, र त्यहाँ उहाँले भन्नुभएको कुरामा कुनै पनि गलत समझदारी थिएन । यो एउटा पुर्खाको पुत्रको बारेमा मात्रै थियो, उनको अनौठो पुत्र, उनको विशेष प्रकारले जन्म भएको पुत्र । जब साराईले इसहाकलाई जन्माइन उनी ९१ वर्षकी र अब्राहाम १०० वर्षका थिए । यी तिनी नै पुत्र थिए जसद्वारा परमेश्वरले अनगिन्ति सम्पत्ति दिने प्रतिज्ञा गर्नुभयो, र सबै जातिहरूलाई आशिष् दिने प्रतिज्ञा गर्नुभयो ।

सायद इसहाक २५ वर्षका थिए, र उनी अविवाहित नै थिए । तरैपनि परमेश्वरले पिता अब्राहामलाई मेल बलि चढाउने आज्ञा गर्नुभयो । यहोवाले विशेष स्थानलाई तोक्नुभयो, र त्यो मोरिया पर्वत थियो ।

त्यो सन्देश आश्‍चर्यचकित पार्ने खालको थियो । परमप्रभुले यो भन्दा अघि कहिल्यै पनि मानिसलाई बलिदान गर्ने कुरा भन्नुभएको थिएन, तरैपनि अहिले उहाँले यस्तो आज्ञा गर्नुहुन्छ । यो यस्तो देखिन्थ्यो, कि यहोवाले अब्राहामको हृदयको चारवटा तहहरूमा हिर्काइरहेका थिए । उहाँले यसोमात्र भन्नुभएन, "तिम्रो छोरा" तर "तिम्रो एकमात्र छोरा" भन्नुभयो, होइन र, त्यहाँ परमेश्वरको पुत्र भन्ने विषयवस्तु मात्र थिएन, "इसहाक" र अन्तमा दर्द आयो, "जसलाई तिमीले प्रेम गर्छौं, तिम्रो छोरा, तिम्रो एकलौटे छोरा इसहाक, जसको निम्ति तिमीले प्रेम गर्छौं" ।

## प्रश्‍न नगरिएको आज्ञाकारीता

तर यहाँ प्रश्‍न गर्ने कुनै समय नै थिएन । परमेश्वरसँग तर्कबितर्क गर्ने समय पनि थिएन । ढिलो भयो भनेर सोध्ने समय पनि थिएन । अब्राहामले उहाँको आज्ञालाई प्राप्त गरेका थिए, त्यसमा आज्ञाकारी बन्न तयार थिए । त्यो तयारीमा उनी शंका नगरिकनै रातभरि आराम गर्नको लागि अगाडि नै फर्किए (कसरी एकजना बाबुले त्यो परिस्थितिमा आराम गर्न सक्छ ?) ।

मिरमिरे उज्यालोमा उनी जागेका थिए । त्यहाँ गधालाई तयार पारिएको थियो, र चक्कु पनि तयारी अवस्थामा थियो, त्यो बञ्चरोलाई तिखारिएको थियो, मेल बलिको निम्ति काठ पनि तयार पारिएको थियो । त्यहाँ सबैथोक थियो, तर बलिको लागि थुमा थिएन । दुईजना जवान नोकरहरू तयार पारिएका थिए, र हो, इसहाक पनि । त्यहाँ उनीबिनाको यात्रा हुन सक्दैनथ्यो ।

सायद यो असल भएको थियो, कि अब्राहामलाई व्यस्त राखियो । त्यहाँ अगाडि के हुनेवाला थियो भनेर सोच्ने समय पनि थिएन । त्यहाँ पर्याप्त मात्रामा समय थियो, र जसले त्यो घडीलाई पछ्याउने गर्थ्यो । मानवीय रूपमा भन्दाखेरि ती पिताको गोडा शिशा जत्तिकै गह्रौं भएको हुनुपर्थ्यो । तर केही कारणले तिनीहरू यस्तो भएका थिएनन् । उनी विशेष प्रकारको बल र कृपामा बाध्य भएको जस्तो देखिन्थे ।

तब तिनीहरूले यस्तो यात्रालाई तयारी गरे, कि त्यसमा तीन वा चार दिनको समय लाग्थ्यो । अब त्यहाँ त्यस्तो भयो, कि अब्राहामको मनमा विचार आउन

थाल्यो । निश्चित रूपमा उनको भावनाले संघर्ष गरिरहेको समूहको सामना गरे । उनले कति धेरै लामो समयसम्म पर्खे होलान, जब परमेश्वरका पुत्रको प्रतिज्ञालाई पूरा गरिन्थ्यो ! कसरी उनी घमण्ड र सन्तुष्टिले फुलेको हुनुपर्थ्यो, जब त्यो बालक पैदा भएको थियो । कसरी उनले त्यो बालक बढिरहेको हेरिरहेका थिए, र उनको महान् वचनको प्रेमको ठीक समयमा लगाइएको हुन्थ्यो । र उनले परमेश्वरको प्रतिज्ञालाई विचार गरे । उनका पुर्खाहरू आकाशका ताराहरूको संख्यामा भए, र समुद्रका बालुवासरि बढे । तिनीहरू महान् र शक्तिशाली जाति बन्नेछन्, र यस पृथ्वीमा भएका सबै जातिहरू उनकै बीऊबाट आशिषित् हुनेछन् । इसहाक नै ती व्यक्ति थिए, जसद्वारा उनको वंश भएर गयो ।

अब परमेश्वरले अब्राहामलाई बलिदान गर भनेर भन्नुभयो । त्यो प्रतिज्ञालाई पूरा गर्ने कार्य थियो । कसरी यो पूरा हुन सक्थ्यो, यदि इसहाकलाई विवाह नगरिकनै मारिएको भए ? अझ यदि ती पूर्खाको अर्का पुत्र हुने हो भने, यसले कार्य गर्दैनथ्यो, किनकि परमेश्वरले यसो भन्नुभयो, “इसहाकमा नै तिम्रो वंश कायमरहनेछ” ।

## भावनाका समुद्रहरू

यदि त्यो यात्राभरिनै ती बूढा मानिस चुपचाप रहेको भए यो कुरा बुझ्न सकिन्थ्यो, यदि उनी तीनदिनसम्म पनि मुश्किलले एउटा शब्दमात्रै बोल्न सके । त्यो गधा अगाडि बढ्यो, र त्यो गन्तव्य स्थानतर्फ ती प्रेमिलो पितालाई लिएर गयो । निश्चय नै उनी इसहाकको मृत्यु हुने बारेमा रिसाएका थिए । हरेक चोटी उनले उनको पुत्रतिर नजर लगाए, उनका आँखाहरू शंकापूर्ण तरिकाले रसाएका थिए, र उनलाई लामो समयसम्म हेरिरहने साहस पनि गरेनन् ।

तब उनले परमप्रभुको बारेमा सोध्न सक्थे । त्यसपछि पनि परमेश्वरले यी प्रतिज्ञाहरू गर्नुभयो, र परमेश्वरको वचनभन्दा पनि केही कुरा निश्चित थिएन । यदि उनले यसमा हो भने, यो यसै हुन आयो, र उनले झुट कुरा बोल्न सकेनन् । उनले ठग्न पनि सकेनन्, र उनी पनि ठगिएनन् । यसैले यहाँ असमम्भव देखिने कुरा पनि परमेश्वरमा संभव हुन गयो । यदि परमेश्वरले इसहाकमा नै असंख्यै प्रतिज्ञा गर्नुभएको छ, र यदि उहाँले इसहाकलाई बली चढाउने आज्ञा गर्नुहुन्छ भने, तब त्यहाँ एउटा मात्रै समाधान छ, उहाँले उनलाई मृत्युबाट बौरी उठाउनुहुनेछ ।

सायद अब्राहाम उनको विश्वासको जाँचमा झस्केको हुनुपर्थ्यो । उनले

पुनरुत्थानको बारेमा पहिला कहिल्यै पनि सुनेका थिएनन्, तर उनले गरेअनुसार परमेश्वरलाई जाने र अब्राहामले यो कुराको महसुस गरे, कि यसमा नैतिक कुराको खाँचो भएको थियो ।

के हामी यो कुरा विचार गर्न न्यायसम्मत भएका छौं कि रातको समयमा उनी इसहाकको नजिकमा सुते, उनको ढाँडहरूमा छुने गरी सुते, उनी त्यहाँ छन् भन्ने कुरामा निश्चित भए, र ती अन्तिम घडीहरू उनीसँगै बिताउन चाहे ?

अब उनी हेब्रोन भएर जाँदैथिए, र उनीहरूले बेथलेहेमलाई पछाडि नै छोडिदिए । त्यस भूमिमा घुमिरहँदा, वरिपरिका स्थानमा चट्टानै चट्टान थिए, अब्राहामले त्यो समयमा कडा निर्णय गर्नुपर्ने थियो ।

## मोरियाह पर्वतमा

तेस्रो दिनमा, उनीहरू पर्वतको फेदीमा आइपुगे, जहाँ उनले त्यस पर्वतलाई उपयुक्त तरिकाले "मुटुको धडकन" को पर्वत भनेर भने । त्यहाँ उनी पहिलोचोटी उत्तरतर्फ देख्न सक्थे, र मोरियाह पर्वतमा रहेका गेरु रङ्गले पोतेका भवनहरू पनि देखिन्थे । त्यो नै स्थान थियो, जहाँ अब्राहामले उनको जीवनमा सबभन्दा ठूलो जाँचको सामना गर्नुपर्‍यो । त्यहाँ इसहाकलाई बलिदान गरिन्थ्यो, र परमेश्वरलाई आराधना गर्ने कार्यको रूपमा आगोले पूर्ण भष्म पारिन्थ्यो । निश्चयनै अब्राहामको छातीमा पनि पीडा भएको थियो । पक्कै नै इसहाकले पनि यसलाई विचार गरे, तर केही पनि भनेनन् ।

अन्तमा, पिताको चुपचापपन तोडियो । उनी दुईजना जवान मानिसतर्फ फर्केर यसो भने, "तिमीहरू यस गधासँग यही बस्, म र मेरो छोरा मोरियाह पर्वतमा गएर परमेश्वरलाई आराधना गर्नेछौं, र हामी पुनः यही स्थानमा नै आउँनेछौं" ।

यो के हो ? "हामी तिमीहरूकोमा नै फर्केर आउनेछौं ?" के यसको अर्थ, "म तिमीहरूको मा नै फर्केर आउनेछु ?" भन्ने थिएन । होइन, उहाँले भन्नुभएको कुरा उहाँलाई थाहा थियो । "हामी तिमीहरूकोमा नै फर्केर आउनेछौं ?"

केही कारणको निम्ति उनका बुबा र छोरा बाँकी स्थानमा एक्लै हिँड्नुपर्ने थियो । त्यस यात्राको अन्तिम खण्डमा जो कोहीले पनि मार्मिक कुरालाई बताउन सकेका हुँदैनथे । अब्राहामले एक भारी दाऊरा उठाए, र यसलाई इसहाकको पिठ्यूँमा बाँधिदिए । त्यसले आगोको ज्वालालाई छोडिदियो, र त्यहाँ उनले लिएर

जानुपर्ने छुरी पनि थियो । ती सबै साधनहरू जीवित बलिदानको निम्ति थिए ।

के त्यहाँ ती बूढा मानिस र उनको जवान छोराको बीचमा जोशपूर्ण कुराकानी भएको थियो ? हामीलाई थाहा छैन । तर त्यहाँ कुनै पनि गनगन गर्ने, खुट्टा तान्ने, र अनिच्छा गर्ने कुनै पनि सल्लाह वा सुझाव दिइएको थिएन । त्यहाँ पछाडि फर्कने कुनै पनि विचार भएजस्तो देखिदैनथ्यो । दुवैले जोड दिइरहेका थिए । यी सबै नै यति धेरै अविश्वासनीय र अवास्तविक नै थिए ।

## विश्वासको ठूलो जाँच

अन्तमा इसहाकले त्यहाँ यस्तो प्रश्न सोधे, “बुबा, दाऊरा र आगो यहाँ छन्, तर त्यो मेल बलिको निम्ति थुमा खै त ?” अन्ततः इसहाकले त्यो यात्राको उद्देश्य अहिलेसम्म पनि बुझ्न सकेनन् । तर अब्राहामलाई यो कुरा थाहा थियो, र त्यस प्रश्नले उनको हदयको भित्री भागमा छोयो । तर एकचोटी फेरी विश्वासले मानवीय भावनामा विजय प्राप्त गऱ्यो । अब्राहामले त्यस प्रश्नको धारिलोपनलाई अन्तै मोडे, र उनको छोरालाई यस कुरामा निश्चयता गराए, कि त्यो मेल बलिको निम्ति परमेश्वर आफैले थुमा उपलब्ध गराउनुहुनेछ ।

अन्तमा तिनीहरू निर्दिष्ट स्थानमा आइपुगे । अब्राहामले ढुंगालाई जम्मा गरे, र तिनीहरूले एउटा वेदीको आकार निर्माण गरे, तब उनले काठलाई सबै भन्दा माथि राखे । तब ती पिताले अत्यधिक रूपमा प्रेम गर्ने पुत्रलाई बाँधे र त्यस काठको माथिपट्टी सुताए । ती बूढा मानिस जसको हात सायद काँपिरहेका थिए, त्यस खालको शक्ति प्राप्त गरेर ती जवान पुत्रलाई त्यस वेदीको माथिपट्टी राखिदिए, त्यस पुत्रको बारेमा पनि समान आश्चर्य कुरा भयो, जसले उनको बूढो भएको बाबुलाई सजिलै जित्न सक्थे, तर उनले कुनै पनि विरोध नगरिकनै बाबुप्रति समर्पित भए ।

यो दृश्यमा कुनै पनि कलाकारले न्याय दिने कार्य गर्न सक्दैनन् । यहाँ एकजना पिता छन्, जसले उनको पुत्रलाई परमेश्वरलाई दिन तयार भएका छन् । यहाँ एकजना निर्दोष पुत्र छन्, र परमप्रभुको वचनको आज्ञाकारीतामा मर्न पनि तयार भएका छन् ।

तब त्यहाँको अन्तिम दृश्य बेदनामा अन्त हुन्छ । अब्राहामले त्यो छुरीलाई राम्ररी पक्रन्छन्, र यसलाई माथि उठाएर इसहाकको छातितर्फ ताक्दछन्, तब उनले तलतिर त्यस व्यक्तिको अनुहार हेर्दछन्, जसको अर्थ उनको जीवनभन्दा पनि बढी थियो । त्यसपछि इसहाकले माथितिर हेर्दछन्, तब त्यो छुरी सूर्यको

प्रकाशमा चम्किरहेको देख्दछन्, तब उनले आफ्नो हेराइलाई बाबुको आँखातर्फ पुऱ्याउँदछन् । यो जीवनसम्मको लामो क्षण थियो ।

त्यो एकदमै जटिल अवस्थामा नाटकीय रोकावट आयो । त्यो छुरी उठाएर हिर्काउनभन्दा अगाडि, अब्राहामले एउटा परिचित आवाजलाई "अब्राहाम, अब्राहाम" भनेर बोलाएको दुईचोटी सुन्दछन् ।

जव उनी बेर्शेबामा थिए, "म यहाँ छु" भनेर उत्तर दिए ।

ती बोल्ने व्यक्ति परमेश्वर आफै नभएर परमप्रभुका दूत थिए, तब ती पुत्रले अगाडि नै जन्म लिएको अनुहार देखाए । उनले त्यहाँ प्रभाव पार्ने प्रकारले यसो भने, "तिनीले तिम्रो पुत्रलाई छुनु हुँदैन, तिमीले जाँच पास गरेका छौं । अब म जान्दछु, कि तिमी मदेखि यति धेरै डराउँदा रहेछौं, अब तिमीले आफ्नो एकमात्र पुत्रलाई मबाट लिएर जान पनि सक्दैनौं । अब म जान्दछु, कि तिमीमा पूर्ण समर्पणता छ" ।

## थुमा उपलब्ध गराइएको

उनले त्यस झाडीको पछाडि केही आवाज सुने, अब्राहामले त्यस चिजलाई फर्केर हेर्दा त्यस झाडीको पोथ्रामा एउटा थुमा अल्झिरहेको देखें । यो उनलाई यस्तो ज्योतिमा आयो । अब उनले उनको पुत्रको सट्टामा परमप्रभुलाई थुमा प्रदान गरे । अब थुमा त्यसको सट्टामा मर्नेछ । त्यो मर्नेछ, ताकि इसहाक बाँच्नेछ । परमेश्वरले त्यो अन्तिम घडिमा बलिदान गर्ने थुमा उपलब्ध गराउनुभयो । त्यसैले मोरियाहले त्यो दिनमा नयाँ नाउँ पायो, त्यो हो, "यहोवा-यिरे" जुन परमप्रभुले उपलब्ध गराउनुभयो । यो त्यहाँ थियो, कि परमेश्वरले उपयुक्त हुने बलि प्रदान गर्नु भयो ।

अब्राहामले इसहाकलाई बाँधेको डोरीलाई तुरुन्तै फुकाए, र उनले उनलाई अगाडि कहिल्यै नगरेको अंकमाल गरे । उनको आँखाबाट निरन्तर रूपमा आँसु बगेको हुनुपर्छ, त्यो खुशीको आँसु, त्यो छुटकाराको आँसु ।

उनको विचारसँग स्वर्गदूत निरन्तर रहन सकेनन् । किनकि ती पुर्खाले उनको एकमात्र छोरालाई परमप्रभुबाट हटाएका थिएनन्, तब ती स्वर्गदूतले यो कुराको प्रतिज्ञा गरे, कि अब्राहामका सन्तानलाई आकाशका तारासरि र समुद्रका बालुवा बरावर वृद्धि गर्ने र आशिष् दिने कुरा बताए । तिनीहरूले उनीहरूका शत्रुमाथि पनि विजय प्राप्त गर्न सक्थे । किनकि अब्राहामले यस कुरामा विश्वास

गरे, र पृथ्वीका सबै जातिहरू उनको बीउद्वारा नै आशिषित भए ।

तब अब्राहाम जवान व्यक्ति इसहाकसँगै दक्षिणतर्फ फर्किए, जसले गधामा चढेर पर्खिरहेका थिए, र सानो समूह बेर्शेबामा फर्कियो । त्यो यात्रामा तिनीहरूको बीचमा कस्तो खालको कुराकानी भएको हुनुपर्थ्यो । परमप्रभुले प्रदान गर्नुभएको कस्तो आश्चर्यको कुरा, र कस्तो भयानक परिस्थिति, जहाँ पोथ्रामा अड्किएको थुमालाई त्यो निश्चित स्थानमा र निश्चित समयमा समातियो । निश्चित रूपमा यो मौकाभन्दा पनि बढी नै कुरा थियो ।

परमेश्वरले उहाँको प्रतिज्ञालाई पूरा गर्नुभयो । इसहाकलाई स्वतन्त्र तुल्याइयो ।

धेरै शताब्दी पछाडि अर्का पिता त्यस पर्वतमा उनका पुत्रसहित उक्लिएका थिए । यो समयमा मात्र उनले उनलाई स्वतन्त्र तुल्याउँदैनथे । यो समयमा पुत्र मर्नुपर्ने थियो । उहाँ हाम्रा पापहरू लिएर मर्नुपर्थ्यो, र उहाँ आफै बलिदान हुनुपर्थ्यो ।

*यहोवाले उहाँको लौरोलाई माथि उठाउनुभयो,*
*ए ख्रीष्ट, यो तपाईंकोमा खसेको छ !*
*तपाईंको परमेश्वरले तपाईंलाई बल प्रदान गरेर तपाई उचालिनुपर्छ,*
*त्यहाँ एकजनाले पनि मलाई हिर्काएको छैन,*
*तपाईंको रगतको त्यो तहमा त्यो लौरो बहेको छ,*
*तपाईंको त्यो कार्यले मलाई चंगाइ गर्छ,*

*प्रभु येशू तपाईं मेरोलागि मर्नुभएको छ,*
*र म पनि तपाईंको लागि मरेको छु,*
*तपाईं बौरी उठ्नुभएको छ, र मेरा हातहरू सबै एकत्रित भएका छन्,*
*र अब तपाईं ममा बास गर्नुहुन्छ,*
*पिताको मुहार कृपाले चम्केको हुन्छ,*
*अब ममा त्यो प्रकाश चम्कन्छ ।*

*- एनी रोस कुसिन*

कहिलेकाहीँ पूर्ण समर्पणता भनेको हाम्रो हृदयको सबभन्दा मुल्यवान बस्तु परमेश्वरलाई दिनु हो ।

◈◈◈

# १० होमबलि

पुरानो करारमा दुईवटा उत्सव वा रितिरिवाजहरू छन्, र तिनीहरूले समर्पणतालाई देखाउने पाठ प्रस्तुत गर्दछन् । एउटाचाहिँ होमबलि हो, र अर्कोचाहिँ हिब्रू दासहरूले गरेको प्रतिज्ञा हो ।

पहिला हामीले देख्दछौं, कि विश्वासयोग्य हिब्रूहरूले परमेश्वर बास गर्ने स्थानमा आएर परमप्रभुको निम्ति होमबलि चढाउने कार्य गर्दछन् । जसरी उनले बाछोलाई तानेर अगाडि बढाउँदछन्, र उनी आफ्नो लागि परमेश्वर अति असल हुनुभएको कुरामा ध्यान गर्दछन् । यहोवाको गहिरो प्रेम, उहाँको कृपा र अनुग्रहको कृतज्ञताले उनलाई भर्ने गर्दछ । आनन्दकासाथ उहाँले आफैलाई पूर्ण समर्पणता देखाएर होमबलिको बलिदानको रूपमा आफैलाई अगाडि बढाउँदछन् । उनले यो कुराको सम्झना गर्दछन्, कि उनले चढाएको जनावर शुद्ध हुनुपर्छ, त्यो हो, कि यसले उग्राउनु पर्छ, र यसको राम्ररी मिलेको खुर हुनुपर्छ, र यो खोटरहित पनि हुनुपर्छ । उनले अब उनको आफ्नै स्वतन्त्र चाहनाले प्रदान गर्ने गर्दैनन् ।

पर्दा लगाइएको प्रवेशद्वार भएर जाँदा उनी तुरुन्तै बलिदान चढाउने वेदीमा आइपुग्छन् । उनले त्यहाँबाट निस्किरहेको तातोपनलाई अनुभव गर्न सक्छन् । उनले बायाँ हातले डोरी समाइरहेका हुन्छन्, अनि उनले उनको दाँया हातलाई त्यस जनावरको टाउकोमा राख्दछन् । यस धार्मिक परम्पराको पूर्ण अर्थ हुन्छ । उनले यसो भनिरहेका हुन्छन्, “यो बाछो यो ठाउँमा छ, र मैले आफैलाई यससँग पहिचान गराउँदैछु । साङ्केतिक रूपमा भन्नुपर्दा, यसलाई जे हुन्छ, मलाई पनि सोही कुरा हुने गर्दछ” ।

यस बिन्दुमा आएर उनले सायद त्यस बाछोको गोडाको अगाडि र पछाडिको भाग दुवैलाई बाँध्दछन्, तब यसको छेवैमा राखेर घुमाउँदछन् । उनले राम्ररी तिखारिएको छुरी लिन्छन्, र यो बाछोको घाटी वरिपरि निपूर्ण तरिकाले प्रहार गर्छन । ती पूजाहारीले रगतलाई एउटा भाँडोमा थाप्दछन्, र बेदीको माथिबाट

वरिपरि छर्कन्छन् । केही मरेका वस्तुहरू र शिकारहरू पनि हलचल नभइकनै बस्दछन् ।

ती बलि चढाउने व्यक्तिले जनावरको छालालाई निकाल्दछन् र टुक्रा-टुक्रा पारेर काट्छन् । त्यसपछि पूजाहारीले ती टुक्राहरूलाई वेदीमा चढाउँदछन् ।

## एउटा पूर्ण बलिदान

अब यहाँ होमबलिको अनौठो विशेषता देखा पर्दछ । त्यो टुक्रा-टुक्रा पारिएको भागलाई वेदीमा जलाइनुपर्छ, जबसम्म त्यो सम्पूर्ण भाग (छालाबाहेक) आगोले जलेको हुँदैन ।

यस्तो खालको बलिदान प्रभु येशू ख्रीष्टकै किसिमको हुन्छ, जसले परमेश्वरको चाहनामा उहाँलाई पूर्ण रूपमा सुम्पनुभयो । उहाँ कलवरीको क्रूसमा परमेश्वरको न्यायको आगोमा पूर्ण रूपमा ध्वस्त हुनुभयो, र उहाँको बलिदानबाट आएको सुगन्ध पितालाई मनपर्ने सुगन्धको रूपमा खडा हुनुभयो (एफिसी ५:२)। तर ती पुरानो करारमा बलिदान गर्ने र आजका विश्वासीहरूमा यसले हाम्रो शरीरलाई जिउँदो बलिदान, पवित्र र परमेश्वरलाई मनपर्ने रूपमा चढाउनुपर्ने हुन्छ, जुनचाहिँ हाम्रो सान्दर्भिक सेवा हुन्छ ।

*हाम्रा हातहरू, गोडा र हृदय, ती सबै,*
*मेरो निम्ति कलवरीको क्रूसमा किल्ला ठोकिएको थियो,*
*अब यहाँ र त्यहाँ मैले उहाँको लागि ल्याउनेछु,*
*मेरा हातहरू, गोडा र हृदय, एउटा बलिको रूपमा चढाउँदछु ।*

*- सिसल जे ऐलेन*

होम बलिको एउटा महत्वपूर्ण विशेषता यो हो, कि यो राम्रो बचाउने खालको बलि हो । "ती जम्मै पूजाहारीले वेदीमा चढाएर जलाऊन । यो परमप्रभुलाई मन पर्ने मीठो बास्ना आगोद्वारा चढाइएको बलि वा होमबलि हो" (लेवी १:१३ख) । जब हिब्रूहरूले यसलाई परमप्रभुमा चढाए, उनले यस्तो विचार गरेको हुनुपर्थ्यो, कि यो कुनै चिजको विशिष्ट प्रकारले गर्ने नियमित कार्य मात्र थियो ।

तर यसको वास्तविकता यो हो, कि खुशी पार्ने अवस्था परमप्रभुको उपस्थितिमा नै हुन पुग्यो ।

यसैले यो आजका विश्वासीहरूमा हुने गर्दछ । जब आजका विश्वासीहरूले परमप्रभुमा आ-आफ्ना शरीरलाई उहाँमा जीवित बलिदान गर्ने होमबलि पत्ता

लगाउँदछन्, तब उहाँले तिनीहरूबाट ठूलो आनन्द लिनुहुन्छ । त्यो सिंहासनको स्थान मीठो सुगन्धित अवस्थाले भरिन्छ। यस खण्डको होमबलिको पाठ "तिमीसँग भएका सबै चिज परमप्रभुलाई प्रदान गर्नु" भन्ने हो ।

*सबैथोक येशूको निम्ति, सबैथोक येशूको निम्ति !*
*मेरा सबै व्यक्तित्वहरूले शक्ति प्राप्त गर्दछन्,*
*मेरा सबै विचारहरू, शब्दहरू, र कार्यहरू,*
*मेरा सबै दिनहरू र मेरा सबै घडीहरू,*
*मेरा हत्केलाहरूले उहाँका सबै कार्यहरू गर्न सकूँन्,*
*मेरा गोडाहरू उहाँको तरिकाले कुँदन सकूँन्,*
*मेरा आँखाहरूले येशूलाई मात्र हेर्न सकून्,*
*मेरो ओंठहरूले उहाँको मात्र प्रशंसा गर्न सकून् ।*
*- मेरि जेम्स*

◈◈◈

# ११ जीवनको लागि कानमा चिन्ह लगाएका व्यक्ति

केजो कोही पनि आश्चर्यचकित बन्न सक्थ्यो, कि बाइबलको समयमा इस्राएलमा दास प्रथा कायम थियो ? निश्चय नै थियो । कहिलेकाही ऋणमा चुर्लुम्म डुबेका इस्राएलीहरूले त्यो ऋणको पहाडबाट आफैलाई प्रकट गर्न सक्थे । बाइबलले यो कुरालाई बताउँदछ, कि दासप्रथा इतिहासमा भएको वास्तविकता थियो, र यसले सामाजिक प्रथा भनेर प्रमाणित गर्न सकेन ।

परमप्रभुले दासहरूको अधिकारलाई सुरक्षा गर्न व्यवस्थालाई खिच्नुभयो, र तिनीहरूलाई निर्दयी र गलत खालको व्यवहारबाट बचाउनुभयो । एउटा निश्चित व्यवस्था लागु गरियो, कि उनीहरूको सेवाको हरेक सात वर्षमा ती हिब्रू दासहरूलाई स्वतन्त्र गरिन्थ्यो । ती मालिकले उनका दासहरूलाई स्वतन्त्र तुल्याउने सम्बन्धमा मासु, दाखमद्य, लत्ताकपडा, र जीवनका अन्य आवश्यक कुरा दिन्थे, जब उनीहरूलाई छुटकारा दिइन्थ्यो । तरैपनि, कहिलेकाहीँ त्यो बन्धनमा परेको दासले यो कुराको महसुस गर्दथ्यो, कि उसले त्यस्तो खालको कार्य गर्नलाई राम्रो मान्थ्यो, अनि उसको मालिक आफ्नै प्रकारले बाहिर जाँदा ऊप्रति दयावान देखिन्थ्यो । यसैले उसले उसको स्वतन्त्रतालाई स्वीकार गर्न सक्दैनथे । उसले उसको स्वतन्त्रतालाई उसको मालिकले गरेको सामान्य विधिद्वारा प्रकट गरिन्थ्यो । उसको मालिकले उसलाई उनको ढोकामा लिएर जान्थे, र त्यस ढोकामा कानको लोती राखिदिन्थे, र एउटा सानो प्वाल पार्ने हतियारले घोचिदिन्थे । त्यो दासले यसो भन्थ्यो, "मैले मेरो मालिकलाई प्रेम गर्छु, म तपाईंलाई छोडेर कतैपनि जाँदिन," र तब ऊ जीवनभरिकै निम्ति कानमा चिन्ह लगाइएको दास बन्दथ्यो (प्रस्थान २१:२-६; व्यवस्था १५:११-१८) ।

कतिले प्रभु येशूलाई भजनसंग्रह ४०:६ मा सान्दर्भिक रूपमा देख्दथे, जसरी उहाँले स्थायी सेवाको निम्ति आफैलाई समर्पित गर्नुहुन्थ्यो । यहाँ “तपाईंले मेरा कानहरू खोल्नुभयो” भन्नेको शाब्दिक अर्थ “तपाईंले मेरा कानहरूलाई खोतल्नुभयो” भन्ने हुन्छ । यस कार्यले गर्दा उनी सधैँको निम्ति अनुबन्धक बन्दछन् ।

## सधैँको निम्ति दास बन्ने

यसको लागु गर्ने कार्य स्पष्ट छ । हामी एकचोटी पापको दास र शैतान, छल, बोझ र दबावको पासोमा  थियौं । दुष्टता सबै मालिकभन्दा पनि खराब थियो । तब उसले येशूलाई भेट्यो । उहाँले उसलाई पापबाट र दुष्टताको अधिनबाट बचाउनुभएको छ । उहाँ हाम्रो लागि कल्पना वा गणनाभन्दा पनि बाहिरको हुनुहुन्छ ।

हामी स्वतन्त्र रूपमा बाहिर जान सक्छौं, आफ्नै लागि, आफ्नै रमाइलोको लागि, र धेरै चिजविजको लागि जीउन सक्छौं, वा हामी उहाँले चाहना गर्ने दास बन्ने कुरालाई छान्न सक्छौं । हामीले भन्न सक्छौं, “हामीले हाम्रो मालिकलाई प्रेम गर्न सक्छौं, म बाहिर स्वतन्त्र भएर जान सक्दिन” । मैले आफैलाई उहाँको सधैँभरिको दास हुनको लागि प्रस्तुत गर्न सक्छु । हार्डली मुलको शब्दमा, हामीले यस्तो गीत गाउन सक्छौं:

*मेरा मालिकले मलाई तपाईंको ढोकातर्फ अगुवाइ गर्दछन्,*
*यो इच्छुक भएको कानलाई फेरी एकचोटी घोच्ने गरिन्छ,*
*तपाईंका बन्धनहरू स्वतन्त्रतामा छन्, मलाई रहन दिनुहोस्,*
*त्यो तपाईंको पासोमा रहन र आज्ञाकारी हुन्*

*हो, कान, हात, विचार र भावनाहरू,*
*तपाईंको प्यारो दासत्वमा यी सबैलाई प्रयोग गर्नुहोस् !*
*आफै चिन्ता गर्ने स्वतन्त्रतालाई म निकाल्दछु,*
*तपाईंको खुट्टाको पाइतलादेखि;*
*तपाईंले तिनीहरूलाई गतिलो रूपमा राख्नुहुन्छ ।*

*तिनीहरूलाई अझ तल राख्नुहोस्, र तब मैले जान्न सक्छु,*
*यी हातहरूले तपाईंका वरदानहरू भरिएर पोखिनेछन्,*

*र यी घोचिएका कानहरूले त्यो चाहिँलाई सुन्नेछन्,*
*जसले तिनीहरूले तपाईं र म एक हौं भन्नेछन् ।*

फ्रान्सिस रिड्ली ह्याभर्गलले हिब्रू दासको समर्पणतालाई यसरी लेखेका छन्:

*म प्रेम गर्छु, म मेरो मालिकलाई प्रेम गर्छु,*
*म स्वतन्त्ररूपमा बाहिर जानेछैन,*
*किनकि उहाँ मेरो छुटकारा गर्नेवाला हुनुहुन्छ,*
*र उहाँले मेरो निम्ति मुल्य तिरिदिनुभयो,*
*उहाँको सेवाको निम्ति मैले त्यागनेछैन,*
*र यो यति धेरै प्रेमिलो र उत्तम खालको हुन्छ,*
*र त्यो धेरै चिन्ता भएको क्षणमा, उहाँले साँचो आराम दिनुहुन्छ,*
*किनकि उहाँले मैले गरेको सुनौलो आवाजको चाहनामा भेट्नुभएको छ,*
*किनकि मैले सधैँ उहाँको निम्ति मात्र सेवा गर्नेछु ।*

पुरानो करारमा भाडामा लिएका र आफैले राखेका दासहरू हुन्थे । ती भाडामा लिएका दासहरूले ज्यालाको लागि कार्य गर्दथे । पैसा पाउनु उनीहरूको उत्प्रेरणा थियो । ती राखिएका दासहरू तिनीहरूको मालिकको लागि सम्बन्धित हुन्थे । कमसेकम तिनीहरूमध्ये कति जनाले तिनीहरूको मालिकलाई प्रेम गरे, र प्रेम तिनीहरूको आचरण थियो । ती पालिएका एक जना दास भाडामा लिएका भन्दा दोब्बर मुल्यका हुन्थे । जब उनी ६ वर्षको अन्तमा छुट्दथे, तब उनका मालिकले यसो भनेर निर्देशन दिन्थे: “तिम्रो लागि यो त्यति कठिन कुरा भएको देखिदैन, जब उसलाई स्वतन्त्र रूपमा तपाईंबाट बाहिर पठाउने गरिन्छ, किनकि ऊ भाडामा लिएको दासभन्दा दोहोरो मुल्यको बन्दछ, र उसले ६ वर्षसम्म मालिकको सेवा गरेको हुन्छ” (व्यवस्था १५:१८) । यो आजपनि उस्तै नै हुन्छ । तिनीहरू जसले परमप्रभुलाई हृदयदेखि नै सेवा गर्छन् भने, तिनीहरू पनि दोहोरो मुल्यका गनिन्छन्, र तिनीहरू जसले, “भक्तिचाहिँ फाइदा उठाउने उपाय हो भनी ठान्छन्” (१ तिमोथी ६:५) ।

◈◈◈

# १२ रूथ र एस्तर

ख्रीष्टियन इतिहासको परापूर्वकालदेखि नै महिलाहरूको कमी भएको दैखिदैन, जसको समर्पणताले गर्दा परमेश्वरको निम्ति इतिहास रचेका छन् । त्यतिबेलाको संस्कारले महिलाहरूलाई कम मुल्यको ठान्दथ्यो, तर तिनीहरूमध्ये धेरै जसोले साँचो समर्पणता के हो भनेर, यस संसारभन्दा माथि उठेर देखाउने गर्दथे । तिनीहरूमध्ये दुई जनालाई विशेष सम्मान प्रदान गरियो, जुनचाहिँ पुरानो करारका पुस्तकहरू उनीहरूको नाउँमा लेखिएको थियो:

## रूथ

रूथचाहिँ समर्पितहरूको बीचमा चम्किलो तारा थिइन । साँचो रूपमा उनी उनको सासू नाओमीप्रति समर्पित थिइन, तर त्यो भन्दा पनि बढी उनले आफ्नो जीवनलाई नाओमीका परमेश्वरप्रति समर्पित गरेकी थिइन ।

स्वभाविक रूपमा भन्नुपर्दा, उनी नामबिना कि थिइन । उनी कुनै पनि परिवार नभएको घरानाबाट आइन, र उनी मोआबीहरूको परिवारकी थिइन, यो एउटा जाति थियो, जसलाई परमेश्वरले श्राप दिनुभयो, र उनका आफ्नै मानिसहरूले वेवास्ता गरे । उनी एकजना स्त्री थिइन, र उनको संस्कारमा तल्लो जातमा गणना गरिएकी थिइन । उनकी सासु एकजना यहूदी, विदेशी थिइन, र रूथको घरानाकी भन्दा अन्य जाति थिइन ।

त्यो क्षण आइपुग्यो, जहाँ लेखकले हरेक घराना र जातिबाट आउँदछन् भनेका छन्, र त्यो क्षण नै निर्णय गर्नुपर्ने हुन्छ । रूथको विषयमा यस्तो प्रश्न आउथ्यो, कि "के उनी नाओमीसँगै बेथलेहेम यहूदामा जान्थिन, वा उनका आफ्नै मानिसहरू मोआवीसँगै बस्थिन ?" उनकी सासुले उनलाई सजिलो बनाउने प्रकारले यस्तो सुझाव दिन्थिन, कि उनी घरमा नै बस्ने बताइन । त्यही नै कुरा उनको जेठानीले पनि गर्न गइरहेकी थिइन ।

## नम्र समर्पणता

रूथको निर्णय समर्पणताको एउटा नमुना थियो:

रूथले जवाफ दिइन, "मलाई फर्केर जान, र तपाईंलाई छोड्न कर नगर्नुहोस् । तपाईं जहाँ जानुहुन्छ, म पनि त्यही जानेछु, तपाईं जहाँ बस्नुहुन्छ, म पनि त्यहाँ नै बस्नेछु । तपाईंका मानिसहरू मेरा मानिस हुनेछन्, अनि तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन् । तपाईं जहाँ मर्नुहुन्छ, म पनि त्यही मर्नेछु, त्यही नै गाडिनेछु । मृत्युबाहेक अन्य कुनै कुराले तपाईं र मलाई अलग गरेमा परमप्रभुले मलाई अलग गरुन्" (रूथ १:१६-१७) ।

उनको निर्णय एकदमै सहानुभूति देखाउने खालको थियो । "मलाई फर्केर जान, र तपाईंलाई छोड्न कर नगर्नुहोस् । मैले तपाईंलाई पछ्याउने निर्णय गरेकी छु । त्यहाँ फर्कने भन्ने कुरा नै आउँदैन" ।

उनको पूर्ण समर्पणताको न्याय गर्दाखेरि उनले छानेका निम्न कुराहरूलाई हामीले देख्न सक्छौं:

*पछ्याउनुपर्ने एकजना नयाँ व्यक्ति:* "तपाईं जहाँ बस्नुहुन्छ, त्यहाँ म पनि बस्नेछु" रूथले नाओमीलाई भनेको केही कुराले उनलाई निश्चयता दियो । इस्राएली यी आमालाई पछ्याउनु मुल्यवान कुरा थियो ।

*बस्नुपर्ने नयाँ स्थान:* तपाईं जहाँ बस्नुहुन्छ, त्यहाँ म पनि बस्नेछु" उनको राष्ट्रवादी आत्मालाई दवाउँदाखेरि उनको मोआवप्रतिको प्रेम थियो र उनले उनको परिवारसँग, साथीभाइसँग र आफ्नो वातावरणलाई पनि छुटाउने कुराको चाहना गरिन् ।

*एउटा नयाँ परिवार:* "तपाईंका मानिसहरू मेरा मानिस हुनेछन्" उनी यहूदी विश्वासलाई परिवर्तन गर्ने भइन, अनि अब्राहामकी छोरी बनिन् । उनले परमेश्वरका मानिसहरूसँग आफ्नो भाग्यलाई निकालिन, संसार जेसुकै भए तापनि यस धर्तीको सर्बोच्चतामा कार्य गरिन् ।

*एउटा नयाँ धर्म:* "तपाईंका परमेश्वर मेरा परमेश्वर हुनेछन्" भन्ने शब्दमा रूथले उनको पूजाआजा गर्ने ईश्वरहरू, परम्परा र मोआवका धार्मिक स्थललाई त्यागिन, र अब्राहाम, इसहाक, र याकूबका परमेश्वरलाई अंगालिन् ।

*मर्नुपर्ने एउटा नयाँ स्थान:* जब उनले भनिन्, "जहाँ तपाईं मर्नुहुन्छ, त्यही म

पनि मर्नेछु" उनले उनको चाहनालाई जीवनभरिको समर्पणताको लागि बनाउने संकेत दिएकी थिइन । उनले नाओमीलाई उनको मृत्युको साथसाथै उनको जीवनमा पनि पहिचान गर्ने चाहना राखिन् ।

*एउटा नयाँ गाडिनुपर्ने स्थान:* "तपाईं जहाँ गाडिनुहुन्छ, त्यहाँ म पनि गाडिनेछु" । परम्परा गत रूपमा मानिसहरू जहाँ तिनीहरूका पूर्खा गाडिन्छन्, त्यही नै गाडिने चाहना राख्दथे । याकूब र योसेफ दुवैजनाले तिनीहरूका शरीरलाई मिश्रबाट ल्याउने चाहना गरे, र प्रतिज्ञा गरिएको देशमा गाडे । यो अति नै स्वभाविक थियो । अझ सोलोमनले तिनीहरूको जीवनको अन्तमा हुने कुराको फरकपनलाई देखाए, तर रूथले त्यस्तो हुने कुराको निर्णय गर्न सकिनन् ।

एकजना अनौठो जवान विद्यवा भएर, उनीले आफैलाई इस्राएलको परमेश्वरलाई संरक्षित नगरिकनै समर्पित गरिन । जसको परिणामस्वरुप, उनले एउटा विशिष्ट चरित्र भएको मानिसलाई भेटेर विवाह गरिन, जो मसिहको पूर्खा पनि बने, र जसै हामीले भन्यौं, कि उनको नाउँमा नै बाइबलको पुस्तकको नाउँ पनि राखियो ।

तरैपनि, मुक्तिदातामा पूर्ण रूपमा समर्पित गर्ने दिन अझसम्म पनि थाहा छैन्, र जुन कुरा उहाँमा हुन्छ, त्यही कुरा उहाँमा पनि राखिएको हुन्छ ।

## एस्तर

ती अर्की महिला जसले आफ्नो नाउँ बाइबलमा छापिइन, उनी एस्तर हुन् । यदि उनले पूर्ण समर्पणताको विषयलाई सामना गरेकी भए, वा व्यर्थको बकबक गरेकी भए, सायद हामीले उनको नाउँ कहिल्यै पनि सुन्ने थिएनौ ।

यो अचम्म लाग्ने विश्वासको परिवर्तनको अवस्था थियो, जसलाई पर्सियन राजाले उनको रानी बनाउनको लागि छान्ने काम गरे । यो सार्वजनिक विचार र उनको सुन्दरताले गर्दा उनलाई यस्तो बनायो । बुद्धिमानी विचारकहरूले यो उनको परमेश्वरले गर्दा भएको भन्ने कुरा थाहा थियो । त्यो समय एकदमै सिद्ध थियो । उनी शक्तिमा थिइन, जब उनका काका मोर्दकैले राजाको जीवनको विरुद्धमा गरिएको षड्यन्त्र पत्ता लगाए । उनी शक्तिमा थिइन, जब हामानले मोर्दकैलाई झुण्ड्याउने कार्यमा झण्डै सफलता पाए, र जब त्यही दुष्ट सेमिटीहरूको विरुद्धमा लागेर त्यस राज्यमा भएका यहूदीहरूलाई सखाप पार्ने उर्दी जारी गरे ।

अब जोड दिनुपर्ने कुरा एस्तरमा आउँदछ । अब के उनी राजाकोमा जान्थिन्,

र उनका मानिसहरूको जीवनको लागि र उनको आफ्नै लागि पनि अनुरोध गर्छिन् ? त्यहाँ दुईवटा समस्याहरू थिए, नभनिकनै राजाको पहुँचमा पुग्ने, र जब उनको सुनको राजदण्डले निश्चित रूपमा मृत्यु ल्याउने कुरा निश्चित थियो । यसमा उहाँको कृपालाई देखाएर जीउने तरिकामा त्यो निश्चित समय थियो, कि त्यो वास्तविकताले बिगार्ने काम गऱ्यो, कि राजा र एस्तर बीचमा एक महिना लामो पनि वैवाहिक सम्बन्ध भएको थिएन ।

उनको समस्यालाई वल प्रदान गर्न मोर्दकैले उनलाई एउटा सन्देश पठाए, कि यदि उनले त्यस्तो कार्य गर्न चाहिनन् भने, कुनै अन्य यहूदीभन्दा बढी उनी हुन सक्दिन थिइन् । उनी यो कुरामा निश्चित थिए, कि परमेश्वरले यहूदीहरूलाई स्थापित गर्न सक्नुहुन्थ्यो तर उनीले तिनीहरूलाई छुटकारा दिने व्यक्तिबाट प्राप्त गरिने आशिष्लाई गुमाउन सक्थिन् । तब उनले उनको अनुरोधलाई यी शब्दहरूमा व्यक्त गरे, "…कसले जान्दछ, तपाईंले जुनसुकै समयमा परमेश्वरको राज्यमा यस्तो कार्य गर्नको निम्ति पठाइनु भएको छ" ।

ती सबै कुराको निम्ति एस्तरलाई खाँचो थियो । उनले त्यस सहरमा भएका यहूदीहरूलाई तीन दिनसम्म उपवास बस्न अनुरोध गरिन । तब उनले यसो भनेर राजाकोमा जाने प्रतिज्ञा गरिन्, "यदि म नास भए भने पनि नास हुनेछु" । उनले आफ्नो जीवनलाई सोही तहमा राखिन् ।

त्यो नै समर्पणता हो । यदि उनले त्यो निर्णय नगरेकी भए, हामीले उनको बारेमा अहिले नै त्यस्तो कुरा पढीरहेका हुने थिएनौं, र यसको मुल्य पनि चुकाउनुपर्ने हुन्थ्यो । राजाले उनीतर्फ कृपा देखाए । उनले हामानलाई प्रस्तुत गर्न सकिन्, जसले उनका मानिसहरूको विरुद्धमा योजना बनाएका थिए । एउटा नयाँ परिवर्तन नहुने आदेश लेखिएको थियो, र यहूदीहरू आफैले सुरक्षा प्रदान गर्नुपर्ने थियो । ती शत्रुहरूको नराम्रोसँग परास्त भयो, र मार्दकैलाई राजाको वरिपरि कार्य गर्नको लागि बढुवा गरियो ।

आगोको सबैभन्दा ठूलो जाँचको बीचमा हुँदा पनि समर्पणताले कार्य गर्दछ ।

◈◈◈

# १३ त्यहाँ अन्य धेरै व्यक्तिहरू थिए

## कालेब

तपाईंले पुरानो करारमा अझ बढी समर्पणता देखाएका नमुनाका मानिसहरूको बारेमा शंका नगरिकनै सोच्न सक्नुहुन्छ । कालेब निश्चित रूपमा त्यहाँ बताइएका सम्मानित व्यक्तिको रूपमा आउँदछन् । जब उनी ८५ वर्षका भए, उनी विगतमा गरिएका दुरुपयोगबाट अझ पनि सन्तुष्टी हुन सकेनन्, तर परमप्रभुको निम्ति नयाँ विजयहरू प्राप्त गर्ने चाहना राखे । त्यसैले उनले अनाकिमलाई हेब्रोनबाट सदाको लागि हटाउन यहोशूलाई अनुरोध गरे । “मलाई यो पहाड दिनुहोस्,” भन्ने जस्ता उल्लेखनीय शब्दहरू ८५ वर्षको बूढो सिपाहीको मुखबाट निस्क्यो, जो यस पृथ्वीबाट विस्तारै अलाप हुने अवस्थामा पुगेका थिए । उनको समर्पणतालाई यी शब्दहरूमा संझना गरियो: “उनले इस्राएलका परमप्रभु परमेश्वरलाई पूर्ण रूपमा पछ्याए” कस्तो खालको कृतज्ञता !

## जोनाथन

जोनाथन पनि इस्राएलको इतिहासको देखिने उत्तराधिकारी बने । जब उनको बुबा शाऊल को मृत्यु भयो, उनलाई पनि राजाको रूपमा शिरपेच पहिराउनु पर्थ्यो । तर जोनाथनले दाऊदलाई प्रेम गरे, र उनलाई यस्तो कुराको आत्मिक ज्ञान भयो, कि परमेश्वरले दाऊदलाई नै राजा बनाउने संकेत गर्नुभयो । यसको प्रेमस्वरुप उनले उनको आफ्नो सिंहासनको अधिकारलाई पनि त्यागे, र उनले आफ्नो भूमिका दाऊदलाई दिए । पछिबाट जब तिनीहरू अन्तिम समयको लागि सँगै भेटे, जोनाथनले दाऊदलाई होच्याउने शब्दहरू प्रयोग नगरिकनै भने, “तपाईं इस्राएलको राजा बन्नुहुनेछ” ।

जोनाथनको चरित्रको बारेमा मेरिल अन्गरले यस्तो लेख्छिन्:

> उनको धेरै विशिष्ट चरित्रमा उनको उत्साहीपन थियो, र उनको मित्रको निस्वार्थी भक्तिपन पनि थियो, जसले उनलाई उनको सिंहासनको आशालाई पनि त्याग्ने बनायो, अझ उनलाई मृत्यु शैय्यामा पनि पुऱ्यायो, किनकि त्यसमा उनले प्रेम गरेको कारणले त्यस्तो हुन पुग्यो । यसो हुँदाहुँदै पनि उनले आफ्नो बाबुप्रति देखाएको प्रेमले पछिबाट गएर रोक्ने काम भयो, उनले राजाको अधिकारलाई प्राप्त गरेर उनले आफ्नो भाग्यमा पनि बुबासँग पछि हटे, र मृत्युसम्मै पनि उनीहरू विभाजित हुन सकेनन्" ।

वास्तविकता यो हो, कि जोनाथ दाऊद परदेश गएको बेलामा पनि उनीसँगै सहमत हुन सकेनन्, र उनको असामान्य, अनौठो हदयपन, अविभाजित निष्ठा, र निस्वार्थी समर्पणताले पनि अनुमति दिन सक्दैनथ्यो ।

## दाऊदको विश्वासयोग्य पछ्याउनेहरू

जब दाऊद राजा भए, उनीसँग केही त्यस्ता मानिसहरू थिए, जो शक्तिशाली रूपमा उनीसँग समर्पित थिए । तिनीहरूमध्ये एकजना कप्तानका मुख्य व्यक्ति थिए, जो उनी सिक्लग भन्ने स्थानमा आए । वास्तवमा हामीलाई उनको बारेमा त्यति धेरै कुरा थाहा छैन, तर उनको बारेमा एउटा पदमा मात्र बताइएको छ (१ इतिहास १२:१८) । तर उनले राजासँग समर्पणताको बारेमा बारम्बार अनुरोध गरेकोले सम्झनयोग्य छन्;

> ए दाऊद, हामी तपाईंका हौं, र हामी तपाईंको पक्षमा छौं, ए यिशैका पुत्र ! तपाईंलाई शान्ति भएको होस्, तपाईंका सहयोगीलाई पनि शान्ति भएको होस् ! किनकि तपाईंका परमेश्वरले तपाईंलाई सहायता गरुन् !

इत्तै अर्को सिपाही थिए, जसलाई राजाकोमा बेचिएको थियो । उनी अन्यजाति थिए, र तपाईंले सामान्य रूपमा अन्यजाति यहूदी राजाप्रति बफादार भएको कुरालाई सोच्न सक्नुहुन्न । तर जब दाऊद अब्सालोमको चेतावनीको परिणामस्वरुप यरुशलेमबाट भागे, र राजाले इट्टीलाई बिदेश जानबाट रोक्ने प्रयास गरे । इट्टीको दाऊदप्रति भएको बफादारी उल्लेखनीय थियोः

> जव मेरा परमप्रभु, र मेरा परमेश्वर राजामा बास गर्नुहुन्छ, मेरा परमप्रभु राजा जुनसुकै स्थानमा रहेतापनि, चाहे उहाँ मृत्यु वा

जीवनमा रहे तापनि, त्यहाँ पनि तपाईंको दास हुने नै छु (२ शमूएल १५:२१) ।

तब त्यहाँ तीनजना साहसी सिपाहीहरू थिए, जो अदुलामको गुफामा दाऊदसँगै थिए । त्यो समयमा राजालाई हटाइयो । एकदिन जसै उनले बेतलेहेममा बालकपनको बारेमा विचार गरे, र त्यो कुवामा भएको पानी कति सफा थियो भनेर विचार गरे, उनले यसलाई नाकबाट पिउने बारेमा ठूलो सास फेरे । त्यसबेला यो जस्तो पानी कुनै पनि संसारमा थिएन । जब तीनजना शक्तिशाली मानिसहरूले यसको बारेमा सुने, र यसलाई तिनीहरूले ध्यान प्राप्त गर्नको लागि निरन्तर रूपमा पक्रे र यसो भने, "तपाईंको चाहना हाम्रो आज्ञा हो, महाशय"। बेथलेहेममा पुग्नको लागि तिनीहरूले शत्रुको रेखालाई पार गरेर जानुपर्ने हुन्थ्यो, तर तिनीहरू आफ्नै फरकपनको निम्ति सुरक्षा प्राप्त गर्दथे । तिनीहरूले खुशीसाथ आफैलाई हानी पुऱ्याउने प्रकारले राखे । ती सबैमा मुल्य राख्ने कुरामा तिनीहरूका अगुवालाई खुशी पार्नु थियो । यसमा तिनीहरूको जीवन मुल्यवान हुन्थ्यो, कि तिनीहरूले त्यो एक गिलास पानीमात्र प्राप्त गर्दथे ।

दाऊद यति धेरै खुशी भए कि, जब तिनीहरूले यसलाई पिउनुभन्दा बरु यसलाई तिनीहरूले त्यससँगै फर्काइदिए । यसलाई उनले परमप्रभुमा खन्याइदिए, र यसो भने, "हे, परमप्रभु, मैले यो पानी पिउन नपरोस्, के म यी मानिसहरूको रगत पिऊँ, जसले यसको निम्ति आफ्नो प्राण खतरामा हाले ?" (२ शमूएल २३:१७) ।

यदि दाऊद यी मानिसहरूको समर्पणताद्वारा यसरी हिँडेका भए, "दाऊदको ठूलो छोरा" कति धेरै रूपमा हुनुपर्थ्यो, जब उनले त्यस किसिमको समर्पणतालाई उहाँलाई पछ्याउनेहरूमा प्राप्त गरे । आज प्रभु येशूले युरोप, एसिया, अफ्रिका, उत्तर अमेरिका र दक्षिण अमेरिकाका मानिसहरूका आत्माको निम्ति तृष्णा गर्नुहुन्छ । जब विश्वासयोग्य मिसनरीहरू र तिनीहरूका सहयोगीहरूले हराएकाहरूलाई उहाँमा जित्ने गर्दछन्, तब उहाँले उहाँको आत्माको परिश्रम र यसको संतुष्टीलाई देख्नुहुन्छ ।

## उरियाह

यसमा बताइनुपर्ने अर्को मानिस उरियाह हुनुपर्छ । इट्टी जस्तै उनी पनि अन्यजाति थिए, र दाऊदका सेनाका सिपाही थिए । दाऊदले उरियाहकी पत्नी

बतशेबासँग व्यभिचारको कार्य गरेका थिए । जब उनी गर्भवती भइन, त्यसैले राजा डराए, उनले उरियाहलाई युद्ध भूमिबाट फिर्ता बोलाए, र उनलाई आराम गर्नको लागि अनुमित दिने र स्थापित गर्ने छुट्टी दिइएको कुराको बहाना गरे । उनले यस कुराको निश्चित गरे, कि उरियाहले उनकी पत्नीसँग शारीरिक सम्पर्क गर्नेछन्, र तब उनले छोराको बाबु भएको कुरालाई मानिलिनेछन् । उरियाहले राजाको नक्कली कुराको बारेमा जानकारी प्राप्त गरेनन्, तर उनको विश्वासयोग्यताले दाऊदले गरेको पापको कामलाई ढाकछोप गर्न सहायता पुऱ्याओस् । उरियाहको समर्पणतालाई यसरी ध्यान दिनुहोस्:

> "सन्दुक, साथै इस्राएल र यहूदा पालहरूमा बस्छन्; अनि मेरा मालिक योआब, र मेरा मालिकका दासहरू खुला मैदानमा पाल टाँगेर बसेका छन्; तब के मचाहिँ खानपिन गर्न र मेरी पत्नीसित सुत्न आफ्नो घरमा जाऊँ ? तपाईंको जीवनको कसम र तपाईंको प्राणको कसम ! म यसो गर्नेछैन ।" (२ शमूएल ११:११)

तब राजाले उनको योजनालाई अगाडि बढाएर उनको जीवनको सबभन्दा तल्लो बिन्दुमा आफूलाई रोक्ने चाहना गरे । उनले उरियाहलाई अम्मोनीहरूको लडाईंको विरुद्धमा भएको बाक्लो लडाइँमा राख्नलाई निर्देशन दिए । तब इस्राएलीहरू त्यहाँबाट फर्कनेछन्, र ती निष्ठावान सिपाहीहरूलाई मर्नको लागि त्यही नै छोड्नेछन्, र त्यहाँ त्यस्तो नै भयो । यो एकदमै अन्यायपूर्ण गरिएको सजाय थियो । यो अवस्थामा कमसेकम दाऊद उरियाह जत्तिकै समर्पित नभएको पनि देखिन्छ । हाम्रा परमप्रभुले यस्तो कुरा कहिल्यै पनि भन्न सक्नुहुन्नथ्यो ।

## दानिएल र उनका तीनजना मित्रहरू

हामीले दानिएल र उनका तीनजना मित्रहरूलाई भुल्नु हुँदैन, जो उनीसँगै बेबिलोनमा लगिएको अवस्थामा बसे । उनीहरूको व्यक्तिगत उत्तमताले गर्दा तिनीहरू राजाको ध्यानमा आएका थिए । उनले तिनीहरूलाई गलाउने निर्णय गरे, तब तिनीहरूलाई उनीहरूका नाउँद्वारा, भाषाद्वारा, खानाद्वारा, जीवनशैलीद्वारा र तिनीहरूको संस्कारद्वारा नयाँ बनाउने चाहना गरे । ए, हो र तिनीहरूको धर्म पनि हो । तिनीहरूलाई दिइएको सबै हिब्रू नाउँहरू तिनीहरूका ईश्वरका नाउँहरू थिए: दानिएल - परमप्रभु मेरा न्यायकर्ता, हननिया - यहोवा अनुग्रही हुनुहुन्छ, मिसाएल - परमेश्वरजस्तो को छ र ?, र अजरिया - यहोवा मेरो सहयोगी वा मद्दतकर्ता हुनुहुन्छ । तिनीहरूका नयाँ बेबिलोनी नाउँहरू मूर्तिपूजक ईश्वरका नाउँहरू

रहेका थिए: बेल्साजर - बेल, ती राष्ट्रका देवता, सद्रक - सायद चन्द्रमा देवता वा सहरका देवता, मेसेक - को अर्थ मलाई देवताको अगाडि नम्र तुल्याइएको, र अबिदनेगो - नेबोका सेवक भन्ने हुन्छ।

तिनीहरूसँग गरिएको सम्झौताको पहिलो जाँच खाने र पिउने कुरामा आयो, जसमा तिनीहरू आफैलाई हानी पुऱ्याउने देखियो। तिनीहरूले उनीहरूलाई दिइएको खाना खानुपर्ने भयो (जुन चाहिँ सायद संसारमा भएको भन्दा उत्तम खाना र दाखमद्य पनि थियो)। त्यस कुरामा सहमत हुँदा तिनीहरूले राजाको दरबारको उर्दीलाई बाधा पुऱ्याउन सक्थे। यसमा राजाको आज्ञामा सहमत नभएर अकृतज्ञ भएजस्तो देखिन्थ्यो, र त्यसपछि उनले तिनीहरूको निम्ति गरेका थिए। तिनीहरूले यस कुरालाई तर्कसंगत बनाएको हुनुपर्थ्यो, कि तिनीहरूले आफ्ना हृदयमा यसलाई समर्थन नगरिकनै खाना खान सक्थे। तिनीहरूको दरबारभन्दा बाहिर रहेका सहकर्मी यहूदीहरूले कहिल्यै पनि जान्न सक्दैनथे, र यसको अलावा अन्य सबैले यसलाई गरिरहेका थिए।

तर यो चोखो खाना थिएन, र यो मूर्तिहरूलाई चढाएको हुन सक्थ्यो, र यसलाई खाने गर्दा खानासम्बन्धी नियमलाई उलंघन गरेको हुन्थ्यो, जसलाई परमेश्वरले इस्राएलको निम्ति दिनुभएको थियो। यसैले "दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले आफैलाई यसरी अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे" (दानिएल १:८)। तर त्यस घटनाले खराब कुरा निम्त्याउनु भन्दा अगाडि दानिएलले बुद्धिमानीपूर्वक एउटा विकल्पको सुझाब दिए। यी जवान हिब्रू केटाहरूले १० दिनसम्म सागसब्जीको खाना खानेछन्, र त्यसपछि तिनीहरूलाई के हुन्छ भनेर हेर्नेछन्। ती भण्डारेले त्यस योजनामा सहमती जनाए। १० दिनपछि राजाले तिनीहरूलाई धेरै रहरलाग्दो, बुद्धिमानी र अन्य सबै जना भन्दा बढी बुझ्न सक्ने कुरा पत्ता लगाए। उनलाई यस कुराको पनि जानकारी गराइयो, कि तिनीहरू सबै बेबिलोनका जादूगरहरू र ज्योतिषिहरूभन्दा दश गुणा असल बनेका थिए।

तिनीहरूको सिद्धान्तमा रहिरहँदाखेरि अरूहरूको निम्ति त्रिपक्षिय कुराकानी भएजस्तो देखिन्थ्यो, र तिनीहरूलाई परमेश्वरले सम्मान गर्नुभयो र धेरै नै जाँच गर्नको निम्ति प्रमाणित गरेर तयार पनि पार्नुभयो।

## त्यो आगोको भट्टी

अर्को जाँचपनि नजिकै आइपुगेको थियो। बेबिलोनको राजाले उनको

सपनाको परिणाम स्वरुप उनको आफ्नै महत्वमा बढाइ-चढाइ गरिएको कुराको विकास गरे, यसैले उनले सुनको मुर्तिहरू निर्माण गर्ने उर्दी जारी गरे । यसको वरिपरि सुनले सजाइएको थियो, र यो करिव ९० फिटको अग्लो थियो । यो उनको एकत्रित गरिएको धर्मलाई पक्का गर्ने उपाय हुनुका साथसाथै एउटा एकत्रित सरकार पनि थियो । यस मुर्तिलाई अर्पण गरेको दिनमा हरेक जनालाई आराधना गरेर ढोग्नको लागि भनिएको थियो । जसले यसो गर्नलाई इन्कार गर्छन्, त्यसको सजायँ स्वरुप उनलाई दन्किरहेको आगोको भट्टीमा फालिनु पर्थ्यो ।

दानिएल त्यस समयमा त्यहाँ देखि टाढा नै गएको जस्तो देखिन्थ्यो, तर उनको उदाहरणले उनको तीनजना मित्रहरूलाई चोट पुऱ्याइरहेको जस्तो थिएन । तिनीहरू त्यस कुरामा अटल भई बसे, र कुनै पनि परिस्थितिमा उनीहरूले मूर्तिपूजा नगर्ने भए ।

सायद यो अदालतको निर्णय हुन सक्थ्यो, कि जसले तिनीहरूलाई प्रतिवेदन बुझाए, र ती बन्धनमा राखिएका व्यक्तिहरू जो डाँही बने, तिनीहरूलाई बेबिलोनको साम्राज्यको मामलामा मिलाउनुपर्ने भयो । जब राजाले यो कुरा सुने, तब उनले यस कुरामा विश्वास गर्न सक्दैनथे, कि जो कोहीले पनि उनको आज्ञामा अनाज्ञाकारी बन्न साहस गर्दैनथे । के तिनीहरूले यस्तो विचार गरे, कि तिनीहरूका ईश्वरले उनको शक्तिद्वारा तिनीहरूलाई उद्धार गर्नेछन् ? ती जवान यहूदीहरूले यो कुरा जान्दथे, कि तिनीहरूका परमेश्वरले गर्न सक्थे । यसैले जब राजाले उनीहरूलाई अन्तिम उर्दी पठाए, तिनीहरूले यसो भने:

> "यस्तै हो भने पनि हाम्रा परमेश्वरले, जसको सेवा हामी गर्दछौं, हामीलाई त्यस जलिरहेको आगोको भट्टीबाट छुटाउन सक्नुहुन्छ; अनि हे राजा, उहाँले हामीलाई तपाईंको हातबाट छुटाउनुहुनेछ । तर यस्तो भएन भने पनि हे राजा, यो कुरा तपाईंलाई थाहा होस् ! हामी तपाईंका देवताहरूको पूजा गर्नेछैनौं, न त तपाईंले खडा गर्नुभएको सुनको मूर्तिलाई नै दण्डवत् गर्नेछौं ।" (दानिएल ३:१७-१८)

तिनीहरूलाई यो कुरा थाहा थियो, कि तिनीहरूले सम्झौता गर्नुभन्दा त जलेर मर्नु असल लाग्यो । तिनीहरूका सिद्धान्तलाई स्वीकार गर्नुभन्दा मर्नु असल लाग्यो । यस धर्तीमा खराब आचरण लिएर बस्नुभन्दा बरु असल आचरण लिएर स्वर्गमा जानु राम्रो हुन्थ्यो ।

ती राजा एउटा तहमा जीइरहेका थिए । उनले त्यस भट्टीलाई साह्रै तताउनलाई आज्ञा गरे, र ती तीनजना जवान केटाहरूलाई त्यहाँ फ्याँकिने भयो । उनमा यस्तो खालको विचार आयो, कि त्यसो गर्नु पर्याप्त सजाय हुन्थ्यो, र त्यसो गर्दा उनीहरूलाई पक्रन पनि सजिलो पर्थ्यो । तर के भयो, तपाईंले विचार गर्नुहोस् । त्यस आगोको ज्वालाले ती सजाय दिनेहरूलाई पोल्यो, तर हिब्रूहरूलाई केही पनि भएन । ती तीनजना जवान मानिसहरू परमप्रभुद्वारा टाढा भएका थिएनन् । उहाँ तिनीहरूसँगै भट्टीमा हुनुहुन्थ्यो । न त त्यस आगोले तिनीहरूलाई बाँधेको डोरिलाई नष्ट गऱ्यो । जब तिनीहरू त्यहाँबाट निस्केर आए, तिनीहरूका लुगाहरू जलेका थिएनन्, तिनीहरूका शरीर पनि आगोको रापले जलेको थिएन, तिनीहरूका कपालका रौं पनि छोटा भएनन्, नत तिनीहरूमा आगोको कुनै गन्ध नै थियो (दानिएल ३:२२-२७) ।

राजाले एउटा उर्दी जारी गरे, र यहूदीहरूका परमेश्वरलाई सम्मान दिए, र उनको विरुद्धमा बोल्ने जो कोहीलाई पनि मार्नेसम्मको चेतावनी दिए । उहाँले पनि ती तीनजना आगोले नजलेका मानिसहरूलाई पदन्नती गरिदिए ।

स्पर्जनले यसो भने, "यदि तपाईंले एक इन्च मात्रै उत्पादन गर्ने हो भने, तपाईंलाई कुट्ने गरिन्छ, तर यदि तपाईंले उत्पादन गर्नुहुन्न भने कपालको रौंसम्म पनि नझर्दाखेरि, तिनीहरूले तपाईंलाई सम्मान गर्नेछन् । ती मानिस जसले उनका सिद्धान्तहरूलाई लुकाउन सक्छन्, उनको विश्वासलाई इन्कार गर्न सक्छन्, र यस्तै प्रकारको सानो गल्ती गर्छन्, भने ती व्यक्ति कोही पनि होइनन् । तपाईंले संसारलाई हल्लाउन सक्नुहुन्न, यदि तपाईंलाई संसारले हल्लाउने अनुमति दिन्छ भने" ।

## त्यो सिंहको खोर

यो समयसम्म आइपुग्दा दानिएल ८०-९० वर्षका भए, र पर्सियाको राज्यमा एकदमै शक्तिशाली व्यक्ति बने । उनका डाही मित्रहरूले उनलाई हटाउने इन्छा गरे, तर उनको खोटरहितको चरित्र र आचरणले गर्दा यसलाई कठिन बनायो । तिनीहरूले यस्तो कुराको निष्कर्ष निकाले कि त्यस कुरालाई प्राप्त गर्ने एउटामात्रै उपाय दानिएलले परमेश्वरलाई प्रार्थना चढाउनुमात्र थियो ।

यसैले त्यहाँ एउटा परिवर्तन नहुने नियमलाई पास गरियो । अर्को महिनामा जो कोही मानिसले राजा बाहेक कुनै देवतालाई प्रार्थना गर्न सक्दैनथे । दानियसलाई

सिंहको खोरमा फाल्नुपर्ने हुन्थ्यो ।

दानिएलले किन प्रार्थना गर्नलाई रोक्ने भनेर कुनै पनि कारण देख्दैनन्, त्यसैले उनी दिनको तीनचोटी प्रार्थना गर्नको लागि उनको कोठामा घुँडा टेक्थे, यरूसलेमतर्फ फर्कन्थे, धन्यवाद चढाउँथे, र निरन्तर बिन्ति गर्दथे । त्यो नै सबै कुरा थिएन । उनले झ्याल खोलेर घुँडा टेक्दथे, जुनकुरा उनले सधैँ नै गर्ने गरेका थिए । किन अहिले परिवर्तन गर्ने त ? यहाँ एक जना मानिस थिए, जसले प्रार्थना नगरिकनै एकदिन सिंहको खोरमा दिन बिताउने कुरालाई प्रसय दिए ।

उनका मित्रहरू दानिएलले त्यो व्यवस्था तोडेको समयदेखि, तिनीहरूले लामो समयसम्म पर्खनु पर्दैनथ्यो । उनले ओछ्यानको कम्बलमुनी बसेर पनि प्रार्थना गरेनन् । उनले उनको हृदयमा चुपचाप रहेर पनि प्रार्थना गरेनन् । होइन, तर उनले पूर्ण दृश्यकासाथ उच्च स्वरमा प्रार्थना गरे । ती इच्छा नगर्ने राजाको कुनै पनि विकल्प थिएन; दानिएल सिंहको मुख्य आहारा भएको हुनुपर्थ्यो । त्यसैले उनलाई त्यो सिंहको खोरमा फ्याँकिएको थियो ।

तर पर्खनुहोस् ! दानिएल सिंहहरूसँग सुतिरहेका थिए, जहाँ ती राजा उनको ओछ्यानमा निद्रा नलाग्ने अबस्था थिए । बिहानको समयमा राजाका मानिसहरू सिद्ध अवस्थामा बाहिर निस्केर आए । परमेश्वरले सिंहको मुखलाई बन्द गरिदिनुभयो । उनलाई दोष लगाउने पनि नास भए, र उनका परमेश्वरले राजकीय स्थानमा नै सम्मान गर्नुभयो ।

परमेश्वरमा आएको महिमालाई विचार गर्नुहोस्, र जसको परिणामस्वरुप दानिएलको समर्पणता देखियो । ती साहसी मानिसले केही कुरापनि जान्दैनथे, र जसलाई रवर्ट जी. लीले “मेरुदण्डहिन ईश्वरशास्त्र” भने यो एक किसिमको नैतिकतामा देखिन्थ्यो वा आरामको धर्म भनियो, वा भारतको रवरको निश्चयता र पल्टनवाजी दर्शनशास्त्र भनियो । यी समर्पण गरिएकाहरूमा निश्चयता भएको थियो, जसमा तिनीहरू मर्नलाई इच्छुक थिए । तिनीहरूको परमप्रभुप्रति गरिएको समर्पणता अन्तिम र परिवर्तन गर्न नसकिने थियो । तिनीहरूको निम्ति परमेश्वरको चाहना सर्वोपरि थियो । तिनीहरूसँग केही चिज पनि थिएन, तर भाग्ने मार्गको प्रयासमा थिए, किनकि सजिलो विकल्प र क्षमाको निम्ति पनि थिए । तिनीहरू मृत्यु र जीवन दुवैमा परमप्रभुका नै भए ।

◈◈◈

# १४ नयाँ करारमा भएको समर्पणता

## बप्तिस्मा दिने यूहन्ना

अब हामीले नयाँ करारका महिला र पुरुषहरूलाई भेट्न चाहन्छौं, जो असामान्य प्रकारले मुक्तिदातामा समर्पित भएका थिए । त्यहाँ बप्तिस्मा दिने यूहन्ना पनि थिए । हाम्रा प्रभुले उनलाई "बलिरहेको र चम्किरहेको बत्ती" को रूपमा र "अगमवक्ता भन्दा पनि बढी" भएको आज्ञा गर्नुभयो । यूहन्नाले उनको आफ्नै अयोग्यपन, र निर्धारणको रूपमा यस्तो बताए कि, उनका प्रभुले सबै महिमालाई प्राप्त गर्दथे । उनी त्यति धेरै डाहा गर्ने थिएनन्, जब उनका चेलाहरूले उनलाई येशूको पाउमा गएर सिक्नको लागि छोडिदिए । उनको आफैलाई नदेख्ने कार्य र नम्रताले मात्रै उनलाई मृत्युलाई इन्कार गर्ने कार्यलाई अगाडि बढायो । अन्ततः त्यसरात हेरादले उनको टाउको काटेर मारे ।

## ती प्रेरितहरू

त्यहाँ ११ जना प्रेरितहरू थिए । जब युवा यूहन्नाले, "हेर, परमेश्वरका थुमा" भन्ने बप्तिस्मा दिने यूहन्नाको चिच्याहटलाई सुने, तब उनले आफ्नो जीवनमा थकिन नहुने सेवालाई सुरु गरे, अनि उनले आफ्नो "ती चेला जसलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" भन्ने नाउँ प्राप्त गरे । उनी अन्य चेलाहरूजस्तै सहिद भएर मरेनन्, तर उनले सहिदको जीवन जीए । सिमोन पत्रुसले येशू ख्रीष्टप्रति भएको समर्पणतालाई इन्कार गर्न नसकिने थियो, अझ यदि हामीले उनको कमजोरी पनलाई शुन्यतामा भएको चाहना गर्‍यौं । उनले येशू ख्रीष्टलाई पछ्याउनको लागि, उनको माछा मार्ने व्यवसायमा एकदमै राम्रो भएको अवस्थालाई छोडेर उहाँको पछि लागे (लूका ५:१-११) । यदि परम्परा साँचो हुने हो भने, उनलाई उधोमुन्टो पारेर झुण्डाइयो, र उनको प्रभुलाई मारिएजस्तै उनी मर्नलाई अयोग्य

ठहरिए । कति जना चेलाहरूका विस्तृत विवरण कममात्र पाइन्छन्, तर यो कुरा स्पष्ट छ, कि तिनीहरूले आफ्ना हृदय परमप्रभुलाई दिए, र कहिल्यै पनि पछाडि फर्केनन् ।

## विश्वासयोग्य महिलाहरू

हामीले ती विश्वासयोग्य महिलालाई भुल्नु हुँदैन, कि तिनीहरूले मुक्तिदाताको निम्ति सेवा गरे । त्यहाँ त्यस्ता महिलाहरू पनि थिए, जसले उहाँलाई सुगन्धित तेलले अभिषेक गरे, उहाँका पाउ पनि तिनीहरूका आँसुले पखालिएदिए, र त्यसलाई तिनीहरूको आफ्नै कपालले पुछिदिए । त्यहाँ यस्ती महिला पनि थिइन, “जसले आफूसँग भएको सबै कुरा निकालिन र जब उनको जीवनमा भएका बहुमुल्य चिजलाई राखिन”। सिमोनको घरमा ती कुष्ठरोगी, अर्के व्यक्तिले उनको दफनको कार्यको निम्ति तयार पारे । यो ती महिला थिइन, जो क्रूसमा अन्तिम समयमा पुगिन, र रित्तो चिहानमा पहिलोचोटी पुगिन । प्रेरितको पुस्तक र अन्य पत्रहरूमा हामीले लिडिया, प्रिस्किला, लुइस, यूनिस र अरूहरूको बारेमा पाउँछौं ।

## स्तिफनस

उनी पूर्ण विश्वास, शक्ति र पवित्र आत्माले भरिएका मानिस थिए, र खीष्टियन मण्डलीका पहिला सहिद पनि भए । उनी अगाडि देखि नै खीष्टप्रति बफादार भएका मानिस थिए, उनले सम्झौता गर्नु भन्दा पनि बरु खीष्टको लागि मर्नुनै उचित ठाने ।

## पावल

यदि अब्राहाम पुरानो करारका विशिष्ट नमुना हुन भने, पावलले पनि नयाँ करारमा आएर त्यही स्थान ओगटेका छन् । पावल येशू खीष्टको विश्वासमा आउनुभन्दा अगाडि परम्परावादी यहूदी वादको बीचमा चम्किलो तारा बनेका थिए। उनी जात र धर्मको अवस्थामा घमण्डी बनेर उनले डाहपूर्वक उनको आफ्नै धर्मलाई बढाउने कार्य गरे, र त्यतिबेलाको कुनै पनि अरू धर्मलाई गोप्य रूपमा चेतावनी दिने गरे ।

तरैपनि दमस्कसको बाटोमा जाँदैगर्दा, उनले महिमित प्रभुलाई भेटे, र “त्यो क्षणमा उनले एकदमै राम्रो कथालाई सुने, अनि उनले सत्य कुरालाई प्राप्त गरे” (मेरी बाउली) । उनी प्रवल रूपमा जसलाई उनले सताउने गरेका थिए, उहाँलाई पछ्याउने बने । उनको हृदयमा एउटा आगो सल्कियो, जुनचाहिँ कहिल्यै पनि

ननिभ्ने भयो । उनले, "प्रभु, तपाईंले मबाट के कुराको चाहना गर्नुहुन्छ" ? भनेर प्रश्न गरे । पहिला उनले येशू प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गरेर आभार प्रकट गरेको यो क्षण थियो । तब उनले आफूलाई जे सुकै आइपरे तापनि ख्रीष्टको चाहनामा पूर्ण रूपमा समर्पण गरे । त्यो बाँकी रहेको जीवन र उनलाई रोममा गरिएको सतावट पनि यही प्रश्नको उत्तर थियो ।

थोरै मानिसहरूले मात्र मानवीय भावनाको सम्पूर्ण विस्तारलाई संचालन गरे, र पावलले पाएजस्तै पीडालाई सहे । उनले दु:ख के हो भनेर जान्दथे: अलमल्ल पार्नु, निरास हुनु, हृदय तोडिनु, र धोका दिनु । उनका बिरोधीहरूले दु:ख दिए, र उनका केही मित्रहरूले त सजायँ नै दिए । जब केही ख्रीष्टियन विश्वासीहरूले उनको चेलापनको मान्यतालाई प्रश्न गरे, उनले यस्तो बिर्सनै नसकिने चुनौतीको सामना गरे:

> "के तिनीहरू हिब्रू हुन् ? म पनि हुँ ! के तिनीहरू इस्राएली हुन् ? म पनि हुँ ! के तिनीहरू अब्राहमका वंश हुन् ? म पनि हुँ ! के तिनीहरू ख्रीष्टका सेवकहरू हुन् ? (म पागलसरह बोल्छू), म झन् बेसी हुँ ! परिश्रमहरूमा अत्यन्तै बढी, कोर्राहरूमा बेहिसाब गरी, कैदहरूमा झन् घरीघरी, मृत्युहरूमा बारम्बार । यहूदीहरूको हातबाट मैले पाँचपल्ट उनन्चालीस उनन्चालीस कोर्रा खाएँ । तीनपल्ट म लौराले पिटिएँ; एकपल्ट म ढुङ्गाले हानिएँ; तीनपल्ट म चढेको जहाज भताभुङ्ग भयो; मैले समुद्रमा एक रात र एक दिन बिताएको छु; बारम्बार यात्रा गर्नमा, नदीहरूका जोखिमहरूमा, डाँकूहरूका जोखिमहरूमा, मेरा आफ्नै जातिभाइहरूबाटको जोखिमहरूमा, अन्यजातिहरूबाटका जोखिमहरूमा, शहरभित्रका जोखिमहरूमा, मरुभूमिका जोखिमहरूमा, समुद्रका जोखिमहरूमा, झूटा भाइहरूका बीचमा हुने जोखिमहरूमा; परिश्रम र कष्टमा, बारम्बार जागो रहनामा, भोक र तिर्खामा, बारम्बार उपवासहरूमा, जाडो र नाङ्गो अवस्थामा । बाहिरका कुराहरूबाहेक दिनहुँ सबै मण्डलीको चिन्ता ममाथि आइपर्छ । को कमजोर छ, र म कमजोर छैन, कसले ठेस खाएको छ, र म जल्दिनँ ? (२ कोरिन्थी ११:२२-२९)
>
> तर सबै कुराहरूमा परमेश्वरका सेवकहरू हौं भनेर हामी आफूलाई प्रमाणित गर्दछौं: ठूलो धीरजमा, सङ्कष्टहरूमा, अभावहरूमा,

क्लेशहरूमा, कोर्रा खानमा, कैदहरूमा, हूलदङ्गाहरूमा, परिश्रमहरूमा, जागो रहनामा, उपवासहरूमा; शुद्धताद्वारा, ज्ञानद्वारा, सहनशीलताद्वारा, दयाद्वारा, पवित्र आत्माद्वारा, निष्कपट प्रेमद्वारा, सत्यको वचनद्वारा, परमेश्वरको सामर्थ्यद्वारा, दाहिने र देब्रे हातका धार्मिकताका हतियारहरूद्वारा; आदर र अनादरद्वारा, बदनाम र सुनामद्वारा; धोकाबाजहरूजस्ता, तरै पनि सत्य; नचिनिएका जस्ता, तैपनि प्रसिद्ध, मर्दै गरेका जस्ता, तर हेर, हामी जिउँदा छौं; ताडना पाएका जस्ता, मारिएका छैनौं; शोकितजस्ता, तर सधैं आनन्द मनाउँछौं; गरिबजस्ता, तर धेरैलाई धनी बनाउँछौं; केही नहुनेजस्ता, तरै पनि हामीसँग सबै थोक छन् । (२ कोरिन्थी ६:४-१०)

पावलको आफ्नो जीवनीमा, जेम्स स्टाल्करले लेख्दछन्:

त्यहाँ कहिल्यै पनि आँखाको एक्लोपना वा हृदयको पूर्णता भन्ने हुँदैन । त्यहाँ कहिल्यै पनि मानवीय अलौकिकता वा थकितरहितको शक्ति भन्ने हुँदैन । त्यहाँ कहिल्यै पनि यस्ता खालका विजयका कठिनाइहरूलाई भेटेका हुँदैनन्, र कुनै पनि अवस्थामा भएका पीडाहरूमा पनि खुशी मनाउनुपर्ने हुन्छ ।

तरैपनि, त्यहाँ कहिल्यै पनि छोड्ने वा फर्किने भन्ने विचार आउनुहुँदैन । उनको हात हलोमा राखेर, उनले त्यसलाई प्राप्त गर्ने हुनुपर्छ । यदि यो येशू ख्रीष्टप्रति गरिएको समर्पणताको मुल्य थियो भने, उनले यसलाई तिर्नुपर्थ्यो, अझ उहाँले यसमा उनको जीवनको रगतलाई खन्याउनु पर्थ्यो । उनमा एउटामात्रै तृष्णा हुनुपर्थ्यो, यो हो, येशू र येशू ख्रीष्टमा मात्रै ।

पावल तिनीहरूमध्ये एकजना सिसा जस्ता सन्त थिएनन्, जसले रगत देखेपछि बेहोस हुने गर्थे वा जसले यसो भन्थे, "म एकजना सिपाही हुन्थे, यदि ती खतरनाक बन्दुकको लागि हुँदैनथ्यो भने" । जब उनले सानो स्थान बनाउँदाखेरि एसियाको वरिपरि भएका सबै नास हुने गर्थे, र उनले यसलाई एन्टिओकमा पुनः बनाउने कार्य गरेनन्, र गुनासो गरिएको क्षमालाई पनि समावेश गरे । उनले कहिल्यै पनि छोडेनन् । उनले राम्रो जमघट गर्ने कुरालाई कहिल्यै पनि सिकेनन् ।

तर यी कुराहरूमध्ये कुनैले पनि मलाई विचलित पर्दैन, न त म आफ्नो प्राणलाई नै आफ्ना लागि प्रिय ठान्दछु, मेरा दौड र सेवा आनन्दसाथ

पूरा गर्न सकूँ भनेर; जुन सेवा मैले परमेश्‍वरको अनुग्रहको सुसमाचारको गवाही दिनका निम्ति प्रभु येशूबाट पाएको छु । (प्रेरित २०:२४)

“मैले असल लडाइँ लडेको छु, मैले मेरो दौड पूरा गरेको छु, मैले विश्‍वासको रखवली गरेको छु...” (२ तिमोथी ४:७)

उहाँ आज हामीहरूसँग बास गर्नुहुन्छ, उनको दिमागमा समस्या ल्याउनुभन्दा बरु १०० गुना बढी प्रभाव पार्ने जीवनमा रहनुहुन्छ, जबकि यस धर्तीको स्वरुपमा रहँदाखेरि उहाँलाई देख्ने गरी यस पृथ्वीमा अझ बढी बनाउने कार्य गरिन्छ । तिनीहरू जसको पाउ जतासुकै भए तापनि सुन्दर खुशीका छालहरू पहाडतिर जाँदा निकाल्ने गरिन्छ, अनि उनी तिनीहरूको पछि उत्प्रेरक र निर्देशकको रूपमा हिँड्दछन् । प्रत्येक प्रभुको दिनमा १० हजार मण्डलीहरू र प्रत्येक दिनमा हजारौं हजार घरहरूमा उहाँको ओंठद्वारा सुसमाचार प्रचार गरिन्छ, जसमा उनी कहिल्यै लज्जित हुनु पर्दैन, र मानवीय हृदयले जे सुकै कुराको खोजी गरे तापनि, पवित्रताको सेतो फूल वा आफैले इन्कार गर्ने कठिनाइको उचाइलाई चढ्दा, जहाँ जसको जीवन धेरै शुद्ध हुन्छ, जसको येशू ख्रीष्टमा भएको भक्ति पूर्ण हुन्छ, र जसको व्यक्तिगत उद्देश्य पनि गतिशिलतालाई प्राप्त गर्न नचाहने खालको हुन्छ, र जसलाई उत्तम मित्रको रूपमा स्वीकार गरिन्छ ।

## शहिदहरू

जब हामीले नयाँ करारको समर्पणताको नमुनालाई विचार गर्दैगर्दा, हामीले धेरै सहिदहरू लाई पनि भुल्नु हुँदैन, तिनीहरूलाई परमेश्‍वरले मात्र जान्नुहुन्छ, र ती सबै जनाले उहाँको “प्रेमिलोपनलाई जीवनभन्दा असल छ” भनेर गणना गरेका छन् । हामीले तिनीहरूलाई आभार प्रकट गर्नुपर्छ, उदाहरणको लागि, जो नेरोको शासनको अवधिमा मारिएका थिए । जब आगोले रोम सहरको आधी भाग नै ध्वस्त पार्‍यो, ती सम्राटले ख्रीष्टियनहरूलाई दोष लगाए, यद्यपि त्यहाँ ठूलो शंका आयो, जसको दोषी सम्राट आफै नै थिए । उनले विश्‍वासीहरूलाई अलकत्राले ढाक्ने आज्ञा गरे, र अनि उनका बगैंचाका समूहहरूका निम्ति एउटा

नमुनाको रूपमा आगो सल्काउने कार्य गरे । ती पुरुष र महिलाहरू जसले आफ्नो जीवनको कुनै पनि पर्वाह नगरिकै मर्नसम्म पनि तयार भए, र हामीले यसो भन्न सक्छौं, कि तिनीहरू यस्ता ख्रीष्टियनहरू थिए, "जसको लागि यो संसार कुनै पनि मुल्यको भएन" (हिब्रू ११:३८) ।

◈◈◈



# अध्याय तीन:
# मण्डली इतिहासमा भएको समर्पणता

# १५ पछिको मण्डली इतिहासमा भएको समर्पणता

हामीले सबै नाटकिय रूपमा समर्पित सन्तहरू बाइबलकै समयमा जिइरहेका थिए भन्ने कुरालाई विचार गर्नुहुँदैन । परमप्रभुसँग सधैं महिला र पुरुषहरूका बचेका अवशेषहरू हुन्थे, जसले उहाँको निम्ति आफ्नो जीवनलाई पूर्ण रूपमा समर्पित गरे ।

हामीले पोलिकार्प जस्तै सुरुका खीष्टियन शहिदहरूलाई भुल्नु हुँदैन, जतिबेला त्यहाँको शासकले उनलाई जीउँदै जलाउने चेतावनी दिए, र पोलिकार्पले यसो भने, "तिमीहरूले चेतावनी दिएको आगोले मलाई जलाउँदछ, तर एक घण्टाको समयलाई केही समयपछि अलि कम पार्दा, तिमीले त्यो आउनेवाला न्यायको आगोलाई जान्न सक्दैनौं, र ती अधर्मिहरूको निम्ति अनन्तताको सजाय दिइएको हुन्छ । तर किन तपाईंले ढिलो गर्दै हुनुहुन्छ ? आउनुहोस्, र तपाईंले चाहना गरेको कार्य गर्नुहोस्" । जब सिपाहीहरूले उनलाई त्यसको बदलामा काँटी ठोक्न खोजे, तब उनले यसो भने, "म जस्तो छु, त्यही रूपमा मलाई छोडिदेऊ । किनकि उनी जसले मलाई आगो प्राप्त गर्न योग्य व्यक्ति बनाउँदछन्, मैले त्यो चितालाई नहटाइकनै त्यहाँ रहिरहनलाई सक्षम बनाउनेछु, र तपाईंले ती काँटीहरूबाट प्राप्त गर्ने सुरक्षाको चाहनाबिना नै हुनेछ" ।

त्यहाँ गुफामा गाडिएका केही हिरोहरू पनि थिए । जुन समयमा सिजरले उनको साम्राज्यलाई एकत्रित गर्ने चाहना राखे, जसको जातिगत रूपमा, सांस्कृतिक रूपमा, भाषागत रूपमा विविध तत्वहरू हुन्थे । यसैले उनले सिजरलाई पूजा गर्ने प्रचलन ल्याए । हरेक नागरिकलाई मृत्युको पीडामा एकजोडी धुपलाई लिन आज्ञा गरिएको थियो, यसलाई वर्षको एकचोटी रोमको बेदीमा राख्नुहोस्, र यसो भन्नुहोस्, "सिजर नै परमप्रभु हुन्" । तिनीहरूले यसमा विश्वास गर्नु पर्दैनथ्यो; तिनीहरूले गर्ने सबै कुरामा यसो भन्नुमात्र पर्थ्यौ । तर ती विश्वासीहरूले यस्तो

भन्न सकेनन् । तिनीहरूको परिवर्तन नहुने प्रतिक्रियामा “येशू नै प्रभु हुनुहुन्थ्यो” । तिनीहरूले अन्तिम समयमा आएर येशू ख्रीष्टमा भएको तिनीहरूको विश्वासलाई इन्कार गर्न सक्थे, र वेदीमा धुप चढाउन सक्थे, र यसो भन्थे, “येशू श्रापित हुन्” । तर तिनीहरू मुक्तिदाताको निम्ति विश्वासयोग्य थिए, र त्यो भक्तिले गर्दा तिनीहरूले आफ्नो जीवनमा मुल्य चुकाउनु पर्थ्यो ।

इतिहासका ती पानाहरूमा वाल्डेनियनहरू, मोराभियनहरू, हुगोनीहरू र स्कटिस विश्वासीहरूको रगतले रंगीएका छन् ।

## जोन विक्लिफ (सन् १३२०-१३८४)

जोन विक्लिफलाई “सुधारवादको बिहानको तारा” भनेर चिनिन्छ, उनले मानिसहरूलाई परमेश्वरको वचन उनीहरूले बुझ्ने भाषामा सबैमा अधिकार हुनुपर्ने कुरामा जोड दिए । त्यसको अन्तमा आएर उनले अंग्रेजी बाइबलको पूर्ण सस्करणलाई निकाले । उनले यो कुरा पनि सिकाए कि, विश्वास र अभ्यासको मामलामा बाइबलको मात्र अधिकार हुन्छ, र तत्व परिवर्तनको सिद्धान्तमा चाहिँ दोष लगाएर ठग्नेमात्र काम हुन्छ । वास्तवमा यसले गर्दा उनलाई रोमी मण्डलीमा संघर्ष गर्ने बनायो । उनको मृत्यु भएको ४४ वर्षपछि, उनको शरीरलाई निकालियो र खरानी हुने गरी जलाइयो, र त्यहाँ रहेको नदीमा फ्याँकियो । यदि विक्लिफले उनको स्वर्गीय सुविधासम्पन्न बिन्दुबाट यस्तो कुरालाई देख्ने हो भने, मेरो विचारमा उनी हाँसेको हुनुपर्थ्यो ।

## जोन हस (सन् १३७४-१४१५)

जोन हस पनि विक्लिफको शिक्षाहरूबाट प्रभावित थिए, र तिनीहरूलाई बोहामिया भन्ने स्थानमा प्रचार गरे । उनले पाष्टरहरूका कार्यहरूलाई डररहित प्रकारले हकारेको कारणले गर्दा उनलाई धेरै वर्षसम्म खेदो गरियो, र उनलाई पोपले त्यस स्थानबाट हटाए । उनले सुसमाचार प्रचार गरेकोले अन्तमा उनलाई मण्डलीकै खाँबोमा जलाइयो, र उनलाई सन्तहरूको रगत पनि पियाउने कार्य पनि भयो ।

## विलियम टिन्डेल (सन् १४९२-१५३६)

विलियम टिन्डेलले हामीलाई अंग्रजी बाइबलको पहिलो छापिएको संस्करण प्रदान गरे । जब उनका मित्रहरू र अरूहरूले बाइबललाई पढ्न सुरु गरे, तब ती पाष्टरले तिनीहरूको लेखकपनको बारेमा यो चेतावनीमा होसियार बने ।

कार्डिनल वोल्सीले बाइबलको “त्यो हानिकारक झुटा शिक्षाको विरुद्ध” मा सुरक्षा प्रदान गरे । तब ती मान्यताप्राप्त सिकिएका पाष्टरहरूलाई टिन्डेलको विश्वासमा परिवर्तन गर्न पठाइयो, त्यसपछाडि यसो भनियो, “यदि परमेश्वरले मेरा जीवनलाई लिनुहुन्छ भने, र धेरै वर्षपछि मैले त्यो हलो जोत्ने केटोले बाइबललाई तपाईंले जान्ने भन्दा पनि बढी वास्ता गर्नेछु । उनले उनको जीवनलाई अन्तिम १७ वर्षसम्म बन्धनमा बिताउनु पऱ्यो, तब उनलाई सतावट दिएर जलाइयो ।

## काउन्ट जिन्जेन्डर्फ (सन् १७००-१७६०)

काउन्ट जिन्जेन्डर्फ बोहामियाली दाजूभाइका एकजना अगुवा थिए, जो स्टेनवर्गमा भएको येशू ख्रीष्ट तस्बिरमा चढ्नुभएको तस्बिरको अगाडि खडा भए, जसले यी वचनहरू राखे, “यी सबै मैले तपाईंकै निम्ति गरे, र तपाईंले मेरो लागि के गर्नुभएको छ ?” त्यो अनुसन्धानमा रहेको प्रश्नले उनको जीवनलाई र धनसम्पत्तिलाई शुद्ध पार्न अगुवाइ गऱ्यो, र परमप्रभुको निम्ति आफ्ना खुवीहरूलाई पनि प्रयोग गरे । उनले हरमर्ट उनको आफ्नै भूमिमा ख्रीष्टियन शरणार्थीको समूहलाई व्यवस्थित गरे, र यो त्यहाँबाट आधुनिक मिसनरी ख्रीष्टियन अभियानको सुरुवात भयो ।

## हग लाटिमेर (सन् १४८५-१५५५)

हग लाटिमेर एकजना महान् ख्रीष्टियन विशपले यसो भने, “यदि मैले येशू ख्रीष्टको रगतलाई मेरो आत्माको आँखाले देखे भने, त्यो नै साँचो विश्वास हो” । वास्तवमा त्यो धारणा त्यहाँ स्थापित मण्डलीको लागि झुटो सावित भयो । जब दुईजना मानिसहरू त्यस धारणासँग टाँसिदाखेरि लाटिमेरले उनका सहकर्मी मित्र निकोलस रिड्लीलाई यसो भने, “ए रिड्ली तपाईं, असल खुशीमा रहने व्यक्ति बन्नुहोस्, परमेश्वरको कृपाद्वारा हामीले बेलायतमा यस्तो खालको बत्तीलाई बाल्नेछौं, जुन कहिल्यै पनि निभ्नेछैन” र तिनीहरूले त्यसै गरे !

## थोमस क्र्यानमर (सन् १४५९-१५५६)

थोमस क्र्यानमर त्यो कमजोरीपनको अवस्थामा थिए, जसले उनको बाइबलीय पदलाई त्याग्ने कुरामा सही गरे, र रित्तो हात फर्किए, त्यो दोषी हातको ज्वालालाई पहिला पक्रे र जसमा पद त्याग गरेको कुरामा सही गरे, र यसो भने, “यो अयोग्य हात नास भएको होस्” !

तिनीहरूको येशू ख्रीष्टप्रति भएको बफादारीले गर्दा, र राजनैतिक

स्थापनालाई सम्मान गर्नुपर्ने दवावको इन्कारीले गर्दा **मारगारेट म्याकलाकलान (१६२२-१६८५) र मारगारेट विल्सन (१६६७-१६८५)** लाई त्यस छालमा डुबेर मर्नको लागि दोष लगाइयो । अगाडिको ६३ वर्षको र पछाडिको १८ वर्षको थियो । तिनीहरूले तत्काल र दोषरहितको निवेदन गर्दागर्दै पनि, तिनीहरूलाई आफ्ना शत्रुहरूमा समर्पित गरियो, र तिनीहरूले बलियो रूपमा इन्कार गरे । यसैले मारगारेट म्याकलाकलानलाई गहिरो पानीभित्रको खम्बामा बाँधियो । अर्को मारगारेटलाई त्यो भन्दा अझ टाढाको टापूमा बाँधियो । ती अधिकारीहरूले यो कुरालाई मानिलिए कि, जब सुश्री विल्सनले ती बूढी आइमाइ मरिरहेको देखिन्, तब उनले आफ्नो विचारलाई झुटो भनी स्वीकार गरिन । जसै त्यो छाल अन्तमा ती अगाडिका सहिदको चिउँडोसम्म पुग्यो, ती अवलोकनकर्ताहरूले यसो भनेको सुनिरहेका थिए, “किनकि म यस कुरालाई संझाउँदछु, कि नत मृत्युले, नत जीवनले, नत स्वर्गदूतहरूले, नत प्रधानताहरूले, नत शक्तिले नत वर्तमानका चिजहरूले, नत आउनेवाला चिजहरूले, नत उचाइले, नत गहिराइले, नत कुनै सृष्टि गरिएका चिजहरूले नै हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्न सक्छ...” । उनले यो कुरालाई सिद्धयाउनुभन्दा अगाडि, पानीले उनलाई छोपिसकेको थियो, र खीष्टियनका शत्रुहरूको दु:खितपनबाट छुटकारा पाइसकेकी थिइन । जब मारगारेट विल्सनले उनी मरेको देखिन, तब उनले आफूलाई कमजोर नतुल्याउने संकल्प गरिन । यसको सट्टामा उनले यसो भनिन्, “यदि परमेश्वरले ती बूढी महिलालाई मर्नको लागि कृपा दिन सक्नुहुन्छ भने, तब उहाँले मलाई पनि कृपा दिन सक्नुहुन्छ,” र यो पनि यस्तै नै थियो । त्यो छाल उनकोमा आयो, उनलाई पूरै छोप्यो, र उनी उनको राजालाई हेर्न स्वर्गमा गइन, र उनले जीवनभन्दा पनि त्यस कुरालाई प्रेम गरिन् ।

## जोन ब्राऊन (सन् ००-१६८५)

जोन ब्राऊन स्कटिस प्रतिज्ञाकर्ताहरूमध्ये एकजना थिए, र प्रभु येशू र परमेश्वरका वचनका सिद्धान्तहरूका निम्ति बफादार नहुनु भन्दा बरु मर्नु असल कुरा हो भन्थे । लर्ड क्लेभर हाउस र उनका मानिसहरूले जोनलाई उनको घर नजिकै काम गरिरहेको अवस्थामा ढोका बन्द गरिदिए, र उनलाई भित्रबाटै आज्ञा गरे । ब्राऊनकी पत्नी एकजना काखे बालकलाई लिएर त्यहाँ उभिरहेकी थिइन, क्लेभरहाउसले उनका मानिसहरूलाई उनलाई गोली हान्ने आदेश दिए । तर तिनीहरूले केही समय अगाडि जोन ब्राऊनले प्रार्थना गरेको सुनिरहेका थिए,

तिनीहरूले त्यस आज्ञालाई पालन गर्न सकेनन् । यसैले क्लेभरहाऊस आफैले ती ईश्वरीय मानिसलाई गोली हाने, र उनको पत्नीतर्फ फर्केर यसो भने, "अब तिमीले आफ्नो पतिको बारेमा के कुरा विचार गछ्र्यौं?" जोनको शरीर उनकै गोडामा पल्टिरहेको अवस्थामा, उनले जवाफ दिइन, "मैले सधैं नै उहाँको महान् सामनाको लागि विचार गर्छु, तर मैले अहिले गर्ने कुरालाई यस्तो प्रकारले कहिल्यै पनि सोचेकी थिइन" । जब क्लेभरहाउसले भने, "यसमा उनको छेऊमा तिमीलाई पनि पल्टिनु न्याय संगत हुन्छ," उनले गोली हान्दै यसो भनिन्, "यदि तिमीले मलाई आज्ञा दिएको भए, तिम्रो निर्दयीता त्यति टाढासम्म जान्थ्यो भनेर मैले शंका गर्दिनथे, तर तिमीले यो बिहानीको कार्यलाई कसरी उत्तर दिनेछौं होला ?"

## मार्टिन लुथर (सन् १४८३-१५४६)

मार्थिन लुथर पावलले रोमीहरूलाई लेखेको पत्र पढेर विश्वासमा आएका थिए। उनले रोममा भएको सन्त पत्रुसको मण्डली भवनको निर्माण गर्न पापमोचन पत्र बिक्री गरेको विरोध गरेका थिए । जब उनलाई जाँचमा राखिदाखेरि उनले पोपको अन्तिम अधिकारलाई मानिलिन इन्कार गरे, तर येशू ख्रीष्टबाट आएको सिधैको प्रभुत्वपनलाई स्वीकार गरे । उनको समर्पणतालाई उनले संभ्कन सक्ने शब्दहरूमा प्रस्तुत गरे, "मेरो चेतना परमेश्वरको वचनमा आएको छ" । उनले पछिबाट प्रोटेष्टेन्ट सुधारको तीनपक्षीय कुरालाई प्रस्तुत गरेः सोला फाइडे, वा विश्वासमात्रै; सोला ग्रासिया, वा अनुग्रहमात्रै; सोला स्क्रिपचुरा, वा बाइबलमात्रै । उनले बाइबललाई जर्मन भाषामा अनुवाद गरे, र विश्वासको विषयवस्तुलाई प्रस्तुत गरे ।

## जोन काल्भिन (सन् १५०९-१५६४)

कसैले जोन काल्भिनलाई अर्का सुधारवादीको रूपमा बताए, "उनी पनि परमप्रभुको सेवाको निम्ति इच्छुक थिए, जसको निम्ति उनले उनको पूर्ण हृदयलाई प्रदान गरेका थिए" । यद्यपि उनी मण्डली र सरकार बीचको अधिकारको तहमा त्यति स्पष्ट हुन् सकेनन्, उनको सिकाइमा कामभन्दा विश्वासद्वारा मुक्ति पाइने कुरामा निश्चित भए, तर कामले गर्दा उनलाई सुधारवादको युगमा एउटा विशिष्ट तहको व्यक्ति बनाउनलाई सफल भयो ।

## जोन नक्स (सन् १५०५-१५७२)

जसै हामीले जोन नक्सलाई सम्भ्कना गर्छौं, उनी स्कटल्याण्डका विश्वासलाई

बचाउने डररहितका व्यक्ति थिए । उनी काल्भिनका शिक्षाहरूद्वारा प्रभावित थिए, र उनी मूर्तिपूजा गर्ने कार्य, र सबै किसिमका झुटा शिक्षा, र पोपको अबाइबलीय सिकाइमा थकित बनेका थिए । यिनी उनी नै थिए, जसले यसो भने, "मलाई स्कटल्याण्ड दिनुहोस्, नत्रभने म मर्नेछु" । एकजना जीवनी कारकले उनलाई यसो भने, "नक्स, एकजना मानिस, उत्पादन गर्न नसक्ने शक्तिका चरित्रका र आत्मिक रूपमा महान् थिए, सम्पूर्ण राष्ट्रको विचारलाई मिसाउने काम गरे, सायद उनीजस्ता अन्य कुनै मानिसले यस्तो कार्य कहिल्यै गरेका थिएनन् । क्याथोलिक रानी मरियमले यसो भनिन्, "उनी बेलायतका सबै सिपाहीहरूभन्दा पनि बढी उनको प्रार्थना देखेर डराउने गर्थिन" ।

यसले विविध इकाईका शब्दकोषमा भएका हरेक शताब्दीका स्त्री र पुरुषहरूको कथाहरूलाई भन्ने गर्दथ्यो, जसले येशू ख्रीष्टलाई पछ्याएका थिए, दैनिक रूपमा क्रूसलाई अंगालेका थिए, र तिनीहरूको विश्वासलाई इन्कार गर्न प्रयास गर्ने हरेक खालका कुराहरूको विरोध गरेका थिए ।

◈◈◈

# १६ वर्तमान् मण्डली इतिहासमा भएको समर्पणता

अब हामी अन्तिम वा दुईवटा शताब्दीमा आइपुगेका छौं । के ती समर्पित व्यक्तिहरूको तह अझ पातलो हुँदैछ ? सायद, आधुनिक जीवनका दवावहरू, ती भौतिक चिजहरूमा गरिएको प्रेम, अगाडि नै प्राप्त गरिएको दवावले गर्दा, तिनीहरूमध्ये धेरै जनाले सुरुको प्रतिज्ञालाई बिर्सेका छन्, र तिनीहरूको पहिलो प्रेमलाई पनि बिर्सेका छन् । तर अझै पनि पवित्र आत्माको प्रेमले ती पुरुष र महिलाहरूलाई पूर्ण समर्पणतामा बोलाउँदछन्, र कहिलेकाहीँ सबै जनालाई बोलाउँदा, केहीले मात्र प्रतिक्रिया जनाउँदछन् ।

## एन्थोनी नोरिस ग्रोभ्स (सन् १७९५-१८५३)

एन्थोनी नोरिस ग्रोभ्स एसियामा भएको ब्रदरेन समुदायको मण्डलीबाट आएकी पहिलो मिसनरी थिइन । उनी एकजना धनी दन्त विशेषज्ञ थिए, र उनले ऐस आरामलाई त्यागिदिए, र बगदाद, त्यसपछि भारतमा सुसमाचार प्रचार गर्ने प्रतिष्ठालाई लिए र उनले ख्रीष्टियन भक्तिपनको सिद्धान्तलाई अभ्यासमा लागु गरे । यसो गरेर उनले यो कुरालाई प्रमाणित गरे, कि यसमा प्रभु येशूको शाब्दिक सिकाइलाई लिनु संभव थियो । उनले यो कुरालाई सिकाए, कि जीवनको महान् लक्ष्य येशू ख्रीष्टलाई उचाल्ने हुनुपर्छ, र हामी सबै नै यो योग्य लक्ष्य प्राप्त गर्नको लागि समर्पित हुनुपर्छ । ख्रीष्टियन सिद्धान्त, "कडा परिश्रम, थोरै उपभोग, धेरै दिने र येशू ख्रीष्टको सबै कार्य गर्ने हुनुपर्छ" । उनको पूर्ण चेलापनमा उनले यो कुरालाई विश्वास गरे, कि यस संसारमा धन सम्पत्ति थुपार्नु, परमेश्वरको वचनको विरुद्धमा मूर्तिपूजा गर्नुजस्तै हुन्छ । कसले यसलाई इन्कार गर्न सक्छ, जब बाइबलले दुवैलाई निषेध गरेको हुन्छ ?

## जोन नेल्सन डर्बे (सन् १८००-१८८२)

जोन नेल्सन डर्बे, ग्रोब्सका समकालिन थिए र स्वबलिदानको आत्मा

उनमा पनि थियो । उनले आयरल्याण्डको वीक्लो पहाडमा तुरही फुके, र सयौं रोमन क्याथोलिकहरू खीष्टमा जितिएको देखे । उनले २६ वर्षसम्म उनको बाकसलाई नमिलाइकनै महाद्धिपको विभिन्न स्थानहरूमा प्रचार गरे । जहाँसुकै उनी पुगे, उनले नयाँ करारका मण्डलीहरू स्थापना गरे । उनले दुःध र गेडागुडी खाएर हरेक दिन जिए । एकदिन उनी इटालिमा रहेको सस्तो बस्ने घरमा बास बसे, र गाए, “येशू मैले तपाईंको क्रूसलाई लिएको छु, सबै कुरालाई त्यागेर तपाईंलाई नै पछ्याउने छु” । उनका सहयात्रीहरूले उनलाई अंग्रजी भाषा बोल्ने संसारका धेरैजसो स्थानहरूमा लिएर गए । उनले बाइबललाई फ्रेञ्च, जर्मन र अंग्रेजी भाषामा अनुवाद गरे, र उनका आफ्नै लेखहरूले पनि ३४ प्रकारका पुस्तकहरू तयार गरे । परमेश्वरले उनलाई विभाजित ईश्वरशास्त्रको विकास गर्नलाई प्रयोग गर्नुभयो, र मण्डलीको उठाइलाने सत्यतालाई संसोधन गरे, र सबै विश्वासीहरूको पूजाहारीपनलाई पनि परिमार्जन गरे । उनका सिकाइहरूले ड्वाइ एल.मुडी र सि.आई. स्कोफिल्डलाई पनि प्रभाव पारे । अमेरिकामा रहेका बाइबल स्कुलहरूले पनि उनको सिकाइको प्रभावको महसुस गरे । पावल प्रेरित पछिको वृहत सेवकाइमा केही थोरै मात्र यस्ता व्यक्तिहरू आए । उनको सिद्धान्त यस्तो थियो कि, “केही कुरापनि प्राप्त नगरेर आनन्द मनाउनु, कोही पनि व्यक्तित्व नहुनु, कुनै पनि चिज नदेख्नु, तर महिमामा येशू खीष्टसँग जीउनु, र कुनै पनि चिजको लागि होसियार नबन्नु तर उहाँमा नै अन्तर्विन्ति गर्नु हो” ।

## जर्ज मुलर (सन् १८०५-१८९२)

जर्ज मुलरलाई उनको टुहुराको अवस्थामा ब्रिष्टोल बेलायतमा राम्ररी चिनिएको थियो । यसलाई विश्वासमा चलाइएको थियो, र कति पैसा लाग्छ भनेर नजानिकनै यसको सुरुवात गरियो । मुलरको उद्देश्य ब्रिष्टोलका मानिसहरूलाई यो कुरा देखाउनु थियो, कि त्यहाँ स्वर्गमा परमेश्वर हुनुहुन्छ, जसले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ । एकदिन आर्थर पियर्सनले उनलाई सोधे, “तपाईंको महान् कार्यको गोप्य कुरा के हो, र तपाईंद्वारा परमेश्वरले कस्तो खालको आश्चर्यकर्म गर्दैहुनुहुन्छ ?” मुलरले केही क्षणको लागि माथितिर हेरे, तब उनको शिरलाई तल-तल गरेर उनको घुँडा सम्मै पुऱ्याए, तब उनी केही क्षणसम्म चुपचाप बसेर यसो भने, “धेरै वर्ष पहिला त्यहाँ मेरो जीवनमा एक दिन आयो जब जर्ज मुलर मरेका थिए । म जवान मानिस भएकोले, मेरो जीवनमा धेरै चाहनाहरू थिए, तर त्यो दिन आयो जब म ती सबै चिजहरूको लागि मरे, र मैले यसो भने, ‘यसपछि,

प्रभु येशू, मेरो इच्छाले होइन, तर तपाईंको इच्छाले, र त्यो दिनदेखि परमेश्वरले ममा र मद्वारा कार्य गर्नलाई सुरु गर्नुभयो" ।

## डेभिड लिभिङ्गस्टोन (सन् १८१३-१८९२)

यो डेभिड लिभिङ्गस्टोनको येशू ख्रीष्टमा भएको समर्पणताले उनको महान्ताको निम्ति गणना गर्दछ । यस संसारले उनलाई एउटा अनुसन्धानकर्ता र दास व्यापारको विरोधीको रूपमा उचाल्दछ तर यो उनको जीवनमा मुक्तिदाताले साँचो रूपमा गणना गर्नुहुन्छ । उनले अफ्रिकामा गएर गरेको मिहिनेतलाई ख्रीष्टियन मिसनको इतिहासमा उच्च स्थानमा लिइन्छ । उनको सम्पूर्ण हृदयले परमप्रभुलाई गरेको ध्यानलाई उनको सिद्धान्तमा प्रकट गरिएको थियो, "मसँग भएका कुनै पनि चिजमा मैले कुनै मुल्य राख्दिन, वा परमेश्वरको राज्यको सम्पर्कबिना नै कुनै चिजलाई प्राप्त गर्दछु" । जब उनी ५९ वर्षका भए, उनले यस्तो लेखे, "मेरो येशू, मेरो राजा, मेरो जीवन, मेरो सबै थोक; मैले पुनः मेरो सम्पूर्ण स्वार्थलाई तपाईंमा समर्पण गर्दछु" । यस वचनको अर्थ यो शब्द कोषमा पनि छैन । उनले एकचोटी मिसन समाजलाई यस्तो कुरा लेखे, कि उनी जतासुकै जान पनि तयार थिए, र यसको अगाडि भएको कुरालाई प्रदान गरियो । एकदिन उनका अफ्रिकाका मित्रहरूले उनलाई उनका घुँडाहरूमा नै मरेको पत्ता लगाए । उनको मुटुलाई अफ्रिकामा दफन गरियो, तर वेस्टमिनिष्टरको एबिको चिहानमा गाडियो । उनको चिहानमा लेखिएका शब्दहरू यस्ता थिए, "३० वर्षको निम्ति उनको जीवन सुसमाचार प्रचारको लागि चिन्ता नगरिकनै प्रयासरत थियो" ।

## फ्रान्सिस रिड्ली हाभरगल (सन् १८३६-१८७९)

फ्रान्सिस हाभरगलको एउटा जीवनीले उनलाई यस्तो भन्दछ, "उनको प्रसिद्धिको लागि कुनै पनि सामान्य शिर्षक थिएन । उनलाई के कुराले एक्लो बनायो भन्दाखेरि उनको आत्मिक अनुभवको पूर्णता यस्तो भयो । उनको शुद्धतापनमा त्यहाँ सिमित कुरा र बाँकी राख्ने भन्ने कुरा पनि थिएन । उनले त्यागिइदाखेरिको रहस्यलाई सिकेकी थिइन, र उनले पूर्ण रूपमा परमेश्वरमा फल फलाइन् । उनको यो असलपनले गर्दा उनका लेखहरू धेरै ठाउँमा पुग्यो, र यो शक्ति तिनीहरूमा प्रवेश गरेपछि, असंख्य आत्माहरूलाई जित्ने कार्य भयो ।

जब उनी २१ वर्षकी भइन, उनले येशू ख्रीष्टको कलात्मक तस्बिरलाई डासेलडर्फको कला संग्राहलयमा देखिन । उनी यति साह्रो उत्साहित भइन्, र उनले

आफ्नो पहिलो गीतलाई लेखिनः

*मैले मेरो जीवन तपाईंकै लागि प्रदान गरें,*
*तपाईंले बगाएको आफ्नो बहुमुल्य रगत,*
*ताकि तपाईंले उद्धार गर्न सक्नुभएको होस्,*
*र तपाईं झट्टै मृत्युबाट बौरनुभयो,*
*मैले मेरो जीवन तपाईंकै निम्ति प्रदान गरे,*
*तपाईंले मेरो निम्ति के कुरा दिनुभएको छ ?*

*मेरो पिताको घरमा प्रकाश छ,*
*मेरो महिमा सिंहासन वरिपरि घुम्दछ,*
*मैले यस धर्तीमा रातलाई त्यागिदिएको छु,*
*किनकि म चिन्तित र एक्लो रूपमा घुमन्ते भएको छु,*
*मैले तपाईंको लागि नै उचाल्ने गर्दछु,*
*के तपाईले मेरो निम्ति सबै कुरा छोडिदिनुभएको छ ?*

*मैले तपाईंको निम्ति धेरै पीडा सहेको छु,*
*तपाईंको जिब्रोले भन्न सक्नेभन्दा पनि बढी नै,*
*एकदमै तीतो कष्ट सहेर,*
*मैले तिमीलाई नरकबाट उद्धार गरेको छु,*
*मैले तपाईंको निम्ति सहेको छु,*
*मैले तपाईंको निम्ति सबै चिज सहेको छु,*
*तपाईंले मेरो निम्ति के कुरा सहनुभएको छ ?*

*र मैले तपाईंको निम्ति ल्याएको छु,*
*मेरो घर माथिबाट तल,*
*सित्तैंको पूर्ण मुक्ति,*
*मेरो क्षमा र मेरो प्रेम,*
*मैले तपाईंमा बहुमुल्य दानहरू ल्याएको छु,*
*तपाईंले मेरो लागि के कुरा ल्याइदिनुभएको छ ?*

उनले १७ वर्ष पछाडि उनको आफ्नो जीवनीलाई ६ वटा वाक्यहरूमा छोट्टयाइन, हरेकले उनको जीवनको वास्तविक अनुभवलाई वर्णन गरेको छः

मेरो जीवन लिनुहोस्, र यस्तै होस्,
परमप्रभु तपाईंले यसलाई शुद्ध बनाउनुहोस्,
मेरा क्षण र मेरा समयलाई पनि लिनुहोस्,
तिनीहरूलाई निरन्तर हुने प्रशंसामा बगाउनुहोस् ।

मेरा हातहरूलाई लिनुहोस्, र तिनीहरूलाई चल्न दिनुहोस्,
तपाईंको प्रेमको त्यो प्रेरणामा,
मेरा पैतलालाई लिनुहोस्, र त्यस्तै बनाउन दिनुहोस्,
ती तपाईंको निम्ति सुन्दर र छिटो बनेका हुन् ।

मेरो आवाजलाई लिनुहोस्, र मलाई गाउन दिनुहोस्,
सधैँ मेरो राजाको निम्ति मात्रै,
मेरा ओठहरूलाई लिनुहोस्, र तिनीहरूलाई यस्तै हुन दिनुहोस्,
तपाईंको निम्ति ती खबरहरूले भरिएका होऊन् ।

मेरो चाँदी र मेरो सुनलाई पनि लिनुहोस्,
मैले थोरै पैसालाई पनि दिन इन्कार गरेको हुन्थे,
मेरा खुवीहरूलाई लिनुहोस्, र यसलाई प्रयोग गर्नुहोस्,
तपाईंले प्रत्येक शक्तिलाई छान्नुहुनेछ ।

मेरो चाहनालाई लिनुहोस्, र यसलाई तपाईं अनुसारको बनाउनुहोस्,
यो कुनै पनि हालतमा अब मेरो हुने छैन,
मेरो हृदयलाई लिनुहोस्, यो तपाईंको आफ्नै हो,
यो तपाईंको राजकीय सिंहासन भएको होस् ।

मेरो प्रेमलाई लिनुहोस्, र मेरा परमेश्वरले ममा खन्याउनुहोस्,
तपाईंको पैतलामा यी किमती वस्तुहरू थुप्रन्छन्,
म आफैलाई लिनुहोस्, र म तपाईंसँग हुनेछु,
सधैँको निम्ति, केवल सबै तपाईंकै निम्ति ।

## हड्सन टेलर (सन् १८३२-१९०५)

हड्सन टेलर चाइना ईङ्गल्याण्ड मिसनको संस्थापक थिए (अहिले ओभसिज मिसनरी संगति) । उनी ती नै व्यक्ति थिए, जसले चीनमा गएर खुल्ला रूपमा सुसमाचार प्रचार गरे । उनले आफैलाई चीनका मानिसहरूको पहिरन, खानासँग

परिचय गराए, र अन्य संभव भएका कुनै पनि तरिकाले उहाँको विश्वासको कार्यमा निरन्तरता दिए, उनले यो कुरामा विश्वास गरे, कि उनले जे सुकै कुरा मागे तापनि परमेश्वरले त्यसलाई दिनुहुनेछ । त्यहाँ उनको निम्ति कुनै पनि अतिरिक्त कोषको खाँचो पर्दैन । यस नीतिमा उनले जर्ज मुलरलाई पछ्याए, जसले अचानक तरिकाले टेलरको कार्यलाई स्वइच्छिक रूपमा योगदान गरे ।

## चार्ल्स हाडोन स्पर्जन (सन् १८५६-१९१७)

चार्ल्स हाडोन स्पर्गन, "प्रचार गर्नेहरूका राजकुमार थिए, जसले २० वर्ष हुनुभन्दा अगाडि, उनका छापिएका वचनहरूलाई जनसमुदायले विस्तृत रूपमा आनन्द मनाउनुको साथसाथै उनको कार्यमा भजनसंग्रहमा दाऊदको बहुमुल्य चिज, र बिहान र बेलुकीको पढाइ भन्ने थियो । परमेश्वरको छनोटमा परेका यति धेरै दासहरू जस्तै उनी बिरामीपनमा परे, र उनले उनको बाइबललाई सन् १८९२ को अन्तिम समयमा राखिदिए ।

## सि.टि. स्टड (सन् १८६२-१९३१)

सि.टि. स्टड धनि अंग्रेजी परिवारमा जन्मेका थिए । उनको बुबा मुडीले प्रचार गरेका स्थानहरूमा बचाइएका थिए, र सि. टि. ले पनि एक वर्ष पछाडि ख्रीष्टमा भरोसा गरे । विश्व विद्यालयमा हुँदा उनी प्रमुख क्रिकेट खेलाडी थिए, र क्याम्ब्रिज ७ को सदस्य पनि भए । उनको जीवनको सिद्धान्त थियो, "यदि येशू ख्रीष्ट परमेश्वर हुनुभएको, र मेरो निम्ति मर्नुभएको हो भने, र उहाँको निम्ति गर्ने कुनै पनि बलिदान मेरो लागि त्यति ठूलो हुन सक्दैन" । त्यो निश्चयताले गर्दा नै उनलाई चीनमा, भारतमा, र अफ्रिकामा सेवा गर्ने बनायो । उनी "परमेश्वरका अनियमित" एक किसिमका व्यक्ति थिए, त्यसले धेरैजसो कार्य गर्ने बनायो । उनले विश्वभरि सुसमाचार प्रचार गर्ने क्रूसेडको स्थापना गरे । उनले घरमा फर्कनु र अवकास प्राप्त गर्नुभन्दा बरु, उनी अफ्रिकामा नै रहने कुरालाई छाने र त्यहाँ नै मरे ।

## एमी कार्मिकल (सन् १८६७-१९५१)

एमी कार्मिकलले उनको जीवन भारतका केटीहरूको बीचमा सेवा पुऱ्याउनलाई समर्पित गरिन, नत्रभने उनी मन्दिरमा रहने वेश्या बन्नेवाला थिइन । आएरल्याण्डकी महिला भएर उनमा उनको चरित्रको धेरै शक्ति थियो,

र नेतृत्वपनको क्षमता पनि थियो । उनको येशू ख्रीष्टमा भएको समर्पणताको मापदण्ड उत्तम प्रकारले उनका लेखहरूमा देखिएका छन् ।

परमेश्वरको प्रतिज्ञा ममा आएका छन् । म छाँयाहरूसँग खेलेर रहने वा यस धर्तीमा भएका फूलहरूलाई टिप्न सक्दिन । जबसम्म मेरा कार्यहरू पूरा हुँदैनन्, र त्यो गणनामा रहन सक्दिन ।

र अर्को स्थानमा उनले यसरी लेखिन:

*प्रार्थनामा म त्यस्तो बन्नको लागि मागे,*
*बतासबाट आएका बासस्थानमा मैले तिनीहरूलाई हिर्काउने गरे,*
*डरबाट जब म उत्प्रेरित हुनुपर्थ्यो,*
*म काँपेको अवस्थाबाट जब म उच्च हिमाललाई चढ्नुपर्थ्यो,*
*आफ्नो नरमपनबाट, ए, कप्तान स्वतन्त्र बन,*
*तपाईंको काँधमा कसले तपाईंलाई पछ्याउथ्यो होला ।*

*चतुर प्रेमबाट चिजविजहरूलाई नम्र तुल्याउनु,*
*सजिलै गरिएको छनोटबाट कमजोर बनाउनु,*
*यसरी नआएका आत्माहरूलाई किल्लाबन्दी गरेर राख्नु,*
*यस्तो प्रकारले क्रूसमा चढाइएको पनि होइन,*
*ती सबैबाट त्यो कलवरीलाई अँध्यारो बनाइदिन्छ,*
*ए परमेश्वरका थुमा, मलाई छुटकारा गर्नुहोस् ।*

*त्यो प्रेम मलाई दिनुहोस्, जसले मेरा मार्गहरूमा अगुवाइ गर्दछ,*
*त्यो विश्वास जसले कुनै पनि चिजलाई निरास तुल्याउन सक्छ,*
*त्यो आशा, जसमा निरासाको थकावट भन्ने हुँदैन,*
*त्यो प्यास, जसले आगोले जस्तै जलाउनेछ,*
*माटोको डल्लोजस्तो बन्दा मलाई डुब्न नदिनुहोस्,*
*तपाईंको इन्धन र परमेश्वरको ज्वाला मलाई बनाउनुहोस् ।*

## विलियम बोर्डेन (सन् १८८७-१९१३)

सि.टि. स्टडले जस्तै विलियम बोर्डेनले पनि येशू ख्रीष्टको बोलावटलाई उत्तर दिन, ऐस-आराम र धन सम्पत्तिको अवस्थालाई त्यागिदिए । उनको येशू ख्रीष्टमा भएको सम्पूर्ण हृदयपनलाई यो सिद्धान्तमा छोटकरी बनाउन सकिन्छ,

"संरक्षण होइन, जमघट पनि होइन, र पछुताऊ पनि होइन" । उनले यसो भने, हरेक मानिसको हृदयमा, त्यहाँ सिंहासन र क्रूस हुन्छ । यदि ख्रीष्ट सिंहासनमा हुनुहुन्छ भने, स्वार्थीपन क्रूसमा हुन्छ, र यो आफै वा थोरैमात्र त्यो सिंहासनमा हुन्छ, येशू त्यो मानिसको हृदयको क्रूसमा हुनुहुन्छ। यदि येशू सिंहासनमा हुनुहुन्छ भने, उहाँ जहाँ जाने चाहना गर्नुहुन्छ, त्यहाँ जानुहुन्छ। येशू सिंहासनमा हुँदाखेरि कुनै कार्य वा स्थानलाई महिमित तुल्याउनुहुन्छ" ।

## इरिक लिन्डेल (सन् १९०२-१९४५)

इरिक लिन्डेलले परमप्रभुप्रति देखाएको समर्पणता परमप्रभुको दिनको बलियो समर्पणतामा समावेश हुन्छ । सन् १९२४ मा भएको ओलम्पिक खेलमा, १०० मिटरको दौडलाई पूरा नगरेर पूर्ण रूपमा इन्कार गरे, जसमा उनी योग्य ठहरिने थिए, किनकि यो आइतबारको निम्ति गरिने तय भएको थियो । कतिले उनलाई स्कटल्याण्ड र बेलायतको ठग भनी भनेका छन्। ती बेलायतका धावकका अधिकारीहरू आतंकित बने । तर उनीचाहिँ नचलेकै अवस्थामा रहे । अन्ततः उनी ४०० मिटरको दौड दौडनलाई सहमत भए, यद्यपि यो उनी दौडिनुपर्ने खेल थिएन, किनकि यो हप्ताभरि नै हुने गर्थ्यो । दौड सुरु हुनुभन्दा अगाडि ती मानिस जसले उनलाई घरिघरि संझाएका थिए, उनले इरिकलाई एउटा कागजको पाना दिएर यी शब्दहरू भनेः पुरानो पुस्तकमा यसरी भनिएको छ, "उहाँ जसले मलाई सम्मान गर्नुहुन्छ, मैले पनि सम्मान नै गर्नेछु" । लिन्डेलले दौड जिते, र नयाँ विश्व किर्तिमान कायम गरे । पछिबाट जब उनी मिसनरीको रूपमा जापानीहरू बस्ने स्थानमा मरे, एउटा राम्ररी प्रचलनमा आएको राष्ट्रिय पत्रिकाले यसो भन्यो, "स्कटल्याण्डले एकजना पुत्रलाई गुमाएको छ, जसले उनको जीवनको प्रत्येक दिनमा घमण्ड गर्थे" ।

## बेटी स्कट स्टाम (सन् १९०६-१९३४)

जब उनी बाइबल स्कुलकी विद्यार्थी रहँदा नै, बेटी स्कट स्टामले यो करारलाई उनको बाइबलको अगाडिपट्टी लेखिनः

> परमप्रभु, मैले आफ्ना उद्देश्य र योजनाहरूलाई छोडिदिन्छु, मेरा सबै आफ्नै चाहनाहरू, आशा र आकांक्षाहरू (चाहे तिनीहरू शरीरका वा आत्माका हुन्), र मेरो जीवनमा तपाईंको चाहनालाई स्वीकार गर्दछु। मैले मेरो स्वार्थीपन, मेरो जीवन, मेरो सबै र सम्पूर्ण रूपमा

तपाईंलाई दिँदछु, र म सधैँभरिको निम्ति तपाईंकै नै हुनेछु । मसँग भएका सबै थोक, मेरो मित्रतापन, र मेरो प्रेमलाई पनि तपाईंमा नै सुम्पन्छु ।

मैले प्रेम गर्ने सबै मानिसहरूलाई मेरो हृदयमा दोस्रो स्थानमा राख्दछु । तपाईंको पवित्र आत्माले मलाई भर्नुहोस्, र छाप लगाउनुहोस् । तपाईंको सम्पूर्ण चाहनाले मेरो जीवनमा, अहिले र सदासर्वदाको लागि जुनसुकै मुल्य चुकाउनुपरे तापनि कार्य गर्नुहोस् । "मेरो निम्ति जीउनु भनेको येशू ख्रीष्ट हो, र मर्नु भनेको लाभदायक कुरा हो" (फिलिप्पी १:२१) ।

उनी र उनको पतिले येशू ख्रीष्टमा चीनको मिसनरी भएर तिनीहरूको जीवनलाई समर्पण गरे । उनीहरूलाई सन् १९३४ मा टाउँको काटेर मारियो । तिनीहरूको कथा, *"जोन र बेटी स्टामको विजय"* भन्ने पुस्तकमा बताइएको थियो ।

## जिम इलिओट (१०२७-१९५६)

तिनीहरू सबै जनाले जसले जिमलाई जान्दथे, उनी जलिरहेको पोथ्रा जस्तै भएको कुरा पनि थाहा थियो, जलिरहेको तर खरानी भएको चाहिँ होइन । मेरो आफ्नो उनीसँगको अन्तिम प्रभाव कुनै पनि चिजमा असहयोगी हुने, र नखुम्चिने खालको थियो, र त्यो येशू ख्रीष्ट र हृदयको भक्तिपनको बीचमा खडा भयो । यस विषयमा उनी जेम्स डेनिसँगै सहमत भए, र जसले यस्तो कुरा लेखेः

यदि परमेश्वरले येशू ख्रीष्टमा केही चिज साँच्चिकै गर्नुभएको भए, जसमा यस संसारको मुक्ति भर पर्दछ, र यदि उनले यसलाई जानकारी प्राप्त गर्ने बनाएका भए, तब यो ख्रीष्टियन कार्य हुन्छ, कि सबै चिजमा असहिष्णु बन्ने, जसमा यसले इन्कार गर्दछ, वेवास्ता गर्दछ, वा यसलाई वर्णन गर्दछ ।

तपाईंले यो असहिष्णुतालाई महसुस गर्नुहुन्छ, जब तपाईंले जीमले प्रार्थना गरेको सुन्नुहुन्छः

उनले आफ्नो सेवकाइलाई एउटा आगोको ज्याला बनाउँदछन् । के म यो गर्नलाई सक्षम छु ? परमेश्वरले मलाई "अन्य चिजहरू" को मृत अवशेषबाट छुटकारा गर्नुभएको छ । आत्माको तेलसँगै यसलाई प्रज्वलित पार्नुहोस्, ताकि म प्रज्वलित हुन सकूँ । तर त्यो

> ज्वाला अनन्त छ, र कतिचोटी छोटो समयको निम्ति रहन्छ । के तपाईंले त्यसलाई लिन सक्नुहुन्न, मेरो आत्माको छोटो जीवन ? त्यहाँ ममा महान् छोटो रूपमा जिउने आत्माले बास गर्दछ, जसको तीब्र चाहना परमेश्वरको घरको निम्ति उहाँमा उपभोग गरिएको हुन्छ, …मलाई तपाईंको इन्धन बनाउनुहोस्, र परमेश्वरको ज्वाला पनि बनाउनुहोस् ।

जिमको दर्शनशास्त्र थियो, “उनी मूर्ख होइनन्, जसलाई उनले राख्न नसक्ने फाइदालाई दिएका हुन्छन्, र उनले त्यसलाई गुमाउन सक्दैनन्” । अन्य चारजना युवाहरू तिनीहरू सँगसँगै थिए, जो परमेश्वरको निम्ति जल्दै गरेका थिए । उनी उनकै स्पियरको इक्वेडोरियन नदीको छेऊमा मरे ।

◈◈◈



# अध्याय चारः उहाँको बोलावटको उच्च समर्पणता

# १७ सुन प्राप्त गर्नको निम्ति जानु

जब कि मैले अगाडिको खण्डलाई लेखिरहेको थिए, गर्मी मौसमको ओलम्पिक खेल एटलान्टामा भइरहेको थियो । यस संसारले केही समर्पणताका महान् नमुनाका गवाहीहरू सुरुको दृष्टिकोणबाट दिइरहेको थियो ।

हरेक चार वर्षको समयमा, १९७ देशमा खेलाडीहरू यस खेलमा सहभागी भएका थिए । धेरैजसो युवा मानिसहरू, तिनीहरू नै उत्तम हुन्, जसलाई ती देशहरूले विभिन्न खेलकूदको लागि पठाएका थिए । शारीरिक सुसंगठन र क्षमताको सम्बन्धमा, तिनीहरू संसारकै विशिष्ट श्रेणीमा थिए । ती देशहरू जसले दोस्रो तहको खेलकुदको लागि तिनीहरूको पैसा खेर फालेका थिएनन् । तिनीहरूले नै उत्तम बन्ने चाहना राखे ।

## तयारी

कसरी यी अतिरिक्त युवा खेलाडीहरूलाई सामान्य समूहबाट छान्ने गरिन्छ ? शंका गर्नुपर्दैन, कि तिनीहरूमा तिनीहरूको खेलप्रति स्वभाविक क्षमता हुन्छ । तिनीहरूका शरीरहरू दिमाग र शारीरिक तन्दुरुस्तिको ठीक संयोजनमा बनिएको हुन्छ । तर त्यो पनि पर्याप्त हुँदैन । खेलमा आउनुभन्दा अगाडि, तिनीहरूले पर्याप्त रूपमा अभ्यास गरेका हुन्छन् । उदाहरणको लागि, एकजना पौडी खेलाडीले दिनको १० घण्टासम्म अभ्यास गर्नुपर्ने हुन्छ । ६ दिनसम्म पौडी खेल्ने समूहले हरेक दिन ६ घण्टा पौडी खेल्ने अभ्यास गर्नुपर्छ, र हरेक दिन वर्षभरि नै अन्य खालका अभ्यास पनि गर्नुपर्छ । खेलमा विजयी प्राप्त गर्नको लागि पनि त्यस खालको अनुशासनको खाँचो पर्दछ । स्वर्ण, रजत र काश्य पदक प्राप्त गर्न वर्षभरि अनुशासित भएर गरिने अभ्यासले पनि भूमिका खेल्दछ ।

## उत्प्रेरणा

यी खेलाडीहरूमा पर्याप्त उत्प्रेरणा हुनुपर्छ । तिनीहरूले स्वर्ण पदक प्राप्त गर्न गइरहेका छन् । तिनीहरू सधैँभरि नै त्यो उचित समयको पर्खाइमा हुन्छन्, जब तिनीहरू न्याय गर्ने व्यक्तिको अगाडि उपस्थित हुन्छन्, र त्यो विजयीको रिवनलाई घाटीको वरिपरि बेरिन्छ । तिनीहरूले प्रसिद्धी प्राप्त गर्ने कुराको सपना देख्छन्, र तिनीहरूले उनीहरूको संझौता भए अनुसारको पैसा पनि प्राप्त गर्छन् । तिनीहरूको त्यो भीडले उनीहरूलाई ठूलो स्वरकासाथ समर्थन जनाएको पनि आशा राख्छन् ।

तिनीहरूका विचारहरू केन्द्रित हुन्छन् । तिनीहरूले आफ्नो समयलाई वेकारमा वर्वाद गर्दैनन् । यदि तिनीहरू व्यायाम गर्ने खेलमा छन्, भने तिनीहरूले आफ्नो दैनिक कार्यलाई परिस्कृत बनाउँदै लानुपर्छ । यो लक्ष्य प्राप्त गर्ने कार्यमा कुनै पनि पीडा वा चिन्ता आउनुहुँदैन । जीवनका धेरैजसो सामान्य सम्बन्धमा, दोस्रो स्थान लिनुपर्ने हुन्छ । तिनीहरूको दिमागमा एक चिज वा एक मात्र चिजले स्थान लिनुपर्छ,, त्यो हो, स्वर्ण पदक ।

तिनीहरूले उनीहरूका शरीरलाई अनुशासनमा राख्नुपर्छ, र त्यस कार्यको निम्ति अगाडि बढाउनुपर्छ । तिनीहरूलाई मनपर्ने खाना र पेय पदार्थ दिइनुपर्छ, तर तिनीहरूले यो जान्दछन्, कि यदि तिनीहरूले त्यसो गरे भने, तिनीहरूले जित्न सक्दैनन् । तिनीहरूले यस कुराको महसुस गर्छन्, कि तिनीहरू सबै कुरामा संयमी हुनुपर्छ ।

प्रत्येक खेलको यसको आफ्नै भाषा हुन्छ, र खेलाडीहरूले त्यस भाषालाई जान्नुपर्छ । तिनीहरूले आफ्नो शब्दकोषमा नयाँ शब्दहरू थप्ने गर्छन् । तिनीहरूले यसलाई थोरै मुल्य तिर्नेपर्ने भनेर विचार गर्छन् ।

तब हटाउने समय आउँछ । एक-एक गरेर ती व्यक्तिहरूलाई हटाइन्छ, जबसम्म उनले त्यो व्यक्ति वा समूहमा आफैलाई उत्तम खेलाडीको रूपमा प्रमाणित गर्दैनन् ।

## प्रतिस्पर्धा

अन्तमा ओलम्पिक खेलको समय आइपुग्यो । यो खेलको जीवनभरिको नै महत्वपूर्ण क्षण हो, त्यस खेलाडीले त्यस लक्ष्यलाई प्राप्त गर्ने कुरातर्फ अगाडि बढेर कार्य गर्ने, अभ्यास गर्ने, र सपना देख्ने हुनुपर्छ । जसै तिनीहरू र मुख्य

स्थानमा आइपुग्छन्, हामीले तिनीहरूको मुहारमा निश्चित गरेको कुरा देख्छौं । नराम्रो र बिरामीपनको मुहार हुनुहुँदैन । त्यहाँ तिनीहरूसँग भएका कुरा नै तिनीहरूले दिन गइरहेका हुन्छन् ।

प्रत्येक नशाहरू तन्काइन्छन् । हरेक तन्तुहरू चिन्तित अवस्थामा रहन्छन् । तिनीहरू बन्द गरिएको अवस्थामा हुन्छन् । तिनीहरूमा भएका सम्पूर्ण कुराको निर्णयले तिनीहरू सक्षम बन्दछन्, र तिनीहरूले सके जति राम्रो गर्ने प्रयास गर्छन् ।

वास्तवमा, तिनीहरूले त्यस प्रतिष्पर्धाको नियमलाई पनि जान्नुपर्छ । कुनै पनि विचलनले गर्दा नम्बर कम हुने हुन्छ, र पुरस्कार प्राप्त गर्नको निम्ति मुल्य चुकाउनुपर्छ ।

तिनीहरू आफैले अनावश्यक हरेक चिजलाई बञ्चित गर्नुपर्छ । यो ध्यानलाई प्राप्त गरेर लुगा फुकाल्ने समय होइन, वा तिनीहरू आफैले आवश्यक भएका कुरालाई लिने र तिनीहरूको बोझको भारलाई थप्ने गर्नुहुँदैन ।

धेरैजसो खेलमा प्रशस्तै अभ्यासको खाँचो पर्दछ । ती भागहरूले भयानक रूपमा मुक्काले बारम्बार पिट्छन् । तर त्यहाँ पछाडिपट्टी पक्रने भन्ने कुरा हुँदैन । पीडा छैन भने, कुनै पनि उपलब्धि हुँदैन । त्यति ठूलो मुल्य चुकाउनुपर्ने पनि हुँदैन ।

भावनाका समुद्रहरू बग्दछन् । कतिचोटी तिनीहरू जो असफल हुन्छन्, तिनीहरूले तीब्र पीडामा रुँदै भन्दछन् । त्यहाँ यस्तो पनि देखिन्छ कि, बर्षौदेखि गरिएको तयारी केही समयमा नै माटोमा मिलेको हुन्छ । कतिले आशा गरे अनुरुप अर्को मौका पनि हुन सक्छ ।

एकजना युवा व्यायाम गर्ने व्यक्तिले समूहको प्रतिस्पर्धामा जोडतोडका साथ दौडेर गोलीगाठोलाई मर्काइन् । उनले यसलाई स्वयंसेवी तरिकाले गरिन् । र यसले धेरै मुल्य लियो, जब उनले उनको समूहको निम्ति सुनको तक्मा जितिन् ।

ती जित्ने व्यक्तिले विजय उत्सवको अनुभव गरे, जब तिनीहरू राष्ट्रिय धुन बजाउँदाखेरि खडा भए । तिनीहरूले उनीहरूको तक्मा लिएर अगाडि बढे, र त्यो प्रतिज्ञा गरिएको इनाम थियो ।

ती ख्रीष्टियनहरू जसले खेललाई हेर्ने गर्छन्, अनि आत्मिक उपयोगीतालाई हेरेर मद्दत गर्न सक्दैनन् । ती समानताहरू र विपरितताहरूमा बल प्रदान गरिन्छन् ।

परमेश्वरले पनि अति उत्तम प्रतिस्पर्धीलाई हेरिरहनुभएको छ । तरैपनि यो अवस्थामा, असल व्यक्तिहरू त्यस्ता हुन्छन्, जसलाई संसारले छानेको हुन्छ । तिनीहरू त्यस्ता पनि हुन सक्छन्, जसलाई संसारले मूर्ख, कमजोर, आधार हिन, अपहेलित, र कोही पनि होइनन् भनेर विचार गरिरहेको हुन्छ (१ कोरिन्थी १:२७-२८) । तिनीहरू जो परमेश्वरको निम्ति अति उत्तम हुन्छन्, र तिनीहरू नै त्यस्ता हुन्, जसले उहाँको निम्ति तिनीहरूको उत्तम कुरा दिन्छन्, जसले उहाँलाई सबै चिजको योग्य भनेर विचार गर्छन्, र तिनीहरू छन्, र हुन्छन् ।

युवा नै परमेश्वरको आत्मासँगको उत्तम समयमा हुन्छ । यसमा धातु अझसम्म पग्लेको हुन्छ, र अझपनि आकारमा रहन सक्छ । यो नै त्यो समय हो, जब शक्ति अति उच्चमा हुन्छ, र मानसिकताले पनि तिखो रूपमा कार्य गर्दछ ।

ख्रीष्टियनहरूले पनि अभ्यास गर्नुपर्छ । परमेश्वरले हामीलाई पवित्रतापनको अभ्यास गर्न बोलाउनु भएको छ । “उहाँ घोडाहरूको बलमा वा मानिसहरूका खुट्टामा प्रशन्न हुनुहुन्न । तर परमप्रभु उहाँको भय मान्नेहरूसँग, र उहाँको अचूक कृपामाथि भरोसा राख्नेहरूसँग प्रशन्न हुनुहुन्छ” (भजनसंग्रह १४७:१०-११) । हाम्रो अभ्यास भनेको शारीरिक होइन, तर योचाहिँ आत्मिक हो । विश्वासीहरूको निम्ति, “किनभने शारीरिक तालीम केहीसम्म लाभको हुन्छ, तर ईश्वरभक्तिचाहिँ हरप्रकारले लाभदायक हुन्छ, किनकि यसमा वर्तमान् र भक्तिगत जीवन दुवैको निम्ति प्रतिज्ञा रहेको हुन्छ” (१ तिमोथी ४:८) । यसको आशय यस संसारको ध्वनी प्रदुषणबाट आफैलाई बन्द गरेर, परमेश्वरको वचनमा, प्रार्थनामा, भक्तिमा, र अध्ययनमा समय बिताउनु लाभदायक हुन्छ । यसको अर्थ परमेश्वरको वचनको आज्ञाकारीतामा जीउने निरन्तर जीवन हो ।

सायद पावलले सक्कली ओलम्पिक खेलको बारेमा विचार गरिरहेको हुनुपर्छ, त्यसैले उनले यस्तो कुरा लेखे: “के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन्, तर इनामचाहिँ एउटैले मात्र पाउँछ ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड । खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ । तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्छन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं । यसकारण लक्ष्य नराखी म दगुर्दिनँ । हावामा मुक्का हान्नले जस्तो म हान्दिनँ । तर म आफ्नो शरीरलाई कठोरताकासाथ सघाउँछु, र यसलाई वशमा राख्दछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु” (१ कोरिन्थी ९:२४-२७) ।

पावल अनिश्चयतामा नदगुरेको कुरालाई विचार गर्नुहोस् । उनको दिशा निर्दिष्ट थियो । उनले त्यो दृश्यमा लक्ष्य लिए, र यसको निम्ति सिधै दगुरे । उनले हावामा मुक्का हानेनन्, र अप्रभावकारी मुक्का हानेर समय र प्रयास पनि वर्वाद गरेनन् । उनले परमेश्वरको राज्यको निम्ति हरेक क्षणलाई गणना गर्ने बनाउने कोसिस गरे । उनले आफ्नो शरीरलाई अनुशासनमा राखे, र यसलाई यसको अधिनतामा ल्याए । उनले शरीरको निम्ति खानेकुरा जुटाए, यसको भोक र पाचन लाई संतुष्ट पारे, तर उनले के यसो गरेका थिए, र उनी यो ख्रीष्टियन जीवनमा कहिल्यै पनि विजय हुन सक्दैनथे । उनको नराम्रो हार भयो । अरूहरूलाई यस खेलमा बोलाइसकेपछि, उनी आफै अयोग्य हुने कुरामा डराए ।

हाम्रा विचारहरू पनि जोड प्रदान गर्ने हुनुपर्छ । हामीले येशूलाई हेर्नुपर्छ, र जो हाम्रो विश्वासको शुरु र सिद्ध तुल्याउने हुनुहुन्छ (हिब्रू १२:२) । हामी निरन्तररूपमा बाधा ल्याउने कुराहरूको विरुद्धमा रहनुपर्छ । स्पर्जनले भने, “उनी जसले येशू मरेको देखेका छन्, र उनी कहिल्यै पनि खेलौनाको व्यापारमा जाने छैनन् । एकजना बालक, एउटा पाइप, एउटा सानो साबुन, र धेरै राम्रा फोक्काहरू । त्यो क्रूसले मात्र हामीलाई यस्तो खालको खेलबाट छुटकारा दिन सक्छ” ।

हामीले नयाँ भाषा सिक्ने इच्छा गर्नुपर्ने हुन्छ, त्यो स्वर्गको भाषा हो । हामीले हाम्रो शब्द कोषमा नयाँ शब्दहरू थप्नुपर्छ, जस्तैः न्यायीकरण, शुद्धिकरण, पापहरण र महिमितकरण । हामीले यस समयमा आएर विविध देशहरूमा सेवा गर्नको निम्ति विदेशको भाषा पनि सिक्नुपर्ने खाँचो पर्दछ ।

## हटाउने कार्य

तब हटाउने कार्य आउँदछ । अब हुने ख्रीष्टियन खेलकूद संयमी प्रकारले हुनुपर्छ । डा. पावल बेकले उनको आफ्नो सम्बन्धित ज्वाईलाई यसो भने, “जसै तिमी सेवकाइमा प्रवेश गर्नलाई तयार हुँदैछौं, म तिमीलाई केही सल्लाह दिन चाहन्छु । येशूमा साँचो रूपमा रहिरहनु ! हरेक दिन आफ्नो हृदय येशूको नजिकमा राख्नुपर्ने कुरामा निश्चित हुनुहोस् । यो एकदमै लामो बाटो छ, र यहाँबाट तिमी कहाँ जाँदैछौं, र शैतान पनि तिमी जाने ठाउँमा पुग्नको लागि हतार गर्दैछ । धेरै वर्षदेखिको यो मेरो अवलोकन हो, कि तिनीहरू १० जनामध्ये एकजनाले २१ वर्षको उमेरमा परमप्रभुको निम्ति पूर्णकालिन सेवा प्रदान गर्न सुरु गर्दछन्, तिनीहरू ६५

वर्षको उमेरमा पनि सोही मार्गमा हुन्छन् । तिनीहरूलाई नैतिक रूपमा मारिएको हुन्छ, तिनीहरूलाई निरुत्साहपूर्ण तरिकाले मारिएको हुन्छ, तिनीहरूलाई स्वतन्त्र ईश्वरशास्त्रले मारिएको हुन्छ, तिनीहरूलाई पैसा कमाउने कार्यमा दोष लगाइएको हुन्छ, तर एक वा अर्को कारणले गर्दा १० जनामध्ये ९ जना असफल हुन्छन् ।

यूहन्ना घरमा गए, र उनी स्कोफिल्ड बाइबलको अगाडि पुगे, उनले उनको अगाडि देखा परेका र अन्य समकालिन २४ जनाको नाउँ लेखे, जोहरू येशू ख्रीष्ट प्रति समर्पित थिए, र प्रभु येशूको निम्ति पूर्णकालिन सेवा गर्ने समर्पणता देखाए । ३३ वर्ष पछाडि ती लेखिएका २४ जनाको सुरुको नाउँमध्ये तीन जनाको नाउँमात्रै बाँकी रह्यो ।

हवार्ड हेन्डरिकले पूर्णकालिन सेवामा रहेका २४६ जना मानिसको बीचमा सर्बेक्षण गरे, जसले २ वर्षको अवधिमा व्यक्तिगत नैतिकतामा असफल भएको कुराको महसुस गरे । त्यस्तो करिब २ वर्ष १० महिना भएको थियो । तिनीहरूमध्ये हरेक जनाले बलियो रूपमा सुरु गरे । ८० प्रतिशत भन्दा बढी सेवकहरू स्त्रीहरूलाई परामर्श गरेको कारणले व्यभिचारमा फसे । २४६ जना मध्ये प्रत्येक जना यो कुरामा निश्चित भए, कि, “यस्तो कार्य मेरो निम्ति कहिल्यै पनि हुँदैनथ्यो”।

हामी सबैजना ख्रीष्टियन दौडमा आफैलाई बञ्चित गर्नुपर्ने हुन्छ । त्यही नै आशय लिएर हिब्रूका लेखकले भन्दछन्, “...हामीलाई सजिलैसित अल्झाउने पापलाई पन्छाएर हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसँग दौडौं (हिब्रू १२:१ख) । अन्य अनावश्यक झोलाहरू होइनन् । यस जीवनका चिजविजहरूमा हामी अल्झिनु पर्दैन (२ तिमोथी २:४) ।

हाम्रो जीवनमा ख्रीष्ट पहिला हुनुपर्छ । त्यसै कारणले गर्दा पावलले यति धेरै जोड दिएर लेख्दछन्: “भाइ हो, मेरो भन्ने कुरा यही हो, कि समय थोरै छ, र अब उप्रान्त पत्नी हुनेहरू पत्नी नभएकाहरू जस्तै भएर रहून् । किनमेल गर्नेहरू आफूसँग केही थोक नभएजस्तै रहून, र तिनीहरू जसले संसारका थोकहरू उपभोग गर्छन्, तिनमा आफ्नो केही चासो नभएजस्तै गरून्, किनकि संसारको वर्तमान् रूप बितेर जाँदैछ” (१ कोरिन्थी ७:२९-३१) । हामीले प्रशस्तै भावनात्मक कुराहरूको अनुभव गर्छौं । यस नास भइरहेको संसारको लागि र मण्डलीमा आत्मिक अवस्था कमजोर भइरहेको निम्ति आँशु बगाउनुपर्छ । त्यहाँ हाम्रा आफ्नै कमजोरी र असफलताहरूमा आँसु बगाउनु पर्छ । हामी रुँदछौं, जब प्रतिज्ञा

गरिएका चेलाहरू नै पछाडि फर्केर संसारमा जाँदछन्, र त्यहाँ सुसमाचारमा भएको प्रत्येक विजयमा आनन्द हुन्छ, किनकि हरेक विश्वासी परमप्रभुमा विश्वास योग्यताकासाथ जान्छन्, र प्रत्येक प्रार्थनाको उत्तर प्राप्त गर्दछन् ।

ती न्यायधिसहरू बेमामा बस्दछन्, त्यो हो, न्याय गर्ने आशन । उनको हातमा सुनको तक्मा हुन्छ, र त्यो मुकुटजस्तै हुन्छ । यो जीवनको मुकुट र महिमाको मुकुट हुन्छ, र धार्मिकतापनको पनि मुकुट हुन्छ । यी नै नास नहुने इनामहरू हुन् । र त्यहाँ यस जीवनको सम्बन्धमा कुनै पनि घमण्ड हुँदैन, स्वार्थीपन भन्ने पनि हुँदैन । जसै उहाँले त्यो काँटी ठोकिएको हात विजयकर्ताको काँधमा राख्नुहुनेछ, र त्यहाँ एकचिजमात्र गर्नुपर्ने हुन्छ । उहाँको अगाडि घुँडा टेक्नु, र उहाँको गोडामा त्यो मुकुटलाई राखिदिनु । केवल ख्रीष्ट मात्रै योग्यको हुनुहुन्छ !

यदि ख्रीष्टियनहरूले उही खालको चाहना, उही उत्प्रेरणा, उही अनुशासन र उही निश्चयतालाई खेलाडीहरूले जस्तै गरी देखाए भने कस्तो हुन्थ्यो होला ? के हुन्थ्यो होला यदि हाम्रा जवान मानिसहरूले यति धेरै समय वचनमा, प्रार्थनामा र परमप्रभुको सेवाको निम्ति बिताए भने, जसै गरी संसारका अति उत्तम खेलाडीले अभ्यासमा समय बिताउँछन् ?

यो सारा विश्वभरि नै सुसमाचार प्रचार गरिन्थ्यो ।

◈◈◈

# १८ समर्पणता महङ्गो हुन्छ !

जो कोहीलाई आवश्यक हुने समर्पणताको जीवनको वास्तविकता यो हुन्छ, कि जसले उसको जीवनमा उत्तम कुरा प्राप्त गर्ने चाहना राख्दछ । ओलम्पिकमा खेल्ने खेलाडीहरूले मात्र अन्तसम्म अभ्यास गर्ने, निरन्तर तालिम लिने, र विश्वासयोग्यताकासाथ तिनीहरू आफैलाई अनुशासनमा राख्नुपर्ने होइन, तर हरेक क्षेत्रमा प्रयासरत मानिसहरूले तिनीहरूको अति असल कुरा दिनलाई उत्प्रेरित हुनुपर्छ, र धैर्यतापूर्वक रहिरहनुपर्छ । ती तक्मा र रिबनहरू व्यक्त गर्ने आलुको निम्ति होइनन्, वा एक खालको मौरीबाट विस्तारै रगत आउँदछ ।

*ती महान् व्यक्तिहरू पुगेको उचाइ, र उनीहरूले राखेका कुराहरू*
*ती अचानक गरिएको उडानबाट प्राप्त गर्न सकिदैनन्;*
*तर तिनीहरू, जब तिनीहरूका सहकर्मीहरू सुत्छन्,*
*अनि माथिपट्टी रातको पासोमा परिरहेका हुन्थे ।*

*-हेनरी वाड्सवोर्थ लङ्फेलो*

## यो यति धेरै सजिलै देखिने हुन्छ

हामीले संगितकारहरूलाई कार्यक्रममा हेर्छौं, र तिनीहरूको प्रवाहहिन प्रस्तुतीलाई प्रशंसा गर्दछौं । तिनीहरूले गीत गाउँदा र बजाउँदा यस्तो खालको कौशलतालाई प्रस्तुत गर्दछन्, कि यो हामीलाई सजिलो भएजस्तो देखिन्छ । सजिलो रे ? हामीले यो कुरालाई महसुस गर्दैनौं, कि त्यति धेरै वर्षदेखि गरिएको अभ्यासले गर्दा तिनीहरूलाई त्यो क्षमता हासिल गर्ने व्यक्ति बनायो । कसैले प्याडोरोस्की, प्रख्यात पियानो बाधकलाई यसो भनेर सोधे, उनको सफलताको रहस्य के थियो । उनले जवाफ दिए, "त्यो शैलीलाई घण्टौं-घण्टा बसेर, दिन-दिनै बसेर अभ्यास गर्नु, जबसम्म ती विचरा हातहरूमा छाला निस्केर हड्डी मात्रै देखिदैनन्" । अझै पनि उनले यो कार्य गर्न इच्छुक हुन्छन्, र उनले पियानो बाधक भएर प्रसिद्धि प्राप्त गर्न चाहन्छन् ।

मैले कतिचोटी यूहन्ना याकूब अडोबोनको बारेमा विचार गर्ने गर्छु, जो महान् कलाकार र कौशलता प्राप्त व्यक्ति थिए । उनी मध्यरातमा उठ्ने गर्थे, र ती दलदले जमिनमा एक रातपछि अर्को रात जाने गर्थे, ताकि केही रातपछि उनलाई अध्ययन गर्ने बानी बसेको होस् । उनी आफैलाई पुरस्कृत भएको विचार गर्थे, यदि उनी अँध्यारो र कुहिरोमा पनि नहल्लिकनै घण्टौं बस्न सके भने । उनले एउटा एक्लो चराको बारेमा नयाँ वास्तविकता हासिल गर्न खोजे । उनी कुनै एक गर्मीको मौसममा त्यो लज्जालु पानी चरालाई अवलोकन गर्न न्यू ओर्लेन्सको नजिकै भएको दलदले भू-भागमा गए । यसको अर्थ त्यो चराले घाँटीलाई माथि पारेर त्यो दलदले पानीमा उभिरहेको हुन्थ्यो, जबकि, त्यहाँ उसको नजिकै विशालु साँपहरू पौडी खेल्दै आउथे, र ऊ चुपचाप हेरेर बसिरहँदा, गोहीहरू पनि यता उता गरिरहेका हुन्थे । "यस्तो कार्य राम्रो भएन," भनेर उनले भने, उनको मुहार त्यो उत्साहले गर्दा रातो र पीरो भइरहेको थियो, "तर त्यो के हो ? मसँग त्यस चराको तस्बिर छ" । उनले त्यस्तो कार्य चराको तस्बिरको निम्ति गर्दथे ।

प्रख्यात लेखकहरूले यस्तो भन्दछन्, कि तिनीहरूले उत्तम कुरा प्राप्त गरेका छन् । एडवार्ड गिबोनले रोमी साम्राज्यको उत्थान र पतन भन्ने विषयमा लेखेर २६ वर्ष बिताए । जोन मिल्टनले स्वर्गमा हराउनु भन्ने विषयमा कार्य गर्न हरेक दिन बिहान ४ बजे उठे । थोमस ग्रेले उनको गाउँमा रहेको मण्डलीको आँगनमा शोकगीत भन्ने पुस्तकलाई सन् १७४२ मा सुरु गरे, तर सन् १७५० को जुन महिनासम्म पनि पूरा गर्न सकेनन् । अरनेष्ट अमिङ्गवेले यसो भने, कि उनले हरेक दिन सबै चिजलाई पढ्न र सम्पादन गर्न सुरु गरे, र उनले त्यो बिन्दुबाट लेख्न सुरु गरे, जहाँ उनले छोडेका हुन्थे । "त्यसै प्रकारले म त्यस पुस्तकमा सयौं चोटी भएर जाने गर्थे, र जबसम्म यसलाई साँढे जुधाइको तरवारलाई धार लगाएर यसको किनारासम्म पुग्दैन । मैले त्यो विदाइको अन्तमा हातहतियारको ३९ पटक यसको हस्तलेखनमा र यसको सम्पादनमा ३० पटक भन्दा बढी गरे, र मैले यसलाई ठीक प्रकारले प्राप्त गर्न कोसिस गरें । यी मानिसहरूले यस्ता खालका सामर्थ्य, चाहना र समर्पणतामा इच्छुक थिए, र जसमा तिनीहरूले त्यसलाई योग्य कारण भनेर विचार गरे ।

त्यति धेरै व्यापारी र व्यवसायिक मानिसहरूले बनाएका बलिदानहरूलाई विचार गर्नुहोस् । परिवार भन्दा टाढा गएर बस्ने कार्यलाई विस्तार गरियो । त्यहाँ यात्रा गर्ने असुविधा हुन्थ्यो । त्यहाँ गएर घुलमिल गर्ने कुराको कमी

हुन्थ्यो । होटलका कोठाहरूमा एक्लोपन महसुस हुन्थ्यो, र त्यहाँ विदेशी भाषाहरू बोलिन्थ्यो । त्यहाँ विपरित मौसम र अनौठा खालका खानाहरू हुन्थे । तिनीहरू पैसाको निम्ति यसो गर्न इच्छुक हुन्थे ।

## रगत, पसिना र आँसुहरू

समर्पणता त्यो हो, जसमा अनुसन्धानका कुराहरू बनाइन्छन् । अन्टार्टिकाका अरनेष्ट सेक्लेटनले लण्डनको एउटा पत्रिकामा उनको प्रसिद्धिलाई यसरी राखेका थिए:

> मानिसले थुप्रै यात्रा गर्ने चाहना राख्दछ, र यसको ज्याला थोरैमात्र हुँदछ, अनि अत्यधिक जाडो हुँदछ । धेरै महिनाहरू पूर्ण अन्धकारमा नै बित्छन् । सुरक्षित फर्कने कुरालाई शंका नै गर्नुपर्ने हुन्छ । सफलता सम्मान र पहिचानमा गरिन्छ ।

सेनाका कप्तानहरूले डरछेरुवा सिपाहीहरूको चाहना गर्दैनन्, जो पहिलो पटक रगत देख्दा बेहोस हुन्छन् । रोममा रहेको सन्त पत्रुसको गिर्जाघरको खुडकिलामा उभिरहँदाखेरि उनको वरिपरि जम्मा भएका मानिसलाई गारिबाल्दिले यसो भने, “मैले तिम्रो लागि नत तिर्न नत व्यवस्था गर्न नै सक्छु । मैले तिम्रो निम्ति भोक, प्यास, जोड दिइएका परेडहरू, युद्धहरू र मृत्युलाई प्रदान गर्दछु । तिनी जसले आफ्नो राष्ट्रलाई हदयदेखि नै प्रेम गर्छन्, र उनको ओठले मात्र मलाई पछ्याउने गर्दैनन्” । के हामीले प्रभु येशू ख्रीष्टलाई कम मात्रै प्रदान गर्ने साहस गरेका छौं ?

जब एकजना गल्फ खेलाडीले बेब डिडरिक्सन जाहारियासलाई सोधे, कि कसरी उनको हनाइ सिद्ध हुनसक्छ, तब उनी हाँसिन् । “सामान्य,” कुरा, उनले भनिन्, “पहिला तिमीले १,००० पटक गल्फको बललाई हान् । तिनीले तिम्रो हातमा रगत नबगेसम्म हानिरह, र त्यसपछि तिमीले त्यो भन्दा बढी हान्न सक्दैनौं । अर्को दिन फेरी सोही प्रकारले सुरु गर, र सोही प्रकारले अर्को दिन, र अर्को दिन पनि गर्ने गर । सायद १ वर्ष पछाडि, तिमी १८ वटा प्यालमा खेल्नलाई तयार हुनेछौं । त्यसपछाडि तिमीले हरेक दिन खेल्ने गर, जबसम्म त्यो अन्तिम समय आइपुग्दैन, अनि तिनीले के गरिरहेका छौं भन्ने कुरा तिमीले जान्दछौं, तव तिमीले बललाई हिर्काइरहेका हुनेछौं” ।

नायक र नायीकाले तिनीहरूले बताउनुपर्ने हरफहरू कण्ठ गर्न पर्याप्त समर्पणताको खाँचो पर्दछ, तब हरेक क्षणमा उनीहरूको सुटिङ्गको कार्य अगाडि बढ्दछ, र उनीहरूले दिएको सुर परिवर्तन ठीक हुँदछ । भूगर्भशास्त्रीहरूले प्रचण्ड सूर्यको प्रकाशको निम्ति हप्तौं लगाएर केही कुराको अनुसन्धान गर्दछन् । ती अनुसन्धानमा संलग्न भएकाहरूले समय र तिथि मितिलाई विर्सन्छन्, जसै तिनीहरूले केही नयाँ बैज्ञानिक कार्यद्वारा बल प्रदान गर्दछन्, र त्यो सूची अगाडि बढेर जाँदछ ।

## हाम्रो बारेमा के कुरा छ ?

यी सबैले हामीहरूको निम्ति बाधा ल्याउने समस्याहरू उठाउँदछन्, जोहरू येशू ख्रीष्टको कलवरीलाई पछ्याउनेहरू हुन् । हामीसँग पछ्याउनुपर्ने महान् कप्तान हुनुहुन्छ । हामीसँग त्यो घोषणा गर्नुपर्ने सबभन्दा ठूलो सन्देश छ, र सबभन्दा ठूलो कारण छ, जसको निम्ति जीउनु र मर्नुपर्ने हुन्छ । यदि महिला र पुरुष तिनीहरूको आफ्नै पहिचान, सम्मान, आर्थिक पहिचान राष्ट्रको लागि प्रेम र सफलतामा जल्ने हो भने, कसरी कति धेरै उहाँलाई हाम्रो सबै थोक दिन इच्छुक हुनुपर्ने हुन्छ ?

समर्पणता र नेतृत्वपन भन्ने डऊलास हाइडको पुस्तकमा उनले कम्युनिष्ट र ख्रीष्टियनहरू बीचमा फरक कुरा देखाएका छन्:

> त्यहाँ ख्रीष्टियनको निम्ति त्यसमा हुने मुख्य दुखान्तको तत्व हुन्छ, र ती मानिसहरूमा भएको संभाव्यतामा यस्ता कारणको निम्ति शक्ति, चाहना र समर्पणता दिनुपर्छ, जबकि तिनीहरू जसले विश्वास गरेका छन्, र यस धर्तीमा हुने कारणमा उत्तम कुरा प्रदान गर्दछन्, र कतिचोटी यसमा थोरैमात्र दिने गर्दछन् । अनि तिनीहरूका अगुवाहरू एकदमै थोरै कुराभन्दा बढी माग्नलाई यति धेरै डराएका हुन्छन् ।
>
> ख्रीष्टियनहरूले यसो भन्न सक्छन्, कि कम्युनिष्टहरूको यस धर्तीमा एकदमै कमजोर लेखिएको कुरा छ । तर तिनीहरूले प्रशंसा गर्नुपर्ने कुरा यो हो, कि कम्युनिष्टहरू घरको माथिबाट चिच्याउने गर्छन्, जबकि तिनीहरू कतिले धेरैचोटी यसमा विश्वास गर्दा तिनीहरूमा उत्तम कुरा हुन्छ, र तिनीहरू यसमा बोल्दाखेरि दबेको आवाजमा बोल्दछन् ।

हारबेष्टरको पत्रिकाले पनि त्यही खालको अस्थिरतालाई इङ्गिक गरेको छः

> हामीहरूमध्ये धेरै जनाले प्रभु येशू ख्रीष्टलाई प्रेम गर्ने घोषणा गरेका छौं, र उहाँलाई सेवा गर्ने चाहनामा लज्जित पार्ने अवस्थामा राखिएको छ, जब "यस संसारका समर्पित मानिसहरूलाई" तुलना गरिन्छ । यसैले धेरै मानिसहरूले ख्रीष्टियन सेवाको निम्ति आधा हृदय भएको अवस्थामा कार्य गर्दछन् । तिनीहरूलाई कार्य गर्ने कुरामा पूरा गरिन्छ, तर त्यो तयारी अवस्थामा थोरै मात्र प्रयास भएजस्तो देखिन्छ वा तिनीहरूले त्यस्तो कार्य गर्दा आनन्द प्राप्त गर्दछन् । एकजना बाल स्कुलका शिक्षक यसद्वारा भएर जाँदछन्, तर केही समयको अध्ययन र प्रार्थना हुँदछ, र तव तिनीहरू किन थोरैमात्र फल आयो भनेर अचम्ममा पर्दछन् । एकजना प्रचारकले पुरानो वचनको निम्ति बन्दुकको नालमा खोजी गर्दछन्, र यसलाई अर्को आइतबार प्रचार गर्नुपर्ला भनेर विचार गर्दछन् । केही सम्प्रदायहरूले कुनै घटनाको बारेमा सम्भना गरेदेखि र उनका दर्शकहरू उत्तेजित नभएदेखि उनी अचम्ममा पर्दछन् । हामीमध्ये धेरै जना प्रार्थना गर्नुपर्ने कुरामा असफल हुन्छौं,
>
> किनकि प्रार्थना गर्नुचाहिँ कडा परिश्रम हो, र तब हामीले अलमल्ल परेको अवस्थाको सामना गर्दछौं, कि हामीले हाम्रा प्रार्थनाको उत्तरलाई देख्न सक्दैनौं । आत्मिक अल्छिपना धेरै आत्मिक सुख्खापनले गर्दा हुने गर्दछ ।

◈◈◈

# १९ परमेश्वरले अति उत्तम कुराको चाहना गर्नुहुने

एउटा सुनौलो धागो बाइबलद्वारा भएर जाँदछ, र एउटा सत्यता त्यो इसारा गरिएको वचनमा बारम्बार देखा पर्दछ । यसमा आएको सत्यता यो हो, कि परमेश्वरले पहिलोको चाहना गर्नुहुन्छ, र उहाँले अति उत्तम कुराको पनि चाहना राख्नुहुन्छ । उहाँले हाम्रो जीवनमा पहिलो स्थान दिएको चाहना गर्नुहुन्छ, र उहाँले हामीले प्रदान गर्न सक्ने उत्तम कुराको चाहना गर्नुहुन्छ ।

## दोषरहित

जब परमप्रभुले निस्तार चाडको स्थापना गर्नुभयो, तब उहाँले इस्राएलका मानिसहरूलाई खोटरहितको थुमा ल्याउनलाई भन्नुभयो (प्रस्थान १२:५) । तिनीहरूले उहाँलाई यस्ता कुनै पनि खालका जनावरको बलि चढाउनुपर्दैनथ्यो, जो लङ्गडा, अन्धा, खोट लागेका वा दोष लागेका हुन्थे (व्यवस्था १५:२१, १७:१) । त्यस्ता जनावरलाई घृणा गरिन्थ्यो ।

अब यो कुरा स्पष्ट हुनुपर्दथ्यो, कि परमेश्वरलाई मानिसले उहाँलाई चढाउनुपर्ने कुनै पनि जनावरको आवश्यकता नै पर्दैनथ्यो । जङ्गलमा रहेका जनावरहरू जति सबै उहाँका हुन्थे, र पर्वतका हजारौं गाइवस्तु पनि उहाँका हुन्थे (भजनसंग्रह ५०:१०) । किन तब उहाँलाई खोटरहित जनावर मात्रै चढाउनुपर्ने आवश्यकता पर्दथ्यो त ? उहाँले यस्तो कार्य उहाँको भलाईको लागि मात्र नभएर हाम्रो आफ्नै भलाईको लागि पनि गर्नुभयो । उहाँले आफ्ना मानिसहरूलाई कमसेकम एउटा आधार भूत सत्यतालाई सिकाउन, एउटा पाठ सिकाउने उद्देश्यले यस्तो कार्य गर्नुभयो । अनि तिनीहरूले आनन्द र सन्तुष्टि प्राप्त गर्न सक्थे, र तिनीहरूको जीवनमा उहाँलाई उचित स्थान दिएर पूर्णता प्राप्त गर्न सकिन्थ्यो ।

## पहिला जन्मेको

प्रस्थान १३:२ मा, परमेश्‍वरले उहाँका मानिसहरूलाई तिनीहरूका पहिला जन्मेका छोराहरूलाई र जनावरहरूलाई पनि अलग्गै राख्नलाई भन्नुभयो । "इस्राएलीहरूमध्येका मानिस र पशुका गर्भका प्रथम फल, अर्थात् पहिले जन्मेका सबै नरहरूलाई मेरो निम्ति अर्पण गर्" । पहिला जन्मेकाले यस कुरालाई बताउँदछ, कि जुनचाहिँ उत्तम तहमा रहन्छ, र उच्च तहमा नै अनुमान गरिन्छ । यसैले याकूबले रूबेनको बारेमा बताए, र उनका पहिला जन्मेकाहरूमध्ये, "रूबेन, तँ मेरो जेठो छोरो होस्, मेरो शक्ति र मेरो बलको पहिलो फल, गौरब र शक्तिमा सर्वप्रमुख" (उत्पत्ति ४९:३) । प्रभु येशूलाई पनि "सृष्टिमा पहिले जन्मेको" भनिएको छ (हिब्रू १२:२३), यो भावनामा उहाँ अति नै उत्तम हुनुहुन्छ र उहाँले सबै सृष्टिमाथि सबभन्दा उच्च सम्मानको स्थान लिनुहुन्छ ।

तिनीहरूमध्ये कति जनालाई उहाँका मानिसहरूमध्ये पहिला जन्मेका छोराहरूलाई शुद्ध बनाउन भनेर परमेश्‍वरले तिनीहरूको अति चेतनशील नसामा छुनुभएको थियो, किनकि प्राचीन पुर्खाको संस्कारमा पनि बाबुआमाले विशेष प्रेम देखाएका हुन्थे । यी सबै नै तिनीहरूले भनेको कुरा सिकाउनको लागि र त्यसको प्रभावको बारेमा आयोजना गरिन्थ्यो ।

*मैले जानकारीमा प्राप्त गरेको सबभन्दा प्रेमिलो वस्तु,*
*त्यो वस्तु जे सुकै भए तापनि,*
*यसले मलाई सिंहासनदेखि नै त्यागनलाई सहायता गरोस्,*
*र तपाईंलाई मात्रै आराधना पुगेको होस् ।*

*- एनोन*

## पहिलो फल

अर्को कुरा, परमेश्‍वरले किसानहरूले जमिनबाट परमप्रभुको घरानाको निम्ति पहिलो फललाई ल्याउन निर्देशन दिनुभयो (प्रस्थान २३:१९) । जब त्यो फल पाक्न सुरु गऱ्यो, तब ती किसानहरू त्यस जमिनबाट बाहिर जानुपर्थ्यो, र त्यहाँ पाकेको पहिलो फललाई हत्केलाभरि ल्याउनुपर्थ्यो, र परमप्रभुलाई बलिको रूपमा प्रदान गर्नुपर्थ्यो । यो पहिलो फलको मुठ्ठोले परमप्रभुलाई कटनी गरेको चिज पनि दिने कुरालाई प्रकट गर्दछ, र यो कुराको पनि अनुरोध गर्दछ, कि उहाँले यसबाट पाइने आफ्नो भागलाई प्राप्त गर्नुहुन्थ्यो । फेरी यो कुरा पनि स्पष्ट छ,

कि परमप्रभुलाई कुनै पनि अन्नको खाँचो पर्दैनथ्यो, तर मानिसलाई निरन्तर यो कुराको याद दिलाउनु पर्दथ्यो, कि परमप्रभु पहिलो र उत्तम कुराको योग्य हुनुहुन्थ्यो ।

जब बलि चढाउने जनावरलाई मार्ने गरिन्थ्यो, र कहिलेकाहीँ ती पूजाहारीहरूलाई केही भाग लिने अनुमति दिइन्थ्यो, र ती चढाउनेहरूलाई अन्य भागहरू खानलाई अनुमति दिइन्थ्यो, तर बोसोचाहिँ सधैँ नै परमप्रभुलाई चढाउने गरिन्थ्यो (लेवी ३:१६) । त्यो बोसोचाहिँ जनावरको अति उत्तम भाग, र सम्पन्नतामा विचार गरिन्थ्यो, त्यसकारण यो उहाँमा सम्बन्धित हुन्थ्यो । केही चिज नभएर अति असल कुरा उत्तम हुन्थ्यो ।

परमप्रभुको केही दयापूर्ण नियमहरू उहाँका मानिसहरूको स्वास्थ्यमा सुरक्षा प्रदान गर्न आयोजना गरिएका हुन्थे । उदाहरणको लागि, यहाँ मानिसहरूलाई बोसो खान निषेध गर्नाले त्यसबाट लाग्ने रोगबाट बचाइन्थ्यो, र अत्याधिक मात्रामा रसायन पैदा गर्ने कारक भनेर विचार गरिन्थ्यो । तर यस नियमको आधारभूत चाहनामा मानिसहरूले परमप्रभुलाई उत्तम कुरा प्रदान गर्नु थियो ।

## पहिले मुछेको पीठो

परमप्रभुलाई पहिलो स्थानमा राख्ने बाध्यतामा जीवनको प्रत्येक क्षेत्र विस्तारित हुनुपर्छ, र यो आराधना गर्ने स्थान मात्र नभएर, यो पकाउने स्थान पनि हुनुपर्छ । परमेश्वरका मानिसहरूलाई पहिले मुछेको पीठोको बलिको निम्ति केक चढाउनलाई निर्देशन दिइएको थियो: "तिमीहरूका आउने पुस्तौंसम्म तिमीहरूले पहिलो पीठोबाट परमप्रभुको निम्ति बलि चढाउनू" (गन्ती १५:२१) । त्यस पीठोलाई मिसाउँदाखेरि सांसारिक कार्यजस्तै देखिन्छ, र त्यो जुनचाहिँ विशेष आत्मिकजस्तो पनि हुँदैन । तर परमप्रभुलाई पहिलो पीठो चढाउँदाखेरि एकजना परमेश्वरीय यहूदीले यो कुरालाई स्वीकार गरिरहेका हुन्छन्, कि उनको सम्पूर्ण जीवनमा परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ । यो पनि सांसारिक र पवित्रताको बीचमा हुने कुनै पनि फरकपनलाई स्वीकार गर्नुजस्तै थियो । जब परमेश्वरलाई पीठो खाँचो नभएको कुराको प्रमाण हुन्थ्यो, तब परमप्रभुलाई मानिसले दैनिक रोटी प्रदान गर्ने रूपमा आभार व्यक्त गर्दथे ।

हामीले यस सिद्धान्तलाई लेवीहरूले दिने निर्देशनको रेखामा राख्ने गर्दथ्यौं: "तिमीहरूले पाएकाबाट सबैभन्दा असल र पवित्र भागचाहिँ बलि स्वरुप

परमप्रभुलाई चढाउनू" (गन्ती १८:२९) । हामी सबैजना हामीले आराधना गर्ने व्यक्ति भएदेखि, यो आज्ञार्थक हुन्छ, कि हामी परमप्रभुलाई उचित प्रकारले प्रशंसा गर्नमा आनन्द मनाउँछौं । परमप्रभु प्रति गरिएका साना-तिना बिचारहरू नासवान छन् । हामी केवल सृष्टिकर्ताहरूले सृष्टिकर्तालाई स्थान दिन्छौं । उहाँले प्राप्त गरेका चाहनालाई हामीले शरीर, रगत र प्राप्त गर्ने प्रतिष्ठाभन्दा माथि उठाउँछौं, जसको निम्ति नै हामी आयोजना गरिएका थियौं ।

यसरी हामीले यस सुनौला धागोलाई पुरानो करारबाट भएर पछ्याउँछौं भने, हामीले पाठमा कार्य गरेको पनि देख्दछौं, जब एलियाले सारपत भन्ने स्थानमा एकदमै गरिब विधवालाई भेटे (१ राजा १७:७-२४) । उनले ती महिलासँग पानी पिउने र केही खाने कुरा मागे । उनले उनीसँग एक मुठ्ठी पीठो र थोरै तेलमात्र भएको कुरा बताइन, र त्यो उनीहरू भोकले मर्नुभन्दा अगाडि उनको छोरा र आफ्नै निम्ति एकचोटी खाना बनाउन पुग्थ्यो ।

"चिन्तित नबन," भनेर ती अगमवक्ताले भने, "पहिला मेरो निम्ति केही रोटी बनाइदेऊ, तब बाँकी रहेकोचाहिँ आफू र छोराको निम्ति तयार गर" ।

त्यो एकदमै झड्कालाग्ने खालको स्वार्थी अनुरोध थियो, होइन त ? यो यस्तो कुरा पनि देखिन्थ्यो, कि ती अगमवक्ताले भनेको तरिका नै गल्ती थियो । "पहिला मेरो सेवा गर," भन्नुको अर्थमा मानिसहरूलाई त्यति साह्रो शिष्टाचारको व्यवहार नगरेजस्तो देखिन्छ ।

तर हामीले बुझ्नुपर्ने कुरा यो हो, कि एलिया परमेश्वरका प्रतिनिधि थिए । उनी त्यहाँ परमेश्वरको स्थानमा उभिरहेका थिए । उनी स्वार्थीपना वा अभद्रपनाको दोषी पनि थिएनन् । उनले भनेको कुरा यो थियो कि, हेर म परमेश्वरको अगमवक्ता हुँ । पहिलो मेरो सेवा गर्नको लागि, तिमीले परमप्रभुलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ, र जबसम्म तिमीले त्यसो गर्दछौं, तब तिम्रो जीवनमा कुनै पनि कुराको खाँचो हुँदैन । तिम्रो पीठो राख्ने भाँडा कहिल्यै पनि रित्तिदैन, र तिम्रो जैतुनको तेल राखेको भाँडा पनि कहिल्यै रित्तिदैन" र त्यहि नै कुरा उनको जीवनमा पनि भयो ।

सोलोमनले अति परिचित शब्दहरूमा परमेश्वरको दावीलाई हाम्रो जीवनमा लागु गरे, "आफ्ना धनसम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर" (हितोपदेश ३:९) । त्यसको अर्थ हामीले हरेकचोटी तिर्नको लागि

उठाउने गर्छौं, र हामी यो कुरामा निश्चित हुनुपर्छ, कि परमप्रभु उहाँको भाग प्राप्त गर्ने पहिलो व्यक्ति हुनुहुन्छ ।

## पहिला, परमेश्वरको राज्य

नयाँ करारमा आउँदाखेरि हामीले प्रभु येशूले यो कुरालाई जोड दिएको देख्दछौं, कि परमेश्वरको पहिलो स्थान हुनुपर्छ । "तर पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, र त्यो सबै थोक तिमीहरूका निम्ति थपिनेछ" (मत्ती ६:३३) । एलियाले यो उही सत्यता ती विधवालाई बताए: तिनीहरू जसले परमप्रभुलाई तिनीहरूको जीवनको सर्बोच्च स्थान दिँदछन्, र कहिल्यै पनि जीवनमा चाहिने आधारभूत आवश्यकीय कुराको बारेमा चिन्तित हुनुपर्नेछैन ।

सायद हामी परमप्रभुको प्रार्थनामा अति नै परिचित भएका हुन्छौं (मत्ती ६:९-१३), ताकि हामीले यसमा रहेको क्रमको महत्वलाई गुमाउँदछौं । यसले पनि हामीलाई परमप्रभुलाई पहिलो स्थान दिने बारेमा सिकाउँदछ ("हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र गरियोस्") र उहाँको चाहना ("तपाईंको राज्य आओस्, तपाईंले स्वर्गमा गरेजस्तै यस पृथ्वीमा पनि पूरा होस्") । अगाडि नभएर तबमात्रै, हाम्रा व्यक्तिगत दोहोऱ्याउने कुरालाई आमन्त्रण गरिएका छन् ("हाम्रो यस दिनको दैनिक भोजन हामीलाई दिनुहोस्" आदि) ।

यसरी परमेश्वर पितालाई सर्बोच्चको पहिलो स्थान दिनुपर्ने हुन्छ, त्यसरी नै प्रभु येशूलाई पनि दिनुपर्छ, जो सर्बोच्च परमेश्वरका हकवाला हुनुहुन्छ । यसैले हामीले यसलाई पढ्दछौ । ".. ताकि उहाँ प्रत्येक कुरामाथि सर्बोच्च होऊन" (कलस्सी १:१८) ।

मुक्तिदाताले यस कुरालाई जोड दिनुभयो, कि उहाँले आफ्ना मानिसहरूलाई गरेको प्रेम अति नै महान् हुनुपर्छ, कि अरूलाई तुलना गर्दा ती सबै प्रेमहरू घृणा गर्न योग्य हुन्छन् । "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी र छोराछोरीहरू, र दाजुभाइ, दिदीबहिनीहरूलाई र आफ्नो प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन" (लूका १४:२६) । हाम्रो जीवनमा येशूलाई पहिलो स्थान दिनुपर्छ ।

## दोषी बलिदानहरू

अब परमेश्वरले पछुताऊ गर्ने तरिकाले सधैँ उहाँका मानिसहरूबाट पहिलो र उत्तम कुरा प्राप्त गर्ने चाहना गर्नुहुन्न । मलाकीको समयमा जब परमप्रभुलाई

बलि चढाउने बेला आयो, तब एकजना किसानले सन्तान जन्माउन वा बिक्रि गर्नको लागि अति उत्तम जनावर राखे, र फ्यालिनेचाहिँलाई परमप्रभुलाई दिए । उनले यो कुरा पनि भनिरहेका थिए, कि कुनै पनि चिज परमप्रभुको लागि कामलाग्ने हुन्छ । पहिला बजारमा भएको फाइदा लिउँ । त्यसै कारणले गर्दा मलाकीले गर्जन गरे, "तब तिमीहरूले अन्धा पशुहरू बलिदान चढाउन ल्याउँछौं, तब के त्यो भूल कुरो होइन र ? ती तिमीहरूका राज्यपाललाई चढाउन कोसिस गर । के तिनी तिमीहरूदेखि खुशी हुनेछन् ? के तिनले त्यो ग्रहण गर्नेछन् ?" (मलाकी १:८) ।

एकजना ख्रीष्टियन आमाले भान्सामा मन लगाएर काम गरिरहेकी थिइन, जब एकजना प्रचारकले त्यो बस्ने कोठामा उनको छोरालाई भेटिरहेका थिए । ती प्रचारकले त्यस युवा व्यक्तिको क्षमताको निम्ति त्यो एउटा सुनौलो अवसर हो भनेर सम्झाइरहेका थिए । तब त्यो एउटा अनौठो आवाज भान्साबाट आयो, "मेरो छोरासँग त्यस्तो प्रकारले कुराकानी नगर्नुहोस् । मैले उसको निम्ति योजना गरेको कुरा त्यो होइन" । एकदिनको बेलुकी एकजना ख्रीष्टियन व्यापारी मानिसले उनको छोराको निम्ति उनको लक्ष्यलाई थोपरिरहेका थिए: एकजना सहकर्मी बन्ने मौका, त्यो व्यवसायमा हुने प्रतिष्ठित मौका, र आरामदायी कामबाट बिदा लिने कुरा थियो । उनका छोरा ती कुराहरू प्रति इच्छुक थिएनन् । उनले उनको जीवनलाई परमप्रभुको सेवामा बिताउन चाहन्थे । तिनीहरूले रातभरि नै कुराकानी गरे, तर केही कुरा पनि प्राप्त गर्न सकेनन् । अन्तमा, उनका छोराले भने, "हे बुबा, के तपाईंले मलाई परमप्रभुको निम्ति केही कार्य गर्नलाई जान दिनुहुन्छ वा दिनुहुन्न ?" पछिबाट मेरो बुबाले मलाई यसो भन्नुभयो, "त्यो नै सबै तर्कबितर्कको अन्त भएको थियो" ।

खुशी प्रकारले भन्दाखेरि, स्पर्जनले उनको छोरालाई भने, "मेरो छोरा, यदि परमप्रभुले तिमीलाई मिसनको क्षेत्रमा बोलाउनुहुन्थ्यो भने, मैले तिमीलाई मन पराएर हेर्ने गर्नुपर्दैन, र राजातर्फ पनि धकेल्नु पर्दैन" ।

## हाम्रो बारेमा के हुन्छ त ?

आज के त ? कसरी हामीले परमप्रभुलाई अति उत्तम र अति राम्रो कुरा दिन सक्छौं ? कसरी हामीले यो सिद्धान्तलाई हाम्रो आफ्नै जीवनको व्यवहारिक कुरा बनाउन सक्छौं ?

हामीले हाम्रो यो रोजगारीलाई तिनीहरूमा आज्ञाकारी भएर गर्न सक्छौं, कि जो हामीसंग छन्, र मानिसहरूको लागि नभएर परमप्रभुको लागि हृदयदेखि नै कार्य गर्दछन्, र यो प्रभु येशूको निम्ति हो भनेर बुझ्दछन्, र यो कुराको महसुस गर्दछन्, कि यो कार्य प्रभु येशूको लागि हो, जसको लागि हामीले सेवा गर्दछौं (कलस्सी ३:२२-२४) । यदि त्यो कार्य गर्ने दावीको प्राथमिकतामा येशू ख्रीष्टको दावीलाई माग गर्ने हो भने, हामीले तिनीहरूलाई त्यो असरमा भन्नलाई तयारी गर्नुपर्छ, "यति धेरै टाढा तपाईं आउनुपर्ने हुन्छ, तर त्यतिधेरै टाढा होइन, र यहाँ तपाईं त्यति धेरै घमण्डी भएर ती छालहरूलाई रोक्नुपर्दछ"। हामीले कहिल्यै पनि सहयोगीको निम्ति गर्नुभन्दा बरु मुक्तिदाताको निम्ति अझ बढी गर्नलाई इच्छुक हुनुपर्छ ।

हामीले यसलाई विश्वासयोग्यकासाथ पारिवारिक वेदी बनाएर हाम्रो घरमा गर्न सक्छौं, जुन समयमा हामीले सँगसँगै बाइबल पढेर प्रार्थना गर्न सक्छौं । हो, हामीले यसलाई परमप्रभुको निम्ति छोराछोरी हुर्काएर गर्न सक्छौं, कि संसारको लागि नभएर, अनि यो स्वर्गको निम्ति हुन्छ, र नर्कको निम्ति हुँदैन ।

*तपाईंले हाम्रो निम्ति छोराहरू दिनुहोस्,*
*जसले महिमित सन्देशलाई लिन सक्छन्,*
*तपाईंको धन-सम्पत्ति पनि हामीलाई दिनुहोस्,*
*जसले तिनीहरूको मार्गलाई अगाडि बढाउँदछ,*
*तिनीहरूको निम्ति आफ्नो आत्मालाई प्रार्थनामा विजयीकासाथ खन्याउनुहोस्,*
*र तिनीहरू सबैको येशूले तिरिदिनुहुन्छ भनेर खर्च गर्नेछन् ।*

*- म्यारी ए. थोम्पसन*

हामीले यसलाई हाम्रो स्थानीय संगतिमा विश्वासयोग्य सहभागीता देखाएर गर्न सक्छौं, र जागरुक सहभागीता पनि देखाउन सक्छौं । जर्ज म्यालोनले एकजना एल्डरलाई यसो भन्दछन्, कि जो राष्ट्रपतिले दिने खानाको निमन्त्रणामा उनी बस्ने घर ह्वाइट हाउसमा फर्के, किनकि उनको त्यो पदीय जिम्मेवारीले त्यो रात उनलाई स्वतन्त्र तुल्याउन सकेन । माइकल फाराडेले चुम्बकको स्वभाव र प्रकृतिको बारेमा एकदमै राम्रो व्याख्या दिइसकेपछि, ती दर्शकले ती विश्वासी समुदायलाई एउटा आभार प्रकट गर्ने औपचारिक कुराको प्रस्ताब गरे । तर फाराडे त्यसलाई ग्रहण गर्न त्यहाँ थिएनन् । उनी हप्ताको मध्यतिर हुने सभामा प्रार्थना गर्नको लागि मण्डलीतिर गइसकेका थिए, र त्यो एउटा त्यस्तो मण्डली

थियो, जसमा कहिल्यै पनि २० जनाभन्दा बढी सदस्यहरू हुँदैनथे ।

हामीले परमेश्वरलाई हाम्रा भौतिक चिजविजको भण्डारेपनको पहिलो स्थानमा राख्न सक्छौं । हामीले यी चिजविजहरू सामान्य जीवनशैली अंगालेर गर्न सक्छौं, ताकि जति पनि बचेका कुराहरू परमेश्वरको काममा जान सक्छन् । हामीले तिनीहरू जसको आत्मिक र शारीरिक खाँचोहरू हुन्छन्, त्यसलाई बताएर हामीले यसो गर्न सक्छौं । छोटकरीमा भन्नुपर्दा हामीले परमेश्वर र यसको अनन्तताको निम्ति यसलाई लागु गरेर गर्न सक्छौं ।

तर सबभन्दा ठूलो उपाय हामीले पहिला परमेश्वरलाई दिन सक्छौं, र हामीले हाम्रो जीवनलाई उहाँमा अर्पण गर्छौं, र हामीले उहाँको निम्ति आफैलाई समर्पणता देखाउँदछौं, र यो कार्य मुक्तिको लागि मात्र नभएर सेवाको लागि पनि हुन्छ । त्यो भन्दा कमको कुनै पनि चिज पर्याप्त हुँदैन, जब हामीले उहाँले हाम्रो निम्ति सबै चिज गरिदिनुभयो भनेर विचार गर्न सक्छौं ।

*हे ख्रीष्ट, तपाईंको रगत बगिरहेका हात र पाउँहरू,*
*तपाईंले मेरो निम्ति बलिदान गर्नुभयो,*
*प्रत्येक घाऊ र प्रत्येक आँसुले मेरो जीवनमो माग गर्दछ,*
*तपाईंको निम्ति एउटा बलिदान ।*

- *जे. सिड्लो बक्सर*

◈◈◈

# २० हाम्रो समर्पणतालाई के कुराले बाधा दिंदछ ?

समर्पणताको तर्क हटाउन नसकिने हुन्छ। येशूले क्रूसमा मर्नलाई दिनुभएको शरिरलाई विचार गर्नुहोस्।

- उहाँ तपाईं र मेरो सट्टामा मर्नुभयो।
- उहाँले आफैलाई बलिदान गरेर पापहरूलाई दूर गरिदिनुभयो।
- परमेश्वर पिताले उहाँको अलौकिक पुत्रमाथि हाम्रा पापहरू राखिदिनुभयो, र उहाँले त्यसको ज्याला पनि तिरिदिनुभयो।
- उहाँले हामीलाई पापको अवस्थाबाट किनेर फिर्ता ल्याउन उहाँको रगत पनि बहाउनुभयो।
- त्यो वास्तविकतामा जोड दिनु असम्भव नै छ, कि यसमा परमेश्वर मानिस हुनुभयो, जो त्यहाँ हाम्रो निम्ति मर्नुभयो, ताकि हामीले उहाँसँगै स्वर्गमा अनन्त समय बिताउन सकौं।

हाम्रो सृष्टिकर्ताको कलवरीमा भएको मृत्यु अनौठो थियो। यो भन्दा अगाडि यस्तो कार्य कहिल्यै पनि भएको थिएन, न त यो कहिल्यै दोहोरिने नै छ। ताकि उहाँ पापी मानिसको कल्पनाको मनमुटाउको लागि मर्नलाई तयार हुनुहुन्थ्यो। यो मानिसले आविस्कार गर्ने विचारहरूमध्ये अति नै साहसिलो कुरा थियो र यसलाई मानिसले गर्ने विचारमा पनि अति नै भयानक कुरा थियो। यो नाप्न नसकिने प्रेम, समानान्तर भन्दा पनि अझ बढी कृपा र सिमा रहित बलिदान थियो।

यहाँ के भइरहेको थियो भन्ने कुरामा असंख्य प्रतिक्रियाहरू सृष्टिको नजिकमा आएका थिए। अन्धकारले भूमिलाई ढाकेको थियो। चट्टानहरूले यसलाई छुट्टयाएको थियो। यो धर्ती हल्लिएको थियो। चिहानहरू खुल्ला भएका थिए। मन्दिरको पर्दा माथिदेखि तलसम्म च्यातिएको थियो। एक जनामात्र मानवीय जातिले, त्यो अन्तर्दृष्टिको विष्फोटमा, यी सबै कुराहरूमा आश्चर्य प्रकट गरे, उनी

रोमी हाकिम थिए, जसले यसो भने, "साँच्चिकै उनी परमेश्वरका पुत्र हुनुपर्छ" ।

कलवरीलाई तुलना गर्दा, अन्य सबै घटनाहरू बिना महत्वका हुन्छन् । अनि सबै मृत्युहरू पनि तुच्छका हुन्छन् । अनि सबै समयहरू पनि असान्दर्भिक हुन्छन्, र यी सबै कार्य तपाईं र मेरो लागि गरिएको थियो ।

## हाम्रो कारणसम्मत प्रतिक्रिया

त्यहाँ यो तर्कमा एउटामात्र उचित खालको प्रतिक्रिया छः

*हे येशू, प्रभु र मालिक,*
*मैले आफैलाई तपाईंको निम्ति सुम्पेको छु,*
*तपाईंको निम्ति, तपाईंको प्रायश्चितको निम्ति,*
*के तपाईंले मेरो निम्ति आफैलाई सुम्पनुभएको छ,*
*मैले अन्य कुनै मालिकलाई अंगालेको छैन,*
*मेरो हृदय तपाईंको सिंहासन हुनेछ,*
*मेरो जीवन मैले सुम्पेको छु, र यसपछि जीउनको लागि,*
*हे ख्रीष्ट केवल तपाईंको निम्ति मात्र ।*

*- थोमस ओ. क्रिसहोलम्*

किन हरेक ख्रीष्टियनले उनको जीवनलाई ख्रीष्टमा पूर्ण शुद्ध बनाउने गर्दैनन् ? यसलाई अन्धाधुन्ध तरिकाले राख्दाखेरि, यो हामीले सिधैं विचार गरे जस्तो हुँदैन । हाम्रा विचारहरू डरले र झुटोपनले छिया-छिया परेका हुन्छन् । हामीले तिनीहरूमध्ये केहीलाई त्यो ज्योतिमा प्रकट गरौं ।

## परमेश्वरको चाहनामा हुने डर

परमेश्वरले हामीबाट के कुरा सोध्न सक्नुहुन्छ भनेर हामी डराउँदछौं । एउटा आश्चर्यलाग्ने संख्यामा ख्रीष्टियनहरूले मानिलिने यो कुरा हुन्छ, कि "यदि तिनीहरूले मेरो जीवन लिनुहोस् भने" भने, परमेश्वरले स्वतः जवाफ दिनुहुन्छ कि, "तिमी मिसनको क्षेत्रमा जाऊ" । तिनीहरूको निम्ति परमेश्वरको चाहना विदेशमा गएर गरिने मिसनरी कार्य समान हुन्थ्यो । तिनीहरूले यस्तो विचार गर्दथे, कि यसमा परमप्रभुले ती समर्पित चेलाहरूले मात्र बोलावट पाएका हुन्थे । तिनीहरूको विचारमा सर्पहरू, दलदलेहरू, बिच्छीहरू, माकुराहरू, निस्सासिने गर्मीका दर्शनहरू रहेका हुन्छन् । यो नै जीवनको वृद्धिको स्वरुप हो ।

यस्तो प्रकारले हुने डरको छाँया र सम्मान नगर्ने दृश्यले गर्दा हाम्रा परमप्रभुको

स्रोत पूर्णतामा बाधा ल्याउँदछ । एउटा विकल्पको सिमितताबाट धेरै टाढा हुँदा, मानिसहरूले फलाउनको निम्ति असिमित खालका विविध योजनाहरू ल्याएका छन् । उहाँ त्यस्तो परमेश्वर हुनुहुन्छ, जो सिमितपनको सृजनशीलतामा रहनुहुन्छ, वा हाम्रो निम्ति कसैले यसो भनेको छ, "आश्चर्यचकित पार्ने परिकल्पनाहरू" । "उहाँले हामीलाई उहाँको अविश्वासनीय विविधताबाट खुशी तुल्याउनुहुन्छ" ।

यो डरले पनि त्यो परमेश्वरको वास्तविकतालाई हेर्न गर्दछन्, कि परमेश्वर त्यस कार्यको व्यवसायलाई तान्नको लागि अनिच्छुक हुनुहुन्छ । उहाँका सिपाहीहरू स्वयम्सेवीहरू छन् । पावलले हामीलाई फिलिप्पी २:१३ मा यस कुराको संझना गराउँदछन्, कि उनले हामीमा उनको चाहना र उनको असल कार्य दुवैलाई गर्ने गर्दछन् । अर्को शब्दमा भन्नुपर्दा, उनले पहिला हाम्रो हृदयमा उनको चाहनालाई हालिदिन्छन्, तब हामीलाई त्यो क्षमतालाई निरन्तरता दिने गर्दछन् । यसको अर्थ यो हुन्छ, कि जब महिला र पुरुषहरू परमेश्वरको चाहनामा हिँड्ने गर्दछन्, तब उहाँले गर्ने चाहना गर्नुभएका कार्यहरू गर्नुहुन्छ । उहाँको निम्ति यो सपना पूरा गर्ने कार्य हुन्छ ।

## परमेश्वरको डरमा त्यो कार्य हुने गर्दछ

हामीमध्ये कति जना यो कुरामा डर मान्दछौं, कि परमेश्वरले हामीले प्राप्त गरेका केही किमति चिजलाई लुट्नुहुन्छ । जब हामीले यो कुरालाई सिक्नेछौं, तब उहाँ चोर्न, मार्न वा नास पार्न आउनुहुन्न ? उहाँ एउटा डाँकू भएर पनि आउनुहुन्न । उहाँ पर्याप्त रूपमा दिनको लागि आउनुहुन्छ । उहाँले कुनै पनि असल चिजहरू तिनीहरूबाट निकाल्ने गर्नुहुन्न जो इमानदारपूर्वक हिँड्ने गर्दछन् (भजनसंग्रह ८४:११) ।

उहाँले त्यस्ता मात्र चिजविजहरूलाई लिने गर्नुहुन्छ, जसले हाम्रो मानसिकतालाई र अनन्तको भलाईलाई निर्धारण गर्दछ । उदाहरणको लागि, उहाँले हामीलाई दोषबाट, सजायबाट, र पापको शक्तिबाट स्वतन्त्र तुल्याउनुहुन्छ । उहाँले यस वर्तमान् दुष्ट संसारबाट र आउनेवाला क्रोध बाट छुटकारा दिनुहुन्छ । हामी यी आशिषितपनका घटाउने कार्यको निम्ति अनन्तसम्म नै कृतज्ञ बन्नेछौं ।

यसमा हामी परमेश्वरको चाहनामा डराउनुपर्ने कुनै अर्थ हुँदैन । उहाँको चाहना सधैं नै "असल, स्वीकारयोग्य र सिद्ध" हुन्छ । हामी यसमा डराउनु भनेको आशिष् प्राप्त गर्नबाट पनि डराउनु हो ।

## परमेश्वरलाई इन्कार गर्दा हुने डर

हामी यस कुरामा पनि डराउनुपर्ने हुन्छ, कि परमप्रभुले केही चिजको भलाईको निम्ति इन्कार गर्न सक्नुहुन्छ । कतिजना जवान मानिसहरूको निम्ति विवाह गर्नु भनेको पहिलो सूचीमा पर्दछ । हो, तिनीहरूले परमेश्वरको चाहना गर्दछन्, तर त्यहाँ त्योसँग केही चिज जोडिएको हुन्छ । पहिला तिनीहरू जोडीको लागि निश्चित हुन चाहन्छन् । पहिला विवाहको वेदी चाहन्छन् र तबमात्र बलिदानको वेदी चाहन्छन् ।

त्यस संरक्षित कार्यको लागि वृद्धि गर्दा पूर्ण समर्पणता भन्ने हुँदैन । यसको अर्थ यो हुन्छ कि, कमसेकम यो एउटा क्षेत्रमा परमेश्वरको चाहना, मेरो चाहनाप्रति उत्तरदायी हुनुपर्छ । यसमा यो जीवित बलिदान नै अपूर्ण हुन्छ ।

वास्तवमा, विवाह मानवीय जातिको निम्ति, परमेश्वरको चाहनामा नै हुनुपर्छ । यो वास्तविकताबाट आएको स्पष्ट कुरा हो, कि हामीमध्ये धेरै जना विवाह गर्ने मानिसहरूको लामो सूचीबाट आएका छौं । तर विवाहको पूर्ण समर्पणताको निम्ति यसलाई शर्तको रूपमा राख्ने हो भने, गल्ती हुन सक्छ । परमप्रभुसँग गरिएको मोलतोलले यो कुरा देखाउँदछ, कि एकजना व्यक्तिको चाहना उहाँप्रति उत्तरदायी पनि नहुन सक्छ, र यसले गतिशिलतासँग खेलिरहेको हुन्छ । एकजना पतिको मनलाई ग्रस्त पार्ने कुरा गरेकोमा यति धेरै बलियो कुरा हुन्छ, कि एकजना जवान महिला त्यो वैवाहिक सम्बन्धमा अगाडि बढ्न सक्छिन्, कि त्यसले जहिले पनि परमेश्वरको सिद्ध चाहनालाई प्राप्त गर्ने बन्धनमा लागिपरेकी हुन्थिन् । परमप्रभुले उनलाई त्यो चाहना प्रदान गर्नुहुनेछ, तर उनको आत्मामा कमजोरीपनालाई पठाउनुहुनेछ (भजनसंग्रह १०६:१५) । जवान पुरुषमा पनि त्यही नै कुरा सत्य हुन्छ, जसले सबभन्दा पहिला पत्नीमा रहेको आवश्यकीय गुणलाई हेर्नु भन्दा पनि बाहिरी सुन्दरतालाई हेर्ने गर्दछन् ।

यदि परमेश्वरले हामीलाई एक्लो जीवन बिताउन बोलाउनुभएको छ भने, उहाँले हामीलाई कृपामात्र दिनुहुने छैन, तर विषयवस्तुलाई पनि दिनुहुनेछ । यसले ख्रीष्टियनहरूलाई बाधा नपुऱ्याइकनै येशू ख्रीष्टको सेवाको निम्ति आफैलाई अर्पण गर्न सक्षम तुल्याउनेछन् । यसले पहिचानलाई प्रदान गर्दछ, कि नत्रभने तिनीहरूसँग त्यो कुरा हुनेछैन । यसले तिनीहरूलाई यस जीवनको धेरै जसो वास्ता गर्ने कुराहरूबाट स्वतन्त्र पार्दछ । बैवाहिक जीवनको पीडाभन्दा एक्लै बस्नु असल कुरा हो ।

धेरै मानिसहरूको निम्ति, एक्लै रहने कुरा परमेश्वरको छनोटमा पर्दैन । तर अन्तिम निर्णय गर्ने कार्य उनमा नै छोड्ने गरिन्छ । उनको चाहनामा नै त्यसले मुल्य राख्ने गर्दछ । नटेर्ने व्यक्तिले किन परमेश्वरको चाहनाभन्दा बाहिरको पत्नी छान्ने गर्दछन्, जबकि उनले उनको छनोटको भन्दा अझ असल चाहिँलाई दिइसकेको जस्तो देखिन्छ ? "तिनीहरू जसले सम्भव भएजति अझ खराब प्रकारले विवाह गर्ने चाहना राख्दछन् भने, सामान्यतया तिनीहरूले त्यस्तै प्रकारले गर्ने गर्दछन्" ।

## स्वतन्त्रतालाई गुमाउँदाखेरि हुने डर

त्यहाँ यस्तो खालको पनि डर हुन्छ, जब हाम्रो योजनालाई मौकाको रूपमा लिँदाखेरि परमेश्वरको चाहनामा द्वन्द्व खडा हुनसक्छ, एउटा उपनगरको घर हुन सक्छ, एउटा कार वा दुईवटा पूर्ण रुपमा भरिएका हालसालका साधनहरू पर्दछन् । कतिचोटी हामीले साँचो रूपमा जीउनको लागि अति उत्तम वर्षहरूको चाहना गर्दछौं । तब हामीले हाम्रो अवकाशको समयलाई परमेश्वरमा प्रदान गर्ने गर्दछौं । स्पष्टरूपमा भन्दाखेरि उहाँले तिनीहरूलाई चाहना गर्नुहुन्न । उहाँले खेर गएको जीवनको अन्तलाई पनि नष्ट गर्ने चाहना राख्नुहुन्न । के तपाईं उहाँलाई दोष लगाउन सक्नुहुन्छ ?

## नचिनेको व्यक्तिबाट हुने डर

कति मानिसहरूले नचिन्दाखेरि हुने डरबाट पीडा भोगिरहेका हुन्छन् । तिनीहरूसँग अब्राहामको विश्वास पनि हुँदैन । जब परमेश्वरले उहाँलाई बोलाउनुभयो, तब उनले त्यो कदमलाई अगाडि बढाए, र उनी कहाँ गइरहेका छन् भन्ने कुरा थाहा पाएनन् । उनले एक्लै ज्योतिमा हिड्ने गर्नुभन्दा पनि बरु अन्य ईश्वरसँग अन्धकारमा हिँड्ने कुरालाई छाने ।

## सुरक्षाको कमी हुँदाखेरि हुने डर

अरूहरू यस कुरामा डराउँदछन्, कि परमेश्वरलाई पछ्याउनु भनेको आर्थिक कुराको कमी हुनु हो । "मसँग पर्याप्त रूपमा सहायता पुऱ्याउने साधनहरू नहुन सक्छन्, म अरूहरूको वरदानमा भर पर्ने व्यक्ति हुनसक्छु, र म भलाई गर्ने व्यक्ति पनि हुन सक्छु । हामीले यो कुरा सिक्नुपर्दछ, कि परमेश्वरमात्र हाम्रो साँचो सुरक्षा हुनुहुन्छ, र उहाँले आज्ञा गरेको कुराको निम्ति पनि स्वतन्त्रता प्रदान गर्नुहुन्छ ।

## कठिनाइमा हुँदाखेरि हुने डर

त्यहाँ आरामको कमी हुने कुरामा पनि डर हुन सक्छ। हाम्रा विविध खालका कल्पनाहरू बाहिरपट्टी हुने तस्बिरको गतिमा रहन्छन्, र केवल कहिलेकाहीँ देखाउनेहरूले मलाई लुगा देऊ भन्ने बारेमा केही कुरा पनि भन्न सक्दैनन्, सुरुमा मुक्ति दिने सिपाहीका सजावट र दोस्रो दर्जाका सबै चिज पनि हुन सक्छन्, जबकि हाम्रा मित्रहरू सुँगुर जस्तै फोहरको उच्च स्थानमा बस्दछन्, वास्तवमा नरमपनमा के कुरा फर्कन्छ भनेर आनन्द मनाउने, र आत्मालाई मार्ने आनन्ददायक कुरालाई हटाउने गर्दछन् ।

## अपर्याप्त हुँदाखेरि हुने डर

कतिले नम्रतामा यस कुराको अनुभव गर्न सक्छन्, कि तिनीहरूसँग परमप्रभुलाई दिने कुनै विशेष दान र खुवीहरू पनि हुँदैनन् । तिनीहरूले आफैलाई निश्चिततामा रहेको वा अझ काम नलाग्ने भएको विचार गर्दछन् । तर सन्त एफ.बि. मेयरले यसो भनेः

> म एकजना सामान्य व्यक्ति हुँ । मसँग विशेष खालका वरदानहरू पनि छैनन् । म वक्तामात्रै हुँ, विद्धानचाहिँ होइन, र गम्भिर रूपमा सोच्ने पनि गर्दिन । यदि मैले येशूको निम्ति र मेरो पुस्ताको निम्ति केही चिज गरेको भए, किनकि यसमा म आफैलाई पूर्ण रूपमा येशू ख्रीष्टको निम्ति सुम्पेको हुन्थे, र उहाँले मेरो लागि जेसुकै कुरा गर्ने चाहना गर्नुभएकोमा त्यहाँ मैले गर्ने प्रयास गर्ने थिएँ ।

हाम्रो भाग भनेको हामी आफैलाई पूर्ण रूपमा येशू ख्रीष्टमा प्रदान गर्नु हो । उहाँको भाग भनेको उहाँको महिमाको निम्ति हामीलाई प्रयोग गर्नु हो । यदि हामीले आफैलाई मूर्ख, कमजोर, आधारित, र कोही पनि व्यक्ति होइन भन्ने कुरालाई मान्ने हो भने, हामी उहाँले प्रयोग गर्ने एकदमै राम्रो अवस्थामा रहन्छौं (१ कोरिन्थी १:२६-२८) ।

## प्रतिष्ठा गुमाउँदा हुने डर

कहिलेकाहीँ म यस्तो विचार गर्दछु, कि पूर्ण समर्पणतामा हुँदाखेरि आउने सबभन्दा ठूलो बाधा घमण्ड हो । यदि हामीहरू इमानदार हुने हो भने, हामीले यो कुरालाई स्वीकार गर्नुपर्ने हुन्थ्यो, कि हामीले आफैलाई अति ठूलो भएको र अति मुल्यवान भएको कुरालाई विचार गर्दथ्र्यो, किनकि हामीले त्यस खालको

जीवनलाई खीष्टियन सेवाको निम्ति समान भएको कुरा पाउँथ्यौ । यो अरूहरूको निम्ति पनि ठीकै हुँदछ, तर यो हाम्रो प्रतिष्ठाभन्दा पनि तल नै हुँदछ । हामीले यस संसारमा हाम्रो निम्ति नाउँ राखेका छौ । त्यो प्रसिद्ध धारणामा हुने जो कोहीले पनि निम्न कुराहरूको विचार गर्नुपर्दथ्यो ।

हामी सफलताको भऱ्याङ चढ्न सक्छौं, जब हामी माथिल्लो स्थानमा पुगेका हुन्छौं, र यो कुरा पत्ता लगाउँछौं, कि त्यो भऱ्याङ नमिल्ने खालको भित्तासँग झुण्डिएको हुन्छः

- हामीले परमेश्वरको उत्तमपनको लागि उहाँको दोस्रो, तेस्रो, चौथो, र पाँचौं उत्तमतामा साटासाट गर्न सक्छौं ।
- हामीले त्यस्ता खालको चिजविजहरूमा जीवन बिताउन सक्छौं, जसको परिणाम अनन्ततामा हुँदैन ।
- हामीले बचाइएको आत्मा र हराएको जीवनमा अन्त गर्न सक्छौं ।
- हामी रित्तै हात लिएर स्वर्गमा जान पनि सक्छौं ।

वा यी माथिका सबै पनि हुन सक्छन् ।

# २१ दोषी ठहऱ्याउने समर्पणता

हामीमध्ये प्रत्येक जनाले गल्ती समर्पणताको बारेमा जानकारी प्राप्त गर्दछौं। जब हामीले बाइबलीय उदाहरणहरूलाई औंलाले देखाउने गर्दछौं, ती कतिवटा औंलाहरूले हामीतर्फ इङ्गित गरिरहेका हुन्छन् । जब हामी पत्रुस, हननिया, र सफिरालाई आलोचना गर्न परीक्षित हुन्छौं, तब हामीले सहायता गर्न सक्दैनौं, तर हामीले पासोमा परेको अनुभव गर्दैछौं। हामीले आफैलाई तिनीहरूको अनुभवको ऐनामा देख्दछौं ।

## पत्रुसका तीनवटा इन्कारीहरू

उनले परमप्रभुलाई गरेको प्रेम र त्यस्तो किसिमको चाहना हुँदाहुँदै पनि, पत्रुसले गरेका तीनवटा इन्कारीलाई सम्झने गरिन्छ। जब मुक्तिदाताले उहाँको मृत्यु र पुनरुत्थानको बारेमा अगमवाणी गर्नुभयो, "पत्रुसले उहाँलाई एकातिर लगेर हप्काउन लागे, 'परमेश्वरले यस्तो नगरुन्, प्रभु तपाईंमाथि यस्तो कहिल्यै हुनेछैन्" (मत्ती १६:२२)। यहाँ दिइएको कुरामा एउटा पाठ छ। तपाईंले येशूलाई प्रभु भनेर बोलाउनुहुन्न, तर उहाँको बारेमा पनि बिरोध गर्नुहुन्छ।

कुनै समयमा, जब प्रभु येशूले पत्रुसको गोडा धुनको लागि निहुरिनुभयो, तब पत्रुसले यसको विरोध गरे, "प्रभु, के तपाईंले मेरो गोडा धुने ?... तपाईंले मेरो गोडा कहिल्यै धुनु हुनेछैन" (यूहन्ना १३:६,८)। यहाँ पत्रुस र प्रभु येशू बीचमा भएको कुराकानीको बिरोधाभाषलाई विचार गर्नुहोस् ।

जब पत्रुसले स्वर्गबाट हरेक किसिमका प्राणीहरूसँगै तन्ना जस्तो तल पृथ्वीमा झरिरहेको दर्शन देखे, तब पुनरुत्थान हुनुभएका प्रभुले यसो भन्नुभयो, "ए पत्रुस उठ्, मारेर खाऊ"। ती चेलाले जवाफ दिए, "होइन, प्रभु" (प्रेरित १० :१३-१४)। जो कोहीले पनि यस्तो प्रकारले जवाफ दिन्छन् भने, यसको छनोट गर्नेपर्छ। यसको अर्थ कि त, "होइन यस्तो वा होइन प्रभु" भन्ने हुन्छ। यो दुवै

हुन सक्दैन । हामीले उहाँले भन्नुभएको कुरालाई गर्नुपर्छ, वा उहाँलाई प्रभु भनेर बोलाउनलाई रोकिनुपर्छ ।

जब डब्लू ग्राहाम स्कोर्जी येशू ख्रीष्टमा पूर्ण रूपमा समर्पित गर्ने विषयमा जसको आत्मामा ठूलो अन्तरद्वन्द्व भएको थियो, र उनले उनीलाई परामर्श दिइरहेका थिए, तब उनले पत्रुस र जोप्पाको कथा बताए, कि कसरी प्रभुले उनलाई उठेर खानलाई भन्नुभयो । तीनचोटी पत्रुसले “त्यसो गर्न हुँदैन, प्रभु” भनेर जवाफ दिए । स्कोर्जीले दयालु प्रकारले यसो भने, “तिमीले यसो होइन, प्रभु भन्न सक्छौं” तर तिमीले “यसो गर्नु हुँदैन, प्रभु” भनेर भन्न सक्दैनौं । मैले तिमीलाई यो बाइबल र यो कलम तिमीसँगै छोड्न गइरहेको छु । तिमी अर्को कोठामा जाउ, र “यसो होइन, प्रभु” भन्नेमा बेठीक चिन्ह लगाऊ ।

ती जवान केटी फर्कने बेलामा बिस्तारै रोइरहेकी थिइन । स्कोर्जीले हेरे, र बाइबलमा यसो होइन भन्नेमा बेठीक चिन्ह लगाएको देखे । उनले भनिरहेकी थिइन, कि “उहाँ प्रभु हुनुहुन्छ, र उहाँ प्रभु हुनुहुन्छ” । पछिबाट कथा भन्दैगर्दा स्कोर्जीले थपे, “पवित्र आज्ञाकारीतामा यस्तै नै हुने गर्दछ” ।

## अति आलोचना गरिएको समर्पणता

हननीया र सफीरा पनि पवित्र आत्माको अति शक्तिशाली कार्यद्वारा समातिएका थिए । ती सुरुका ख्रीष्टियनहरूले येशू ख्रीष्टलाई पछ्याउनको निम्ति सबै कुरालाई त्यागेका थिए । हननिया र उनकी पत्नीले एक टुक्रा जमिन बेचे, र त्यसबाट बेचेर आएको सबै पैसा प्रभुलाई दिएको बहाना गरे, तर तिनीहरूले त्यसको केही भाग आफूसँगै राखे । तिनीहरूले जे कुरा पूरा भएको थिएन, त्यसमा पूर्ण शुद्धतामा रहेको कुराको घोषणा गरे । तिनीहरूमात्रै त्यस किसिमको पाप गर्ने अन्तिम व्यक्ति थिएनन् । हामीले कतिचोटी यसो भनेर गीत गाउने गर्छौं, “सबैथोक दिन्छु, म” । जब हाम्रो समर्पणता अझै पनि अधुरो नै रहन्छ । यदि परमेश्वरले तिनीहरू सबैलाई नास गर्नुहुन्छ भने असर पारिएको समर्पणतामा तिनीहरू दोषी ठहरिन्छन् र यस धर्तीमा भएको मण्डलीलाई याद गर्ने तरिकाले कमजोर बनाउँछन् ।

## म, पहिला

लूका ९:५७-६२ मा हामीले दोषी समर्पणताको अन्य तीनवटा उदाहरणहरू पाउँछौं । त्यो पहिलो व्यक्तिले येशूलाई प्रभु भनेर बोलायो, र उत्साही भएर

येशूलाई पछ्याउने प्रतिज्ञा गऱ्यो । "हे प्रभु, तपाईं जता जानुहुन्छ म तपाईंको पछि लाग्नेछु" । तर जब प्रभुले उनलाई यसको अर्थ बासस्थानरहितपन हो भने र चेतावनी दिनुभयो, उसले हतार गरेर फेरी भेट्ने कुरा गऱ्यो । उनको "जता" भन्ने कुरा "त्यहाँ होइन" भन्ने कुरा बन्यो ।

दोस्रो मानिसले पनि "मलाई पछ्याऊ" भन्ने प्रभुको बोलावटलाई सुन्यो, तर उसले यसो भन्यो, "प्रभु पहिले मेरो बाबुलाई गाड्न जान दिनुहोस्" । त्यहाँ त्यो समयमा उनको बाबु मरेका भन्ने कुनै पनि सुझाव दिइएको छैन । उनी स्वस्थ प्रकारले अति उत्तम भएको हुनुपर्छ । त्यहाँ यस्ता पनि चेलाहरू थिए, जसले केही अनिश्चित समयको लागि घरमा नै बसेको चाहना गर्थे, जब उनको पिताले अन्तिम पटक सास फेरेका हुन्थे । यो यस्तो कुरा पनि हुन सक्थ्यो, कि बाबुले उनका छोरालाई त्यहाँबाट छोडेर नगएको चाहना गर्थे । त्यो दोषसहितको समर्पणता थियो, र येशू ख्रीष्टको बोलावटलाई भन्दा पनि केही चिजलाई अझ उच्च प्राथमिकता दिइएको थियो । यसमा आफैलाई मुक्तिदाताको अगाडि राख्नु थियो, र त्यस जवान केटोले वास्तविक रूपमा भनेको कुरालाई याद गर्नुहोस्, "म पहिला" भनेको कुरालाई याद गर्नुहोस् । तब जति धेरै कुरा उसले भन्यो, "अहिले होइन" तर "पछि" । यो कस्तो खालको समर्पणता हो ?

त्यो तेस्रो मानिसले पनि प्रभुलाई येशू भनेर बोलायो, र पूर्ण समर्पणताको घोषणा गऱ्यो । "प्रभु, म तपाईंलाई पछ्याउनेछु..." । उसले यो सबैलाई "तर" भने र नष्ट गर्ने काम गऱ्यो, र तब "म पहिला" भन्ने कुरालाई थप्यो । "...तर पहिला मलाई जान दिनुहोस्, र तिनीहरूको निम्ति विदाई गर्न सकूँ, जो मेरो घरानाका हुन्" । उनको अर्थ गएर बाइ-बाइ भन्नुमात्र थिएन । त्यस समयमा गरिएको विदाइले दिनभरिको खाना र संगतिको समय लिन्थ्यो । उनले आफ्नो समर्पणतामा सर्त पनि राखेको थियो । प्रभुलाई भन्दा पनि सामाजिक क्रियाकलापलाई उच्च प्राथमिकता दिइयो । येशू प्रभु हुनुहुन्थ्यो, तर...

यो प्रार्थना धेरै बर्ष अगाडि बाइबल सम्बन्धी एकताको दैनिक पाठमा देखा परेको थियो । यो अझैपनि त्यो विषयमा आएको छः

> हे प्रभु हामीलाई क्षमा दिनुहोस्, किनकि हामीले कतिचोटी चेलापनको बलिदान र दर्दलाई इन्कार गर्ने उपायहरू पत्ता लगाएका छौं । जुनसुकै मुल्य चुकाउनु परे तापनि हामीलाई यस दिनमा हिँड्नको लागि शक्ति प्रदान गर्नुहोस् । येशूको नाउँमा, आमेन ।

# २२ जिउँदो बलिदान

नयाँ करारमा वादविवाद गर्न सकिने एकदमै विशिष्ट खण्डले विश्वासीहरूमा जीवनको पूर्ण समर्पणतालाई उचाल्ने खण्ड रोमी १२:१-२ पद हो:

> यसकारण भाइहरूहो, परमेश्वरका कृपाहरूद्वारा म तिमीहरूलाई विन्ती गर्दछु: आफ्ना शरीरहरूलाई तिमीहरूले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रूपमा चढाइदेओ; यही तिमीहरूको उचित सेवा हो । अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरू बदली हुँदै जाओ ।

जब म र मेरो भाइ केटो हुँदा नै एच. ए. आइरनसाइड हाम्रो घरमा आएका थिए, र हामीलाई पहिलो पदमा आधारित कोरसहरू सिकाएका थिए:

*रोमी बाह्रको एक पदभन्दा म टाढा रहने छैन,*
*तर उहाँ एक्लैले मात्र फल फलाउनुहुन्छ,*
*जो उहाँ त्यो सिंहासनमा विराजमान हुनुहुन्छ;*
*यदि उहाँ सबैको प्रभु हुनुहुन्न भने,*
*तब उहाँ अहिलेसम्मको प्रभु पनि हुनुहुन्न, रोमी बाह्रको र एक ।*

त्यसपछि आउने धेरै वर्षको समयहरूमा, मैले यो कुराको महसुस गरेको छु, कि कति धेरै “सबैको परमप्रभु” भन्ने वाक्यांशको आदर्शताको प्रकटीकरणबाट छोटो रूपमा कति धेरै टाढासम्म महसुस गरेको छु, तर मैले यसलाई मेरो हृदयको उत्प्रेरणामा बनाउनलाई खोजीरहेको हुन्छु ।

त्यो सुनौलो पाठको हरेक शब्दमा अर्थलाई समावेश गरिएको हुन्छ । तिनीहरूलाई सँगसँगै राख्नुहोस्, र हामीमा त्यो प्रशस्तताको जीवन पक्का हुन्छ, जसलाई प्रभु येशू ख्रीष्टले दिने प्रतिज्ञा गर्नुभएको छ ।

## परमप्रभुको आवाज

रोमी १२:१ मा यसरी भनिएको छ, “म तिमीहरूलाई अनुरोध गर्दछु...” । यहाँ म भनेर कसको लागि बताइएको छ ? यसले स्पष्टरूपमा पावललाई बताउने गर्दछ, किनकि उनी यस पत्रका लेखक पनि हुन् । उनी ती व्यक्ति हुन्, जसले यसो भने, “किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, र मर्नु लाभ हो” (फिलिप्पी १:२१) । “ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँदछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एकजना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैको निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरी जीवित पारी उठाइनुभयो” (२ कोरिन्थी ५:१४-१५) । पावलले उनको पछाडि रहेका चिजविजहरूलाई बिर्सेको कुरा गर्दछन्, र अगाडि रहेका चिजविजहरूमा जाँदछन् । उनी चिन्ह प्राप्त गर्नलाई अगाडि बढ्दछन्, किनकि येशू ख्रीष्टमा भएको बोलावटमा नै इनाम पाउने गरिन्छ (फिलिप्पी ३:१३-१४) ।

तर हामीले यस कुराको सम्झना गर्नुपर्छ, कि पावलले यस कुरालाई पनि अलौकिक प्रकाशद्वारा लेखिरहेका थिए । ती शब्दहरू यस संसारका मात्र थिएनन्, तर ती परमप्रभुका वचनहरू थिए । उही प्रभुले यसो भन्नुभयो, “मलाई पठाउनु हुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ, रात आउँछ, तब कसैले काम गर्न सक्दैन” (यूहन्ना ९:४) । “मलाई पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन हो” (यूहन्ना ४:३४) ।

अर्को ‘अनुरोध’ भन्ने शब्दलाई पनि विचार गर्नुहोस् । परमेश्वरले तपाईं र मलाई अनुरोध गर्दै हुनुहुन्छ । सोध्नु भन्दा पनि अनुरोध गर्नु भन्ने शब्दले बढी जोड दिएको छ । यसले तत्काल हुने र महत्वपूर्ण कुरालाई प्रकट गर्दछ । त्यहाँ खोज्ने र अनुरोध गर्ने कुरामा धेरै आवाजहरू आएका छन् । यसमा ती कप्तानले उनको नोकरलाई चंगाई गर्नको लागि अनुरोध गरेको कुराको वर्णन गरिएको छ (मत्ती ८:५-६) । बिरामी मानिसहरूलाई येशूको चंगाई प्राप्त गर्नको लागि अनुरोध गर्दछन् (मत्ती १४:३६) । एकजना कुष्ठरोगीले उनलाई शुद्ध बनाउनको लागि अनुरोध गर्दछन् (मर्कूस १:४०) । यो पनि याइरसको अनुरोध थियो, कि कसरी उनले उनको मर्न गइरहेकी छोरीलाई चंगाई प्राप्त होस् भनेर अनुरोध गरे (मर्कूस ५:२३) । यो नै कुरा पावलले गरे, कि कसरी उनले पापीहरूलाई परमप्रभुको मिलापमा ल्याउनलाई अनुरोध गरे (२ कोरिन्थी ५:२०)। यसैले यदि तपाईंले हो

सियारीपूर्वक सुन्ने हो भने, तपाईंले परमेश्‍वरको दयालु हृदयको धड्कनलाई पनि सुन्नुहुनेछ, र तपाईंले उहाँका मानिसहरूलाई यस्तो कार्य गर्नलाई अनुरोध गर्नुहुनेछ, कि त्यो जीवन संभव भएजति अति उत्तम हुनेछ । उहाँले हाम्रो त्यो खेर गएको जीवनलाई बचाउने चाहना राख्नुहुन्छ, र त्यो जीवनलाई उहाँमा समर्पित गर्नुपर्छ ।

स्थानीय पत्रिकाले लेख्ने गरेका व्यक्तिको सूचीमा, यी तलका वाक्यहरूले केही मानिसहरूको जीवनको मुख्य बिन्दुलाई वर्णन गर्दछन्, जो मरेका हुन्छन्:

- "उनी फर्सिको जस्तै तरिकामा भएर गएका थिए, र लामो पारिवारिक परम्परामा जन्मेर बाधा पुऱ्याउने कार्य गरेका थिए, र उनले कलिलो उमेरमा नै फर्सिको जस्तो कलाको दक्षतालाई सम्मान पुऱ्याएका थिए" ।
- "उनीले टि.भि. को कार्यक्रम विशेषगरेर खतरामा परेको अवस्थालाई हेर्ने गर्दथिन" ।
- "उनले बिङ्गो खेल खेल्न र बिहानीको समयमा स्थानीय चियापसलमा साना छोराछोरीसँग गएर कफी र पाउरोटी खान रुँचाउथे, अनि उनको बगैंचामा गएर फलफूल र चिसो पानी पिउँथे"

ती सबै क्रियाकलापहरूले हानी नै पुऱ्याए, तर के ती सबै नै त्यहाँ त्यो जीवनको लागि थिए ?

पुनरुत्थान भएपछि, पत्रुसले त्यो सन्देशलाई त्यस संसारको निम्ति प्रचार गर्ने ठूलो मौका प्राप्त गरे, जुनचाहिँ अति नै खाँचो थियो । तर उनले के भने त ? "म माछा मार्नलाई गइरहेको छु ?" (यूहन्ना २१:३) ।

परमेश्‍वरले हामीलाई हाम्रो जीवन बिताएको चाहना गर्नुहुन्छ, र प्यूटोरिकोमा रहेका छेपाराहरूको सुत्ने बानीलाई अध्ययन गरेको पनि चाहना राख्नुहुन्छ, वा आधुनिक समाजको बनभोजको कार्यमा संलग्न रहनु, जसरी कति जनाले यसो गरेका हुन्छन् ।

"यसकारण भाइ हो, म तिमीहरूलाई अनुरोध गर्दछु" । यो त्यसकारण भन्ने शब्दले यहाँ जोडेको छ । यसले हामीलाई यस कुराको पहिचान गर्न सजक बनाउँदछ, कि परमप्रभु, जे कुरा भन्नलाई तयार हुनुहुन्छ, त्यसले अगाडि नै भनिएको कुरालाई नजिकको सम्बन्धमा ल्याउँदछ । "भाइ हो" भन्नेले यो कुरालाई स्पष्ट बनाउँदछ, कि त्यो तत्कालको अनुरोधले सबै ख्रीष्टियनहरूलाई बताउने

गर्दछ । यहाँ भाइहरू भन्नेचाहिँ सामान्य शब्द हो, जसले पुरुष र महिला, युवा र बुढो, हालसालै परिवर्तनमा आएको वा परिपक्व विश्वासीलाई जनाउने गर्दछ । यहाँ खीष्टको मुक्तिको अनुभवलाई प्राप्त गरेको जो कोहीलाई पनि बाध्य गरिएको छैन ।

## परमेश्वरका कृपाहरू

"परमेश्वरको कृपालाई ध्यानमा राखी" यो वाक्यांशले हामीलाई त्यो अनुरोध के कुरामा आधारित छ भनेर बताउने गर्दछ । पावलले हालसालै परमेश्वरको धेरै अनौठो कृपालाई नयाँ बनाउने कार्यलाई सिदद्याएका छन्, जुनचाहिँ विश्वासद्वारा प्रभु येशूमा आएका छन् । हामीले तिनीहरूमध्ये केहीलाई यहाँ सूचीकृत गरौं:

- हामीहरू परमेश्वरद्वारा जानिएका थियौं (रोमी ८:२९) । त्यसरी नै यी सबै कुरा सुरु भए । उहाँको दयालु कृपामा उहाँले हामीलाई अनन्त मुक्तिको निम्ति नियुक्त गर्नुभयो । तर हामीहरूमध्ये हरेक जनाले सोध्नुपर्छ, "किन मलाई भनेर ?"
- उहाँ आफ्ना पुत्रको स्वरुपमा अन्ततः विश्वासीहरूलाई निश्चित गरेर अगाडि नै देखा पर्नुभयो (रोमी ८:२९) । यस्तो खालको कृपा सोच्न नसकिने हुन्छ, तर आश्चर्यपूर्ण तरिकाले साँचो पनि हुन्छ ।
- परमेश्वरले हामीलाई बोलाउनुभयो (रोमी ८:३०) । उहाँले व्यवस्थापकीय रूपले यो कुरालाई मिलाउनुभयो, कि हामीले सुसमाचारलाई सुन्नुपर्छ, र विश्वास गरेर प्रतिक्रिया जनाउने मौका पनि दिनुपर्छ । हामीले पुनः इसहाकबाट आएको शब्दलाई हेर्ने गर्दछौं:

*किन मैले तपाईंको स्वरलाई सुन्ने गरेको थिएँ,*
*र त्यो स्थानमा प्रवेश गर्ने गरे,*
*जबकि हजारौंले त्यस्तो दर्दनाक छनोट गरे,*
*तब म आउनुभन्दा पनि भोकभोकै हुनेछु ?*

- उहाँले हामीलाई धर्मी तुल्याउनुभयो (रोमी ८:३०) । त्यसको अर्थ यो हो, कि उहाँले हामीलाई लगाएको हरेक अभियोगमा सफाइ दिनुभयो । यस्तो कार्य क्षमा दिनुभन्दा पनि बढी हुन्छ । यो यस्तै हुन्छ, कि यदि त्यहाँ हाम्रो विरुद्धमा लगाइएको कुनै पनि अभियोग आएको हुँदैन । त्यहाँ राखिएको अभिलेख स्पष्ट छ । हामी उहाँको धार्मिकतापनमा अगाडि खडा हुन्छौं, किनकि हामी खीष्टमा छौं ।

- हामी येशू ख्रीष्टको मिलापमा आएका छौं (रोमी ५:१०-११) । त्यहाँ आउने अन्तर्द्वन्द्व हाम्रो पापको कारणले गर्दा हुने गर्दछ । प्रभु येशूले ती पापहरूलाई हटाएर ती कारणहरूलाई पनि आफै बलिदान हुने कारण तुल्याउनुभयो । कसले तर परमप्रभु आफैले यो मुक्तिको योजनालाई प्राप्त गर्नुभयो ?
- हामीमा विश्वासमा प्राप्त गरिएको त्यो कुरा छ, जसले परमेश्वरको पक्षमा रहेर अचम्मको स्थान प्राप्त गरे (रोमी ५:२) । अब उहाँ हाम्रो पिता र हामी उहाँका छोराछोरी भएका छौं । उहाँले हामीलाई त्यो प्रेममा स्वीकार गर्नुभयो, र हामी उहाँको प्रिय पुत्रको रूपमा नजिक र प्रिय पनि बनेका छौं ।
- हामीमा परमेश्वरको पवित्र आत्माद्वारा बास गर्नुहुन्छ (रोमी ८:९) । वास्तवमा हाम्रो शरीर भनेको त्रिएकत्वको तेस्रो व्यक्तित्व हुने हो । त्यसको बारेमा केवल विचार गर्नुहोस् !
- हामीमा हाम्रो मुक्तिको निश्चयता परमेश्वरको वचनद्वारा र पवित्र आत्माको शक्तिद्वारा हुने गर्दछ (रोमी ८:१६) । हामी मानवीय विविधताका भावनाहरूमा छोडिएका छैनौं । हामी जान्दछौं, कि हामी बचाइएका छौं, चाहे हामीले यसलाई महसुस गरौं वा नगरौं ।
- हामी अनन्त रूपमा सुरक्षित छौं (रोमी ५:६-१०) । हामीलाई पापदेखि बचाउनको लागि येशू ख्रीष्ट त्यस्तो खालको ठूलो मुल्य चुकाउने अवस्था भएर जानुभयो, र उहाँले हामीलाई कहिल्यै पनि अगाडि जानलाई दिनुहुनेछैन । उहाँ हाम्रो सुरक्षालाई पक्का गर्नको निम्ति परमेश्वर पिताको दाहिने हाततर्फ विराजमान हुनुहुन्छ (रोमी ५:१०ख) । त्यो असफल हुने पक्षको सुरक्षा हो ।
- अब हामीमा प्रभु येशू ख्रीष्टद्वारा शान्ति मिलेको छ (रोमी ५:१) । यो शान्तिले परिवेशको स्वतन्त्रतालाई बाध्य बनाएको छ । यो अर्को संसारको शान्ति हुन्छ, कि यो पापले उठाएको प्रश्नलाई जानेर आउँदछ, र यसको नियन्त्रणमा पनि परमप्रभु नै रहनु हुन्छ ।
- यदि त्यो पर्याप्त नहुने हो भने, हामी परमेश्वरका उत्तराधिकारीहरू हौं, र येशू ख्रीष्टसँगका संयुक्त उत्तराधिकारीहरू पनि हौं (रोमी ८:१७) । ती सबै पितासँग भएका चिजविजहरू हाम्रा पनि हुन् । यस्तो खालको सम्पत्तिलाई गणना गर्न सकिदैन, र यो हामीले कल्पना गरेको भन्दा पनि बढी नै हुन्छ । हामी शुद्ध भएका छौं भन्नुको अर्थ, हामी संसार र पापबाट अलग भएका छौं । हामीमा पवित्र

आत्माद्वारा हामीमा बास गर्ने पापको शक्तिमा अचम्म प्रकारले छुटकारा पाएका हुन्छौं (रोमी ८:१-४) ।

- हामी व्यवस्थाको अधिनमा छैनौं, तर अनुग्रहको अधिनमा छौं (रोमी ६:१४) । त्यो व्यवस्थाले हामीलाई आज्ञाकारी हुने बनाउँदछ, तर यसो गर्ने शक्तिलाई चाहिँ दिँदैन, र यदि हामी असफल भयौं भने हामीलाई दोष लगाउने गर्दछ । अनुग्रहले हामीलाई के गर्ने भन्ने कुरा सिकाउँदछ, र यस्तो खालको कार्य गर्ने शक्ति पनि प्रदान गर्दछ, अनि हामीले यसो गर्दाखेरि इनाम पनि प्राप्त गर्न सक्छौं । तपाईंले त्यसलाई पराजित गर्न पनि सक्नुहुन्न ।
- हामी कष्टको समयमा आनन्द मनाउन सक्दैनौं, किनकि हामी यो कुरा जान्दछौं, कि परमप्रभुले तिनीहरूलाई हाम्रो जीवनमा त्यस्तै खालको चरित्रको विकास गर्नलाई प्रयोग गर्नुहुन्छ (रोमी ५:३) । उहाँले ती सबै चिजहरूमा सँगसँगै कार्य गर्नुहुन्छ, जसले उहाँलाई प्रेम गर्दछन् । यसमा आएको भलाई यो चाहिँ हो, कि हामी अझ बढी ख्रीष्टजस्तै हुनुपर्छ ।
- हामीमा एउटा आश्चर्यचकित पार्ने आशा छ । पावलले यसलाई परमेश्वरको महिमाको आशा भनेर भन्दछन् (रोमी ५:१) । यसको अर्थ परमप्रभुको सत्यता र यसको महत्वपनमा परमप्रभुसँगै स्वर्गमा रहनु हो । यसको यस्तो पनि अर्थ हुँदछ, कि हामीमा महिमित शरीर हुन्छ, जस्तै कि येशूको पुनरुत्थानको समयमा भएको थियो ।
- हामीमा यस कुराको निश्चयता छ, कि परमेश्वरको प्रेमबाट हामीलाई केही कुराले पनि अलग गर्न सक्दैन, जुनचाहिँ हाम्रा प्रभु येशू ख्रीष्टमा हुन्छ (रोमी ८:३५-३७) । हामी स्वर्गकै रूपमा निश्चित भएका छौं, जसै हामी त्यहाँ अगाडि नै भएका हुन्थ्यौं ।

हामीले परमेश्वरको अनुग्रहमा समावेश गरेका यी सबै प्रतिज्ञाहरू नमुनाको रूपमा आएका छन्, यद्यपि तिनीहरूबाट त्यस खालको वाक्यांश पनि निस्किदैन । अब हामी कोरिन्थी १२:१ पदमा फर्कन सक्छौं ।

## त्यो केवल तर्कसंगत प्रतिउत्तर

ती परमेश्वरबाट आएका कृपाहरूले गर्दा हाम्रा शरीरलाई धन्यवाद दिने र आराधना गर्ने कार्यलाई बाध्य पार्दछ । यसको तर्कलाई तलको कवितामा प्रकट गरिएको छः

*उहाँले मेरो निम्ति सबै कुरा गरिसकेपछि,*
*मेरो निम्ति सबै कार्य गरिसकेपछि,*
*त्योभन्दा कम म कसरी गर्न सक्छु,*
*जबकि मैले मेरो उत्तमपना दिएको हुन्छु,*
*र म उहाँको निम्ति पूर्ण रूपमा जीउँदछु,*
*त्यसपछि उहाँले मेरो लागि सबै कार्य गर्नुभएको हुन्छ ?*
*- बेटी डासभाण्ड*

किन पावलले "तिम्रा शरीरहरू" भनेर भन्दछन् ? किन हाम्रा आत्मा र प्राणहरू होइनन् ? किनकि परमेश्वरले यो कुरा जान्नुहुन्छ, कि यदि हामीले उहाँलाई हाम्रा शरीरहरू दियौं भने, हामीले हामी आफैलाई दिइरहेका हुन्छौं । हाम्रा शरीरहरू त्यस्ता माध्यमहरू हुन्, जसद्वारा हामीले आफैलाई प्रकट गर्न सक्छौं । यसैले यहाँ आएको शरीर पूर्ण व्यक्तित्वमा रहन्छ । हामीले यो कुराको पनि सम्झना गर्नुपर्छ, कि प्रेरितहरूले पुरानो करारमा गरिने जनावरको बलिदानलाई हाम्रो बलिदानको विरुद्धमा ल्याएर तुलना गरे, अनि यी यस्ता खालका शरीरहरू थिए, जसलाई त्यो वेदीमा राख्ने गरिन्थ्यो ।

जब हामीले हाम्रा शरीरलाई प्रस्तुत गर्दछौं, जसमा हाम्रा शरीरका सबै सदस्यहरू समावेश हुन्छन्, जस्तैः हात, आँखा, कान, मुख र दिमाग । यौन कार्यको सकृयतामा हामी आफैले यो कुराको सम्झना गराउनुपर्दछ, कि यसमा अगाडिका सदस्यहरू पनि सकृय हुन्छन् । यसमा हाम्रा खुवीहरू, जस्तैः संगित, कविता, कला र वतृत्वकला पनि पर्दछन् । हामीले हाम्रो ज्ञानलाई, विज्ञानमा, इतिहासमा, दर्शनशास्त्र र तार्किकतामा दिएका छौं । जब हामीले यसो गर्छौं, तब हामीले पछाडि हेर्न सक्छौं, र कसरी उहाँले हाम्रो शिक्षामा निर्देशित गर्नुभएको छ भनेर देख्दछौं । कहिले काहीँ हामीले किन भन्ने कुरालाई नजानेर त्यसको यात्रालाई लिएका हुन्छौं, तर उहाँले यो कुरा जान्नुहुन्छ, र उहाँले हामीलाई उहाँको सेवाको निम्ति तयार गर्दै हुनुहुन्छ ।

हामीले गरेको हाम्रो आफ्नै बलिदान पवित्र र परमेश्वरलाई स्वीकार गर्न योग्य हुनुपर्छ । यसमा हामी "सकारात्मक रूपमा बलिदान" भएका छौं भन्ने कुरा मात्र पर्याप्त हुँदैन कि परमेश्वरले हामीलाई हामी ख्रीष्टमा पवित्र रहेको कुरा देख्नुहुन्छ । हामी व्यवहारिक रूपमा नै शुद्ध हुनुपर्छ, त्यसो भन्नुको अर्थ हाम्रो जीवन सफा हुनुपर्छ । यसले पुरानो करारको खाँचोलाई उत्तर दिँदछ,

कि परमेश्वरलाई चढाइएका जनावरहरू दोषरहित वा खोटबिनाका हुनुपर्छ । जब विश्वासीहरूले जानिएका सबै पापलाई त्यागेर पश्चात्ताप गर्दछन्, तब तिनीहरूको जीवनमा भएको बलिदानले परमेश्वरलाई प्रशन्न पार्ने हुनुपर्छ ।

रोमी १२:१ को अन्तिम वाक्यांशलाई यस प्रकारले अनुवाद गर्न सकिन्छः "तपाईंको तर्कसंगत सेवा कस्तो हुनुपर्छ, वा तपाईंको आत्मिक आराधना कुनचाहिँ हो ?" दुवैले असल भावनालाई बनाउँदछन् । हाम्रो शरीरलाई येशू ख्रीष्टलाई दिनुचाहिँ उहाँले हाम्रो निम्ति दिनुभएको प्रकाशमा गर्न सक्ने विवेकी, चेतनशील र तर्कसंगत विचारमा हामी गर्न सक्छौं । तर यो आराधनाको एउटा कार्य पनि हो । हामीले पवित्र पूजाहारीको रूपमा हाम्रा आराधनाहरू (हिब्रू १३:१५), हाम्रा सम्पत्तिहरू (हिब्रू १३:१६), हाम्रा सेवाहरू (रोमी १५:१६), र हाम्रो व्यक्तित्वलाई परमेश्वरमा प्रस्तुत गर्दछौं । हाम्रा शरीरलाई समर्पण गर्नु भनेको हामीले गर्न सक्ने आराधनामा सबभन्दा ठूलो कार्य हुन्छ ।

जीवित बलिदानलाई यस संसारमा निश्चित गर्नु हुँदैन । जे.बि. फिलिपले कतिचोटी बताएका वाक्यांशले यसो भन्दछ, "तपाईंको वरिपरि भएको संसारलाई यसको आफ्नै खुम्च्याइमा तपाईंले यसलाई खुम्च्याउने अनुमति नदिनुहोस्" । यस भावनामा आएको यस संसारको मानवीय समाजले स्वतन्त्र रूपमा रहेर परमेश्वरले खोज्नेमात्र गर्दैन, तर यो उहाँको विरुद्धमा सकृय रूपमा लागेको हुन्छ । यसको आफ्नै विश्वासको व्यवस्था, मुल्यको व्यवस्था, जीवनशैली आचरण र चाहनाहरू छन्, र यसले हरेक जनालाई निश्चित गराउने चाहना राख्दछ । तिनीहरू जो परमेश्वरमा स्वीकारयोग्य हुन्छन्, तिनीहरू परमेश्वरलाई निश्चित गराउनेहरू पनि हुनुहुँदैन ।

वचनले यसरी भन्दछ, "यी माथिका सबैजसो, तपाईंको आफ्नै प्यारोपनलाई पनि सत्य बनाइन्छ" वा "म मेरो भाग्यको मालिक हुँ, अनि म मेरो आत्माको कप्तान पनि हुँ"। यसले भन्दछ, यदि यसले असल महसुस गर्दछ भने, यसलाई गर" वा "तपाईं एकचोटीमात्र जीउनुहुन्छ" । "तिनी चाहिँ जो धेरै खेलौनाहरूसँग मर्दछन्, उनले जित्दछन्" । "त्यहाँ पूर्ण सत्यता भन्ने हुँदैन, तर हरेक चिज सापेक्षिक भन्ने हुन्छ" । "हामी सबैजना प्रारम्भिक चिप्लोपनले घेरिएका हुन्छौं," "अनैतिकता र अन्य खराब आचरणहरू पाप होइनन्, तर बिरामीपन हुन्" । "नियमलाई तोड्नेहरू पनि अपराधीहरू होइनन्, तर तिनीहरू शिकारीहरू हुन्" ।

हामी ख्रीष्टियनहरूले यस्ता खालको सोचाइलाई इन्कार गर्नुपर्छ, र हाम्रा विचारहरूलाई नयाँ बनाएर परिवर्तन हुनुपर्छ । अर्को शब्दमा भन्नुपर्दा हामीले परमेश्वरले सोचे जस्तै तरिकाले सोच्नुपर्छ, जुन कुरा बाइबलमा पनि प्रकट भएको हुन्छ । यसले हाम्रा चाहनाहरू, बोली, पोशाक, र संगितको परिणामलाई परिवर्तन गर्नेछ । हामीले हाम्रा अन्य मानिसहरूतर्फ नयाँ सोचविचार, सम्पत्ति सफलता राजनीति र यौन कार्यलाई लिएका हुन्छौं । हाम्रो जीवनको विचारलाई क्रान्तिकारी बनाइनेछ ।

## मार्गनिर्देशन गर्ने मुख्य कुराहरू

अब रोमी १२:२ पदमा हामीले परमेश्वरलाई निर्देशित गर्न जान्ने पक्का तरिकालाई पत्ता लगाएका छौं । यसमा हामीले परमप्रभुले जे सुकै कुरालाई छाने तापनि पूर्ण समर्पणता देखाउनुपर्छ । हामीले उहाँको चाहनालाई मात्र प्राप्त गर्ने गर्दैनौं, तर हामीले हाम्रो अनुभवबाट यो कुरालाई पत्ता लगाउँदछौं, कि हामीले डर मानेको सम्पूर्ण कुरो यो होइन, जस्तैः असहमतीपन, कठिनाइ, खतराहरू । यसको सट्टामा हामीले यसलाई असल, स्वीकारयोग्य, र सिद्ध भएको पत्ता लगाउँदछौं । यो उपयोगी, राम्रो र आदर्शतामा आउँछ । यो परमेश्वरको चाहना भएकोले, यो सिद्धताभन्दा केही चिज पनि कमी हुनसक्छ ।

अब हामी रोमी १२ अध्यायको सुरुवातमा नै फर्को र विचारको प्रवाहलाई समीक्षा गरौंः परमेश्वरको कृपामा यस कुराको खाँचो पर्दछ, कि विश्वासीहरूले निरन्तररूपमा आफैलाई उहाँको निम्ति अर्पण गर्नुपर्ने हुन्छ । वास्तवमा यो अर्पण गर्ने कार्य पवित्र हुनुपर्छ, नत्रभने यसले उहाँलाई खुशी तुल्याउदैन । पूर्ण समर्पणता नै धेरै तार्किक प्रतिक्रिया हो, जसलाई ख्रीष्टियनहरूले मुक्तिदाताको बलिदानमा बनाउन सक्दछन् । यो पनि आराधनाको अति उत्तम कार्य हो । विश्वासीहरूलाई अर्पण गर्दा स्वीकारयोग्य हुनुपर्छ, र तिनीहरूलाई संसारमा घुमाउने कार्य गर्नदेखि इन्कार गर्नुपर्छ । त्यो भन्दा बरु ईश्वरीय विचार र जीवनशैलीलाई अंगाल्नुपर्छ ।

यो त्यस कारणमा खडा हुन्छ, कि यदि हामीले परमप्रभुलाई पूर्ण नियन्त्रण गर्न अनुमति दियौं भने, तब हाम्रो जीवन अति उत्तम भएर अलौकिक ज्ञानमा योजना गर्न सकिन्छ । हामीमा त्यस्तो खालको जीवन हुन्छ जसले हामीलाई परमेश्वरमा प्रशन्न तुल्याउने भलाई र हरेक पक्षको आदर्शतामा रहने हुन्छ ।

तब यहाँ जीवित बलिदानका शब्दहरू दिइएका छन्:

*म आफैले तपाईंलाई पूर्ण र महिमित समर्पणता दिँदछु,*

*तपाईंले बोलेका शब्दहरू र केवल, अझ बढी हुने गर्दछ !*

*ए परमेश्वरका पुत्र जसले मलाई प्रेम गर्नुभएको छ र म तपाईंको लागि मात्रै एक्लै हुनेछु,*

*र म जे हुँ र ममा हुने यी सबै चिजहरू पनि तपाईंका आफ्नै हुनेछन् ।*

*- एफ.आर. हाभरगाल*

परमप्रभु, म तपाईंमा सम्पूर्ण चिज समर्पण गर्छु । यी सबै कुरा तपाईंले मेरो निम्ति गर्नुभएको छ । यो तर्कसंगत सेवा हो, कि ममा मेरो आफ्नै कुनै पनि यो जनाहरू छैनन् ।

◈◈◈

# २३ पूर्ण समर्पणताका कारणहरू

तिनीहरू जो साँचो ख्रीष्टियनहरू हुन्, तिनीहरूले तिनीहरूको जीवनमा प्रभु येशूको मुक्तिको निम्ति फर्कने गर्दछन् । तिनीहरू उनीहरूको पाप र तिनीहरूको अयोग्यपनले गर्दा परमेश्वरको उपस्थितिमा दोषी ठहरिएका छन् । तिनीहरूले यस कुरामा विश्वास गरेका छन्, कि तिनीहरूका सबै पापलाई तिर्नको निम्ति मुक्तिदाता मर्नुभयो । तिनीहरू आफै नै उहाँतर्फ तिनीहरूलाई बचाउने अनन्ततातर्फ फर्केका छन् । यी सबै नै त्यही किसिमको तर्कसंगत हुन्छ । मुक्ति भनेको सित्तैंमा दिइएको उपहार हो । यो तिनीहरूले प्राप्त गर्ने कुरा हो । तिनीहरूमा प्राप्त गर्ने सबै चिज हुन्छन्, र तिनीहरूले केही चिजलाई पनि गुमाउनु पर्दैन । तिनीहरू येशू ख्रीष्टलाई स्वीकार नगर्दाखेरि मुर्ख बन्नेछन्, र स्वर्गको निम्ति पक्का हुनेछन् ।

तर यहाँ मुक्तिको निम्ति येशू ख्रीष्टलाई स्वीकार गर्नु सम्भव हुन्छ, तरै पनि हामी आफैले उहाँको सेवाको निम्ति समर्पण गरेका हुँदैनौं । हामीलाई उहाँले स्वर्गमा लानुहुन्छ भनेर हामीले भरोसा गर्न सक्छौं, तर जसरी भए पनि हामीले यस धर्तीमा हाम्रो जीवनलाई व्यवस्था गर्न उहाँमा भरोसा गरेजस्तो देख्न सकिँदैन । हाम्रा आफ्नै योजना र आकांक्षाहरू छन्, र हामीलाई तिनीहरूले, कुनै पनि चिजले वा व्यक्तिले बाधा पुऱ्याएको चाहना राख्दैनौं । हामीले ख्रीष्टलाई मुक्तिदाताको रूपमा हाम्रो आत्मामा खुशीसाथ आभार प्रकट गर्दछौं तर उहाँलाई हाम्रो जीवनमा राजाको रूपमा मुकुट पहिराइदिनबाट पछि हट्दछौं ।

आजको मण्डलीमा सुसमाचारलाई अत्याधिक जोड दिइएको कारणले गर्दा, जब एकजना व्यक्ति बाँचेको हुन्छ, र यो कुरा संभव छ, कि उसले यस्तो अनुभव गर्दछ, कि त्यहाँ अझ बढी गर्नुपर्ने कुनै पनि चिज हुँदैन । हामीले आफैलाई सदुपयोग गर्ने कार्यको अन्तिम लक्ष्य त्यस परिवर्तनको विचारमा हुनुपर्छ । स्वर्गमा

मिल्ने कुराको सम्बन्धमा यति धेरै कुरा सम्भव छ, कि हाम्रो नयाँ जन्म भनेको आवश्यक कुरा हो । तर यो ख्रीष्टियन जीवनको अन्तिम लक्ष्य चाहिँ होइन । हामी येशू ख्रीष्टसँगको दिन-दिनको जीवनमा पूर्ण समर्पणता देखाएर अगाडि जानुपर्ने हुन्छ ।

हामीले केही वास्तविकताहरूको सामना गर्नुपर्ने हुन्छ, र तिनीहरूको तर्कलाई पनि विचार गर्नुपर्छ । हरेक परमेश्वरको योजनामा आउने सूचकले यसको छुटकाराको आज्ञालाई ल्याउँदछ । सिद्धान्तले कार्यतर्फ अगुवाइ गर्दछ । हामी कलवरीबाट बगेको सत्यतामा जानुपर्छ, र हामीले तिनीहरूको बारेमा के हुन गइरहेको छ भनेर निर्णय पनि गर्नुपर्ने हुन्छ ।

## हाम्रा मुक्तिदाता हामीलाई बचाउनको निम्ति मर्नुभयो

सबैभन्दा पहिला, कुनै पनि चिजले गणना गर्न नसकिने वास्तविकतालाई छायाँमा पार्न सक्दैन, जो क्रूसमा मर्नुभएको थियो, र परमेश्वरभन्दा पनि कम हुनुहुन्थेन । उहाँ त्यो सृष्टिकर्ता हुनुहुन्थ्यो, जो आफ्ना मानिसको निम्ति मर्नुभयो, अपराधिको निम्ति ती न्यायधीस मर्नु भयो, र ती पवित्रजन पापीहरूको निम्ति मर्नुभयो । जब परमेश्वरका पुत्र मर्नुभयो, अनि प्रेमी आफ्ना शत्रुहरूको निम्ति मर्नुभयो, र ती दोषरहित व्यक्ति त्यस दोषको निम्ति मर्नुभयो, र ती धनी व्यक्ति गरिबको लागि मर्नुभयो । एकचोटी हामी यो आश्चर्यचकित पार्ने वास्तविकतालाई साँचो रूपमा लिएका हुन्छौं, र हामी फेरी कहिल्यै पनि उस्तै बन्न सक्दैनौं । हामी अति नै आनन्दित हुनेछौं । हाम्रो पूर्ण समर्पणताको कुनै पनि चिजको किसिममा कलवरीको महान् अर्थलाई इन्कार गरेका हुन्छौं । यसलाई हाम्रो आत्मामा जल्न दिनुहोस्, कि जो कोहीले हाम्रो निम्ति अन्तिम मुल्य तिरिदिएका छन्, र त्यो जो उहाँ हुनुहुन्छ हो, जसले यस संसार र यसमा भएका सबै थोकको योजना बनाउनुभयो । तब हाम्रा हृदयले यसरी प्रतिक्रिया जनाउनेछ:

*यसरी मैले रातो भएको मेरो मुहारलाई लुकाउन सक्थे,*
*जबकि उहाँको प्यारो क्रूस देखा पर्दछ,*
*मेरो हृदय त्यो कृतज्ञतापनमा मिसिन्छ,*
*र मेरा आँखाहरू आँसुले गर्दा पग्लन्छन् ।*

*तर त्यो पीडाको आँसुलाई कहिल्यै पनि तिर्न सकिँदैन,*
*मैले प्राप्त गरेको त्यो प्रेमको ऋणले,*

*प्यारो पिता, म आफैले त्यसलाई टाढा दिने गर्दछु,*
*त्यो नै सबै कार्य म गर्न सक्छु ।*
*- इसहाक वाट्स*

## परमेश्वरका ती कृपाहरू

दोस्रो विचार गर्नुपर्ने कुरा यो हो । परमेश्वरको कृपाले यस कुराको माग गर्दछ, कि हामीले हाम्रो सम्पूर्ण व्यक्तित्वलाई उहाँमा दिने गर्दछौं । जब हामीले परमेश्वरको कृपालाई बताउने गर्दछौं, हामीमा ठूला मौकाहरू, अवस्थाहरू, र उहाँले विश्वासीहरूलाई निश्चित गरेका पक्षहरू हुँदछन् । हाम्रो भनाइको अर्थ यो हुन्छ, कि हामीले ती सबै फाइदाहरूलाई कलवरीको क्रूसमा किनिसकेका थियौं । हामीले तिनीहरूमध्ये केहीलाई अगाडिका अध्यायहरूमा पनि सूचीकृत गरेका छौं ।

कुनै पनि मरणशील व्यक्तिले कहिल्यै पनि ती अयोग्य भएका मानिसहरूको दयापनमा यस्ता खालका सूचीलाई प्राप्त गर्ने साहस कहिल्यै पनि गरेका छैनन् । यो आत्मिक उदारताको दानलाई हामीले खोज्न र किनमेल गर्न पनि सक्दैनथ्यौं । तर यो हामीमा मुल्यबिना नै अनन्त जीवनको वरदानको रूपमा आयो । हामी जति धेरै परमेश्वरको कृपामा ध्यान गर्दछौं, हामीले त्यति धेरै अल्मलमा पार्ने गर्दछौं, कि उहाँले हामीलाई त्यति धेरै दयापूर्ण प्रकारले प्रदान गर्नुहुन्थ्यो ।

फ्रान्सको एउटा यस्तो भनाइ छ, भलाद्मीहरू बाध्य हुन्छन्, त्यो हो, भलाद्मीपन बाध्यतामा रहन्छन् । ती मानिसहरू जो उच्च तह वा जन्ममा जन्मेका हुन्छन्, त्यही प्रकारले प्रतिक्रिया जनाउन बाध्य हुन्छन् । ख्रीष्टियनहरू पनि निश्चित रूपमा माथिको जन्मका हुन्छन् (परमेश्वरको परिवारमा जन्मेका छन्), र तिनीहरूको तह पनि माथि नै हुन्छ (परमेश्वरका उत्तराधिकारी र येशू ख्रीष्टका संयुक्त उत्तराधिकारी) । त्यो उचित खालको प्रतिक्रियाले तिनीहरूको जीवनमा कृपालु पितासँग नियन्त्रण गर्नुपर्छ । तिनीहरूले तिनीहरूका शरीरलाई उहाँमा जिउँदो बलिदानको रूपमा अर्पण गर्नुपर्छ ।

## यसले कृतज्ञता प्रकट गर्दछ

हाम्रो पूर्ण समर्पणताको तेस्रो कारणमा कृतज्ञता प्रकट गर्नु हो । यदि धन्यवादपना कसैको निम्ति उपयुक्त हुन्छ भने जसले हामीलाई डुब्नबाट वा भवनलाई जलाउनबाट सुरक्षा प्रदान गर्दछ । त्यस्ता खालका व्यक्तिको कस्तो

प्रतिक्रिया हुन्छ, जसले हामीलाई नरकबाट बचाउन उहाँको शरीरलाई दिनुभयो ? त्यहाँ एउटामात्र उत्तर हुन्छ । जसरी हामीले उहाँले भनेको यस्तो कुरा सुन्दछौं, “यो मेरो शरीर तपाईंको लागि दिइएको छ” । हामीले यसो भन्नुभन्दा पनि अझ बढी के हुन सक्थ्यो, “तपाईंलाई धन्यवाद भएको होस्, प्रभु येशू । यो मेरो शरीर, मेरो हृदय मेरो जीवन, र मेरो सम्पूर्ण थोक तपाईंको निम्ति दिइएको छ ?”

जब मिसनरी जे. अलेक्जान्डर क्लार्कले एकजना अफ्रिकनलाई सिंहले आक्रमण गरेको देखे, उनले आफ्नो बन्दुकलाई पक्रे, र त्यो सिंहलाई मारे, अनि त्यस मानिसलाई अस्पतालमा पुऱ्याए, र उनी राम्ररी निको नभएसम्म उनको हेरचाहमा लागे, र त्यसपछि उनको आफ्नै जातिकोमा फर्केर गए । दुई वा तीन महिना पछिबाट क्लार्क उनको आफ्नै घरको अगाडिपट्टी बसिरहेका थिए, र एउटा अनौठो आवाज उनले सुनेः कुखुराहरू बाँसिरहेका, हाँसहरू क्वाँक-क्वाँक गरिरहेका, भेंडाहरू भ्याँ-भ्याँ गरिहेका, पुरुष, महिला र केटाकेटीहरू पनि कराइरहेका सुने । यहाँ एकजना अग्लो अफ्रिकनले जनावरहरू, कुखुराहरू, र मानिसहरूलाई लिएर अगाडि बढिरहेको थियो । यो मानिस त्यही थियो, जसलाई क्लार्कले सिंहको पञ्जाबाट बचाएका थिए । ती मिसनरीको पाउँमा परेर त्यस मानिसले भन्यो, “महासय, मेरो जातिको नियमअनुसार, ती मानिस जो जंगली जनावरबाट उद्धार गरिएको थियो, त्यो व्यक्ति उनी आफै थिएनन्, उनी उनको मुक्तिदातासँग सम्बन्धित थिए । मसँग भएका मेरा कुखुराहरू, हाँसहरू, बाख्राहरू, भेंडाहरू र गाई-गोरुहरू तपाईंका नै हुन् । मेरा दासहरू तपाईंका दासहरू हुन्, र मेरा छोराछोरीहरू (उनीसँग थोरैमात्र थिए) तपाईंको छोराछोरीहरू हुन्, र मेरा पत्नीहरू (उनीसँग धेरै थिए), तपाईंका पनि पत्नीहरू हुन् । मसँग भएका सबै चिज तपाईंका पनि हुन्” । यो केवल धन्यवादको सामान्य विषयमात्र हो, त्यो नै सम्पूर्ण कुरा हो ।

## परमेश्वरको प्रेमले यसलाई बाध्य तुल्याउने

त्यहाँ चौथो कारण पनि छ, कि किन पूर्ण समर्पणता हामीले गर्ने चिजहरूमा धेरै कारण सम्मत, सम्बन्धित र तार्किक हुन्छ । पावलले कसरी परमेश्वरको प्रेमले हामीलाई बाध्य पार्दछ भनेर बताउँदछन्ः

> “ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँदछ, किनभने हामीलाई यो निश्चय छ, कि सबैका निम्ति एकजना मर्नुभएको हुनाले सबै मरे । उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै

निम्ति बाँच्ने होइनन्, तर उहाँको निम्ति बाँचून, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरी जीवित पारी उठाइनुभयो” (२ कोरिन्थी ५:१४-१५) ।

तपाईंले मलाई यी सामान्य भनाइहरूका क्रमलाई टुक्रा-टुक्रा बनाउन दिनुहोस्:

- हामी सबै जना नै पाप र अधर्ममा मरेका थियौं ।
- प्रभु येशू हाम्रो निम्ति मर्नुभयो, ताकि हामी बाँच्न सकौं ।
- तर उहाँ हाम्रो निम्ति मर्नुभएन, ताकि हामी आत्मा-केन्द्रित र आत्मा-निर्देशित जीवन जीउन सकौं ।
- हामी उहाँको निम्ति जीउने चाहना उहाँले गर्नुको सट्टामा उहाँ हाम्रो निम्ति मर्नुभयो ।

यसले असल भावना बनाउने गर्दछ, होइन त ? त्यस प्रेमको बारेमा बिचार गर्नको लागि मलाई समय दिनुहोस् ।

यो अनन्त हुन्छ, त्यो प्रेम केवल सुरुवातमा पनि आएको हुँदैन । यो समयविहिन र अन्त नहुने प्रकारको छ । हाम्रो विचारले त्यो जटिल कुरालाई दवाव दिँदछ, कि त्यो प्रेम अन्त नहुने र नास नहुने खालको छ ।

यो नाप्न नसकिने खालको छ । यसको उचाइ, लम्बाइ, चौडाइ, गहिराइ पनि अनिश्चित छन् । हामीले यस्तो खालको धेरै पैसा पर्ने चिजलाई कतै पनि प्राप्त गर्न सक्दैनौं । कविहरूले यसलाई सृष्टिको महान्ताको वर्णनमा तुलना गरेका छन्, तर यी वचनहरू सधैं त्यो विचारलाई तौलदाखेरि घुमेकोजस्तो देखिन्छ ।

हामीतर्फ ख्रीष्टले गरेको प्रेम कारणरहित र प्रकट गर्न नसकिने प्रकारको छ । उनले प्रेम गर्न सक्ने केही चिजपनि देख्न सक्दैनन्, वा उहाँको प्रेमलाई हामीमा तान्नको लागि पनि फाइदा जनक छैनन्, तरैपनि उहाँले हामीलाई उही किसिमले प्रेम गर्नुभयो । उहाँले यसलाई गर्नुभयो, किनकि उहाँ हिँड्नुपर्ने बाटो उही खालको थियो ।

हामीले अरूहरूलाई गर्ने प्रेम कतिचोटी अज्ञानतामा आधारित हुन्छ । हामीले मानिसहरूलाई प्रेम गर्छौं, किनकि साँच्चिकै तिनीहरू कस्ता छन् भनेर हामीले जान्न सक्दैनौं । हामीले तिनीहरूलाई तिनीहरूको नजरबाट जाँच गर्दछौं, तर

हामीले जति धेरै तिनीहरूलाई जान्ने चाहना गर्दछौं, हामीले तिनीहरूको त्यति धेरै गल्ती र असफलताहरूको जानकारी पाउँछौं, तब तिनीहरू कम मन पराउने जस्ता देखा पर्दछन् । तर प्रभु येशूले हामीलाई प्रेम गर्नुभयो, जबकि उहाँले कहिले काहीँ हुने वा गर्ने ती सबै कार्यलाई जान्ने गर्नुहुन्छ । उहाँको सर्वव्यापकताले उहाँको प्रेमलाई रद्ध गर्न सक्दैन ।

तर त्यहाँ यस संसारमा धेरै मानिसहरू छन्, साढे ६ अरबभन्दा बढी । के सर्बोच्च परमेश्वरले प्रत्येक व्यक्तिलाई व्यक्तिगत रूपमा प्रेम गर्न सक्नुहुन्छ ?

*यति धेरैहरूको बीचमा के मैले वास्ता गर्न सक्छु ?*
*के मेरो विशेष प्रेम जतातते हुन सक्छ ?*

हो, उहाँसँगै त्यहाँ कोही पनि व्यक्तिहरू होइनन् भन्ने कुराहरू छन् । कोही पनि मुल्यहिन छैनन् । उहाँको प्रेम यस धर्तीमा हुने हरेक व्यक्तिमा बहन्छ ।

हामीले यस्तो खालको प्रेमलाई तुलना गर्न सक्दैनौं । धेरै मानिसहरूले आमाको समर्पित प्रेमलाई जान्दछन्, वा विश्वासयोग्य पति र पत्नीको प्रेम पनि त्यस्तै हुन्छ । दाऊदले जोनाथनको प्रेमलाई जान्दथे । येशूले पनि यूहन्नको प्रेमलाई जान्नुभयो । तर कहिल्यै पनि कसैले अलौकिक प्रेमलाई मानवीय कुनै चिजसँग अनुभव गरेर तुलना गर्न सक्दैनन् । जसरी त्यस भजनले हामीलाई यस कुराको याद दिलाउँदछ, “कसैले पनि येशूले जस्तै कहिल्यै मेरो वास्ता गरेको हुँदैन” ।

रोमी ८ अध्यायमा पावलले यस संसारमा रहेको कुनै पनि चिजले येशू ख्रीष्टको प्रेमबाट विश्वासीहरूलाई कहिल्यै पनि अलग गर्न सक्दैन भनेर बताएका छन्, तर उहाँ रित्तो हात लिएर आउनुहुन्छ । नत मृत्युले, जीवनले, स्वर्गदूतहरूले, प्रधानताहरूले, शक्तिले, वर्तमानका वा आउने वाला चिजविजले, उचाइले, गहिराइले, नत कुनै पनि सृष्टि गरिएका थोकले हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्न नै सक्छ ।

यसमा महसुस गर्नुपर्ने भयानक कुरा छ, कि ती सर्वशक्तिमानले तपाई र मलाई भन्दा बढी उहाँले यस क्षणमा गरेको जस्तै प्रेम गर्न सक्नुहुन्न । उहाँको प्रेम पूर्णरूपमा सुरक्षित गर्ने, र सिमित नरहने खालको हुन्छ ।

यो निरन्तर परिवर्तन भइरहने संसारमा, केही चिज प्राप्त गर्नको लागि निश्चित भएर त्यो चिज परिवर्तन नहुने हुन्छ, जस्तै कि येशू ख्रीष्टको प्रेम । हाम्रो

प्रेम चक्रमा गतिशिल हुन्छ । यो भावनात्मक रूपमा घुम्ने चक्रजस्तै हुन्छ । तर हाम्रा परमप्रभुसँग त यस्तो कार्य हुँदैन । उहाँको प्रेम कहिल्यै पनि थाक्दैन वा विविधतामा रहँदैन । यो निरन्तर रहन्छ ।

उहाँको प्रेम शुद्ध प्रेम हो, र स्वार्थीपनबाट स्वतन्त्र, सम्झौता वा अयोग्य आचरणबाट पनि स्वतन्त्र रहन्छ । यो दुषित हुँदैन, र अपवित्रतापनको छुवाइभन्दा पनि बाहिर नै रहन्छ ।

येशूको अनुग्रह जस्तै उहाँको प्रेम पनि स्वतन्त्र हुन्छ । यसको निम्ति हामीले सधैँभरि नै आभार व्यक्त गर्दछौं, किनकि हामीहरू दरिद्र, भिखारी, पापले खत्तम भएका व्यक्तिहरू हौं । यद्यपि हामीले संसारमा भएका सबै धनसम्पत्ति प्राप्त गरे तापनि, हामीले त्यो मुल्यविहिन प्रेमलाई हामीसँग भएका रुपियाँ पैसाले तिर्न कहिल्यै पनि सक्दैनौं ।

यहाँ विभाजन नगर्ने खालको प्रेम छ । यसले न्यायी र अन्यायीहरूलाई चम्कने सूर्यजस्तै बनाउने गर्दछ । यसले पानीलाई कुनै पनि बाधा नदिइकनै खस्ने बनाउँदछ ।

उहाँको प्रेम आफैले दिने कार्यमा पनि प्रकट हुँदछ । "ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नु भयो, र दिनुभयो..." । लिनुभन्दा दिनु अझ असल हो भन्ने कुरा भएदेखि, परमप्रभुमा सधैं धेरै आशिषित हुने व्यक्तित्वमा विशेष अधिकार पनि हुन्छ ।

यसको बारेमा हुने अति नै आश्चर्यलाग्ने एउटा थोक यो छ, कि यो बलिदानपूर्ण रूपमा हुन्छ । यसले उहाँलाई कलवरीतर्फ डोऱ्याउँदछ, र यो अति नै ठूलो प्रदर्शन पनि हुन्छ । क्रूसमा हामीले मृत्युभन्दा महान् प्रेमलाई देख्दछौं, र त्यो अझपनि परमेश्वरको क्रोधलाई डुवाउन सक्ने ठूलो लहर पनि हुँदैन । यो अनौठो प्रेमले गर्दा हाम्रो शक्तिको वर्णनलाई अगाडि बढाउँदछ । यो उत्कृष्ट र मिलाउन नसक्ने खालको छ, र त्यो प्रेमको उचाइमा छ । हाम्रो वर्तमान् शब्दकोशले पनि हामीलाई यसको तस्बिर दिन पर्याप्त हुँदैन । त्यहाँ पर्याप्त सामान्य विशेषणहरू, तुलना गर्ने र सर्बोच्च कुरा पनि छैनन् । हामी केवल त्यति धेरै टाढासम्म जान सक्छौं, तब हामीले सोलोमनको महिमालाई सेवाकी रानीले भनेको कुरालाई भन्नसक्छौं । "त्यो आधीँचाहिँ भनिएको थिएन" । त्यो विषय मानवीय भाषामा जाने गर्दथ्यो ।

हामीले असल शब्दकोशको निम्ति, एउटा विस्तार गरिएको शब्दावलीलाई

यस ब्रह्माण्डमा खोजी गर्न सक्छौं, तर यो व्यर्थमा हुने गर्दथ्यो । हामी स्वर्गमा नपुगेसम्म र अनन्तको प्रेमलाई नदेखेसम्म हामीले स्पष्ट नजरकासाथ देख्नेछौं, हामीले त्यो चाहना गर्ने बौद्धिकतालाई बुझ्नेछौं, र येशू ख्रीष्टले हाम्रो निम्ति देखाउनुभएको प्रेमलाई जान्नेछौं । तब पनि त्यस विषयले थकित पार्ने कुरामा लानेछैन ।

यो नै त्यस किसिमको प्रेम हो, जसले हामीलाई उहाँमा जीउन प्रेरित तुल्याउनेछ, जो हाम्रो निम्ति मर्नुभयोः

*त्यो अलौकिक र आश्चर्यचकित पार्ने प्रेम*
*मेरो हृदय, मेरो जीवन र सम्पूर्ण थोकको चाहना गर्दछ ।*

पावरस्कर्ट भन्ने महिला, एकजना अंग्रजी भलाद्मी विश्वासीले यसलाई अन्धाधुन्ध रूपमा राखेकी छन्: "त्यो प्रेमले चोट पुर्‍याएजस्तो देखिन्छ, जसले सबैलाई र हामीलाई पनि हामीले प्रेम गर्छौं भन्नेलाई दियो, र तरैपनि, हामीले उहाँलाई सबै चिज दिने बारेमा गणना गर्नलाई रोकिएको हुन्छ । हाम्रो सबै नै हुन्छ, तर दुई पैसामात्रै हुन्छ । उहाँको सबै भनेको स्वर्ग, पृथ्वी, अनन्तता, र उहाँ आफै हुनुहुन्छ । त्यति धेरै रूपमा प्रेम नगर्नु नै असल हुन्छ । मन तातो हुनुभन्दा चिसो हुनु नै असल हुन्छ ।

*प्यारो पिता, मैले तपाईंले गर्नुभएको अनुरोधको आवाजलाई सुनेको छु;*
*म त्यसलाई लत्याएर अगाडि बढ्न सक्दिन्,*
*मेरो हृदयले विजयी पाएको छ, मेरो सम्पूर्ण थोक लिनुहोस्,*
*तपाईंको प्रेमले कममात्र बाधा पुर्‍याउने गर्दछ ।*
*- जे. सिड्लो बक्सटर*

## हामीहरू हाम्रो आफ्नै होइनौं

पाँचौं, सामान्य इमानदारीताले यस कुराको माग गर्दछ, कि हामीले हाम्रो जीवनलाई उहाँमा अर्पण गर्छौं । हाम्रा प्रभु येशूले हामीलाई कलवरीमा किन्नुभएको छ । उहाँले धेरै मुल्य चुकाउनु भएको छ, वा उहाँको आफ्नै रगतले बलि चढाउनुभएको छ । अब यदि उहाँले हामीलाई किन्नुभयो भने, हामी आफैमा त्यति धेरै सम्बन्धित हुँदैनौं । हामी उहाँमा सम्बन्धित हुन्छौं । यो ख्रीष्टियन विश्वासको धेरै मध्ये एउटा आनन्दपूर्ण हुने बिडम्बना हो, यद्यपि ती सबै हाम्रा चिजहरू हुन्छन् (१ कोरिन्थी ३:२१), तरैपनि हामी हाम्रो आफ्नै चाहिँ होइनौं ।

यसले त्यो कुरालाई पछ्याउने गर्दछ, कि यदि हामीले हाम्रो जीवनलाई लिने हो, र तिनीहरूसँग चाहना गरेको कुरा गर्ने हो भने, हामीले ती केही चिजलाई लिइरहेका छौं, जुनचाहिँ हामीमा सम्बन्धित हुँदैनन् । त्यहाँ त्यसको निम्ति एउटा वचन छ । यसलाई चोरी भनेर भनिन्छ । हामीलाई पूर्ण समर्पणताले चोर बन्नबाट बचाउने गर्दछ । जब सि.टि. स्टडले यसलाई देखे, र उनले लेखे:

> येशू ख्रीष्ट मेरो निम्ति मर्नुभएको मैले जानेको थिए, तर मैले त्यसलाई कहिल्यै उहाँ मेरो निम्ति मर्नुभएको कुरा बुझ्न सकिन, तब म आफै ममा सम्बन्धित छैन । छुटकारा भनेको पछाडि किन्नु हो, ताकि म उहाँमा सम्बन्धित हुन्छु भने, कि त म चोर हुनुपर्ने थियो, र मेरो नभएको चिजलाई राख्नुपर्ने थियो, वा मसँग भएका सबैचिज परमेश्वरलाई दिनुपर्ने थियो । जब म येशू ख्रीष्ट मेरो निम्ति मर्नुभयो भन्ने कुरा हेर्नलाई आए, तब यो उहाँको निम्ति सबै चिज दिनुपर्दा त्यति धेरै कठिन नभएजस्तो देखिन्थ्यो ।

त्यो तर्क त्यति धेरै विवादास्पद छैन, होइन त ? तर हामी यसको बारेमा के कुरा गर्न गइरहेका छौं ।

ओसवाल्ड स्याण्डरले जर्मनीको मण्डली व्यवस्थापनलाई यसो भने, जो उनको अंगको निम्ति धेरै नै आशाप्रद थिए । उनले यसमा त्यो बुँदा बनाए, कि जसले अरूहरूलाई प्रयोग गर्ने अनुमति दिँदैनथ्यो । उनले एक दिन घाम लागिरहेको अपरान्हको समयमा फेलिक्स मेन्डेलसनले लेखेको टुक्रालाई अभ्यास गरिरहेका थिए, र यसलाई राम्ररी बजाइरहेका थिएनन् । तरैपनि उनमा यो कुरा परिचित थिएन, र यसलाई एकजना अपरिचित व्यक्तिले मण्डलीबाट चोरेर लगेका थिए, र पछिल्तिरको आसनमा बसे । उनले मद्दत गर्न सक्दैनथे, तर ती बाजा बाधकलाई कठिनाइ भइरहेको कुराको याद गरे । जब ती बाधकले अन्तमा छोडिदिए, र उनको संगीतलाई त्याग्ने घोषणा गरे, अनि ती आगन्तुक अगाडि गए, र त्यसलाई बजाउनको लागि भद्रतापूर्वक अनुमति मागे । त्यहाँ ठीक खालको उत्तर आएन । ती बाजा बाधकले कहिल्यै पनि अरूलाई बजाउने अनुमति दिँदैनथे । फेरी ती आगन्तुकले अर्को मौकाको लागि अनुरोध गरे, र फेरी पनि उनलाई बजाउने अनुमति पनि दिइएन । तर उनको अग्रह पनि बेकारमा गयो । तेस्रो चोटी फेरी उनले सोधे, तब उनलाई गनगन गरेर भए पनि बजाउने अनुमति दिइयो ।

उनी त्यहाँ बसे, रोकिने स्थानलाई मिलाए, र त्यो नै बाजालाई बजाउन थाले । तुरुन्तै त्यो पूरै मण्डली नै त्यो सुन्दर धुनले भरिएको थियो । त्यसको नजिकमै रहेको आश्चर्य चकित भएर ती बाधकलाई सोधे, “तिमी को हौं ?” ती आगन्तुकले नम्रतापूर्वक आफ्नो शिर निहुराए, र भने, “म फेलिक्स मेन्डेलसन हु”। “के” भनेर ती बाधकले प्रतिक्रिया जनाए उनी पूर्ण रूपमा आश्चर्यचकित भए । “के मैले तपाईंलाई यो बाजा बजाउनको निम्ति अनुमति दिनलाई इन्कार गरें ?”

हाम्रा जीवनहरू पनि परमेश्वरका बाजाहरू हुन्, हाम्रो आफ्नै चाहिँ होइनन् । के हामीले उहाँलाई यसलाई बजाउनको निम्ति अनुमति दिनु पर्दैन ?

## येशू प्रभु हुनुहुन्छ !

अब हामी हामीसँग भएका ती सबैलाई प्रस्तुत गर्ने छैटौं कारणतर्फ लागौं, र परमप्रभुसँग रहौं, र हाम्रो जीवनलाई संचालन गर्नको लागि उहाँसँग मागौं । हामीले उहाँलाई परमप्रभु भनेर भन्दछौं, “यसैको निम्ति ख्रीष्ट मर्नुभयो, र फेरि जीवित हुनुभयो कि उहाँ मरेकाहरू र जीवितहरूका प्रभु होऊन्” (रोमी १४:९) । यदि उहाँ प्रभु हुनुहुन्छ भने, उहाँको सबैमाथि अधिकार हुन्छ । यदि ख्रीष्ट व्यक्तिको जीवनमा परमप्रभु हुनुहुन्न भने, तब त्यो व्यक्तिले आफ्नो नजरमा जे कुरा ठीक छ, त्यही गर्दछ । यो त्यो बिना नै महत्वपूर्ण छैन, कि जहाँ नयाँ करारमा मुक्तिदाता भन्ने शब्द २४ पल्ट आएको छ, र परमप्रभु भन्ने शब्दलाई करिब ६७० पटक पाइएको छ । यद्यपि हामीले साझा रूपमा मुक्तिदाता र परमप्रभु भनेर भन्दछौं, जुनकुरा बाइबलले कहिल्यै पनि गर्दैन । यसले सधैं नै “परमप्रभु र मुक्तिदाता” भनेर भन्दछ । यसले क्रमलाई उल्टो बनाएको छ । पत्रुसले हामीलाई यो कुराको सम्झना गराउँदछन्, कि हामीले हाम्रो हृदयमा प्रभु येशूलाई शुद्ध बनाएका छौं, त्यो हो, उहाँलाई मालिकको रूपमा अलग गर्नुपर्ने हुन्छ ।

जब यहोशूले यरीहोमाथि आक्रमण गर्नलाई तयार गरिरहेका थिए, एकजना मानिस उनको हातमा तरवार लिएर उनको अगाडि देखा परे । यहोशूले ती मानिस को थिए, भनेर महसुस गर्नुभन्दा अगाडि, उनले सोधे, “के तिमी हाम्रो पक्षमा छौं वा हाम्रो विरुद्धमा छौं ?” ती मानिसले जवाफ दिए, “म तपाईंको पक्षमा वा तपाईंको विरुद्धमा पनि आएको थिइन, तर तपाईंभन्दा पनि माथि हुनलाई आए” । अनि उनले भने, “होइन, तर परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ” (यहोशू ५:१४) । तब यहोशूले यस कुराको महसुस गरे, कि उनी परमप्रभुसँग कुराकानी गरिरहेका थिए । यस संसारमा आउनुभन्दा अगाडि

देखिने व्यक्ति उहाँ नै येशू हुनुहुन्थ्यो । यहोशू उहाँको अगाडि घोप्टो परे, उहाँलाई दण्डवत् गरे, उहाँलाई परमप्रभु भनेर बोलाए, र उहाँको प्रभुत्वपनलाई पनि समर्पण गरे ।

यहाँ हाम्रो लागि अति नै ठूलो पाठ दिइएको छ । मुक्तिदाता केवल हाम्रो जीवनमा हाम्रो पक्षमा हुनलाई मात्र आउनुभएको छैन, र निश्चित रूपमा उहाँ हाम्रो बिरोधी हुनलाई पनि आउनु भएको छैन । उहाँले हामीलाई परमप्रभुमा रहेको चाहना गर्नुहुन्छ, हामीभन्दा माथि रहन चाहनुहुन्छ, र मुख्य सेनापति भएको पनि चाहना गर्नुहुन्छ । कसरी मैले उहाँलाई परमप्रभु भनेर बोलाउन सक्छु, तरैपनि उहाँले इन्कार गर्नुहुन्छ, जब उहाँले मलाई पूर्ण समर्पणतामा बोलाउनुहुन्छ ? उहाँले जे भन्नुहुन्छ, त्यो कुरालाई हामीले गर्नुपर्छ नत्र उहाँलाई परमप्रभु भनेर बोलाउनु पर्दैन ।

## उहाँले हामीले गर्नेभन्दा पनि अझ बढी असल कुरा जान्नुहुन्छ

त्यहाँ सातौं कारणमा, हामीले सोच्न सक्ने बारेमा केही अन्य चिज दिइएको छ । हामीले यस्तो कार्य पनि गर्नेछौं, जसरी हामीले हाम्रो जीवनमा अति उत्तम योजना पनि बनाउनेछौं । हामीले हाम्रो व्यवसायलाई छान्दछौं, हाम्रा लक्ष्यलाई निर्धारण गर्दछौं, र हाम्रा आफ्नै अभिलाषालाई पनि अगाडि बढाउँदछौं । हामीले त्यस्तो वास्तविकतालाई पनि हेर्ने गर्नेछौं, जसमा ख्रीष्टले केही निश्चित असल चिजलाई गर्नुभएको हुन्छ । हामीले कहिल्यै सपना देखेको भन्दा पनि अझ असल कार्य उहाँले गर्न सक्नुहुन्छ । परमेश्वर आश्चर्यपूर्ण रूपमा सृजनशील हुनुहुन्छ । उहाँको अचम्म लाग्ने कल्पना पनि छ । हामीले थाहा नपाएका विकल्पहरूलाई पनि उहाँले जान्ने गर्नुहुन्छ । उहाँले आफ्ना मानिसहरूको निम्ति अति उत्तम कुराको चाहना गर्नुहुन्छ, यसैले उहाँको निलो छाप उहाँको अदृश्य प्रेम र ज्ञानमा छानिएको हुन्छ । उहाँको हेराइ र हाम्रो रूखोपनको बीचमा विपरित कुराहरू छन्:

*मैले रुपियाँ-पैसालाई गन्ने गरेको छु,*
*जबकि परमेश्वरले क्रूसलाई गणना गर्नुहुन्छ !*
*मैले प्राप्त गर्ने कुरालाई गणना गरेको हुन्छु,*
*जबकि उहाँले गुमाउनेलाई गणना गर्नुहुन्छ !*
*मैले प्राप्त गरेका चिजविजहरूलाई भण्डारमा थुपारेर त्यसको मुल्यलाई गणना गरेको हुन्छु*

*उहाँले मलाई मैले लगाएका र अभाव भएका चिजविजहरूमा आक्रमण गर्ने गर्नुहुन्छ ।*
*मैले सम्मानको गणना गर्दछु, र ती तहलाई खोज्ने गर्दछु !*
*उहाँ रुँनुभयो, जसरी उहाँले मेरो घुँडामा भएको समयलाई गणना गर्नुभयो ।*
*मलाई कहिल्यै पनि थाहा थिएन, जबसम्म त्यो चिहानमा एक दिन रहँदैन, ती चिजविजहरू कति व्यर्थका छन्, जब हामीले त्यो जीवन बिताउनको लागि समय खर्चन्छौं ।*

*- आज्ञात लेखक*

हामीले जबसम्म हाम्रो जीवनलाई उहाँमा समर्पण गर्दैनौं, हामीले उहाँलाई यो कुरा देखाइरहेकाछौं, कि उहाँमा हाम्रा आफ्नै बौद्धिकतालाई सिद्ध बनाउँदा अनौठा बेइमानहरू आउँदछन्, र हामीले यसो भन्दछौं, कि उहाँले गर्नेभन्दा पनि अझ असल कुरा हामीले जान्दछौं ।

## इन्कार गर्नुपर्ने वास्तविक कुरा के हुन्छ ?

त्यो कारण किन भन्ने वृहत रूपमा प्रसिद्धि पाएको पुस्तिकाका लेखक आर.ए. लेडलले आठवटा विचारहरूलाई थपेका छन्: “त्यहाँ मुक्तिको निम्ति परमेश्वरको आत्मालाई अनन्ततामा समर्पण गर्दा गंभिरतापनको अभाव हुन्छ, र तब नैतिक जीवनलाई पनि पछाडि पछ्याउने गरिन्छ । हामीलाई नरकबाट बचाउनको लागि र स्वर्गमा लैजानको लागि हामीले उहाँमा भरोसा गर्ने साहस गर्दछौं, तर हामीले हाम्रो जीवनलाई उहाँले यहाँ र अहिले नियन्त्रण गर्नको लागि अनिच्छा व्यक्त गर्दछौं” ।

जवान मानिसहरूलाई बताउँदाखेरि एकजना केस्विक वक्ताले यसो भने: “मानिसहरूले तिमीलाई नराम्रो व्यक्ति भनेर भन्नेछन्, जब तपाईं येशू ख्रीष्टमा पूर्ण रूपमा समर्पित हुनुहुन्छ । म यसो भन्दछु, ‘येशू ख्रीष्टको लागि सके जति धेरै खराब व्यक्ति हुनुहोस्’ । ती खराब व्यक्ति को हुन् भनेर मैले तिमीलाई भन्नेछु । तिनीहरू त्यस्ता व्यक्तिहरू हुन् जो कलवरीको छाँयामा खडा रहन्छन्, जसले मुक्तिदाताको मृत्युको मुहारलाई हेरिरहेका हुन्छन्, जसरी उहाँले उहाँको रगतले तिनीहरूलाई किन्नुभएको छ, तब तिनीहरूले गर्ने चाहना गरेका चिजविजहरूलाई लिएर बाहिरपट्टी जाँदछन्, र तिनीहरूले चाहना गरेकै तरिकाले जीउने चाहना राख्दछन्” ।

*यहाँ पूर्ण समर्पणताको तर्क पनि दिइएको छः*
*ए मालिक, म तपाईंको निम्ति के कुरा दिऊ त ?*
*तपाईं जो मेरो निम्ति मर्नुभएको छ ।*
*के मसँग भएको भन्दा पनि कम चिज म तपाईंलाई दिऊँ ?*
*के  म तपाईंलाई सबैथोक दिऊँ ?*
*येशू, मेरो प्रभु र मेरो मुक्तिदाता,*
*तपाईंले मेरो निम्ति सबै थोक दिनुभएको छ ।*
*केही भागमात्र होइन, वा मेरो हृदयको आधि भाग पनि होइन,*
*मैले तपाईंलाई सबैथोक दिनेछु ।*
*- होमर डब्लू. ग्रीम्स*

◈◈◈

# २४ एउटा छटपटाइएको बलिदान

केयो कुरा अनौठो छैन, कि जब परमेश्वरले एकजना व्यक्तिलाई बोलाउनुहुन्छ, तब त्यो सामान्य विचारलाई स्वभाविक रूपमा विरोध गर्ने गर्दछन् ?

जब परमप्रभुले मोशालाई उहाँका मानिसहरूबाट छुटकारा गर्नको लागि नियुक्त गर्नुभयो, तब ती प्राचीन मानिसहरूले विरोध जनाए, “फारोकहाँ गएर इस्राएलीहरूलाई मिश्रबाट ल्याउन सक्ने म को हुँ र ?” पछिबाट उनले अर्को क्षमापनलाई थपेका छन्, “प्रभु, म बोल्नमा त्यति सिपालु छैन, न त अघि म सिपालु थिएँ, न अहिले तपाईं बोल्नुभएपछि सिपालु भएको छु, किनकि म बोल्नमा र जिब्रो चलाउनमा ढिलो छु” (प्रस्थान ४:१०) । यर्मियाले पनि उनमा परमप्रभुले गर्नुभएको छनोटको विरुद्धमा तर्कवितर्क गरेका छन्, “हे, परमप्रभु परमेश्वर, म त बोल्नै जान्दिनँ, म त बालकै छु” (यर्मिया १:६) ।

नयाँ करारको दृष्टान्तमा आएर, एकजना भद्र मानिसले १० जना चाकरहरूमा पैसा लगानी गर्ने भन्ने बारेमा भरोसा गरेका थिए । तर तिनीहरूले उहाँलाई यसो भनेर घृणा गरे, “तिनले हामीमाथि राज गरेको हामी चाहँदैनौं” (लूका १९:१४) । टार्ससका शाऊलले पनि पवित्र आत्माको शक्तिको निर्धक्क भएर हठी प्रकारले विरोध गरे यसैले कि यो मुक्तिदाताको आफ्नै शब्दहरूमा प्रमाणित भएका छन्, “म येशू हुँ, जसलाई तिमी सताउँछौं” (प्रेरित ९:५) ।

सि.एस. लुइसले यसो भने कि, उनलाई परमप्रभुले हिर्काउँदै, र चित्कार गर्दै ल्याउनुभयो, “सारा बेलायतभरि नै भएका अति नै अनिच्छुक परिवर्तित व्यक्ति” । हामीहरूमध्ये धेरै जनाले उनको भनाइको आशयलाई उही प्रकारले बुझ्न सक्छौं, किनकि त्यसो गर्नु पनि हाम्रो अनुभव थियो ।

## बिद्रोह

धेरै वर्षदेखि हामीले बाटो बिराएका छौं कि, भेंडाले जस्तै अन्य धेरै कुराको चाहना नगरेर, तिनीहरूको आफ्नै बाटोतिर जाने चाहना गर्दछन् । हाम्रा खुट्टाहरूलाई बजार्नु र हामी निश्चित रूपमा जाने गर्दा, "हामीले यस मानिसलाई हामीमाथि शासन गर्ने अधिकार दिनेछैनौं" । हामीले यस कुरालाई निर्धारण गर्नेछौं, कि जो कोहीले पनि हाम्रो जीवनलाई निर्देशित गर्ने छैनन्, वा हाम्रा योजना र आकांक्षाहरूले बाधा नै पुर्‍याउनेछन् ।

हामीले आनन्द प्राप्त गर्ने चाहना गर्‍यौं, र यो कुरामा निश्चित भयौं, कि परमेश्वरले यसलाई हामीबाट प्राप्त गर्ने चाहना गर्नुभएन । उहाँ यस संसारको नाशकर्ता हुनुहुन्थ्यो । हामीले हाम्रा कम्पनीहरूको प्रमाणित गर्ने चाहना राख्यौं, हामीले अलौकिक प्रमाणिकताको निम्ति केही पनि चिजको वास्ता गरेनौं । हामी आफैले सिंहासनमा सुरक्षित भएको चाहना गर्‍यौं, र परमप्रभुलाई हस्तक्षेप गरी प्रयोगकर्ताको रूपमा हेर्‍यौं ।

तब विस्तारै हाम्रो शान्ति टुट्यो । पछाडि फर्केर हेर्दा यसमा यो कुरा भएको हुनुपर्छ, कि कसैले हाम्रो निम्ति प्रार्थना गरिरहेका थिए । हाम्रो भागमा पर्ने कुरालाई कुनै पनि चाहना नगरिकनै, हामीले ती मानिसहरूलाई भेट्न सुरु गर्‍यौं, जसले तिनीहरूको आफ्नै व्यापारलाई कुनै पनि विचार गरेनन् । तिनीहरूले परमेश्वर हामीमा रहेर सामना गर्ने कुरालाई जोड दिए, र येशूसँग पाप, मुक्ति, स्वर्ग र नर्कको बारेमा बताए । चाहे हामी कार्यमा वा किनमेल गर्ने स्थानमा छौं भनेर यसले कुनै मुल्य राख्दैन । ख्रीष्टियनहरूले हामीलाई त्यो मार्ग प्रदान गर्दथे । "येशूले हामीलाई बचाउनुहुन्छ" भनेर हामीले चट्टानहरूमा लेखिएको कुरा देख्नेथ्यौं । कतिचोटी हामी जब रेडियो र टि.भि.मा फर्कन्थ्यौं, तब हामीहरू कतिले परमप्रभु, स्वर्ग र नर्कको बारेमा बताएको कुरा सुन्थ्यौं । यहाँ यस्तो पनि देखिन्थ्यो, कि धर्म जताततै थियो, टेलिफोन गर्ने बुथजस्तै सामान्य थियो, वा कोकाकोलाको संकेत जस्तै थियो ।

## लडाइँको सुरुवात

खुल्ला लडाइँको विष्फोट भयो । हामीले उहाँलाई एक्लै छोडिदिनलाई अनुरोध गर्‍यौं । टार्ससका शाऊललाई जस्तै हामीले छडीको विरुद्धमा हान्ने काम गर्‍यौं, र यो कडा खालको थियो । एक अर्थमा भन्नुपर्दा हामी सर्बोच्चचाहिँको

लडाइँमा थियौं, तर यसमा यस्तो कुरा पनि देखिन्थ्यो, कि हामी उहाँ देखि टाढा भागिरहेका थियौं । हामीले थाहा नपाएको अवस्थामा हामी त्यो व्यक्तिबाट चाहिँ भाग्न कोशिस गरिरहेका थियौं, जो सबैतिर उपस्थित हुनुहुन्थ्यो । फ्रान्सिस थोम्सनले हाम्रो भगाइलाई स्वर्गको खेदोसँग प्रस्तुत गरेका छन्:

*म उहाँमा भागेको छु, रातको समयमा र दिनको समयमा,*
*म उहाँमा भागेको छु, त्यो वर्षको बनावटको समयमा,*
*म उहाँमा भागेको छु, ती धेरै बाटाहरूमा अल्मलिने गर्दछु,*
*मेरो आफ्नै विचारमा, र ती बगीरहेका आँसुको मध्यस्थतामा,*
*म उहाँबाट लुकेको थिएँ, र त्यसमुनि म हाँसिरहेको हुन्थे,*
*विगत र भविष्यको आशाहरूमा, म त्यो गतिमा हुन्थे*
*अनि पानी पर्दा बन्द गर्दथे,*
*ती लघारेका डरहरूमा तल एउटा ठूलो ज्योति बल्दथ्यो,*
*ती बलिया गोडाहरूले पछ्याउने गर्दथे, त्यसपछि पछ्याउँदथे,*
*तर त्यो हतार नगरिएको लखेटाइसँगै,*
*र त्यो कष्ट नदिएको कदम,*
*निरन्तर गति र महान् दृष्टान्त*
*तिनीहरूले जिते, र एउटा आवाजले पनि जित्यो,*
*गोडाभन्दा पनि बढी निरन्तर हुने,*
*"सबै चिजविजले तपाईंलाई धोका दिए, कसले मलाई धोका दियो" ।*

यो विवेकहिन थियो । हामीहरू हाम्रो आफ्नै अति उत्तम चाहनाको विरुद्धमा लडिरहेका थियौं । हामीले यस्तो विचार गऱ्यौं कि, मुक्तिदाताले हामीलाई हाम्रो आनन्दलाई खोज्ने चाहना राख्नुहुन्छ, र उहाँले हामीबाट साँचो खुशीयालीमा आनन्द मनाउने चाहना राख्नुहुन्छ । हामीले यस्तो विचार गर्दछौं, कि उहाँको चाहना खराब, चाहना नगरिएको, र खतरनाक थियो । वास्तवमा यो हरेक तरिकाले उत्तम थियो । उहाँले हामीलाई त्यो पापबाट बचाउने चाहना गर्नुभयो, जसले हामीलाई तलको नर्कतिर तानिरहेका थिए । उहाँले हामीलाई सित्तैंको बरदानको रूपमा अनन्त जीवन प्रदान गर्ने चाहना राख्नुभयो । उहाँ चोर्न, मार्न वा नास गर्नलाई आउनुभएन, तर उहाँले हामीलाई प्रशस्तताको जीवन दिनलाई आउनुभयो ।

यसले मलाई एकजना रेडियो प्रचारको बारेमा याद दिलाउँदछ, जो रातको समयमा अवकास लिनको लागि तयार भइरहेका थिए, जब फोनको घण्टी बज्यो । यो उनको कार्यक्रमको कृतज्ञपूर्ण र उत्साहित श्रोता थिए । उनमा दुईवटा ट्रेनहरूको बीचको समय थियो, र उनी र उनकी पत्नीलाई भेट्ने चाहना राखिन् । उनी सबै किसिमका कठिनाइहरूद्वारा भएर हुर्किए । यो स्टेशनदेखि लामो दुरीमा थियो । उनले भनिन् कि उनी बसमा चढेर जान्छिन्, तर उनले यो कुराको चेतावनी दिए, कि बसको सेवा आधा घण्टा चलेर मात्र बन्द भयो । चिन्ता लिनुपर्दैन, उनी ट्याक्सीमा जान सक्छिन् । अन्तमा टाढाबाट दगुरेर उनले आऊ भनेर भने । ट्याक्सी आइ पुग्यो, अनि उनी ढोका छेऊमै पुगिन, र केही क्षणको लागि त्यहाँ नै उभिइन । जसरी उनी जाँदै थिइन, उनीले त्यो पैसाको बिटोलाई अलिकति धकेलिन । उनले चाहना गरेको सबै कुरा यो थियो कि, उनीले रेडियो कार्यक्रमको समयलाई किन्ने चाहना गरिन् । पछिबाट उनले यो कुरामा पश्चात्ताप गरे, कि “मैले उनलाई भित्र आउन अनुमति दिएकोमा म अति नै हर्षित भए” ।

यस्तै कार्य हामीहरूसँग पनि हुने गर्थ्यो । ख्रीष्ट हाम्रो ढोकामा ढकढक गर्दै घाम लागेको बेला र पानी परेको बेला आउनुभयो । हामीले भित्रबाट ढोकाको छेस्केनी लगाइदियौं र उहाँलाई बाहिरबाटै थुनेर राख्यौं । हामीले हाम्रा छरछिमेकी र मित्रहरूलाई त्यस्तो व्यवहार गरेनौं । उहाँले चाहना गरेको सबै कुरामा हामीलाई अनन्त जीवन प्रदान गर्नुथियो ।

## व्यर्थको खोजाइ

हामीले आनन्द पाउनको लागि त्यसको वरिपरि दगुरेर कोसिस गऱ्यौं । हामीले टुटेको गिलासबाट पिइरहेका थियौं । तर येशूले यस्तो खालको पानी प्रदान गर्नुभयो, जसलाई हामीले पियौं, र फेरी कहिल्यै पनि तिर्खा लागेन । हामीले ख्रीष्टको चाहना गर्नुभन्दा पनि बढी हाम्रा पापहरूको चाहना गऱ्यौं ।

त्यहाँ हामीले आफैलाई कमजोर तुल्याएका क्षणहरू थिए, जब हामीले यस्तो विचार गऱ्यौं, कि सायद हामीले मुक्तिदातालाई स्वीकार गर्नुपर्थ्यो । त्यसपछिबाट ती प्रचारकले यसो भने, कि हामीले प्राप्त गर्नुपर्ने सबै चिज छन्, र गुमाउनुपर्ने केही चिज पनि छैनन् । तर हाम्रा मित्रहरूले कस्तो सोचाइ राख्थे होला ? हामी लज्जित हुन्थ्यौं । हामी येशूको निम्ति लज्जित हुन्थ्यौं । हाम्रो ढाडमा अरूहरूले चिसो पठाउनुभन्दा पनि अगाडि हामीले उहाँमा पश्चात्ताप गर्ने विचार गर्दथ्यौं ।

होइन, हामीले कहिल्यै पनि मानिसलाई हामी बचाइएका छौं भनेर कहिल्यै भन्दैनथ्यौं, हामीले पुनः जन्म पाएका थियौं । हामीले उनीहरू उपहास गरे र हाँसेको सुन्थ्यौं, र ती भनाइहरूलाई प्रज्जलित पाथ्यौं । अगाडि नै हामीले तिनीहरूले गरेका दृश्यलाई हेर्ने गर्थ्यौ ।

## निश्चयता

यो समयसम्म आइपुग्दा पापको निश्चयता गहिराइमा पुगेको थियो । दिन र रातभरि नै परमेश्वरका हातहरू हामीमा गह्रौं भएका थिए । दाऊदमा जस्तै हाम्रो "मेरो शरीरको शक्ति ग्रीष्मका तापले भएझैं भयो" (भजनसंग्रह ३२:४) । यदि हामीले हाम्रा आधारभूत भलाईपनलाई खुशी तुल्याउनलाई कोसिस गऱ्यौं भने, परमेश्वरको आत्माले हाम्रो जीवनको विचारलाई सम्झना गराउथ्यो । यो कुरा स्पष्ट भयो, कि जो कोहीले पनि हाम्रो जस्तै विचारलाई दूषित तुल्याउँदैनथ्यो, र कहिल्यै पनि परमेश्वरको राज्यमा प्रवेश गर्न सक्दैनथ्यो । जब हामी सुतिरहेका हुन्थ्यौं, हामी लामो समयको लागि जागा रहन्थ्यौं, र हाम्रा काँधहरूमा भएका त्यो पापको भारीले चेतनशील बन्थ्यौं, र हामीलाई पर्खिरहेको त्यो न्यायमा डराउँथ्यौं । हामीले लापरवाही तरिकाले प्रयोग गरेको नर्क भन्ने शब्द शपथ खाने कुरामा मात्र आएको थिएन, तर यो भयानक रूपमा हुने वास्तविकता थियो ।

हामीले कपटी प्रकारको क्षमतासँगै, हाम्रा मित्रहरूबाट त्यो भावनालाई लुकाउने कोसिस गऱ्यौं, कि त्यसमा हामी हाम्रो आत्माको छालजस्तो भएर अघि बढ्यौं । हामी कस्ता खालका असल कलाकारहरू थियौं । तरैपनि, हामी डर र अन्योलताले भरिएका थियौं, र एउटा बिरोधाभाषको समूह पनि आएको थियो । यसलाई त्यतिकै राख्दाखेरि, हाम्रो जीवन त्यहाँबाट पतन भएको थियो । सि.एस. लुइसले जस्तै, हामीले उहाँको "ठोस र भर नपर्ने धारणाजस्तैको अनुभव गऱ्यौं, र जसलाई हामीले भेट्ने अत्यधिक रूपमा चाहना गरेका थिएनौं" ।

## मुक्ति

तब अन्तमा, हामीले पर्खिरहेको दिन आयो । त्यो शक्ति र घमण्डले भरिएको थियो, र हामीले शर्तरहितको समर्पणतालाई इन्कार गऱ्यौं ।

*होइन, तर मैले फलाउँछु, मैले फलाउँछु,*
*मैले यो भन्दा बढी समात्न पनि सक्दिन,*
*म त्यो मरिरहेको प्रेममा बाध्य भएर डुब्दछु,*

*र म आफै विजयी भएको छु ।*

यस्तो भयो, जब ख्रीष्टियनहरूले चार्लोट इलियोटको गीतहरूलाई गाइरहेका थिए:

*म जस्तो छु, र त्यस्तै छु, कुनै पनि अनुरोध गरेको छैन,*
*तर मेरो निम्ति तपाईंले रगत बगाउनुभएको थियो,*
*र तपाईंले म तपाईंकोमा आउँदा शुभेच्छा प्रकट गर्नुभयो,*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

*म जस्तो छु, त्यस्तै रूपमा पर्खिरहेको छैन,*
*मेरो आत्मालाई अगाडि बढाउनको निम्ति एउटा कालो धब्बा छ,*
*तपाईंको रगतले मात्र हरेक धब्बालाई सफा गर्न सक्छ,*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

*म जस्तो छु, त्यस्तै प्रकारले तपाईंले लिनुहुन्छ,*
*धेरै अन्तरद्वन्द्व र धेरै शंकासँग,*
*त्यसभित्र लडाइँ गर्ने, र त्यसबाहेकका डरसँग,*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

*जसै म गरिब, पीडित र अन्धो हुन्छु,*
*दृश्य, सम्पन्नता, र दिमागको चंगाई,*
*हो, मलाई खाँचो परेको कुरा तपाईंमा नै पत्ता लगाउनेछु,*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

*जस्तो म छु, त्यही प्रकारले तपाईंले प्राप्त गर्नुहुन्छ,*
*र तपाईंले स्वागत, क्षमा, शुद्ध, र छुटकारा गर्नुहुन्छ,*
*किनकि म तपाईंको प्रतिज्ञामा विश्वास गर्छु,*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

*जस्तो म छु, त्यस्तै तपाईंको प्रेम थाहा हुँदैन,*
*तपाईंले हरेक बाधाहरूलाई हटाउनुभएको छ,*
*अब म तपाईंकै हुँ, र केवल तपाईंको मात्रै हुँ*
*ए परमेश्वरको थुमा, म आउँछु ! म आउँछु !*

त्यसरी धपाउने कार्य पनि सिद्धियो । त्यो स्वर्गले पिछा गर्ने कुरा पनि हामीसँगै समातिएको छ । हामीले क्रूसको फेंदीमा, कमजोर र असहायको निम्ति रंगरोगन गरिरहेका छौं । जे कुरा हाम्रा मित्रहरूले हाम्रो बारेमा सोचेका हुन्छन्, त्यसले कुनै मुल्य राख्दैन, र केवल उहाँले मात्र हाम्रो बारेमा सोच्नुभएको हुन्छ । त्यो क्षणमा यसले हामीलाई तान्ने गर्दछ, कि हाम्रो मानिलिएको शत्रु र खेदो गर्ने व्यक्ति हाम्रो उत्तम मित्रको वास्तविकतामा थिए । हाम्रा त्रासहरू भूमिहिन भएका थिए । वास्तवमा हामीले त्यसलाई परमप्रभुमा चलाउँदा, आशिष् प्राप्त गर्नदेखि डराएका थियौं ।

त्यो युद्ध सकियो । अब हामी प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरको शान्तिमा रहेका थियौं । अब हामी विजयको पक्षतर्फ थियौं । ती दुःख दिने ख्रीष्टियनहरूले हामी सबैलाई अचानक तल्लो स्तरमा पार्नको लागि प्रयोग गर्थे । तिनीहरू हाम्रा दाजूभाइहरू र दिदीबहिनीहरू थिए, जसको निम्ति हामीले गहिरो कृतज्ञता अनुभव गऱ्यौं ।

लुइसले सोध्दछन्, "कसले त्यसमा रहेको प्रेमलाई प्रशंसा गर्न सक्छन्, जसले उडन्ता पुत्रको माथिको ढोकालाई खुल्ला गर्नेछन्, जसलाई हिर्काउँदै, संघर्ष गर्दै, खराब मान्दै, र साहस गर्दै उनका आँखाहरूले हरेक दिशामा नजर लगाउँदै भाग्ने मौका खोज्दाखेरि त्यहाँ ल्याइएको हुन्छ ।

## एउटा नयाँ युद्ध

तर अर्को लडाइँ पनि सुरु भयो । साँचो रूपमा भन्नुपर्दा हामीले अनन्त मुक्तिको निम्ति परमप्रभुलाई भरोसा गरेका थियौं । तर अब हामीले अर्को प्रश्नको सामना गऱ्यौं । के हामीले हाम्रो जीवनलाई उहाँको सेवाको निम्ति समर्पण गरेका हुन्थ्यौं ? के हामीले यस धर्तीमा हाम्रो जीवनलाई व्यवस्था गर्न उहाँमा भरोसा गर्न सक्थ्यौं ?

फेरी एकचोटी हाम्रो हठीपनको चाहना उच्च सकृयतामा अगाडि बढ्दथ्यो । हामीले के गर्नुपर्ने भनेर हामीले जान्दथ्यौं, तर हामी त्यसो गर्नको निम्ति तयार भएका हुँदैनौं । हामी यो कुरा जान्दछौं, कि अलौकिक तर्कले पूर्ण समर्पणतालाई इङ्गित गर्दछ, तर त्यसले बाधा पुऱ्याउँदा हामीले हाम्रो भविष्यको निम्ति रेखाङ्कित गरेका हुन्थ्यौं । अन्तरजातीय विवाह गर्दाखेरि छोराछोरी राम्रा देखिने, एउटा व्यवसाय वा काम जसले असल आम्दानी दिन सक्ने, र समुदायमा हुने सफलताको

निम्ति प्रतिष्ठा, झोपडपट्टीमा हुने आराम, सुरक्षा, आनन्द, एउटा औषतभन्दा अझ राम्रो घर, र कहिलेकाहीँ परमप्रभुको निम्ति सेवा दिनुपर्ने हुन्छ ।

ती बाहिर देखिएका सबै दृश्यहरूमा यो संसार हाम्रो सिपी हुन्थ्यो । हरेक चिज हाम्रो तरिकाले गइरहेको थियो । हाम्रा छिमेकी र मित्रहरूले हाम्रो सफलतामा आँखा घुमाइरहेका थिए । तिनीहरूले नजानेको कुरा यो थियो, कि त्यहाँ हाम्रो हृदयमा गहिरो अशान्तपना थियो । हामीले छाँयालाई धपाइरहेको जस्तो कुराको महसुस गऱ्यौं । हामीले सतहमुनि पूर्ण समर्पणताको विषयलाई संघर्ष गरिरहेका थियौं ।

हामी डराइरहेका थियौं । के को निम्ति डर भयो त ? हाम्रो निम्ति उहाँको चाहना निश्चित हुन्थ्यो । यो जीवनको नाङ्गोपना जस्तो हुँदैनथ्यो, जसरी हामीले हाम्रो आफ्नै निम्ति आकार दिएका हुन्थ्यौं । हामी परमेश्वरमा रह्यौं, र हाम्रो त्यति लामो हिच्किचाहटलाई पनि सुन्यौं । यसले हामीलाई कहिल्यै पनि मिर्मिरे उज्यालोमा पारेन, ताकि परमप्रभुले हाम्रो निम्ति कुनै बिकल्प दिनुभयो, र त्यो हामीले कल्पना गरेको भन्दा पनि अझ असल हुन्थ्यो । त्यो विकल्प जसमा हामीले पूर्णता प्राप्त गर्न सक्थ्यौं ।

## समर्पणता

अन्तमा, हामीले हाम्रो मुर्खतापनलाई महसुस गरेका छौं । पवित्र आत्माले हाम्रो आँखामा भएको अन्धोपनलाई हटाइदिनुभयो । हामीले यो कुरा देख्यौं, कि अदृश्य प्रेम भएको परमेश्वरले केही चिजको पनि चाहना गर्नुहुन्न तर आफ्ना मानिसहरूको निम्ति उत्तम कुराको चाहना गर्नुहुन्छ हामीले त्यो वास्तविकतालाई लथालिङ्ग पार्दछौं, कि उहाँको चाहना नै उत्तम हुन्छ । त्यसैले गर्दा हामीले पहिला कहिल्यै नगरेका केही असल चिज गऱ्यौं । पहिलोचोटी हामीले आफ्ना घुँडाहरू टेक्यौं, र हामी आफै उहाँतर्फ जीवित बलिदानको रूपमा फर्क्यौं । यसको असरमा हामीले भन्यौंः "जहाँसुकै, जुनसुकै बेला र जुनसुकै चिजमा परमप्रभु" । यो अति नै तार्किक थियो । यसले त्यस्तो खालको असल भावना बनायो । हाम्रो अति उत्तम कुरा उहाँलाई दिनुभन्दा र उहाँको निम्ति पूर्णतामा जीउँनुभन्दा बरु हामीले कति धेरै कम गर्न सक्थ्यौं, र त्यसपछि पनि उहाँले हाम्रो निम्ति सबै थोक गरिदिनुभयो ।

हामीले अगाडि नै हाम्रो जीवनलाई मुक्तिको निम्ति फर्काइदिएका छौं । अब

हामीले तिनीहरूलाई उहाँको सेवाको निम्ति फर्काइदिएका छौं, र हामीले यसो भन्यौं:

*येशू, प्रभु र हाम्रो मालिक, अनि प्रेमिलो अलौकिकताले प्राप्त गरेको छ,*
*त्यसपछि मैले हो भन्ने उत्तर दिनेछु, जुनचाहिँ सबै तपाईंको चाहनामा हुनेछ,*
*शैतानको बन्धनबाट स्वतन्त्र तुल्याउन, म तपाईंसँग सधैंको निम्ति रहनेछु,*
*यसपछि तपाईंका सबै उद्देश्यहरू ममा पूरा हुनेछन् ।*
*- ई.एच. स्वीनस्टिड*

तर जसरी समय अगाडि बढ्दैगयो, हामीले दर्दनाक पाठलाई सिक्यौं । हाम्रो जीवित बलिदानले वेदीबाट अगाडि बढ्ने चाहनालाई दुःखित तुल्याएको थियो । यो अति उत्तम आनन्ददायक बलिदान थियो ।

हामीले यस कुराको महसुस गऱ्यौं, कि त्यो समर्पणताको अभाव पर्याप्तरूपमा भएन । त्यो सबैको निम्ति एकचोटी गरिएको समर्पणतालाई निरन्तर हुने समर्पणतामा पछ्याउनुपर्थ्यो । हामी हरेक बिहानी परमप्रभुकोमा आउनुपर्थ्यो, र हाम्रो शुद्धतालाई नयाँ बनाउनुपर्थ्यो । हरेक बिहान हामीले हाम्रो चाहनालाई उहाँको निम्ति साटासाट गर्नुपर्थ्यो । यसैले हामी दैनिक रूपमा हाम्रो आफ्नै ओछ्यानमा घुँडा टेक्नलाई सुरु गऱ्यौं र यसो भन्यौं, “प्रभु येशू, म आफैलाई अर्को २४ घण्टाको लागि तपाईंमा पुनः समर्पित गरेको छु” ।

तब जसै उहाँको चाहना नखुम्चने हुन्छ, हामीले हाम्रो आफ्नो अस्तित्वको निम्ति साँचो कारण पत्ता लगाउँछौं । हामीले नयाँ शान्ति पत्ता लगाएर यसलाई हाम्रो जीवनमा अंगाल्ने गर्दछौं । हामी त्यस नम्रताको यो चेतनामा हुन्छौं, कि परमेश्वरले हामीमा र हामीद्वारा कार्य गर्दैहुनुहुन्छ, र जब हाम्रो जीवनले अरूहरूको जीवनलाई छुने गर्दछ, तब परमेश्वरको निम्ति केही चिज हुने गर्दछ ।

हाम्रो जीवनलाई परमप्रभुतर्फ फर्काइसकेपछि, हामी त्यो दिनद्वारा भएर जाँदा यो कुरामा विश्वास गर्दछौं, कि उहाँले हामीलाई निर्देशित गर्ने, नियन्त्रण गर्ने, र प्रयोग गर्ने गर्नुभयो ।

पछाडिपट्टी फर्केर हेर्दा, हामीले हाम्रो छलकपटको बलिदानलाई टि. मोनोडले ठ्याक्कै देखाएको कथामा यी तलका हरफहरूमा लेखिएका छन्:

*ए तीतो लाज र पीडा,*
*त्यो नै समयमा ती सबै चिज हुन्थ्यो,*

*जब मैले मुक्तिदाताको दयालाई हुने अनुमति दिए,*
*बेकारमा अनुरोध गरिएको, र घमण्डी तरिकाले उत्तर दिइएको,*
*यी सबै मेरा आफ्नै र तपाईंका केहीचिज पनि होइनन्,*
*तरैपनि उहाँले मलाई पत्ता लगाउनुभयो, र मैले उहाँलाई पक्रिरहे,*
*त्यो श्रापित रूखबाट बगिरहेको रगत,*
*पिता तिनीहरूको प्रार्थनालाई सुन्नुहोस्, अनि तिनीहरूलाई क्षमा दिनुहोस्,*
*र मेरो चाहना गरेको हृदयले विस्तारै भन्यो,*
*केहीचाहिँ आफ्नै र केहीचाहिँ उहाँका थिए ।*

*दिनदिनै उहाँको दयालु कृपा आयो,*
*पूर्ण र स्वतन्त्र रूपमा चंगाई र सहायता गर्ने,*
*गुलियो, बलियो र अति नै धैर्य,*
*मैले आराधना गरिरहँदा मलाई तलतिर ल्याउनुभयो,*
*आफ्नैपनका कुराहरू कम र तपाईंका कुराहरू बढी ।*

*अति उच्चमा रहेको स्वर्गभन्दा पनि अझ माथि,*
*सबभन्दा गहिरो समुद्रभन्दा पनि अझ गहिरो,*
*परमप्रभु, अन्तमा तपाईंको प्रेमले विजय प्राप्त गरेको छ,*
*अब मलाई मेरो आत्माले डोऱ्याएको कुरालाई प्रदान गर्नुहोस्,*
*आफ्नो भन्ने केही पनि छैन, सम्पूर्ण थोक नै तपाईंका हुन् ।*

◈◈◈

# २५ मुल्यबिना पिछा गर्ने कार्य

जब येशू ख्रीष्ट नियन्त्रणमा हुनुहुन्छ, उहाँले हामीलाई हाम्रो जीवनबाट बिताउने बिना महत्वको कुरालाई बचाउनुहुन्छ । उहाँले यो कुरालाई पक्का गर्नुहुन्छ, कि तिनीहरू अनन्त परिणामको निम्ति हुनेछन् । हामीले त्यसलाई त्यो समयमा महसुस गर्न सक्दैनौं, तर जे सुकै भए तापनि यो सत्य नै हुन्छ ।

उहाँको निम्ति जीउँदाखेरि हुने पीडामध्ये एउटामा ती मानिसहरूलाई हेर्नु हो, जो परमेश्वरको स्वरुपमा बनाइएका थिए, र तिनीहरूको समयलाई बिना मुल्यको पछ्याउने कार्यमा बर्बाद गरिरहेका थिए । यसमा विशेष गरेर ख्रीष्टियनहरूलाई हेर्नु दुःखको कुरा हो, कि तिनीहरूको बल र खुवीलाई भ्रष्ट बनाएर त्यसले कुनै पनि अर्थ नदिने केहीचिज गर्दथे ।

## कसरी जीवनलाई बर्बाद गर्ने

नष्ट हुने संसारसँगै, ती व्यक्ति जसले उचित विचार लिएर, उनको जीवनमा अति उत्तम हुने चाहना गर्दथे, अनि टि आकारको कपासको विषयवस्तुलाई सानो रूपमा विश्लेषण गर्दथे ? वा आलुको टुक्राको खैरो हुने चिजको कार्यमा प्रतिक्रिया हुँदथ्यो ? वा आलुमा र भालेको झोलमा पनि खनिज पदार्थको अभाव हुन्थ्यो ? यो आलुको काटेको टुक्रा र भालेको झोललाई कुनै परिवारलाई दिनको लागि प्रयोग गरिएको हुन्थ्यो । तर यो जीवनमा बनाइने मुख्य चिजको केही थोक हुन्छ ।

कोरी टेन बुम भन्नेले यसरी लेखेः “जब एउटा घर खुल्ला रूपमा रहन्छ, र तपाईंले थाहा पाउनुहुन्छ, कि त्यहाँ मानिसहरू पनि छन्, र त्यस घरमा भएको तस्बिरलाई सिधा बनाउनु पाप हुन्छ । जब तपाईंको बारेमा हुने त्यो संसार अति नै खतरामा हुन्छ, र तिनीहरू आफैमा हुने ती कामहरू पापपूर्ण नभइकनै गल्ती हुन सक्छन्” ।

भान्स हार्बोरले यसो भने कि, त्यस्ता खालका धेरै मानिसहरू "माटोको बिना मुल्यको भाँडाहरूमा डुब्दछन्, र तिनीहरूसँग ठूलो वास्ताको निम्ति समय हुँदैन, र तिनीहरू जब त्यो दृश्यबाट अगाडि जान्छन्, यो यस्तो हुन्छ, कि तिनीहरूले त्यसमा कहिल्यै पनि जिएका हुँदैनन्" । जीवन भनेको एकजना मानिसको त्यति धेरै परिवर्तन हुने रुप हुँदैन, तर जेवोटले एक "कोषिय प्राणीको निकाश" लाई बताउँदछन् ।

यसमा कर्नेलियस प्लान्टिङ्गका शब्दहरू कति धेरै उपयुक्त छन्:

> कुनै पनि चिजलाई जीवनको पेशा नबनाउँदा, एक पसलदेखि अर्को पसलमा घुमिहिँड्दा, समयलाई वर्वाद गर्दा, सानातिना कुराकानी गर्दा, टि.भि.का कार्यक्रमलाई हेर्दा जबसम्म हामीले हाम्रा छोराछोरीभन्दा तिनीहरूका पात्र असल छन् भन्ने कुरा जान्दछौं, अनि परमेश्वरतर्फ मुख फैलाएर जीवनको आकार दिनु वा संसारको मुक्तिदातालाई जान्नु पनि हुन्छ । ती व्यक्ति जसले आफैलाई उत्तम बनाएका हुँदैनन्, ती व्यक्ति जसले कुनै पनि चिजको लागि आफैलाई दिइरहेका हुँदैनन्, यसको असरमा परमेश्वरलाई यसो भन्दछन्: "तपाईंले मलाई कुनै पनि चाहना नभएको थोकबाट बनाउनुभयो, र कुनै पनि व्यक्तिको परिणामबाट मसहितलाई छुटकारा दिने कार्य गर्नुभएन" ।

## के त्यो सबै त्यहाँ हुन्छ त ?

के त्यहाँ जीवनमा फुटबल खेलमा गोल हान्नुभन्दा पनि अझ असल नहुने केही चिज हुन्छ ? हामीमध्ये धेरैजना संसारको आकांक्षामा माथि चढ्ने गर्छौं, र त्यहाँ केही पनि चिज छैन भनेर पत्ता लगाउँछौं ?

अझ प्रेरित पत्रुसले उनको जीवनको अति प्राथमिकताको कुरालाई बिर्सेजस्तो देखिन्थ्यो । प्रभु येशू ख्रीष्ट मृत्युबाट उठ्नुभएको थियो । यस संसारले उहाँमा राखिएको विश्वासद्वारा मुक्तिको सन्देशलाई अति नै सुन्नुपर्ने खाँचो थियो । पत्रुसको मुख्य वास्ता भनेको गालीलको समुद्रमा माछा मार्नु थियो । समयहरू परिवर्तन भएका छैनन् । हामीले यस्तो खालको सन्देशलाई सुन्ने गर्छौं, जसले पापको क्षमापनलाई ल्याउनेछ, र अनन्तताको स्वर्गमा बसाल्नेछ, र हामीले यसो भन्छौं, "म गल्फ खेल खेल्न जाँदैछु" ।

मैले कतिचोटी विचार गर्ने गर्दछु, कि कसरी याकूब डब्सनले मोनोपोली वा नक्कली पैसाको खेलबाट धेरै महत्वपूर्ण पाठ सिके:

> हालसालै मेरो परिवारले मोनोपोली भन्ने खेल खेल्यो, जुनचाहिँ १५ वर्षको समयमा मैले खेलेको खेलको पहिलो समय थियो । धेरै लामो समयदेखि एउटा बूढेसकालको उत्साहीपना र उत्तेजना फर्केर आयो, विशेषगरेर जब मैले जित्नलाई सुरु गरे । सबै चिज मेरो पक्षमा भए, र म त्यो समूहको मुख्य व्यक्ति पनि बने । म त्यो समूहको हिँडाइ, र राख्ने स्थानको मालिक बने, मैले त्यस खेलमा घरहरू र होटलहरू पनि जिँते । मेरो परिवार छटपटाइ रहेको थियो, र मेरो खल्तीमा ५०० डलरको कोष पनि जम्मा भएको थियो, अनि त्यो समूह र त्यो स्थानमा पनि थियो । अचानक त्यो खेल सकियो । मैले विजय प्राप्त गरे । सेर्ली र मेरा छोराछोरी सुत्न गए, र मैले सबै चिज त्यो वाकसमा राख्नलाई सुरु गरे । तब म रित्तो भएको अनुभवमा रहे । मैले अगाडि अनुभव गरेका सबै उत्तेजनाहरू अब त्यहाँ रहेन । मैले हारेका सबै थोकमा कुनै पनि चिज प्राप्त गर्न सकिन । यी सबै थोक बाकसमा नै जानुपर्ने भयो !
>
> परमप्रभुले मलाई यो कुरा देखाउनुभयो, कि त्यहाँ मोनोपोलीको खेलभन्दा पनि अझ बढी सिक्नुपर्ने पाठ थियो । मैले यो कुराको महसुस गरें, कि मैले जीवनको खेललाई पनि गवाही दिइरहेको थिएँ । हामीले संघर्ष गऱ्यौं, जम्मा गऱ्यौं, किन्यौं, मालिक बन्यौं, पुनः प्राप्त गऱ्यौं, र अचानक हामी जीवनको अन्तमा आइपुग्यौं, अनि यसलाई बाकसमा नै राख्नुपर्ने भयो ! हामीले एक पैसा पनि हामीसँग राख्न सकेनौं ! त्यहाँ कुनै पनि छायाको मैदान भएरसँगै जाने यात्रीहरू हामीसँग थिएनन् ।

अब हामीले मजाक गर्ने र खेल खेल्ने समयलाई त्यतिकै थाती राख्यौं । त्यो येशू ख्रीष्टमा भएको क्रूसको दर्शनले हामीलाई त्यो मुल्यबिनाबाट छुटकारा दिनुपर्थ्यो, र हाम्रा दृश्यका नजरहरू अनन्त अनन्त महत्वका लागि नजर बन्दथे ।

एडोल्फ साफिरले उनको पुस्तक, *लुकेको जीवन,* भन्नेमा जवान मानिसहरूलाई विशेष अनुरोध गरेर लेखेका छन्:

तपाईंको जीवनीलाई सारांशमा बनाउने कार्य नगर्नुहोस्: "उनी उनको जवानीमा परमप्रभु तर्फ फर्किए, तब उनी जुकाजस्तो भए, वास्ता र व्यापारको कार्यमा लागे, र संसारको सामाजिक कार्यमा पनि संलग्न भए, अनि उनको मृत्युभन्दा केही समय अगाडि उनले उनको गल्तीलाई देखे, र एक चिज खाँचो भएको कुरालाई महसुस गरे। धेरै वर्षसम्म उनको आत्मिक जीवन, उनका मित्रहरू, मण्डलीमा गरिएको साप्ताहिक संगतिले गरेको प्रार्थनाले गर्दा मुश्किलले जीवित रह्यो। उनी त्यस मण्डलीको खम्बा हुन सक्थे, तर उनी बोझमात्र भए"।

◈◈◈

# २६ व्यवसायको परिवर्तन

कहिलेकाहीँ हामीले गरेको समर्पणतामा हामीले गरिरहेको वर्णनले व्यक्तिको व्यवसायमा परिवर्तन ल्याउने गर्दछ । परमेश्वरले जो कोही व्यक्तिलाई सांसारिक कामबाट परमेश्वरको राज्यको पूर्णकालिन सेवकाइमा बोलाउन सक्नुहुन्छ । तर त्यो वाक्य खानीको स्थानजस्तै हुन्छ । यसलाई धेरै योग्यतामा राख्नुपर्ने खाँचो पर्दछ । नत्रभने हामी समस्यामा पर्नेछौं ।

त्यहाँ पहिला सांसारिक भन्ने शब्द आएको छ । त्यो एउटा सामान्य गलत धारणा त्यो हो, कि हामीले सोमबार देखि शुक्रबारसम्म गर्ने काम नै सांसारिक हुन्छ, अनि परमप्रभुको दिनमा गर्ने काम नै पवित्र हुन्छ । त्यहाँ विश्वासीहरूको निम्ति यस्ता कुनै पनि द्विविधा हुनुपर्ने खाँचो छैन । यदि यो परमेश्वरको महिमाको निम्ति गरिने हो भने, पछिबाट गरिएको कार्य बाइबल सिकाइको कक्षामा गरिएको जस्तै पवित्र हुन्छ । ख्रीष्टियनहरूको निम्ति एउटा अफिसको वातावरण पनि पवित्रताको स्थान हुनसक्छ, जसले तिनीहरूको जीवनमा बोलिएको वचनद्वारा गवाही दिँदछन्, र तिनीहरूको कार्यको गुणात्मक कुरा पनि रहन्छ । नासरतमा हुँदाखेरि सिकर्मीको कार्य गरेर समय बिताएको कुरा पनि येशूको सार्वजनिक सेवकाइको साढे तीन वर्ष जत्तिकै पवित्र थियो । काम सांसारिक हुनसक्छ, तर यो त्यस्तो हुनु पनि हुँदैन, र यसरी भनिएको सांसारिक कार्य हाम्रो जीवनमा मुख्य चिज बन्नुपर्थ्यो ।

त्यसको अन्य प्रकटीकरणमा पूर्णकालीन सेवाको निम्ति वर्णन गर्नुपर्ने खाँचो हुन्छ । नयाँ करारको भावनामा परमेश्वरका प्रत्येक बालक सेवक बन्दछन् । एफिसी ४:११ ले यस कुरालाई स्पष्ट पार्दछ, कि परमेश्वरले आफ्ना सन्तहरूको निम्ति सेवकाइको कार्यमा सुसज्जित पार्ने बरदान दिनुभएको छ । त्यो नै सबै सदस्यहरूको कार्य हुन्छ । तर वास्तविकता यो रहिरहन्छ, कि परमेश्वरले

तिनीहरूको समयलाई समर्पित गर्न अनि प्रचार सिकाइ र गोठालोको काम गर्न छुट्टयाउनुभएको छ, र तिनीहरूलाई अन्य विश्वासीहरूको वरदानले सहायता पुग्ने गर्दछ (म यसो भन्न गइरहेको थिए, कि “विश्वासद्वारा तिनीहरू जसले जीउनको निम्ति कार्य गर्दछन्” तर त्यसले हाम्रा कडा मेहनत गर्ने मिसनरीहरूलाई र घरका कारिन्दाहरूको पक्षमा रहेर प्रभाव पार्दछ) ।

त्यहाँ आज खीष्टियन सेवकाइको विषयमा अस्तव्यस्त पार्ने धेरै विचारहरू छन् । जब एक जना जवान मानिसले बाइबल अध्ययनमा र प्रचारको विशेष औषतभन्दा माथिको चाहनालाई देखाउँदछन्, र यसमा तत्काल हुने निष्कर्ष यस्तो हुन्छ, कि उनी बाइबल कलेजमा जानुपर्छ, र सेवकाइको लागि अभिषेक लिनुपर्छ । तर कतिवटा मुख्य समूहमा रहेका सम्प्रदायले महिलाहरूलाई पनि अभिषेक गर्ने गरेका छन् र त्यो क्षेत्रतर्फ भरिएको हुन्छ भनेर विचार गर्दछन् । सबभन्दा पहिला यो अवधारणा अबाइबलीय हुन्छ । बाइबल कलेजको तालिमलाई खीष्टियन सेवाको निम्ति आवश्यकीय बनाउदा येशूलाई, ती चेलाहरूलाई र पावल प्रेरितलाई हटाउने गरिन्थ्यो । सुरुको मण्डलीमा मानवीय हिसाबले सेवकलाई अभिषिक्त गर्ने कुनै पनि व्यवस्था थिएन वा एकजना व्यक्तिको सेवकाइ भन्ने पनि थिएन । निश्चित रूपमा वचनमा महिला सेविका भन्ने विचारलाई त्यागिएको थियो (१ तिमोथी २:१२) ।

अझ बढी रूपमा भन्नुपर्दा यस विचारले सेवकाइको कुन अर्थमा साँधुरो दृश्यमा प्रस्तुत गरिएको थियो । यसले वचन प्रचार गर्ने कार्य वा सिकाइमा बृहत रूपमा बाधा पुऱ्याउँदछ, वा त्यस कार्यलाई पुल्पिटभन्दा पछाडि निरन्तरता दिइन्छ । यहाँ भएको सत्यता त्यो हो, कि त्यस वचनले परमप्रभुको निम्ति ल्याइएको सेवाको कुनै पनि स्वरुपलाई ढाक्ने गर्दछ । सबै विश्वासीहरू, जसले बाइबलअनुसार सेवा पुऱ्याउने गर्दछन्, र उनीहरू जुनसुकै उमेर र लिङ्गमा भए तापनि सेवकहरू नै हुन् ।

कहिलेकाहीँ परमप्रभुले पुरुष र महिलाहरूलाई त्यो उद्योग, पसल वा अफिसबाट बोलाउनु हुन्छ, ताकि तिनीहरूले कुनै पनि बाधा वा समयको अबधि बिना नै उहाँको सेवा गर्न सक्छन् । ती व्यक्ति आत्मालाई खोज्ने अवस्था भएर जान्छन् । ती अगमवक्ताले “परमप्रभुको बोझ” भनेर भनेको कुरा उनमा नै हुन्छ । उनी उहाँमा बोल्दा परमप्रभुको चेतानमा रहन्छन्, र अझैपनि बढिरहने आत्मिक तृष्णामा उनलाई राखिरहेका हुन्छन् । उनले आफ्नो काँधमा अलौकिक धाराको

चेतना राख्दछन् । उनले यसलाई हल्लाउन सक्दैनन्, र उनले यसलाई चाहना पनि गर्दैनन् । याकूब स्टिवार्डले त्यो अनुभवलाई यसरी वर्णन गर्दछन्:

> एकचोटी कुनै पनि मानिसले येशू खीष्टको आँखामा यसरी हेरेका थिए, र ती आर्दशता र मापदण्डहरूलाई त्यस्तो प्रकारले अनुभव गरे, कि त्यो येशू खीष्ट आउनुभन्दा अगाडि पर्याप्त र प्रशस्त रूपमा भएको देखिन सक्थ्यो । खीष्टले कुनै पनि चिजको निम्ति उनमा नास गर्नुभएको छ । ती मुल्यका पुराना मापदण्डहरू अंगार, खरानी र धुलो भएका छन् ।
>
> पत्रुसले आफ्नो पेशालाई त्यस दिनमा त्यागिदिए, जब उनको जाल त्यति धेरै माछाले भरिएको थियो, कि यो चुड्न नै लाग्यो । उनले अर्को डुङ्गाको मित्रलाई सहायताको निम्ति गुहार गर्नुपऱ्यो । दुवै डुङ्गाहरू यति धेरै भरिभराऊ भए, कि तिनीहरू डुब्न लागे । त्यही अवसरमा येशूले यसो भन्नुभयो, "नडराऊ, अब देखि उसो तिमीहरूले मानिसहरूलाई पक्रनेछौं" ।

## आत्माहरूलाई वास्ता गर्नु र शरीरहरूलाई नगर्नु

परमेश्वरको निर्देशन फरक तरिकाले आउँदछ । उदाहरणको लागि एकजना खीष्टियनले बढीरहेको निरासाको अनुभव गर्न सक्छ जसरी उसले नराम्रो प्रकारले उसको जीवनलाई बिताइरहेको हुन्छ । जब डा. मार्टिन लियोड जोन्सले सुससमाचार प्रचार गर्नको लागि उनको चिकित्साशास्त्रको सम्मानित अभ्यासलाई छोडिदिए, र उनका मित्रले त्यो कुरालाई बुझ्न सकेनन् । मलाई उनको यो कथा भन्न दिनुहोस्:

> मानिसहरूले मलाई यसो भने, "किन तपाईंले यस्तो राम्रो कामलाई त्यागिदिनुभयो, एउटा राम्रो व्यवसाय त्यो भन्दा पनि चिकित्साशास्त्रको व्यवसाय, किन तपाईंले त्यसलाई छोडिदिनुभयो ? उदाहरणको लागि यदि तपाईं पुस्तक व्यवसायमा भएको भए, र तपाईंले सुसमाचार प्रचार गर्नको लागि त्यागिदिनुभएको भए, हामी तपाईंसँग सहमत हुने थियौं, र हामीले यसो भन्थ्यौं, कि तपाईंले ठूलो काम गरिरहनुभएको छ । तर औषधिसम्बन्धी राम्रो व्यवसाय, बिरामीहरूलाई निको पार्ने, र दर्दलाई छुटकारा दिने कार्य

हो । एकजना मानिसले अझ यसो भने, "तपाईं वकिल हुनुहुन्छ, र यसलाई पनि छोडिदिनुभयो भने, म तिम्रो पिठ्यूँमा कुट्नेछु, तर तिमीले त्यो औषधि सम्बन्धि व्यवसायलाई त्यागिदिने" ! "ठीकै हो," मैले तिनीहरूलाई यस्तो कुरा भन्न चाहिरहेको थिए, "यदि तिमीले डाक्टरको कार्यमा अझ बढी कुरा जानेका हुन्छौं भने, तिमीले यस कुरालाई बुझ्नेथियौं । हामीले हाम्रो धेरैजसो समय, मानिसहरूलाई तिनीहरूको पापतर्फ फर्केर मिल्नको लागि बिताइरहेका हुन्थ्यौं !" मैले ती बिरामी मानिसहरूलाई ओछ्यानमा सुतिरहेको देखें, मैले तिनीहरूलाई तिनीहरूको आत्मा नमर्ने बारेमा बताएँ। तब तिनीहरू अझ राम्रो भए, र तिनीहरूको पुरानो पापमा नै फर्केर गए ! मैले ती मानिसहरूले पाप गरिरहेको देखेँ, र मैले यो निर्णय गरें, कि अब म यस्तो कार्य गर्नेछैन। मैले आत्मालाई चंगाइ गर्न चाहन्थे । यदि एकजना मानिसको शरीरमा रोग लागेको छ भने, उसको आत्मिक कुरा सबै नै ठीकै हुन्छ। ऊ अन्तसम्म पनि ठीकै हुन्छ, तर एकजना स्वच्छ शरीरको मानिस, र आत्मामा रोग लागेको व्यक्ति ६० वर्षसम्म ठीकै हुन्छ, वा त्यसपछि उनले अनन्त नरकको सामना गर्नुपर्छ । ए हो ! हामीले कहिलेकाहीँ ती त्यस्ता चिजविजहरूलाई छोडिदिनुपर्छ, जुनचाहिँ त्यसको निम्ति असल हुन्छन्, र त्यो मुक्ति र जीवनको नयाँपनको निम्ति सबै आनन्दमध्ये पनि उत्तम नै हुन्छन्।

अर्का डाक्टरले भने, उनले आफ्नो औजारलाई त्यो साधनमा पूर्ण समय ध्यान केन्द्रित गर्न बिसाए, र त्यो धेरै उचित, भरपर्दो, सबभन्दा लाग्ने चक्कुभन्दा पनि धारिलो थियो, त्यो हो, त्यो परमेश्वरको वचन हो ।

एउटा ठूला बजारका मुख्य कार्यकारिणी निर्देशकले उनले त्यो पदलाई छोड्दै उनका एक जना ख्रीष्टियन मित्रलाई भने । किन भनेर उनले सोध्दाखेरि उनको जवाफ थियो, "मैले रातभरिमा बिहानको ६ नबजेसम्म त्यागिदन, र मैले मेरो कामलाई घरमा पनि लिएर जानुछ। जब मेरो व्यापारको समय सकिन्छ, तब परमेश्वरको निम्ति कुनै पनि चिजविजको शक्ति वा समय रहँदैन । अनन्तताको परिवेशमा तिनुपर्ने मुल्य अति नै ठूलो हुन्छ" ।

## हावाको शक्तिभन्दा पनि बाहिर

जेरी ह्वाइटले विश्वको अन्तरिक्ष विज्ञान र प्रविधिको एउटा प्रतिष्ठित कार्यलाई ख्रीष्टियनहरूलाई चेलापनमा तालिम दिनको लागि त्यागिदिएन। उनले यसरी वर्णन गर्दछन्:

> पूर्णकालिन ख्रीष्टियन कार्य भनेको त्यस्तो खालको पेशा हो, जसको निम्ति मेरो कुनै चाहना वा लगाव थिएन। मेरो सुरुको ख्रीष्टियन जीवनमा मैले यसमा अगुवाइ गर्नुपर्ने पनि थिएन, नत यो मेरो निम्ति आकर्षण नै थियो। तरैपनि, मे १९७२ को एकदिनको मध्य रातमा, मेरा आफ्नै घुँडाहरूले परमेश्वरलाई यसो भनिरहेका थिए, कि म त्यसको निम्ति तयार थिएँ, र मेरो हावाको गतिको कामलाई त्यागेर पूर्णकालिन ख्रीष्टियन कामको निम्ति तयार हुँदैथिएँ।
>
> "धेरै जनाले मेरो निर्णयप्रति आलोचना गरे। कतिजना यसको बिरोधी बने। एकजना अवकास प्राप्त हाकिमले मलाई यसो भने कि म त 'बौलाएछु'। मेरी हजूरआमा रोइन। सुरुमा मेरी पत्नीले पनि बिरोध जनाइन। मेरा धेरैजसो छिमेकीहरू अचम्ममा परे। अरूहरूले यस्तो विचार गरे, कि यो एउटा विश्वासको महान् कदम थियो। यो कदम तार्किक नभएजस्तो देखिन्थ्यो, किनकि मैले अवकास लिने समय साढे ६ वर्षमात्र बाँकी थियो। धेरैले यस्तो विचार गरे कि, मैले त्यतिन्जेलसम्म पर्खनुपर्थ्यो।

जब ह्वाइटले उनको आकाशमा उड्ने पेशालाई परमप्रभुको पूर्णकालिन कार्यको निम्ति त्यागिदिए, र उनी फरक खालको ड्रमको तालमा कवाज खेलिरहेका हुन्थे। "यसमा त्यो घाँस त्यति हरियो हुन्थ्यो भन्ने थिएन"। उनले पछिबाट लेखे, "यद्यपि यसो हुन्थ्यो। यो त्यो कुरा थिएन, कि जहाँ ठूलो सुरक्षा थियो, यद्यपि त्यहाँ थियो। यो केवल निश्चयतालाई गहिराइमा पुऱ्याउनु थियो, कि परमेश्वरले बोलाइरहनुभएको थियो"।

जेनी लिण्ड भन्ने स्वीडेनकी एकजना प्रख्यात गायिका थिएन, र उनी न्यूयोर्कमा परिवर्तन भएकी थिइन, त्यसपछि उनले सधैँको निम्ति स्टेजमा गर्ने कार्यक्रमलाई त्याग्ने निर्णय गरिन्। एक दिन उनका मित्रले उनलाई एउटा बेञ्चमा बसेर उनको काखमा बाइबल खोलिरहेको पाए। ती मित्रले सोधे कि,

किन उनले यस्तो खालको प्रतिष्ठाको पेशालाई त्यागिन । जेनीले जवाफ दिइन, "प्रत्येक बितिरहेको समयसँगै, मलाई बाइबलको बारेमा कम मात्रै सोच्ने बनायो, र मुश्किलले यो जीवनभन्दा बाहिर के कुरा रहन्छ भनेर सोच्न सकिन्थ्यो, यसैले म कस्तो कार्य गर्न सक्थे त ?"

एकजना ख्रीष्टियन कलाकार भएर मैले एकजना जवान स्त्रीको लुगामा रङ्ग भर्दैगर्दा ती महिलाको छातीमा आफ्नो बालकलाई पक्रिरहेकी थिइन, र उनी घरबारविहिन भएर त्यो अँध्यारो गल्लीमा आँधिबेहरीको सामना गरिरहेकी थिइन । अचानक उनले त्यो रङ्ग भर्ने ब्रूसलाई तलपट्टी प्लेटमा फ्याँकेर यसो भनिन्, "हराएकाहरूको निम्ति रङ्ग भर्ने कार्य गर्नुको सट्टामा, म बाहिर गएर तिनीहरूको निम्ति बचाउनेछु" । त्यो निर्णयले गर्दा उनलाई उगाण्डाको मिसनेरी हुने कार्यमा अगुवाइ गऱ्यो ।

मैले सधैं नै विस्तारै हाँस्ने गर्दछु, जब मैले सि.टि. स्टडको मित्रले उनलाई भनेको कुरालाई विचार गर्दछु, जसरी परमेश्वरले उनलाई मिसनको क्षेत्रमा बोलाउनुभयो । "तिमीले आफ्नो क्रिकेटलाई छोड्न गइरहेका छौं, र मिसनरी बन्न गइरहेका छौं । के तिमीले आफूलाई क्रिकेट खेल्ने दिनलाई समाप्त भएको कुरासम्मलाई पर्खिरहेका हुन्थ्यौं ? के तिमी एकजना क्रिकेट खेलाडी भएर परमेश्वरको निम्ति अझ बढी प्रभाव पार्न सक्ने हुन्थ्यौं ? किन त्यो स्थानमा मिसनरी भएर जानुपर्थ्यो, जहाँ तिनीहरूले क्रिकेटको बारेमा कहिल्यै पनि सुनेका हुँदैनथे । तर स्टडले अर्थ पत्ता लगाउनको निम्ति व्यर्थैमा त्यागिदिएका थिए । उनले वास्तविकतालाई पत्ता लगाउनको निम्ति कल्पनालाई छोडिदिएका थिए ।

तीनजना विश्वासीहरू टेबुलमा बसिरहेका थिए, र खाना खाइरहेका थिए, अनि व्यवसाय र पेशाको बारेमा कुराकानी गरिरहेका थिए । एकजनाले डाक्टरको पढाईको बारेमा सोधिरहेका थिए, "तिमीले अनुसन्धान गर्नुपर्ने विषय के थियो ?" उनले जवाफ दिए, "स्थिर नभएको गतिको मापदण्डसँगैको प्रतिक्रियामा पूर्णताको सामान्य बाहृय कुराको निम्ति विद्युतिय सिमितताको थियो । त्यो शब्दबाट आएको बोझालाई पत्ता लगाइसकेपछि, तेस्रो चाहिँले सोध्यो, "यसले के कुराको फरकपना बनाउन सक्छ ?" यस डाक्टरको पढाइ भनेको येशू ख्रीष्टका समर्पित चेलाहरू हुन्, जसले केही मिनेटको निम्ति विचार गर्दछन् । यो लामो समयसम्म गरिएको रोकावट जस्तै देखिन्छ । तब उनले यसको सम्झनायोग्य प्रतिक्रिया दिए: "मेरो

त्यस्तो खालको उत्तर दिने असमजदारीको कारणले गर्दा नै त्यो क्षेत्रलाई छोड्ने कार्यलाई मैले छानेको छु" ।

धेरै मानिसहरूले उनीहरूको पेशालाई परिवर्तन गर्ने चाहना राख्छन्, किनकि तिनीहरू यस जीवनको मामलाहरूमा अति धेरै रूपमा रहिरहेका हुन्थे । डा. अलेक्जेण्डर म्याक्लारनले यस्तो लेखेका छन्:

त्यहाँ पावलको समयमा कुनै पनि खडा भएका सिपाहीहरू हुँदैनथे, तर मानिसहरूले तिनीहरूको सामान्य व्यवसायबाट संक्षिप्त रूप बनाउने गर्थे अनि त्यस क्षेत्रमा पठाउने गर्थे । जब हतारमा गरिएको बोलावट आउथ्यो, र त्यो हलोलाई जोत्ने डोबमा नै छोडिन्थ्यो, र डरलाग्दो रूपमा रहेको छाललाई देखिन्थ्यो, अनि ती दुलही दुलाहाबाट जानलाई हतार हुन्थिन्, र शोक गर्नेहरू पनि त्यहाँबाट टाढिन्थे । सबै घरमा रहेका उद्योगहरू कमजोर बन्दथे, जबकि राष्ट्रको मानवियता त्यस क्षेत्रमा नै रहन्थ्यो ।

गे एच. किङ्गले उनको म्याक्लारानलाई दिएको टिप्पणीमा यस्तो कुरा थपेका छन्:

> उनी आफैले सरकारी कर्मचारीको चाहनामा संलग्न भएर अनुमति दिने गर्दैनथे, जबकि उनका सबै शत्रुहरू त्यस लडाइँमा समर्पित भएजस्तो मानिलिइन्थ्यो । उनले केही समयको निम्ति कुनै चिज र हरेक चिजको निम्ति शपथ लिनुपर्ने थियो, र त्यसले उनको ठोस बनाउने कार्यलाई बाधा ल्याउने गर्दथ्यो । सिपाहीलाई मनपर्ने एउटा क्रूसको बलिदान देखिएको हुनुपर्थ्यो । उनले यस्तो कुरा पत्ता लगाउन सक्थे, कि उनले केही निश्चित चिजहरूलाई, निश्चित इच्छाहरूलाई, निश्चित बानीहरूलाई, केही निश्चित आनन्द मनाउने कुराहरूलाई, अझ केही निश्चित मित्रहरूलाई त्याग्नुपर्ने हुन्थ्यो । तिनीहरू आफैमा यिनीहरूमध्ये गल्ती हुन्छन् भन्ने कारणले गर्दा होइन, तर त्यसमा तिनीहरू तानिने र त्यसमा रहने हुन्छन्, र तिनीहरूले उनको सफलतामा एउटा सिपाहीको रूपमा त्यस तरिकाले प्राप्त गर्दछन् । उनले उनको आफ्नो सहकर्मी ख्रीष्टियनलाई आलोचना गर्नेछैनन्, यदि तिनीहरूले यस्तो खालको विषयमा कुनै पनि हानी भएको कुरा प्राप्त गर्दैनन् भने । यसमा उनले गर्नुपर्ने आलोचनाको विषय हुँदैन, त्यसद्वारा जब

सोधिन्छ, ऊ आफ्नो धारणा दिनको लागि स्वतन्त्र हुन्छ, र उसको आफ्नै इन्कारीको निम्ति त्यसको कारणलाई वर्णन गरिन्छ । हाम्रो व्यक्तित्वलाई कुनै पनि चिजले बाधा पुऱ्याउँदा, उहाँको निम्ति त्यो बलिदान हुने कुरा उत्तम हुन्छ । तरैपनि यो अरूहरूको निम्ति नोक्सान नपुऱ्याउने खालको हुन्छ, र यो हाम्रो आफ्नै लागि पनि आकर्षित हुन्छ, यद्यपि यो यति धेरै साहस गर्ने चिज हुन सक्छ, जस्तैः कि एउटा हात, एउटा गोडा वा एउटा आँखा (मत्ती १८:८-९) । यसलाई हामीले स्पष्ट बनाऊ कि त्यहाँ यो जीवनमा धेरै चिजहरू छन्, त्यसैको निम्ति ख्रीष्टियन सिपाहीहरू सामान्य कार्य गर्ने, पारिवारिक चिजविजहरू, सामाजिक मामिलाहरू, र व्यापारका विषयहरूलाई स्वीकार गरिनुपर्छ, र सबै नै असल प्रकारले गरिनुपर्छ, ताकि उनी एकजना ख्रीष्टियन हुन् । तर यो बुँदामा यो कुरा रहेको छ, कि त्यहाँ वचन रहन्छ, र त्यो जहाँ हुँदाखेरि बाँकीलाई जोड दिइन्छ । नत्रभने सबै चिज हुँदा, कानुनसम्मत त्यहाँ रहने हुन्छ, र यसलाई अत्याधिक र बलिदानपूर्ण तरिकाले सामना गर्नुपर्छ ।

## के गर्ने हो त ?

जब एक जना व्यक्ति अलौकिक कुरासँग निश्चित भएर त्यसलाई उनको काँधमा हाल्दछन् भने, उनले यस विषयलाई उनको मण्डलीका एल्डरहरूलाई बताउन सक्छन् । जो कोही मानिस पनि उसको आफ्नै आत्मिक वरदानको लागि र त्यो सेवाको निम्ति आफैले मिलाउने कुरामा पर्याप्त न्याय हुन्छ । ती एल्डरहरूले यस्तो कुरा जान्नेछन्, कि यदि उनी उनको कामदेखि भागिरहेका छन् भने, यदि उनी हरेक चिजमा असफल भएका हुन्थे भने, यदि उनले रोजगार पाएका छैनन् भने, र उनले यसलाई समाधानको रूपमा पनि हेर्ने गर्दछन् ।

जसरी हामीले परमेश्वरको बोलावटबाट आएको हरेक सत्य कुरालाई अगाडि नै देखेका छौं, र त्यहाँ मानवीय मापदण्डमा अनिच्छा हुन्छ, र मानवीय भावनाको अपर्याप्तता पाइन्छ । मोशासँग यो थियो, र यर्मियाले पनि त्यसै गरे । तर परमेश्वरको बल दिने आवाजले यस्तो खालको हिचकिचाहटलाई तान्ने गर्दछ । त्यहाँ जानुपर्ने एउटामात्र बाटो छ, र त्योचाहिँ अगाडि जानुपर्ने हुन्छ ।

यसैले अव निष्कर्ष के हुन्छ त ? कुनचाहिँ असल हुन्छ, एउटा सांसारिक

व्यवसाय वा पूर्ण-कालिन ख्रीष्टियन सेवा ? यहाँ आएको उत्तर यस्तो हुन्छ कि परमेश्वरलाई छनोटको स्थानमा रहनु भन्दा अन्य कुनै पनि चिज असल हुँदैन, चाहे त्यो हुन सकेको होस् ।

तर कसरी हामीले जान्न सक्छौं त ? त्यहाँ एउटामात्र उपाय छ । हामी आफैले यसलाई परमप्रभुको निम्ति संरक्षण नगरिकनै उत्पादन दिनु हो । यसको अर्थ हाम्रा जीवनहरू उहाँमा फर्काउनु हो, र यो केवल मुक्तिको लागि मात्र होइन, तर सेवाको निम्ति पनि हो । यसको अर्थ हाम्रा शरीरहरूलाई उहाँको निम्ति जीवित बलिदानको रूपमा प्रस्तुत गर्नु हो । जब हामीले हाम्रो चाहनालाई उहाँको निम्ति साटासाट गर्छौं भने, तब यो हामीलाई देखाउने उहाँको जिम्मेवारी हो, र उही प्रकारले उहाँले हामीलाई पनि त्यस्तो कार्य गरेको चाहना राख्नुहुन्छ, र जब उहाँले हामीलाई यो कुरा देखाउनुहुन्छ, तब यसको निर्देशन यति स्पष्ट हुन्छ, कि त्यसलाई इन्कार गर्नु चेतनामा हुन्थ्यो, र सकारात्मक अनाज्ञाकारीता आउँथ्यो ।

*उहाँले मलाई "आऊ मित्र" भनेर बोलाएको सुने,*
*त्यो नै सम्पूर्ण कुरा थियो,*
*मेरो सांसारिक सुन पनि मधुरो भयो,*
*म उठें, र त्यसलाई पछ्याए,*
*त्यो नै सम्पूर्ण कुरा थियो,*
*के तपाईं पिछा गर्नुहुन्थेन,*
*यदि तपाईंले उहाँले बोलाएको कुरालाई सुन्नुभयो भने ?*
*- एमी कार्मिकेल*

## एउटा सम्भाव्य समस्या

कहिलेकाहीँ एउटा समस्या आउँदछ, जब पेशामा त्यो क्षितिजको यन्त्रजस्तै परिवर्तन हुन्छ । जब एकजना सहकर्मीमा विवाहको समयमा त्यो बोलावट उच्च र स्पष्टरुपमा आउँदछ, तर अरू व्यक्तिले यसलाई सुन्न सक्दैनन् । त्यस जोडीको विषयलाई लिनुहोस्, जसले बिदेशको माटोमा १५ वर्षसम्म सेवा गरेका छन् । अब ग्लेनले यस कुराको महसुस गर्दछन्, कि अब घर फर्कने बेला आएको छ । तर अझै गोएनले घर फर्किने बोलावटलाई अझ बलियो रूपमा भएको कुरालाई महसुस गर्दछन् । उनी एकजना विशिष्ट कारिन्दा भएकी थिइन, जसले भाषामा राम्रो दख्खल हासिल गरेकी थिइन, र उनी मानिसहरूसँग परिचित थिइन,

वास्तवमा उनको आफ्नो घरमा भन्दा पनि त्यस विदेशको स्थानलाई आफ्नो घर भएको महसुस गरिन। के गर्ने त ? कसरी तिनीहरूले यो देखिएको अन्तरद्वन्द्वलाई समाधान गर्न सक्थे। (यस बारेमा उनले उनकी पतिको निर्देशनलाई समर्पित गरेकी हुन्थिन)।

त्यो अन्तरद्वन्द्वमा अन्य तरिकाले कार्य गर्ने गर्थ्यो। यसमा यस्तो हुन्थ्यो, कि रोयले परमप्रभुबाट यस्तो भावना प्राप्त गरे, कि परमप्रभुले उनलाई पूर्णकालीन सेवाको निम्ति निर्देशित गर्दैहुनुहुन्थ्यो, तर रुवीले उनको आफ्नो दर्शनलाई बताएनन्। त्यो गुँड लाउने चाहना बलियो थियो, र तिनले उनको आफ्नै छोराछोरीको सुरक्षाको लागि नियन्त्रण गरिन। त्यस विषयले बाधा दिएकोले उनको हृदयमा शान्ति भएन। उनी डर र हिच्किचाहटले गर्दा एकदमै दवावमा परिन।

यस समस्याको समाधानलाई खोजी गर्दा, हामीले त्यो तहलाई जान्नुपर्ने हुन्छ, र जसमा ती अनिच्छुक पत्नी पनि समर्पित हुँदिनन्। यदि उनी ती मिसनरीकी पत्नी हुन्, र उनी पनि आफ्नो पतिसँग जानको लागि इच्छुक छिन् भने, उनलाई त्यसमा अगाडि बढ्नको लागि पर्याप्त अधिकार हुन्छ। मैले एकजना महिलालाई जान्दछु, जसले एकजना मिसनरी बन्नको लागि परमेश्वरबाट बोलावट प्राप्त गरिनन्, तर उनी मिसनरीकी पत्नी भएर जानलाई इच्छुक थिइन्।

यदि मिसनरीकी पत्नीले धेरै विरोध गर्छिन् भने, उनको लागि अगाडि बढ्ने कार्य मुर्खता हुन सक्थ्यो। तिनीहरू एउटै शरीर हुन् (एफिसी ५:३१)। उनले एफिसी ५:२२ लाई प्रयोग गर्नुपर्दा ("पत्नी हो, आफूलाई परमप्रभुमा समर्पित गरेजस्तै, आफ्ना पतिहरूमा पनि समर्पित गर") उनलाई समर्पणतामा दवाव दिने हतियार जस्तै बन्दछ। उनले उनको आत्मिक न्याय र संकायलाई सम्मान गर्नुपर्थ्यो, र यो कुराको पनि महसुस गर्नुपर्थ्यो, र उनलाई आत्मिक प्रकोपबाट बचाउने परमेश्वरको एउटा उपाय हुन सक्थ्यो। के उनले, परिवर्तन गर्ने कुरा अनिच्छापूर्वक गर्नुपर्थ्यो, र उनी उनको आनन्दको सहयोगी पनि बन्न सक्दिन थिइन।

यसले उनले गर्नसक्ने सबैभन्दा उत्तम चिज, प्रार्थनामा निरन्तर लागिरहनु हो। परमेश्वरले परिवर्तन गर्ने कुरालाई ल्याउन सक्षम हुनुहुन्छ। वास्तवमा, त्यो आदर्शतामा दुवैजनाको वैवाहिक समर्पणताले परमेश्वरको चाहनालाई अगाडि

बढाउन आनन्दपूर्ण र सहयोगीको भावनामा पूर्ण समर्पित हुन्छन् । ती व्यक्तिले यसो भनेर प्रार्थना गर्नुपर्थ्यो, कि परमप्रभुले त्यस किसिमको एकतालाई ल्याउन सक्नुहुन्थ्यो ।

यदि यो नआउने हो भने, तब उनी उनले गरिरहेका काममा गनगन नगरिकनै लागिरहनु पर्थ्यो, र उनले यस कुरालाई महसुस गर्नुपर्थ्यो, कि परमप्रभुले त्यस मार्गलाई उनको निम्ति अभिषेक गर्नुभएको छ । परमप्रभुले त्यो चाहनाको निम्ति उनलाई इनाम दिनुहुनेछ, र यद्यपि उनी त्यस कुरा पूरा भएको हेर्नलाई सक्षम हुँदैनथे । त्यो समयमा नै उनी र उनको सहयोगीलाई स्थानीय करको सेवाको निम्ति आफैलाई संलग्न गर्नुपर्थ्यो ।

यो कुरा पनि सम्भव छ, कि एकजना पत्नीले परिवर्तन ल्याउनको लागि अरूहरूलाई मात्र छोड्दिनन्, तर त्यो जेसुकै भए तापनि एकजना व्यक्ति ख्रीष्टियन सेवाको निम्ति हुने कुनै पनि संलग्नतालाई राम्ररी विरोध गरेका हुन्छन् । यो नै सबैभन्दा खराब अवस्थाको तस्बिर हो । अलौकिक हस्तक्षेप बाहेक नै, ती जीवन बिताउनेहरू निष्क्रिय सह-अस्तित्वमा रहन्छन् । यसको विकल्प भनेको निरन्तर प्रार्थना नै हो ।

## एउटा खोजिरहने प्रश्न

हामीले हेरचाह गर्ने भन्ने सम्पूर्ण विषयमा सोचविचार गरिरहँदा, माइकल ग्रिफिथले सोधेको एउटा अनुसन्धानको विषयलाई सम्झनु पर्ने हुन्थ्यो । "हामीले हाम्रो जीवनको निम्ति के कुरालाई देखाउनुपर्ने हुनेछ ? के यसलाई जीवनका साना इनाम र सफलताहरूले, शिक्षामा हासिल गरेका प्रमाणपत्रहरूले, खेलाडीले संकेतको रूपमा हासिल गरेका तक्माहरू, पत्रपत्रिकामा लेखिएका कुराहरूले, हाम्रो आफ्नै जागिरमा भएको बढुवाले, हामीले स्थानीय समुदायको पाएको प्रतिष्ठाले, अवकास प्राप्त गर्दा पाएको घडीले, एउटा समवेदनाको सूचनाले र राम्ररी गरिएको दफन कार्यले नाप्न सकिनेछ ? के त्यो सबै थोकमा नै हाम्रो जीवनको अर्थ भन्ने हुन्छ ?

◈◈◈



# अध्याय पाँचः समर्पणताको अनुभव

# २७ एउटा संकट

जब हामीले समर्पणतामा संकट भएको कुरालाई बताउँछौं, हामीले पहिलो चोटी त्यस व्यक्तिलाई बताउने गर्दछौं, तब ऊ उहाँले चाहना गर्नुभएको जेसुकै कार्य गर्न पनि उसको जीवनलाई परमप्रभुतर्फ फर्काउने गर्दछ । यसमा यो कुरा विचार गर्नु असल हुन्थ्यो, कि यस्तो कार्य परिवर्तन हुने बेला हुन्थ्यो । कहिलेकाही यसले कार्य गर्दछ, तर सधैँचाहि होइन ।

कतिचोटी जब एकजना व्यक्ति बचाइन्छ, तब उनलाई धेरै थोरै मात्र ज्ञान हुन्छ । उनले यसो मात्र भन्न सक्छन्, कि "म गरिब, र हराएको पापी थिएँ, तर येशू मेरो निम्ति मर्नुभयो" वा उनले यसो भन्न सक्छिन् कि, "एकचोटी अन्धो थिए, तर अब म देख्न सक्ने भएकी छु" । जे सुकै भए तापनि हरेकचोटी मुक्तिदातामा भरोसा गरिन्छ, र मुक्तिको लागि उहाँको सकिएको कार्यलाई हेरिन्छ । यो नै तिनीहरूको वर्तमान् ईश्वरशास्त्रको विस्तारित रूप हो ।

यसैले जसरी तिनीहरू यो विश्वासमा बढ्दछन्, तब त्यो कलवरीमा भएको परिणामले तिनीहरूलाई तान्न सुरु गर्दछ, र तिनीहरूमा यो एउटा बढिरहेको निश्चयता हुन्छ, कि प्रभु येशूले तिनीहरूमा भएका सबै कुरालाई प्राप्त गर्नुहुन्छ । अझ त्यहाँ तिनीहरूको व्यक्तिगत योजना र आकांक्षाहरूलाई त्याग्नुपर्ने कुरामा संघर्ष हुनसक्छ । त्यसै कारणले गर्दा समर्पणता र उत्पादन भन्ने शब्दहरूले संकटको समर्पणतालाई वर्णन गर्दछन् ।

यो समर्पणता गर्दैगर्दा, हरेक व्यक्तिले परमप्रभुलाई यस्तो भनिरहेका हुन्छन् कि, "तपाईंले मलाई जहाँसुकै जाने चाहना गर्नुभए तापनि, तपाईंले मलाई जेसुकै कुरा भन्ने चाहना गर्नुभए तापनि, र तपाईंले मलाई जेसुकै चिज पनि गर्नुपर्ने चाहना राख्नुभए तापनि" म त्यहाँ हुनेछु, र "त्यो मेरो हृदयको कुनै भाग वा आधा भागमात्र नभएर, मैले तपाईंलाई सम्पूर्ण कुरा सुम्पनेछु" । यसमा सम्पूर्ण हृदयभन्दा र संरक्षित कुराभन्दा कम हुनेछैन । तिनीहरूले यस्तो महसुस

गर्दछन्, कि त्यो सबैचिज हुनुपर्छ, वा कुनै पनि चिज हुनुहुँदैन, किनकि माइकल ग्रीफिथले यसो भनेका छन्, "त्यहाँ दावी गर्ने बारेमा सबै वा केही पनि नभएका उल्लेखनीय गुणहरू छन् र येशू ख्रीष्टका आज्ञाहरू पनि छन् । यसमा यहाँबाट उसो परमेश्वरको चाहना हुनुपर्छ: त्यो चिजभन्दा बढी पनि होइन, र कम पनि होइन ।

जब हामीले यस्तो खालको समर्पणता गर्छौं भने, हामीले यो कुरा जान्दछौं, कि हामीले हाम्रो जीवनलाई जीवित बलिदानको रूपमा बेदीमा राखेका हुन्छौं । जब हामीले यसो गर्छौं, तब हामीले यसो भन्न सक्छौं:

*ए परमेश्वरका पुत्र, कसले मलाई प्रेम गर्छ,*
*म तपाईंको मात्रै हुनेछु,*
*र मसँग सबैचिज छ, र म परमप्रभुमा हुनेछु,*
*यसपछि पनि यी सबै तपाईंकै हुनेछन् ।*

*- एफ.आर. हार्भरगाल*

स्पर्जनले यसलाई यस्तो प्रकारले बताए:

हे महान् र खोज्न नसकिने परमेश्वर, कसले मेरो हृदयलाई जान्दछ, र मेरा सबै उपायहरूलाई कोसिस गर्दछ, र यसमा तपाईंको पवित्र आत्माको सहयोगमा म तपाईंको नम्रतामा भर पर्नेछु, र मैले आफैलाई त्यो तपाईंको आफ्नै उचित बलिदानमा पनि उत्पादन गर्ने गरेको छु । म तपाईंको आफ्नै कुरामा फर्कन्छु । म सधैं तपाईंकै निम्ति, संरक्षित नगरिकनै, तपाईंको स्थायित्वमा रहनेछु । जब म यस धर्तीमा रहन्छु, म तपाईंको सेवा गर्नेछु । के म तपाईंमा आनन्द मनाउन सकूँ, र सधैंको निम्ति तपाईंलाई आराधना चढाउन सकूँ ! आमेन ।

हडसन टेलरको समर्पणता पनि यस्तै खालको थियो:

ठीकै हो, के मैले, म आफैलाई मेरा मित्रहरूकोमा, मेरा सबै कुराहरू बेदीमा, त्यो गहिरो शान्तपना, जुनचाहिँ त्यो निश्चयतासँगै मेरो आत्मामा आएको छ र त्यो निश्चयताकासाथ मेरो भेटीलाई स्वीकार गरिन्थ्यो । परमेश्वरको उपस्थिति वर्णन गर्न नसकिने प्रकारले वास्तविक, र आशिषित भयो, कि मैले यो कुरालाई सम्झदा, म आफैलाई त्यस भूमिमा तन्काए, र त्यो बोल्ननसकिने

> श्रद्धा र बताउन नसकिने आनन्दकासाथ उहाँको पाउँमा परें । त्यही सेवाको निम्ति मलाई थाहा नभएको कुरामा म स्वीकारयोग्य बने, र म आफैलाई थाहा नभएको गहिरो चेतनामा परें, ताकि म मेरो आफ्नै सम्पन्नतामा थिइन, जसलाई कहिल्यै पनि मेटाउन सकिन ।

विलियम बोर्डन, याले सन् १९०९ मा करोडपतिका मालिकले मुस्लिमहरूलाई सुससमाचार लिएर जानको लागि सबैथोक त्यागिदिए । उनी चीनतर्फ जाँदैगर्दा कायरोमा २६ वर्षको उमेरमा मरे, अनि खीष्टियन संसारलाई यो प्रभाव छोडेर गए, कि जुनकुरा आज पनि महसुस गरिन्छ । यसै कारणले गर्दा, उनले आफ्नो समर्पणतालाई यसरी व्यक्त गरेः

> प्रभु येशू, जति धेरै समयसम्म मेरो जीवनको सम्बन्ध छ, मैले मेरा हातहरूलाई निष्क्रिय पारेर राख्दछु, र मैले मेरो हृदयलाई तपाईंको सिंहासनमा राख्दछु । तपाईंले छाने अनुसार मलाई परिवर्तन गर्नुहोस्, र शुद्ध पार्नुहोस् । मैले तपाईंको पवित्र आत्माको पूर्ण शक्तिलाई लिनेछु, अनि तपाईंलाई धन्यवाद चढाउनेछु ।

जिम एलिओटले यस मुल्यको गणना गरे, र प्रार्थना गरेः

> पिता, मेरो जीवन र मेरो रगतलाई लिनुहोस्, तपाईंको चाहनामा र यसमा तपाईंको आगोले भष्म पार्नुहोस्, मैले यसलाई वचाउने छैन, किनकि यो मलाई बचाउनको लागि होइन । परमप्रभु, यसलाई लिनुहोस्, यी सबैलाई लिनुहोस् । मेरो जीवनको बाध्यताको निम्ति मेरो जीवनलाई खन्याउनुहोस् । रगतमा मात्रै यसको मुल्य हुन्छ, जसरी यो तपाईंको वेदीबाट बग्दछ ।

दक्षिण क्यारोलिनामा रहेकी एकजना जवान महिलाले उनको समर्पणतालाई देखाएर एउटा नम्र तरिका पत्ता लगाइन् । उनले एउटा खाली कागजको पाना लिइन, र त्यसको तलतिर उनको नाउँलाई लेखिन । यसरी परमेश्वरको चाहनालाई स्वीकार गर्ने उनको तरिका थियो, र यसमा जे सुकै भए तापनि यसको कुनै मुल्य हुँदैनथ्यो । उनले यसमा अरू बाँकी कुरा भर्नलाई उहाँकोमा नै छोडिदिइन ।

अब यसमा के हुनेछ, जब एकजना व्यक्तिले यस्तो महान् शुद्धिकरणलाई बनाएको छ ? कतिमा यस्तो भावनात्मक अनुभव पनि हुन सक्थ्यो । अरूमा यस्तो नहुन पनि सक्थ्यो । तर त्यहाँ मुक्तिदाताले यस्तो खालको ठीक कार्य गरेकोमा निश्चयता पनि हुनुपर्थ्यो । त्यहाँ यस्तो खालको निश्चयता हुनुपर्थ्यो,

कि ती मुक्तिदाताले त्यो बलिदानलाई स्वीकार गरेका छन् । त्यो भन्दा पनि बढी अनुभवहरू त्यति साह्रो मुल्यवान छैनन् । हामीले यसमा मुल्य राखेको कुरा यो हो, कि हामीले त्यो ठोस समर्पणतालाई बनाएका छौं । "मैले मेरो मालिकलाई प्रेम गर्दछु, र म स्वतन्त्र रूपमा त्यतिकै बाहिर जाने छैन" ।

मैले हामीमा त्यो कुरा कहिल्यै पनि हुन दिँदिन, र हामीले त्यहाँ कुनै अतिरिक्त थोक गरेका हुन्छौं । हामीले त्यस क्रूसको सन्दर्भमा, कुनै पनि मुल्यवान बलिदान गरेका छैनौं । हामीले यसो भन्न सक्नेछौं:

*मेरो बलिदान कमजोर छ, र जसमा आँखाहरू,*
*माथिबाट चम्किला भएका छन्,*
*मैले राख्न नसक्ने चाहिँलाई प्रदान गर्दछु,*
*मैले बन्द गर्नुपर्ने कुरा त्यो प्रेम हो ।*

*- एनोन*

अन्तमा, हामीले यो कुराको महसुस गर्दछौं, कि पूर्ण समर्पणतामा हुने भन्दा कुनै पनि कम चिज "चमक लगाइएको" पापमात्रै हो ।

*यो जेसुकै भए तापनि यसलाई तोड्नुहोस्,*
*तपाईंबाट मेरो हृदयमा त्यसले मलाई पछाडिबाट पक्रनेछ,*
*मेरो हृदयलाई जित्नको लागि कोचाहिँ मरेको छ !*
*तरैपनि अन्य सबै प्रेमहरू प्रिय नै छन्,*
*तरैपनि पुरानो वा बलियो वा नजिकमा छन्,*
*जसमा तपाईं त्यो विषय र परिधि हुनुहुन्न,*
*केवल त्यहाँ चम्काइएको पापमात्रै हुन्छ ।*

*- श्रीमती जे.ए. ट्रेन्च*

त्यहाँ एउटा कथा छ, जसले यसको सतहलाई समय-समयमा ल्याउने गर्दछ, र यसको सारांश फरक हुँदछ, तर नैतिकताचाहिँ उही नै हुँदछ । पहाड चढ्ने अभियानमा आएको एउटा समूह नदीको छेऊमा आयो । एउटा आवाजले तिनीहरूलाई यसो भन्यो, "तिमीहरूले त्यस नदीबाट चाहना गरे जतिका ढुंगाहरू टिप, अनि नदीलाई बेठीक चिन्ह लगाऊ र त्यसपछि अगाडि बढ । तिनीहरू प्रशन्न हुनका लागि गइरहेका छौ, र तिमीहरू दुःखित हुनको लागि गइरहेका छौं" । प्रतिक्रियाहरू मिसिएका थिए । कतिले तिनीहरूलाई सहज रूपमा ल्याउनको लागि कति धेरै कुराहरूलाई बटुलेका थिए, कि तिनीहरूमा अगाडि नै यात्रा गर्ने

बलको भारी परिसकेको थियो। अरूहरू हातभरि लिएर संतुष्ट भएका थिए। तर अरूहरूले यस्तो कुरा महसुस गरे कि तिनीहरूमा अगाडि नै पर्याप्तरूपमा पीडा थियो, अनि तिनीहरूले अझ बढी भएका कुराको खाँचो महसुस गरेनन्।

तिनीहरूले नदीलाई पार गरिसकेपछि, र केही माइल अगाडि बढेपछि, ती सबै ढुंगाहरू मुल्यवान पत्थरमा परिवर्तन भए।

तिनीहरूले ती सबैलाई जम्मा गर्न सकेकोमा प्रशन्न थिए, र तिनीहरूले अझ बढी जम्मा गर्न नपाएकोमा दु:खित थिए।

हाम्रो समर्पणतासँग पनि त्यस्तै नै हुन्छ। हामी पनि त्यो मापदण्डको निम्ति प्रशन्न हुनेछौं, कि हामीले हाम्रो जीवनलाई मुक्तिदातातर्फ फर्काएका छौं, र उहाँलाई हामीले बढी दिन नपाएको मा दु:खित छौं।

*त्यसद्वारा भएर जब मैले उहाँको मुहारलाई हेर्दछु,*
*सुन्दर मुहार, छाँयाले छियाछिया पारेको मुहार,*
*जब म घरिघरि उहाँको मुहारलाई हेर्दछु,*
*म चाहना गर्दथे, कि मैले अझ बढी उहाँलाई दिएको थिएँ।*
*बढी, अझ बढी,*
*मैले उहाँलाई दिएको भन्दा पनि अझ बढी,*
*जब मैले उहाँको मुहार घरि-घरि हेर्ने गर्छु,*
*म यस्तो चाहना गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु।*

*घरि-घरि जब उहाँले उहाँका हातहरूलाई पक्रनुहुन्छ,*
*स्वागत गर्ने हातहरू, काँटी ठोकिएका हातहरू,*
*घरि-घरि जब उहाँले उहाँका हातहरूलाई पक्रनुहुन्छ,*
*म यस्तो चाहना गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*
*धेरै, अझै धेरै,*
*मेरो हृदयमा भएको भन्दा बढी नै, मैले उहाँलाई अगाडि पनि दिएँ,*
*घरि-घरि जब उहाँले उहाँका हातहरूलाई पक्रनुहुन्छ,*
*म यस्तो चाहना गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*
*धेरै, अझै धेरै,*
*मेरो हृदयको भन्दा पनि बढी कुरा मैले उहाँलाई अगाडि नै दिएको छु*
*घरि-घरि जब उहाँले उहाँका हातहरूलाई पक्रनुहुन्छ,*
*म यस्तो चाहना गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*

*घरि-घरि जब म उहाँको पाउमा घुँडा टेक्दछु,*
*सुन्दर गोडाहरू, काँटी ठोकिएका गोडाहरू,*
*घरि-घरि, जब म उहाँको पाउँमा घुँडा टेक्दछु,*
*म यस्तो इच्छा गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*
*धेरै, अझै धेरै,*
*मैले अगाडि नै दिएको भन्दा पनि अझ बढी प्रेम,*
*घरि-घरि, जब म उहाँको पाउँमा घुँडा टेक्दछु,*
*म यस्तो इच्छा गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*

*त्यो सुन्दर मुहारको सन्दर्भमा,*
*उहाँको मुहारबाटको ज्योतिबाट, एउटा सुन्दर मुहार,*
*त्यो सुन्दर मुहारको सन्दर्भमा,*
*म यस्तो इच्छा गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*
*धेरै, अझै धेरै,*
*उहाँलाई प्रशंसा गर्नलाई वरिपरि नभएका मुल्यवान चिजहरू,*
*घरि-घरि, जब म उहाँको मुहारलाई हेर्ने चाहना गर्दछु,*
*म यस्तो इच्छा गर्दछु, कि मैले उहाँलाई अझ बढी दिएको छु,*

*- अपरिचित लेखक*

सन् १९७० को दशकमा, अमेरिकाको सेनाले हवाइजहाजको अवतरणमा स्वचालित जहाज राख्ने व्यवस्थाको विकास गरे । ती जहाज राख्ने हाकिमले पाइलटलाई त्यो हुस्सुले घेरिएको उडानमा रेखाबद्ध हुनको लागि निर्देशन दिए । तब जहाजलाई ओरालियो, र उनले यसो भने कि, “तिम्रो हातलाई नियन्त्रणभन्दा बाहिर ल्याऊ” अनि त्यो जहाज त्यस स्थानतर्फ आयो । कम्प्यूटरलाई ठीक प्रकारले मिलाएर कम्पन गर र एकापट्टी ढल्काएर यसको मार्गलाई सिधा पारेर यसको उडान लाई अगाडि बढाऊ” ती चालक सुरक्षित हुन सक्थे, जबसम्म उनले आफ्नो हातलाई नियन्त्रण भन्दा बाहिर राख्थे, नत्रभने उनले दुर्घटनालाई निम्त्याइरहेका हुन्थे ।

परमप्रभुले पनि हामीलाई यसो भन्दैहुनुहुन्छ, “तिम्रो हातलाई नियन्त्रण भन्दा बाहिर ल्याउ, म तिमीलाई घरसम्म जानको लागि पूरा भारिका साथ सुरक्षा दिनेछु” ।

◈◈◈

# २८ यो एउटा प्रकृया

जसरी यसो भनिएको छ, कि एक समयमा गरिएको समर्पणताको कार्य पर्याप्त हुँदैन । जे कुरा त्यो संकटमा सुरु हुन्छ, र यो प्रकृयको रूपमा निरन्तर हुनुपर्छ । त्यहाँ एकचोटी गरिएको सधैंको समर्पणता हुन्छ, त्यसपछि कतिचोटी दोहोऱ्याइ तेह्ऱ्याइ गरेर समर्पणाता गरिन्छ । "आत्मा तयार छ, तर शरीर कमजोर छ" । हामीले साहसकासाथ हाम्रा हातलाई हलोमा राख्दछौं, तब त्यो चेलापनको मुल्य हामीमा दुर्घटना हुन्छ, र हामीले पछाडि हेर्दछौं । त्यसै कारणले गर्दा यूहन्ना अक्सेहामले लेखे:

*कसले येशूको निरन्तर बोलावटलाई उत्तर दिन्छ,*
*उनी आफैले उनको जीवन, र उनको सम्पूर्ण थोक दिनुपर्छ,*
*पछाडिपट्टी हेरिने चाहिँलाई नगरिकनै,*
*उहाँको त्यो हलोको साथमा को बस्ने गर्दछ,*
*र त्यसलाई पछाडिपट्टी उत्साही नजरले हेर्ने गर्दछन्,*
*उनको बोलावटमा गल्ती गरिएको हुन्छ ।*
*ख्रीष्टले उहाँलाई दावी गर्नुहुन्छ, सम्पूर्ण रूपमा उहाँको आफ्नै निम्ति,*
*उहाँ केवल ख्रीष्ट र ख्रीष्टमात्र हुनुपर्छ ।*

त्यो अवधारणको समाधानमा पछाडि हेर्नु भनेको आफूले आफैलाई प्रभु येशूमा समर्पण गर्नु हो । यी पदहरूमा चार्लोट एलिओटले यसरी भनिन्:

*दिन-दिनबाट मेरो चाहनालाई नयाँ बनाउनुहोस्,*
*तपाईले यसलाई घुमाउनुहोस्, र लिएर जानुहोस्,*
*अब त्यहाँ भएका सबैले यसलाई भन्नको लागि कठिन बनाउँछन्,*
*"तपाईंको कार्य गरिएको होस्" ।*

विशप टेलर स्मिथले हरेक बिहानी आफ्नो ओछ्यानमा घुँडा टेकेर यसो भने,

"प्रभु येशू, यो ओछ्यान तपाईंको वेदी हो, म आफैमा तपाईंको जीवित बलिदान छु" ।

## चाहनाको साटासाट गर्नु

*एनी ग्रेनिसले यसलाई दैनिक "चाहनाको साटासाट" गर्ने भनेर वर्णन गरिन:*
*मैले मेरो जीवनलाई यति धेरै सफा भएको चाहना राख्दछु,*
*ताकि मेरो प्रिय प्रभु, आउनुभएको होस्,*
*र उहाँले उहाँको आफ्नै सजावटलाई मिलाउनुहुन्छ,*
*र उहाँले मेरो हृदयलाई उहाँको घर बनाउनुहुन्छ ।*
*र जुनबेलादेखि उहाँलाई खाँचो भएको कुरा म जान्दछु,*
*हरेक बिहान जब यो ताजा हुँदैगर्दा,*
*म एउटा गोप्य कोठामा सुत्छु,*
*र मेरो आफ्नो चाहनालाई उहाँसँगै राख्दछु,*
*उहाँले सधैं नै यसलाई कृपालु प्रकारले लिनुहुन्छ,*
*उहाँसँगै मलाई प्रस्तुत गर्नुहुन्छ,*
*तब म उहाँलाई भेट्नको लागि तयार हुन्छु,*
*र कुनै पनि कार्य यहाँ हुन्छ ।*
*यसै तरिकाले गर्दा मेरा परमेश्वरले मलाई नियन्त्रण गर्नुहुन्छ,*
*मेरा चाहनाहरू र मेरा बिरामीपनहरू,*
*किनकि हामीले यसलाई दिनको मध्यान्हमा भेट्दछौं,*
*किनकि यहाँ चाहनाहरूको साटासाट हुन्छ ।*

## उहाँले नियन्त्रण गर्दैहुनुहुन्छ भन्ने कुरामा विश्वास गर्नु

तब के हुन्छ त ? सायद केही चिज पनि भावनात्मक रूपमा भएको हुँदैन । यदि हामीले बत्ती बाल्ने, घण्टी बजाउने, र हाम्रो स्नायुको व्यवस्थाद्वारा आशा गर्ने हो भने, सायद हामी निरुत्साहित बनेका हुन्छौं । त्यहाँ के कुरा हुन्छ भनी हामी कुनै पनि मनोरञ्जन नगरिकनै सामान्य कार्यमा जाँदछौं । यसमा भएको धेरैजसोले निश्चित रूपमा आनन्द मनाउँछन् । हामीले तिनीहरूलाई गर्दछौं, र यो कुराको चाल पाउँछौं, कि तिनीहरू परमेश्वरको चाहनाका एक भाग हुन् । उहाँले हामीलाई जे सुकै कुरा गर्न भने तापनि हामीले स्वीकार गर्छौं, जस्तै कि, दुर्घटनाहरू, बाधा ल्याउने कुराहरू, डाँडाको टुप्पोमा गरिएको अनुभव, र हाम्रो समर्पणतामा उहाँले दिनुभएको उत्तर ।

हारोल्ड विल्डिस भन्ने एकजना अंग्रजी प्रचारकले यो उपयोगी सल्लाहलाई उनको बाइबलको अगाडि टाँसेका थिए,

> जसरी तपाईंले पापको सम्पूर्ण बोझलाई छोडिदिनुहुन्छ, र येशू खीष्टको मुक्तिको कार्यमा आराम गर्नुहुन्छ, यसरी तपाईंले तपाईंको जीवन, र सेवाको सम्पूर्ण बोझलाई छोडिदिनुहुन्छ, र वर्तमान् पवित्र आत्माले गर्ने कार्यमा आराम गर्नुहुन्छ । तपाईंले हरेक बिहान पवित्र आत्मालाई काम गर्न दिनुहोस्, त्यसपछि तपाईं प्रशंसा गर्दै, आराम गर्न जानुहोस्, अनि तपाईं र तपाईंको दिनलाई व्यवस्था गर्नुहोस् । आनन्द पूर्णतामा भरपर्ने र उहाँमा आज्ञाकारी बन्ने र उहाँले मार्गनिर्देशित गर्ने प्रज्वलित पार्ने, सुधार गर्न सिकाउने, प्रयोग गर्ने, उहाँको चाहनामा तपाईंसँगै र तपाईंले गर्ने बानीको विकास गर्नुहोस् । तपाईंले उहाँको कार्यलाई वास्तविकतामा वर्णन गर्नुहोस्, यसमा सँगसँगै दृश्य वा भावनाहरूलाई उहाँको वास्तविकतामा कार्य गर्नलाई गणना गर्नुहोस् । केवल हामीले उहाँमा र पवित्र आत्मामा विश्वास गरौं, जुन हाम्रो जीवनको शासक हो, र हामी आफैले यस बोझलाई लिने कोशिस गर्दा, यसलाई बन्द गर्ने गरिन्छ । तब आत्माका फलहरू हामीमा देखा पर्दछन्, र उहाँले परमेश्वरको महिमाको निम्ति चाहना गर्नुहुन्छ ।

फ्रान्सिस रिड्ली हाभारगेलले एकचोटी हामीले हाम्रो जीवनलाई परमप्रभुमा फर्काइसकेपछि उस्तै खालको सुझाब दिएका छन्:

> हामी हाम्रो मार्गतर्फ विश्वास गर्दै र आनन्द मनाउँदैं जाऔं, कि उहाँले हाम्रा जीवनहरू, हाम्रा हातहरू, हाम्रा गोडाहरू, हाम्रा स्वरहरू हाम्रा खुवीहरू, हाम्रा सम्पूर्ण आफ्नोपनहरू, सधैंको निम्ति र केवल सबै चिज नै उहाँको निम्ति हो । हामीले यस्तो विचार गरौं, कि यो एउटा आशिषित मिलाइएको चिज हो, किनकि नत हामीले महसुस गरेको, भनेको वा गरेको चिज नै हो, तर हामी यो कुरा जान्दछौं, कि उहाँ उहाँको वचनमा सत्य हुनुहुन्छ ।

जीवन दिनको कुनै निश्चित समयमा भावनात्मक नहुन पनि सक्छ, तर समर्पित चेलाहरूले यस कुराको भावना गर्दछन्, कि तिनीहरूको जीवनमा शान्ति र राम्रा कुराहरू छन्, जुन कुराहरू तिनीहरूलाई अगाडि थाहा थिएन । तिनीहरूले

यस कुराको पनि चाल पाउँदछन्, कि जीवनका शक्तिहरूले नास गरिरहेका छन् । त्यो समयदेखि यो समयसम्म तिनीहरूले चिजविजहरू भएको कुरा देख्नेछन्, कि त्यो मौका वा सम्भाव्यताको नियमअनुसार हुन सक्दैनथ्यो । तिनीहरूले यो कुरा जान्नेछन्, कि परमेश्वरले तिनीहरूलाई प्रयोग गरिरहनुभएको छ, तरैपनि यो त्यस्तो खालको ज्ञान होइन, जसले घमण्ड दिने गर्दछ । चाहे तिनीहरूले यसलाई जानून वा नजानून, तिनीहरूको सेवा अलौकिक रूपमा चम्कन्छ, र जब तिनीहरूले अरूहरूको जीवनलाई छुने गर्दछन्, तब परमेश्वरको निम्ति केही चिज हुने गर्दछ ।

अब तपाईंले यस्तो कुरालाई मानिलिनुहोस्, कि तपाईंले आफ्नो जीवनलाई परमप्रभुमा फर्काउनुभएको छ, र हरेक दिन तपाईंको समर्पणताको प्रतिज्ञालाई तपाईंले नयाँ बनाउनुहुन्छ। तपाईंले कसरी जान्नुहुनेछ, यदि उहाँले तपाईंको निम्ति केही महत्वपूर्ण कुरालाई परिवर्तन गर्नुभएको छ ? तपाईंले कसरी जान्नुहुनेछ, जब तपाईं फरक दिशातर्फ चल्नलाई सुरु गर्नुहुन्छ ?

परमेश्वरको चाहनालाई जान्नुपर्ने सबभन्दा महत्वपूर्ण खाँचोचाहिँ उहाँसँगको नजिकको संगतिमा हिँड्नु हो । तपाईं उहाँलाई सुन्नको लागि नजिक हुनुपर्छ । जे. एन. डर्बेले भने, परमेश्वरको चाहनालाई निर्धारण गर्ने पहिलो चिजचाहिँ आत्माको ठीक अवस्था हुनु हो । यसको अर्थ यो हुन्छ, कि तपाईंले पश्चात्ताप गरिरहनुभएको हुन्छ, र तपाईंले जान्नुभए पछिका पापहरूलाई तुरुन्तै त्याग्नुपर्ने हुन्छ । तपाईंले हरेक दिन प्रार्थनामा विताउनुपर्छ, र यो तपाईंको आफ्नै बुद्धिमा भन्दा तपाईंले प्रभुमा भरोसा गर्नुहुन्छ भन्ने सूचक हो, र तपाईंले बाइबलमा अध्ययन गरेर, पढेर र ध्यान गरेर तपाईंले आफूलाई त्यो स्थानमा राख्नुहुन्छ, जहाँ परमेश्वर तपाईंसँग बोल्न सक्नुहुन्छ ।

निर्देशन भनेको सधैँ झट्टै आउने कुरा होइन । परमप्रभुले हामीलाई उहाँमा भएको आशिष्ले पर्खिरहेको कुरा सिकाउनुहुन्छ । "विश्वास पक्कापनको निश्चयतामा रहन्छ, र परमेश्वरले पर्खिरहेको बालकले सुन्ने बनाउन पर्याप्त रूपमा चर्को स्वरले बोल्न सक्नुहुन्छ। हाम्रो भाग भनेको हामी निश्चित नभएसम्म चुपचाप प्रकारले पर्खी बस्नु हो" (सि.आई. स्कोफिल्ड) ।

जब हामीले पर्खिरहेका हुन्छौं, यो यस्तो देखिन्छ, कि यहाँ केही चिजपनि भइरहेको छैन, तर वास्तवमा भन्दाखेरि पवित्र आत्माले तपाईंको बौद्धिकतामा, भावनामा र चाहनामा पनि कार्य गरिरहनुभएको हुन्छ, ताकि जब तपाईंमा

बोलावट आउँछ, र यो साँच्चिकै तपाईंले गर्न चाहनुभएको कुरामा हुन्छ । "किनकि तिमीहरूलाई उहाँको असल अभिप्रायअनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरूमा काम गर्नुहुन्छ" (फिलिप्पी २:१३) ।

यहाँ मलाई केही बुँदाहरू बताउन दिनुहोस्, ताकि तिनीहरू मेरो लागि अलौकिक निर्देशनको क्षेत्रमा उपयोगी बन्दछन् ।

जब तपाईंले परमप्रभुबाट निर्देशनलाई खोजीरहनुभएको हुन्छ, तब कुनै निर्देशन आउँदैन भने, तपाईं जहाँ हुनुहुन्छ, त्यहाँ रहनको लागि परमेश्वरको चाहना तपाईंको निम्ति हुन्छ । वा यसलाई अर्को तरिकाले राख्दाखेरि "अँध्यारोपन जान चाहिरहेको हुन्छ भने ज्योति बस्नलाई खोजिरहेको हुन्छ" ।

तपाईंको आफ्नै निर्देशनमा आउने परीक्षाको विरोध गर्नुहोस्: "अब तिमीहरू सबै जसले आगो बाल्छौं, र जलिरहेको राँको लिन्छौं, तिमीहरू आओ, तिमीहरूका आगोको र तिमीहरूले सल्काएका राँकाको प्रकाशमा हिँड । तिमीहरूले मेरो हातबाट यही पाउनेछौं: तिमीहरू यातना भोग्नेछौं" (यशैया ५०:११) । "समझै नभएको घोडा वा खच्चरजस्ता तिमी नहोऊ, जसलाई रोक्न लगाम, र डोकरी चाहिन्छ, नत्रता तिनीहरू मेरो वशमा आउनेछैनन्" (भजनसंग्रह ३२:९) । यदि तपाईंले साँच्चिकै परमप्रभुमा भरोसा गर्नुभएको छ भने, तपाईं हतारमा हुनुपर्ने छैन: "भरोसा गर्नेले कहिल्यै हरेस खानेछैन" (यशैया २८:१६ग) ।

तपाईंलाई निर्देशन स्पष्टरुपमा नआएसम्म पर्खिरहनुहोस्, र तपाईंले इन्कार गर्नु भनेको सकारात्मक अनाज्ञाकारीता हुन्छ । यदि तपाईंले गम्भिर रूपमा परमेश्वरको चाहनालाई जान्ने इच्छा गर्नुहुन्छ भने, तपाईंले यसलाई कहिल्यै पनि गुमाउनुहुने छैन ।

तपाईंले पर्खिरहँदा, तपाईंको हातले भेटेका चिजविजहरूलाई पत्ता लगाउनुहोस् । एकजना चालकले जहाजलाई यसको गतिमा अगाडि बढाउने गर्दछन् । एकजना साइकल यात्रीले साइकल चलिरहँदा यसलाई अगाडि बढाउँदछन् । यसैले परमेश्वरले उहाँका मानिसहरूलाई निर्देशित गर्नु हुन्छ, जब तिनीहरूले आफ्ना कार्यहरूलाई गर्न गइरहेका हुन्छन् ।

जब मेरो जीवनमा मुख्य दिशालाई परिवर्तन गर्ने अवस्था आउँछ, मैले परमप्रभुलाई दुई वा तीनवटा फरक तरिकाहरूले निश्चित गरेको कुरालाई सोध्ने गर्दछु । मैले यसलाई व्यवस्था १९:१५ मा आधारित गरेको छु: "दुई वा तीन

साक्षीको बयानद्वारा मात्र अभियोग कायम गर्न सकिन्छ" । यदि हामीले परमप्रभुको चाहनाको निम्ति एउटामात्रै सूचकलाई प्राप्त गर्ने हो भने, मैले यसलाई गुमाउन सक्छु । तर जब ममा दुई वा तीनजना साक्षी छन् भने, त्यो निर्देशन गल्ती नहुने खालको हुन्छ ।

यो कतिचोटी यस्तो हुन्छ, कि जब त्यो अलौकिक धारा हाम्रो काँधमा आउँछ, अनि अन्य केही खालका वैकल्पिक आकर्षित गर्ने कुराहरू पनि देखा पर्छन् । यो एउटा भाग्ने बाटोको रूपमा आउँछ, बाहिरपट्टी भएको ढोकाको निकास । यसमा शैतानले बिगार्ने खालको योजना पनि बनाउन सक्छ, र तपाईं पूर्ण आज्ञाकारीताको मार्गबाट आउनुभएको छ । तर सायद यसले कार्य गर्ने छैन । तपाईंले परमेश्वरको चाहनाको निम्ति माग्नुभएको छ । यो उहाँले तपाईंलाई दिनुभएको छ । उहाँले यसलाई तपाईंको चाहनामा तयार गर्नुभएको छ । यसैले अन्य खालका सफलताका बाटाहरूले लामो समयसम्म रहिरहने निवेदनलाई पक्रिरहँदैनन् ।

हाम्रो जीवनभरि नै हामीले दिशालाई परिवर्तन गर्ने कुरामा खुल्ला हुनुपर्छ । हिजोको निर्देशिका आजको लागि त्यति आवश्यक नहुन सक्छ । परमेश्वरसँग भएको नयाँ यात्रामा आनन्द मनाउनुहोस् ।

कसरी परमेश्वरले उहाँको चाहनालाई प्रकट गर्नुहुन्छ भन्नेले यो प्रश्नलाई दिने गरेको छ । उहाँमा निश्चित खालका विविध तरिकाहरू छन् । मैले यहाँ केही मात्रलाई सूचीवद्ध गरेको छु:

- उहाँले परमेश्वरको वचनद्वारा निर्देशित गर्नुहुन्छ । सबभन्दा पहिला बाइबलले हामीलाई उहाँको चाहनाको सामान्य रुपरेखा प्रदान गर्दछ । तर उहाँ पनि विशेष खण्डहरूद्वारा बोल्नुहुन्छ, जस्तै कि, यो प्रार्थनाको गल्ती नहुने उत्तर हो । अरूहरूले यसलाई नदेखेको पनि हुन सक्छ, तर ती व्यक्तिले निर्देशनलाई खोजिरहेका हुन्छन्, र यसलाई गल्ती नगरिकनै भन्नुपर्दा यो परमेश्वरको आवाज हो । एकजना ५८ वर्षकी महिलालाई अलास्कामा रहेको एउटा ख्रीष्टियन बाल आश्रममा सिकाउनको लागि आमन्त्रण गरियो । उनले उनको आफ्नो उमेरले हेर्दा यस निमन्त्रणालाई स्वीकार गर्न हिच्किचाइन, तर एकाबिहानै परमप्रभु भजनसंग्रह ३९:५ बाट बोल्नुभयो, "मेरा आयु तपाईंको दृष्टिमा केही पनि होइन" । उनले आफ्नो गुन्टा कसिन र अलास्का जानलाई तयार भइन् ।

● उहाँ परमेश्वरीय खीष्टियनहरूले दिएको सल्लाहमा पनि बोल्नुहुन्छ । यस विषयमा स्थानीय मण्डलीका एल्डरहरूलाई पनि सोधपुछ गर्नुपर्ने हुन्छ । तिनीहरूले यसका फाइदा र बेफाइदाहरूलाई पनि हेर्न सक्छन्, ताकि तिनीहरू तपाईंको सूचनाबाट भागेका होऊन ।

● उहाँ अरूहरूद्वारा पनि बोल्नुहुन्छ । कहिलेकाहीँ कसैले अन्धाधुन्धा भनिएको भनाइद्वारा पनि बोल्नुहुन्छ, जसले तपाईंको आत्माको अभ्यासलाई घरमा विरोध गर्ने कुरालाई जानेका हुँदैनन्, र जहाँ परमप्रभु बोलिरहनुभएको हुन्छ ।

● उहाँ विविध परिवेशहरूद्वारा पनि बोल्नुहुन्छ । उदाहरणको लागि, त्यो पत्र लेखिएको सिद्ध समय एक महिना अगाडि हुन्छ । उहाँ बाधा दिने कुराहरूद्वारा पनि बोल्नुहुन्छ । पावल र उनका सहकर्मीलाई पवित्र आत्माले एसियामा प्रचार गर्नको लागि छोडिदिनुभयो । पछिबाट, तिनीहरूले बिथिनिया जानको लागि कोशिस गरे, तर आत्माले तिनीहरूलाई जाने अनुमति दिनुभएन (प्रेरित १६:६-७) । परमेश्वरले पावललाई त्रोआसमा जाने चाहना राख्नुभयो, जहाँ उनले यूरोपबाट भएर जाने दर्शन देख्छन् ।

● उनले खीष्टको नमुनाबाट निर्देशित गर्दछन्, "परमप्रभुले हामीलाई कुनै पनि अवस्थामा कहिल्यै पनि अगुवाइ गर्नुहुने छैन, जबसम्म खीष्टको चरित्र र सिकाइमा मिल्दैन" ।

● उहाँले कहिल्यै पनि हामीलाई विचार गर्न नसक्ने कार्यमा सोध्नुहुन्न । उहाँ विषय गत र पवित्र आत्माको भित्री गवाहीमा बोल्नुहुन्छ । पावलले कलस्सी ३:१५ मा यसो भन्दछन्, "खीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्, साँच्चै तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौं..." । जब हामी ठीक दिशा तर्फ गइरहेका हुन्छौं, र ठीक खालको छनोट गरिरहेका हुन्छौं भने, हाम्रो हृदयमा शान्ति आउनेछ । यदि हामीमा केही निश्चित कार्यको लागि शान्ति आएको छैन भने, तब हामी यो परमेश्वरको चाहना हो कि होइन भनेर शंका गर्नुपर्ने हुन्छ । हाम्रा खीष्टियन लेखकहरूमध्ये जे. ओसवाल्ड स्यान्डर्सले यसो भने, "जब शान्तिको ढुकुर हाम्रो हृदयबाट उडेको हुन्छ, तब यसमा कार्य गर्नु मुर्खता हुन्छ" ।

होसियार हुनुपर्ने एउटा अन्तिम शब्द । यद्यपि अनुभवहरूको संलग्नता हुनसक्छ, हामीले तिनीहरूमा मात्र आधारित भएर निर्णय गर्नुपर्दैन । भावनाहरूलाई अन्य तत्वहरूले पनि निश्चित गर्नुपर्ने हुन्छ ।

# २९ अब यसलाई गर्नुपर्ने

इस्राएलका मानिसहरूले दाऊदलाई राजा बनाउने बारेमा कुराकानी गरिरहेका थिए । तिनीहरूको भावना असल थियो, तर तिनीहरूले कहिल्यै पनि कार्यमा परिवर्तन गरेनन् । अब इस्राएलका धर्म गुरुहरूकोमा आएर अबनेरले भने, "निकै अघिदेखि नै तपाईंहरूले दाऊदलाई आफ्ना राजा तुल्याउन खोज्नुभएको हो, अब यो काम पूरा गर्ने समय यही हो" (२ शूएल ३:१७-१८क) ।

आजका धेरै मानिसहरूको निम्ति यो परमेश्वरको वचन हो । "तपाईंले आफ्नो जीवनमा प्रभु येशू ख्रीष्टलाई पहिराउने बारेमा कुराकानी गर्नुभएको छ । अझ तपाईंले यसो भनेर पनि गाउनुभएको छ, 'मेरो जीवनको राजा, अब म तपाईंलाई पहिरिने छु' । तपाईंले शासन गर्ने राजाबाट पद त्याग गर्ने बारेमा सोच्नुभएको छ, र तपाईंको सिंहासनलाई येशू ख्रीष्टतर्फ फर्काउनु भएको छ । अब यसलाई गर्नुहोस्" ।

समय आएको छ । गन्तव्यले निर्णयलाई निर्धारण गर्नेछ । हामी यो कुरा जान्दछौं, कि मुक्तिको बारेमा यो साँचो छ । जब हामीले विश्वासको निश्चित कार्यद्वारा मुक्तिदातालाई प्राप्त गर्छौं, तब हाम्रो अनन्त गन्तव्य, स्वर्गलाई पक्का गरिन्छ । तर त्यहाँ त्यो भन्दा पनि बढी छ । जब हामीले हाम्रो जीवनमा शर्तरहित प्रकारले उहाँको चाहनालाई स्वीकार गर्ने निर्णय गर्छौं, तब हामी यस धर्तीमा भएको जीवनमा पक्का हुन्छौं, कि त्यसले उहाँको योजना हाम्रो निम्ति पूरा गर्दछ ।

हामीले यो कुरा देखेका छौं, कि यो दोहोरो प्रकारले लिएको निर्णय हो । पहिला यो संकटमा रहन्छ, तब यो प्रकृया बन्दछ । यसको सुरुवातमा यस्तो कुराको निर्धारण गरिन्छ, कि जसलाई निरन्तर अभ्यास गरेर पछ्याइन्छ । त्यहाँ जहिलेपनि पहिलो समय भन्ने हुन्छ, जब हामीले हाम्रो जीवनमा व्यवस्थापकको रूपमा पदलाई त्यागेका हुन्छौं, र हाम्रा साँचाहरू उहाँतर्फ फर्काउँछौं । तब यो सुरुको निर्णयको दैनिक निश्चित गर्नुपर्ने कुरा बन्नुपर्छ ।

निर्णय गर्ने बेलामा आएका विविध विषयहरूलाई विचार गर्नुहोस् । यसले हामीलाई परमेश्वरको चाहनाबाट आउने समय खर्चिनलाई बचाउँदछ, र आत्मिक सुख्खापनमा घुमफिर गर्ने समय बनाउँदछ, र त्यो समय हो, जुन परमेश्वरको निम्ति गणना गरिदैन ।

यसले हामीलाई व्यापारिक व्यवसायको अस्तित्वबाट, संकष्टको अवस्थाबाट, र झ्याउ लाग्ने र केही पनि नहुने अवस्थाबाट बचाउँदछ ।

अर्को तर्फ हेर्दाखेरि, एउटा भइरहेको समर्पणताले हामीलाई यो कुराको निश्चयता दिलाउँदछ, कि त्यो आरामदायीपनलाई हामीले जानेर हामी उहाँको चाहनाको केन्द्रमा बसिरहेका छौं । यसले हामीलाई त्यो जीवनको निश्चयता दिलाउँदछ, कि जुनचाहिँ अनन्तताको लागि गणना गरिन्छ ।

यसले जीवनको धेरै अर्थलाई पक्का गर्दछ, कि त्यो परमेश्वरको ज्ञानले हामीलाई लिन सक्छ । यो कुरालाई संझनुहोस्, "उहाँले तिनीहरूको निम्ति धेरै असल कुरा गर्नुहुन्छ, जसले आफूलाई उहाँको इच्छामा दिएका हुन्छन्" ।

यसको आशय यो हुन्छ यात्राको अन्तमा, ती स्वर्गीय रचनाकारले हाम्रो निम्ति उहाँको निलो छापलाई लगाइदिनुहुनेछ, र यसको विरुद्धमा हामीले हाम्रो जीवनलाई जाँचौं, र उहाँको किला ठोकिएको हात हाम्रो काँधमा राखौं, र यसो भनौं, "यो केवल त्यो योजनाअनुसार नै भएको हो । स्यावास, मेरो असल र इमानदार नोकर" । त्यहाँ त्योभन्दा असल भन्ने कुरा केही पनि छैन ।

जीवन भनेको एउटा सिक्काजस्तै हो । हामीले यसलाई जुनसुकै बेला चाहना गरे पनि, खर्च गर्न सक्छौं, तर हामीले यसलाई एकचोटीमात्र खर्च गर्न सक्छौं ।

हाम्रा भावनाहरू असल हुन सक्छन् । हाम्रो आशय राम्रो हुनु हो । तर त्यो मात्र पर्याप्त छैन । हामीले भन्छौं, "कुनै दिनमा" तर परमेश्वरले भन्नुहुन्छ, "आज नै" । हामीले हाम्रा शंकाहरू, डरहरू, क्षमाहरू, हाम्रा लामा हिच्किचाहटहरूलाई सुनिरहेका हुन्छौं । अब हामी परमेश्वरलाई सुन्ने गरौं ।

तब अब हामीले यो तर्कसंगत उत्तरलाई आज नै र हरेक दिन बनाउनुपर्ने हुन्छः

*प्रेम त्यति आश्चर्यलाग्ने र त्यति अलौकिक छ,*
*मेरो जीवन, मेरो हृदय र मेरो सम्पूर्ण थोक लिनुहोस् ।*

अब यसलाई गर्नुहोस् !

# एउटामात्रै जीवन !

*येशूमा एउटामात्रै जीवन प्रदान गर्नुपर्छ, जो मेरो प्रभु र राजा हुनुहुन्छ,*
*प्रशंसा गर्नुपर्ने एउटामात्रै जिब्रो, तपाईं र तपाईको कृपा सधैँभरि गाउनेछु,*
*एउटामात्रै हृदयको भक्ति, हे मुक्तिदाता यो हुन सकेको होस्,*
*तपाईंको अतुलनीय महिमामा, मलाई शुद्ध पार्नुहोस्,*
*तपाईंलाई पूर्ण रूपमा दिन सकूँ ।*

*केवल यो समयमात्र मेरो हो, परमप्रभु, यो तपाईंको निम्ति प्रयोग गरिएको होस्,*
*प्रत्येक बितेका क्षणहरूलाई अनन्तताको निम्ति गणना गर्न सकूँ (मेरो मुक्तिदाता),*
*आत्माहरू सबै नै मरिरहेका छन्, ती पाप र लाजमा मरिरहेका छन्,*
*तिनीहरूमा कलवरीको मुक्तिको सन्देश ल्याउन मलाई सहायता गर्नुहोस्,*
*उहाँको महिमित नाउँमा ।*

*एउटामात्रै जीवन प्रदान गर्नुपर्छ, प्यारो प्रभु, यसलाई लिनुहोस्, म प्रार्थना गर्दछु,*
*मैले पक्रिराख्नुपर्ने कुरा केही पनि छैन,*
*केवल तपाईंको चाहनामा नै आज्ञाकारी बन्नेछु (मेरो येशू),*
*तपाईंले मलाई स्वतन्त्र रूपमा,*
*र तपाईंको सबै र सम्पूर्ण थोक मलाई दिनुभएको छ,*
*यो जीवनलाई तपाईंको आफ्नो निम्ति मात्रै दावी गर्दछु,*
*र मेरो मुक्तिदातामा प्रयोग गर्दछु,*
*हरेक क्षण म तपाईंको निम्ति खर्चन्छु ॥*

**- एभिस बि. ख्रीष्टियनसेन**

◈◈◈